"सुनिश्चित बाल अधिकार : समृद्ध नेपालको आधार"

# नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन

## २०७६



नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

"सुनिश्चित बाल अधिकार : समृद्ध नेपालको आधार"

# नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
श्रीमहल, पुल्चोक
ललितपुर

प्रकाशक

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**
श्रीमहल, पुल्चोक, ललितपुर

**प्रतिः** १२००

**प्रकाशन मितिः**

४ मङ्सिर, २०७६ (नोभेम्वर २०, २०१९) अन्तर्राष्ट्रिय बाल अधिकार दिवस

**सर्वाधिकारः**

राष्ट्रिय बाल अधिकार परिषद्

**सल्लाहकारः** कृष्ण प्रसाद भूसाल

**लेखन तथा सम्पादन** : ज्ञानेन्द्र कुमार श्रेष्ठ

**सहयोगः** मोहन बिक्रम दाहाल, रामबहादुर चन्द, नमुना भुसाल, आत्माराम थापा, केशब चालिसे, सुनीता शाह, सन्तोषचन्द्र अधिकारी, लोचन रेग्मी, देवी प्रसाद डोटेल, मीना के.सी., धिरज प्रसाई, श्रृजना खड्का, चित्र पौडेल

**फोटो साभारः** राष्ट्रिय बाल अधिकार परिषद्, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

**मुद्रणः** अशिम प्रिण्टिङ प्रेस, शंखमूल, काठमाडौं

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**राष्ट्रिय बाल अधिकार परिषद्**
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या :
चलानी नं. :

## हार्दिक शुभकामना

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को नेपाल पक्षधर राष्ट्र हो । उक्त महासन्धिका प्रावधानहरु अनुसारका कार्यहरु गरी बाल अधिकार सुनिश्चित गर्ने दिशातर्फ नेपाल सरकार अग्रसर रहेको छ । महासन्धिका प्रावधानहरु र बालबालिकासँग सम्बन्धित अन्य विषयहरु समेटेर हरेक वर्ष बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्दै आएको सिलसिलामा यस वर्ष राष्ट्रिय बाल अधिकार परिषद्ले **नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६** प्रकाशन गर्न लागेकोमा खुशी महशुस गरेको छ ।

नेपालमा **सुनिश्चित बाल अधिकारः समृद्ध नेपालको आधार** भन्ने मूल नाराका साथ यस वर्षको राष्ट्रिय बालदिवस २०७६ साल भदौ २९ गते मनाएका छौं । संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९८९ को नोभम्बर २० मा बाल अधिकार सम्बन्धी महासन्धि पारित भएको आज ३०औं वर्ष पूरा भएको अवसरमा विश्वभर विशेष ढङ्गले अन्तर्राष्ट्रिय बाल अधिकार दिवस मनाउँदै छ । नेपालमा पनि यस वर्षको अन्तर्राष्ट्रिय बाल अधिकार दिवसलाई विशेष दिनको रुपमा मनाइरहेका छौं । यस वर्षको बालदिवसको मूल नारा अनुरुप हामीले बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्धनका लागि थप क्रियाशील हुँदै जिम्मेवारी सहितको प्रतिवद्धता व्यक्त गर्ने महत्वपूर्ण घडीको रुपमा लिन सम्बद्ध सबैमा आग्रह गर्दछु ।

बालबालिका सम्बन्धी ऐन, २०७५ अन्तर्गत राष्ट्रिय बाल अधिकार परिषद् स्थापना भई क्रियाशील रहेको छ । बाल अधिकारको क्षेत्रमा विगतमा भएका असल अभ्यासहरुलाई निरन्तरता दिँदै, बाल संरक्षण तथा अधिकार प्रवर्द्धनमा देखिएका समस्याहरुको उचित सम्बोधन गर्नु, आइपरेका चुनौतिहरुको सामना गर्नु र उपलब्ध अवसरहरुको सदुपयोग गर्दै बाल अधिकार सुनिश्चितताका लागि आवश्यक उपायहरुको पहिचान र कार्यान्वयन आजको आवश्यकता हो । यो आवश्यकता परिपूर्तिका लागि नेपाल सरकार प्रतिवद्ध छ । बाल अधिकार सुनिश्चिततातर्फ उन्मुख महान प्रयासमा सबै सरोकारवालाहरु समक्ष थप जिम्मेवारी, प्रतिवद्धता, क्रियाशीलता र संवेदनशीलताको लागि हार्दिक आह्वान गर्दछु ।

अन्तमा, आगामी दिनहरुमा बालबालिकाको हक, हित र अधिकार सम्बन्धी प्रयासबाट बालबालिकाको जीवनमा उल्लेख्य सुधारका लागि शुभकामना व्यक्त गर्दछु । साथै, बालबालिकाको यो स्थिति प्रतिवेदन प्रकाशन गरेकोमा राष्ट्रिय बाल अधिकार परिषद् परिवारलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

(थममाया थापा)
मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ
नागरिक मन्त्रालय, एवम्
अध्यक्ष, राष्ट्रिय बाल अधिकार परिषद्

मितिः-२०७६ मङ्सिर ४ गते ।



फोन नं.: ०१-५५५०१२१, ५५५०१४७
Tel. : 01-5550121, 5550147
फ्याक्स: ९७७-१-५५२७५९१
Fax : 977-1-5527591
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

## शुभकामना

संयुक्त राष्ट्र संघको महासभाबाट बाल अधिकार सम्बन्धी महासन्धि पारित गरिएको तीस बर्ष पूरा भएको छ । यस सुअवसरमा विश्वभर विशेष महत्वका साथ आज अन्तर्राष्ट्रिय बाल अधिकार दिवस मनाईदै छ । नेपालमा पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्ले संयुक्त रुपमा अन्तर्राष्ट्रिय बाल अधिकार दिवस मनाउँदैछौं । यस सिलसिलामा राष्ट्रिय बाल अधिकार परिषद्ले बाल अधिकारका विविध पक्षसंग सम्बन्धित सूचना, तथ्य, तथ्याङ्क र विवरणहरु सङ्कलन र प्रशोधन गरी **नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७६** सार्वजनिक गर्न लागेकोमा म अत्यन्त खुशी छु । यो प्रतिवेदन तीनै तहको सरकार, विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा सरोकारवालाहरुका लागि बालबालिका सम्बन्धी नीति, योजना, रणनीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोगी हुनेमा म विश्वस्त छु ।

बालबालिकाको हक, हित र अधिकारको सुनिश्चिततताका लागि नेपाल सरकारले संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमगत प्रयास गर्दै आइरहेको छ । यस क्रममा मन्त्रालय तथा राष्ट्रिय बाल अधिकार परिषद्ले विभिन्न सरकारी निकायहरु, विकास साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरु लगायत सञ्चार माध्यम एवम् नागरिक समाजसँग समन्वय र सहकार्यसमेत गरिरहेको छ । यसको फलस्वरुप बाल अधिकारको क्षेत्रमा मूलतः शिक्षा, स्वास्थ्य तथा संरक्षणसँग सम्बन्धित स्थितिमा उल्लेख्य सुधार भएको तथ्य प्रस्तुत प्रतिवेदनले देखाएको छ ।

बालअधिकार संरक्षण तथा सम्वर्धनका लागि कानूनी एवम् नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु, संरचनालाई साधन स्रोत सम्पन्न र पूर्ण क्रियाशील बनाउनु, आवश्यक सेवामा सबै बालबालिकाको पहुँचको सुनिश्चितता गर्नु, विद्यालय शिक्षामा बालबालिकाको सिकाई उपलब्धिमा सुधार ल्याउनु, पोषण स्थितिमा उल्लेख्य सुधार ल्याउनु पर्ने चुनौतिहरु हाम्रो सामु खडा छन् । यसैगरी निकृष्ट बालश्रम, बालविवाह, सडक बालबालिका, अनाथ बालबालिका, पहिचानबाट बञ्चित बालबालिका, पूर्ण तथा अति अशक्त बालबालिका लगायत बेचबिखन, यौनहिंसा, दुर्व्यवहार र शोषणमा परेका एवम् शारीरिक सजाय र हेपाईबाट प्रभावित बालबालिकाको समस्याहरुलाई उचित सम्बोधन गर्ने कार्यहरु समेत चुनौतिका रूपमा रहेका छन् । नेपालको संविधानको धारा ३९ मा प्रावधान भएको बालबालिकाको हक र बालबालिका सम्बन्धि ऐन २०७५ ले प्रत्याभूत गरेका बालबालिकाका तेह्र वटा अधिकार साथै अन्य दायित्वहरु यर्थाथमा अनुवाद गर्नुपर्ने अवस्था छ ।

बालबालिकाका समस्या तथा चुनौतिहरुप्रति महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय पूर्ण संवेदनशील छ । बाल अधिकार सुनिश्चितत गर्ने दिशातर्फ उन्मुख हुने क्रममा संघीय तथा प्रादेशिक तहका सम्बद्ध मन्त्रालयहरु एवम् निकायहरु लगायत विकास साझेदार संस्थाहरुसंग समन्वय, सहकार्य र सहजीकरण गर्न मन्त्रालय प्रतिबद्ध छ । साथै, बालबालिकाको विषय सबैको सरोकारको विषय भएकोले यस कार्यमा आ-आफ्नो क्षेत्रबाट योगदान गर्न सम्बद्ध सबै सरोकारवालाहरुमा हार्दिक आंव्हान समेत गर्दछु ।

अन्त्यमा, यस प्रतिवेदन प्रकाशित गर्ने राष्ट्रिय बाल अधिकार परिषद् परिवार एवम् यस कार्यमा सूचना प्रदान गर्ने मन्त्रालय तथा कार्यालयहरुलाई धन्यवाद दिन चाहन्छु । साथै, राष्ट्रिय बाल दिवस २०७६ का लागि तय गरिएको **सुनिश्चित बाल अधिकार: समृद्ध नेपालको आधार** भन्ने नारालाई सार्थक बनाउन सम्पूर्ण सरोकारवालाको थप सक्रियता एवम् बालबालिकाको सुन्दर भविष्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

(चन्द्र कुमार घिमिरे)
सचिव

मिति : २०७६/०८/०४

# प्राक्कथन

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ उपदफा (१) बमोजिम बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि विशिष्टीकृत निकायको रुपमा राष्ट्रिय बाल अधिकार परिषद् गठन भएको छ। साविकको केन्द्रीय बाल कल्याण समितिले बाल अधिकारको विषयमा गर्दै आएको कार्यहरु परिषद्मा हस्तान्तरण भएको छ। विगतमा झैं बाल अधिकार सम्बन्धी महासन्धिको प्रावधानहरुको कार्यान्वयनार्थ नेपालले गरेका संवैधानिक, कानूनी, नीतिगत, संस्थागत, कार्यक्रमगत प्रयास तथा नतिजा लगायत बालबालिकाको स्थिति झल्काउने विषयहरु समेटेर तयार गरिएको **नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६** अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको अवसरमा सार्वजनिक गरिएको छ।

बालबालिकासँग सम्बन्धित विषयगत सूचकहरुको नक्साङ्कन गरी सोही बमोजिम सम्बन्धित मन्त्रालय एवम् निकायसँग समन्वय गरी आवश्यक तथ्याङ्क तथा जानकारी सङ्कलन, प्रशोधन, तालिकीकरण तथा विश्लेषण गरी सम्भव भएसम्म तुलनात्मक प्रस्तुतीकरण गरी यो प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा ६ वटा परिच्छेद, ५२ वटा तालिका, ५ वटा ग्राफ र १६ वटा अनुसूचीहरु रहेका छन्।

नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेको ३० वर्ष पुरा भएको छ। आर्थिक वर्ष २०४७/०४८ देखि २०७५/०७६ सम्मको अवधिमा नेपाल सरकार, विकास साझेदार संस्था तथा अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट भएको संयुक्त प्रयास स्वरुप प्राथमिक तहमा बालबालिकाको खुद भर्ना दर ६४ प्रतिशतबाट बढेर करिब ९७ प्रतिशत पुगेको छ। प्राथमिक तथा माध्यमिक शिक्षामा छात्रमा छात्राको अनुपात क्रमशः ०.४३ बाट बढेर १.०९ र ०.४३ बाट बढेर १.० पुगेको छ। विद्यालय शिक्षाको टिकाउ दरमा उल्लेख्य सुधार भएको छ। यो अवधिमा नवजात शिशु, शिशु, तथा बाल मृत्युदर क्रमशः प्रतिहजारमा ५० बाट २१ मा, १०८ बाट ३२ मा, १६२ बाट ३८ मा झरेको छ। बालबालिकाको जीवनमा असर पार्ने विषयहरुको विकास प्रक्रियामा लगायत विभिन्न समितिहरुमा बालबालिकाको सहभागितालाई बढावा दिइएको पाइन्छ। बालमैत्री स्थानीय शासनको प्रवर्द्धन भएको छ। विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिमपूर्ण अवस्थामा परेका बालबालिकाको अधिकार संरक्षणका लागि कार्यक्रम, लगानी

तथा सेवा सुविधामा उल्लेख्य वृद्धि भएको छ । जोखिममा भएका बालबालिकाको सहयोगार्थ बालबालिका खोजतलास नं. १०४, र बाल हेल्पलाईन नं. १०९८ क्रियाशील रहेको छ ।

बालश्रम, बालविवाह, बालबालिकाविरुद्ध हुने अमानवीय यौन हिंसा, दुर्व्यवहार, गैरकानूनी ओसारपसारजस्ता बाल अधिकार विरुद्धका समस्याहरु निराकरण गर्नु लगायत अनाथ, असहाय, सडक बालबालिकाको संरक्षण गर्नुका साथै विद्यालय शिक्षामा सिकाई उपलब्धिमा सुधार, पोषण स्थितिमा सुधार लगायत विद्युतीय उपकरणको दुरुपयोग न्यूनीकरण गर्नु चुनौतीको रुपमा रहेका छन् । यस्ता समस्या तथा चुनौतीहरुको उचित सम्बोधनका लागि कानून बमोजिमका संरचना तयार पारी तीनै तहको सरकारको आपसी समन्वय, सहयोग, सहकार्य र सहजीकरण अपरिहार्य छ ।

“सुनिश्चित बाल अधिकारः समृद्ध नेपालको आधार” भन्ने नाराका साथ राष्ट्रिय बाल दिवस मनाइरहेको सन्दर्भलाई स्मरण गर्दै प्रतिवेदनले उजागर गरेका सुझावहरुलाई तीनै तहका सरकारबाट र विकास साझेदार संस्थाहरुबाट यथोचित सम्बोधन गर्न र बालबालिकाको लागि लगानी वृद्धि गर्न राष्ट्रिय बाल अधिकार परिषद् सबैमा हार्दिक अनुरोध गर्दछ ।

अन्त्यमा, यस प्रतिवेदनका लागि आवश्यक सूचना उपलब्ध गराई सहयोग प्रदान गर्ने सम्बन्धित मन्त्रालय तथा निकायहरु एवम् प्रतिवेदन तयारीमा दत्तचित्तका साथ लाग्नु हुने राष्ट्रिय बाल अधिकार परिषद्का कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

(कृष्ण प्रसाद भूसाल)

मितिः ४ मङ्सिर, २०७६ । प्रशासकीय प्रमुख

# सारसङ्क्षेप

- संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० को १४ सेप्टेम्बरमा (भदौ २९, २०४७) अनुमोदन गरेपछि महासन्धिको मूलभूत विषयहरु संविधानहरुमा सम्बोधन हुँदै आएको छ । नेपालको संविधानमा धारा ५१ राज्यको नीति अन्तर्गत बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रुपमा लिइएको छ। मौलिक हकभित्र धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता एवम् बाल अनुकूल न्याय जस्ता विषयहरु समेटी सर्वाङ्गीण विकासको प्रत्याभूति गरिएको छ। बाल अधिकारको दृष्टिकोणबाट नेपालको संविधान उत्कृष्ट देखिएको छ।

- बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाका १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् । यो ऐन बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरु र प्रावधानहरु अनुकूल रहेको छ र बालबालिकाको समग्र हक, हित, अधिकारलाई समेटिएको एक उत्कृष्ट बालमैत्री कानून हो ।

- २०६८ सालको जनगणना अनुसार १८, १६ र १४ वर्षमुनिका बालबालिका क्रमशः ४१.८४, ३७.३७ ३२.३५ प्रतिशत रहेको छ। बालबालिकाको जनसंख्या उल्लेख्य रुपमा घट्दो क्रममा रहेको छ।

- नेपाल जनसांख्यिक स्वास्थ्य तथा सर्भेक्षण (सन् २०१६) अनुसार पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजारमा) ३९, शिशु मृत्युदर (प्रति हजारमा) ३२ र नवजात शिशु मृत्युदर (प्रति हजारमा) २१ रहेको छ। पाँच वर्षमुनिको उमेर अनुसार उचाइ नपुगेका/पुड्कोपना भएका बालबालिका ३६ प्रतिशत, उमेर अनुसार तौल नपुगेका बालबालिका २७ प्रतिशत रहेको र ख्याउटेपना (उचाई अनुसार तौल नपुगेका) भएका बालबालिका १० प्रतिशत रहेको देखिएको छ।

- केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुक्षेत्रीय कल्स्टर सर्वेक्षण, २०७१ (सन् २०१४) अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ। नेपाल श्रमशक्ति सर्भेक्षण २०७४/०७५ (सन् २०१७/०१८) अनुसार १७ वर्षमुनिका करिब २ लाख ८६ हजार बालबालिका आर्थिक लाभको कार्यमा संलग्न भएको र उनीहरु सबै बाल श्रमिक नभएको जानकारी रहेको छ।

- नेपाल सरकारले सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ जारी गरी आर्थिक वर्ष २०७३/०७४ देखि काठमाण्डौं उपत्यकामा "बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन" भन्ने उद्घोषका साथ सञ्चालन गरिएको कार्यक्रमबाट २०७६ साल असार मसान्तसम्म जम्मा १,०११ (९०३ बालक र १०८ बालिका) जना बालबालिकाको उद्धार तथा व्यवस्थापन गरिएको छ।

- केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिएको

छ । यसमध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत रहेको देखिएको छ । नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ अनुसार १५ वर्षदेखि १९ वर्षसम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या २,७८१ (२४.५%) देखिएको छ ।

- आर्थिक वर्ष २०७४/०७५ मा हराएका बालबालिका २,३३० जना (बालक ९२३ र बालिका १,४०७) रहेको जानकारी भएको थियो भने आर्थिक वर्ष २०७५/०७६ मा ३,४२२ जना (बालक १,०५१ र बालिका २,३७१) बालबालिका हराएको अभिलेख रहेकोमध्ये २,५४० जना (बालक ८२५ र बालिका १,७१५) बालबालिका फेला परेको र बाँकीको खोजतलास जारी रहेको जानकारीमा आएको छ ।

- हालसम्म १२ जिल्लामा बाल हेल्पलाइन सञ्चालनमा रहेका छन् । यी हेल्पलाइनहरुबाट गत आर्थिक वर्षमा ३,३८५ जना (बालक १,५८२ र बालिका १,८०३) बालबालिकालाई उद्धार, राहत, मनोपरामर्श, पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापना गरिएको थियो भने यस आर्थिक वर्षमा ७,८०६ जना (बालक ३,८०५ र बालिका ४,००१) लाई उक्त सेवा तथा सहयोग गरिएको छ ।

- आर्थिक वर्ष २०७४/०७५ मा नेपाल प्रहरीमा जबरजस्ती करणीबाट पीडित १८ वर्ष सम्मका ९९५ जना बालिकाको उजुरी भएको थियो भने यस आर्थिक वर्षमा १,४२० जना बालिका पीडित भएको घटना दर्ता भएको जानकारीमा आएको छ ।

- आर्थिक वर्ष २०७४/०७५ मा विभिन्न २७ जिल्लाका कारागारहरुमा कूल ६५ जना बालबालिका बाबु वा आमा वा अभिभावकसँग आश्रित रहेको पाइएको थियो भने २०७६ साल असार मसान्तसम्म सो संख्या ८२ पुगेको छ ।

- केन्द्रीय तथ्याङ्क विभागको बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण (सन् २०१४) ले जन्मदर्ता दर ५८.१ प्रतिशत (बालक ५९.२ र बालिका ५७.०) पुगेको देखिएको छ ।

- गृह मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार नेपालमा भुटानी शरणार्थीहरुको शिविरभित्र र बाहिर रहेका समेत गरी २०७५ साल असारसम्म जम्मा २,२६२ जना बालबालिका रहेकोमा सो संख्या २०७६ साल असारसम्म जम्मा २,०८५ रहेको छ ।

- गत आर्थिक वर्षमा ८ वटा बाल सुधार गृहहरुमा ३८२ बालबालिका संरक्षणमा रहेकोमा यस आर्थिक वर्षमा बालबालिकाको संख्या बढेर ८२१ (बालक ७९८ र बालिका २३) रहेका छन् ।

- शैक्षिक सत्र २०७४ मा विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिका प्राथमिक तहमा ४५,६५५ जना भर्ना भएका थिए भने सो संख्या शैक्षिक सत्र २०७५ मा ३९,८२० जना हुन आएको छ ।

- केन्द्रीय पञ्जीकरण विभागका अनुसार आर्थिक वर्ष २०७४/०७५ मा संघीय तथा सामान्य प्रशासन मन्त्रालयबाट बालपोषण, अपाङ्गता र लोपोन्मुख जातिका व्यक्तिलाई विनियोजन गरेको सामाजिक

सुरक्षा भत्ताबाट कूल ५,७५,७१५ जना बालबालिका लाभान्वित भएका थिए भने यस आर्थिक वर्षमा सो संख्या बढेर ८,०१,२११ पुगेको छ । एकै आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित बालबालिका करिब ७२ प्रतिशतले वृद्धि हुनुले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि राज्यको संवेदनशीलता उल्लेख्य रुपमा बढेको देखिन्छ ।

- आर्थिक वर्ष २०७४/०७५ मा ४६ जिल्लाहरुमा ५३३ बालगृहमा १४,८६४ जना बालबालिका (बालक ७,१९४ र बालिका ७,६७०) संरक्षणमा रहेकोमा यस आर्थिक वर्षमा पनि ४६ जिल्लाहरुमा ५३३ बालगृह सञ्चालनमा रहेको पाइएको छ । ती बालगृहहरुमा १५,५६५ जना बालबालिका (बालक ७,४१२ र बालिका ७,६३३) संरक्षणमा रहेका छन् । यस बाहेक १७ वटा पुनर्स्थापना केन्द्रहरु सञ्चालनमा रहेका छन् ।
- गत आर्थिक वर्षमा ५ वटा सहिद प्रतिष्ठानहरुमा आवासीय रुपमा जम्मा १,४७८ बालबालिका कक्षा १-१२ सम्म अध्ययनरत रहेको पाइएको थियो भने यस आर्थिक वर्षमा जम्मा १,५२३ जना (बालक ९२६ र बालिका ५९७) रहेका छन् ।
- २०७४ सालमा प्रारम्भिक बाल विकास केन्द्रको संख्या ३६,५६८ रहेकोमा यस वर्ष (२०७५ साल) सो संख्या ३५,९९३ मा हुन आएको छ । बालबालिकाको संख्या भने गत वर्ष जम्मा ९,५७,०८७ रहेकोमा २०७५ सालमा ९,७३,००० पुगेको छ ।
- २०७४ सालमा प्राथमिक तहमा भर्ना भएका विद्यार्थीको संख्या ३९,७०,०१६ रहेको र सो संख्या २०७५ सालमा ३७,३०,६०२ हुन आएको छ । यसैगरी २०७४ सालमा कक्षा १-१२ सम्म भर्ना भएका विद्यार्थीको संख्या ७३,९१,५२४ रहेकोमा २०७५ सालमा ७२,१४,५२५ हुन आएको छ ।
- प्राथमिक तहमा खूद भर्नादर २०७४ सालमा ९७.२ पुगेकोमा सो दर २०७५ सालमा ९६.५ हुन आएको छ ।
- आर्थिक वर्ष २०७४/०७५ मा कूल विद्यालय संख्या ३५,६०१ थियो भने आर्थिक वर्ष २०७५/०७६ मा केही विद्यालय बन्द भएको, गाभिएको एवम् नयाँ थप भएको समेत गरी ३५,०५५ हुन आएको छ ।
- एस.इ.इ. परीक्षा दिने विद्यार्थीको संख्या २०७४ सालमा ४,५१,५३२ जना थियो भने २०७५ सालमा ४,७५,००३ जना पुगेको छ ।
- २०७४ सालमा ११ कक्षाको परीक्षा दिने विद्यार्थीको संख्या ३,४७,७४८ रहेकोमा २०७५ सालमा १२ कक्षाको परीक्षा दिने विद्यार्थीको संख्या २,९९,५७१ मात्र देखिएको छ ।
- आर्थिक वर्ष २०७५/०७६ मा सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि माध्यमिक विद्यालयहरु छनौट गरी नमुना विद्यालयका रुपमा विकास गर्ने क्रममा यस्तो विद्यालयको संख्या ३२२ पुगेको छ ।
- एक विद्यालय एक नर्सको कार्यक्रम सञ्चालनमा छ ।

- छात्राहरुका लागि सेनेटरी प्याड निःशुल्क वितरण गर्ने कार्य प्राथमिकताका साथ सञ्चालनमा आएको छ ।
- नेपाललाई साक्षर घोषणा गर्न साक्षर नेपाल अभियान कार्यक्रम अन्तर्गत ५० जिल्लाहरू साक्षर घोषणा भइसकेका छन् ।
- आर्थिक वर्ष २०७५/०७६ मा दिवा खाजाको व्यवस्थाबाट ७,९९,५२३ जना विद्यार्थी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।
- यसबाट विद्यार्थीको नियमितता दरमा वृद्धि भई सिकाई उपलब्धिमा सुधार हुने अपेक्षा गरिएको छ ।
- मुलुकभर सञ्चालित २९,६०७ सामुदायिक विद्यालयमध्ये ८,३६६ विद्यालयहरुमा कम्प्युटर सुविधा उपलब्ध भएको छ ।

हालसम्म प्रदेश २ को सप्तरी जिल्ला अन्तर्गत कञ्चनरुप नगरपालिका, प्रदेश ३ को दोलखा जिल्ला अन्तर्गत भिमेश्वर नगरपालिका, गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) अन्तर्गत देवचुली नगरपालिका र प्रदेश ५ को नवलपरासी जिल्ला अन्तर्गत सुनवल नगरपालिकाका गरी ४ वटा नगरपालिकाहरु बालमैत्री घोषणा भएका छन् । यीबाहेक अन्य ३५ वटा स्थानीय तहका एक/एक वडा बालमैत्री घोषणा भएका छन् ।

# विषयसूची


सारसङ्क्षेप

**परिच्छेदः १ परिचय** ............ १

१.१ पृष्ठभूमि ............ १

१.२. नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था ............ १

१.३ बालबालिका सम्बन्धी ऐन, २०७५ ............ ३

१.४ बालअधिकार सम्बन्धी महासन्धि, यस अन्तर्गतका ऐच्छिक सन्धिपत्रहरु र नेपालको प्रतिवेदन ............ ६

१.५ बालबालिका सम्बन्धी योजना, राष्ट्रिय नीति तथा कार्यक्रम ............ ७

*१.५.१ योजना तथा कार्ययोजना* ............ ७

*१.५.२ राष्ट्रिय नीति* ............ ९

*१.५.३ बालबालिका प्रत्यक्ष लाभान्वित हुने केही प्रमुख कार्यक्रम तथा सेवासुविधाहरु* ............ १०

१.६ संस्थागत व्यवस्था ............ १३

१.७ दिगो विकास लक्ष्यहरु र बालबालिका ............ १४

१.८ राष्ट्रिय जनगणना र बालबालिका ............ १४

१.९ बालबालिका सम्बन्धी केही समष्टिगत सूचक र स्थिति ............ १६

१.१० आ.ब. २०४७/२०४८ सालदेखि हालसम्म देखिएका परिवर्तन (Paradigm Shift) ............ १८

१.११ नेपाल सरकारको वार्षिक बजेट र बालबालिका ............ १९

१.१२ प्रदेश र बालबालिका ............ २१

१.१३ बालदिवस र मूल सन्देश ............ २३

**परिच्छेदः २ बाल बचावट** ............ २७

२.१ परिचय ............ २७

२.२ सुरक्षित गर्भ र जन्मको अवस्था ............ २७

२.३ खोप, शिशु तथा बाल स्वास्थ्य ............ २९

२.४ पोषण ............ ३१

२.५ किशोरकिशोरी स्वास्थ्य ............ ३३

२.६ स्वास्थ्य संस्थाहरु ............ ३४

**परिच्छेदः ३ बालसंरक्षण** ............ ३५

३.१ परिचय ............ ३५

३.२ बालश्रम ............ ३५

३.३ सडक बालबालिका ............ ३८

३.४ बालविवाह ............ ४३

३.५ जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा पुनर्एकीकरण ............ ४६

*३.५.१ हराएका/फेला परेका बालबालिकाको उद्धार तथा पुनर्स्थापना* ............ ४६

*३.५.२ हिंसा तथा जोखिममा रहेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्स्थापना* ............ ४८

*३.५.३ बालबालिकाको बेचबिखन तथा यौनहिंसा* ............ ५१

३.६ जन्मदर्ता ५४
३.७ धर्मसन्तान ५५
३.८ शरणार्थी बालबालिका ५६
३.९ अपाङ्गता भएका बालबालिका ५७
३.१० सडक दुर्घटना र बालबालिकाको अवस्था ५९
३.११ सामाजिक सुरक्षा र बालबालिका ६०
३.१२ बालसुधार गृह र अभिभावकसँगै कारागारमा रहेका बालबालिका ६३
*३.१२.१ बाल सुधार गृह* ६३
*३.१२.२ अभिभावकसँगै कारागारमा रहेका बालबालिका* ६४
३.१३ बालबालिकाको स्याहार ६६
*३.१३.१ बालगृह* ६६
*३.१३.२ सहिद प्रतिष्ठान* ६९
*३.१३.३ पुनर्स्थापना केन्द्रहरू* ७०
३.१४ बालबालिकाको गोपनीयता ७१
३.१५ शारीरिक सजाय र हेपाई/बुलिङ ७२
३.१६ सूचना प्रविधि र बालबालिका ७३
३.१७ आमसञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसा सम्बन्धी घटना ७४
**परिच्छेद: ४ बाल विकास** ७९
४.१ परिचय ७९
४.२ प्रारम्भिक बाल विकास ७९
४.३ विद्यालय स्तरको शिक्षा ८४
४.४ अनिवार्य र निःशुल्क शिक्षा ८८
४.५ विद्यालयको संख्या ८९
४.६ एस.इ.इ. र उच्चमाध्यमिक परीक्षाको स्थिति ९१
४.७ विविध ९४
**परिच्छेद: ५ बाल सहभागिता** ९७
५.१. परिचय ९७
५.२ बालबालिकाको विचार र अभिव्यक्ति स्वतन्त्रता ९८
५.३ बालबालिकाको मनोरञ्जनमा सहभागिता (रेडियो, पत्रपत्रिका, टेलिभिजन) ९८
५.४ बालक्लब ९८
५.५ खेलकुदमा बालबालिकाको सहभागिता ९९
५.६ बालमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय तह तथा वडाहरू १००
**परिच्छेद: ६ निष्कर्ष** १०३
**सन्दर्भ सामग्रीहरु** १०७
**अनुसूचीहरू** १०९–१४४

## तालिका


तालिका १ : राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ अनुसार १८ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत
तालिका २ : बालबालिका सम्बन्धी केही समष्टिगत सूचक र स्थिति
तालिका ३ : बालबालिकासँग सम्बन्धित स्थितिको तुलनात्मक सिंहावलोकन
तालिका ४ : पाँच आर्थिक वर्षको बालबालिका सम्बन्धी बजेट
तालिका ५ : कूल जनसंख्या र प्रदेश अनुसारको ०-१९ वर्षसम्मको जनसंख्या र प्रतिशत
तालिका ६ : आ.व. २०७६/०७७ को प्रदेशगत कूल बजेट र सामाजिक विकास मन्त्रालयका लागि विनियोजित बजेट र प्रतिशत
तालिका ७ : विभिन्न खोप पाउने बालबालिकाको विवरण
तालिका ८ : बालबालिकाको मृत्युदर सम्बन्धी सूचक र स्थिति
तालिका ९ : बालबालिकाको पोषण सम्बन्धी सूचक र स्थिति
तालिका १० : आर्थिक वर्ष २०७२/७३ देखि २०७४/७५ सम्मको स्वास्थ्य संस्थाको संख्या
तालिका ११ : जिल्लाहरु र उद्धार गरिएका बालबालिकाको संख्या
तालिका १२ : बालबालिका हराएको, फेला परेको र खोजतलास जारी रहेको स्थिति, २०७५/०७६
तालिका १३ : उमेर समूहको आधारमा हराएका बालबालिकाको संख्या
तालिका १४ : बेवारिस अवस्थामा फेला परेका तथा परिवारमा पुनर्स्थापना गरिएको बालबालिकाको संख्या
तालिका १५ : बाल हेल्पलाइनामार्फत आ.व. २०७५/०७६ मा उद्धार गरिएका बालबालिका
तालिका १६ : बाल हेल्पलाइन नं. १०९८ मार्फत आ.व. २०७५/०७६ मा सहयोग गरिएको बालबालिकाको संख्या
तालिका १७ : आ.व. २०७५/०७६ मा जबरजस्ती करणीबाट पीडित बालिकाको संख्या
तालिका १८ : आ.व. २०७५/०७६ मा जबरजस्ती करणी उद्योग अपराधबाट पीडित बालबालिकाको संख्या
तालिका १९ : आ.व. २०७५/०७६ मा १८ वर्षमुनिका लैङ्गिक हिंसाबाट पीडित बालबालिकाको संख्या
तालिका २० : भूटानी शरणार्थी बालबालिकाको संख्या (असार २०७५ सम्म)
तालिका २१ : अपाङ्गता भएका जनसंख्याको विवरण
तालिका २२ : जिल्ला, बालगृह र अपाङ्गता भएका बालबालिकाको संख्या
तालिका २३ : काठमाण्डौं उपत्यकाभित्र सवारी दुर्घटनामा मृत्यु भएका व्यक्तिहरुको संख्या
तालिका २४ : आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बालबालिकाको संख्या
तालिका २५ : बाल सुधार गृह र बालबालिकाको संख्या
तालिका २६ : बाल सुधार गृह र संरक्षित बालबालिकाको विवरण
तालिका २७ : बाल सुधार गृहमा रहेका बालबालिकाको उमेर समूह
तालिका २८ : २०७६ श्रावण मसान्तसम्म विभिन्न जिल्लाको कारागारमा आश्रित बालबालिकाको विवरण
तालिका २९ : आर्थिक वर्ष २०७५/०७६ मा संस्थाहरुमा संरक्षणमा रहेका बालबालिकाको संख्या
तालिका ३० : प्रदेश अन्तर्गतका बालगृह र बालबालिकाको विवरण
तालिका ३१ : आ.व. २०७५/०७६ मा विभिन्न बालगृहबाट उद्धार गरिएका बालबालिकाको विवरण

तालिका ३२ : सहिद प्रतिष्ठान र सोमा रहेका बालबालिको विवरण
तालिका ३३ : पुनर्स्थापना केन्द्र र बालबालिकाको संख्या
तालिका ३४ : घटना र बालबालिकाको संख्या
तालिका ३५ : बलात्कारमा संलग्न व्यक्ति र प्रभावित बालिकाको संख्या
तालिका ३६ : प्रारम्भिक बाल विकास केन्द्रको संख्या
तालिका ३७ : प्रदेश अनुसार प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण
तालिका ३८ : प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको प्रतिशत
तालिका ३९ : प्रदेश अुनसार प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका
तालिका ४० : अपाङ्गताका प्रकार अनुसार प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको संख्या
तालिका ४१ : शैक्षिकतहका आधारमा विद्यार्थी संख्या, २०७४/०७५ र २०७५/०७६
तालिका ४२ : उत्तीर्ण, दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर
तालिका ४३ : शैक्षिक तह अनुसार जम्मा विद्यार्थीमा दलित र जनजाति बालबालिकाको प्रतिशत
तालिका ४४ : २०७५ सालमा विद्यालयमा भर्ना भएका अपाङ्गता भएका विद्यार्थीको विवरण
तालिका ४५ : सिकाई उपलब्धि
तालिका ४६ : प्रदेश अनुसार विद्यालयको संख्या
तालिका ४७ : तह र प्रकार अनुसार धार्मिक विद्यालयहरुको संख्या
तालिका ४८ : २०७२ देखि २०७५ सालसम्मको एस.इ.इ. (नियमित) परीक्षाको नतिजा स्थिति
तालिका ४९ : कक्षा ११ (२०७४ साल) र कक्षा १२ (२०७५ साल) को नतिजा
तालिका ५० : २०७१ सालदेखि २०७५ सालसम्म बालबालिकाको शिक्षा सम्बन्धी सूचकको स्थिति
तालिका ५१ : प्रदेशस्तरीय खेलकुद प्रतियोगितामा बालबालिकाको सहभागिता

## ग्राफ

ग्राफ १ : तीनवटा जनगणना अनुसार बालबालिकाको जनसंख्याको प्रतिशत
ग्राफ २ : जनसंख्या पिरामिडको झलक
ग्राफ ३ : काठमाडौ उपत्यकामा भएका सडक दुर्घटनाको संख्या
ग्राफ ४ : प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या
ग्राफ ५ : २०७२ सालदेखि २०७५ सालसम्म एस.इ.इ. परीक्षा दिने विद्यार्थीको संख्या

## अनुसूची

१. बालबालिका सम्बन्धी ऐन, २०७५ः बालबालिकाको अधिकार, संरक्षण, बालबालिकाप्रतिको दायित्व, बालबालिकाको कर्तव्य र गोपनियताको व्यवस्था सम्बन्धी दफाहरु

२. बाल अधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन स्थिति सम्बन्धी नेपालको प्रतिवेदनमा संरासं बाल अधिकार समितिको समापन टिप्पणी सारांशमा

३. नेपालको पक्ष रहेको मूलतः बालबालिका सम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि तथा अन्तर्राष्ट्रिय घोषणाहरु

४. इ-पोर्टल

५. बालमैत्री सञ्चार निर्देशिका, २०७३

६. बालबालिकासँग सम्बन्धित दिगो विकासका केही प्रमुख लक्ष्य र सूचकको विवरण

७. क. जनगणना २०६८ अनुसार कूल जनसंख्या र १८ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत
ख. जनगणना २०५८ अनुसार कूल जनसंख्या र १८ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत
ग. जनगणना २०४८ अनुसार कूल जनसंख्या र १८ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत

८. प्रदेशगत कूल जनसंख्या र १९ वर्ष सम्मका जनसंख्या र प्रतिशत

९. प्रदेश अन्तर्गतका जिल्लाहरुमा सञ्चालित बालगृहहरु

१०. प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका अपाङ्गता भएका बालबालिकाको प्रदेशगत विवरण

११. प्रदेश अनुसार प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका, २०७५/०७६

१२. प्रदेश अनुसार प्राथमिक, निम्न माध्यमिक तथा आधारभूत तहमा दलित तथा जनजाति बालबालिका, २०७५/०७६

१३. विद्यालय शिक्षामा अपाङ्गताको प्रकार अनुसार प्रदेशगत रुपमा विद्यार्थीको विवरण

१४. एस.इ.इ नतिजा सारांश, २०७५ (प्रदेशगत)

१५. बालमैत्री घोषणा गरिएका स्थानीय तह तथा वडाहरु (आ.व. २०७५/०७६)

१६. कसुर अनुसारको बाल सुधार गृह र संरक्षित बालबालिकाको विवरण

# परिच्छेद : १

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० को १४ सेप्टेम्बरमा (भदौ २९, २०४७) अनुमोदन गरेपछि महासन्धिको मूलभूत विषयहरु संविधानहरुमा सम्बोधन हुँदै आएको छ । नेपालको संविधान (२०७२) ले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता विषयहरु समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गरी बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको छ । बाल अधिकार सम्बन्धी महासन्धिको धारा १ मा भएको व्यवस्था अनुसार १८ वर्षमुनिका जनसंख्यालाई बालबालिका भनी परिभाषित गरिएको छ । बालबालिकाको विषय आवधिक योजनामा प्राथमिकताका साथ समावेश भएको छ । बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षणका विषयहरुमा उल्लेख्य कार्यहरु हुँदै आएको छ ।

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरु लागू गरी बाल अधिकार संरक्षणका लागि दर्शाएको प्रतिबद्धता अनुरुप नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थामा सुधार गर्दै आएको परिणाम स्वरुप बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन भइरहेको छ । यस प्रक्रियामा विकासका साझेदार संस्थाहरुको योगदान सह्रानीय रहेको छ । समग्रमा, अझै पनि बाल अधिकार सुनिश्चितताका लागि र विविध किसिमका जोखिम अवस्थामा रहेका बालबालिकाको स्थिति सुधारका लागि थप प्रयास गर्नु आवश्यक देखिएको छ ।

## १.२. नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था

नेपाल सरकार बालबालिकाको विषयमा अत्यन्त संवेदनशील छ । नेपालको संविधानमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रुपमा लिइएको छ । संविधानको धारा १० मा नागरिकता पाउने हक, धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक (कुनै पनि आधारमा भेदभाव नगरिने), धारा १९ मा सञ्चारको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक, धारा २७ मा सूचनाको हक, धारा २८ मा गोपनीयताको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३१ मा शिक्षा सम्बन्धी हक, धारा ३२ मा भाषा तथा संस्कृतिको हक, धारि ३५ मा स्वास्थ्य सम्बन्धी हक, धारा ४० मा दलितको हक, धारा ४२ मा सामाजिक न्यायको

हकको व्यवस्था गरिएको छ । यी सबै हकहरु बालबालिकाको लागि समेत लागू हुन्छ । धारा ११(४) मा "नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ" भन्ने उल्लेख छ ।

धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकहरुको प्रत्याभूति गरिएको छ ।

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइनेछैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत देहाय बमोजिमका उपधाराहरु बालबालिकासँग सम्बन्धित छन् ः

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक  अन्तर्गत देहाय बमोजिमका व्यवस्था गरिएको छ :

१. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

धारा ५१ मा बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने एवम् बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीतिगत व्यवस्था छ ।

यस संविधानमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिका मूलभूतः सिद्धान्तहरु (भेदभावरहित, सर्वोत्तम हित, बालबालिकाको विचार र भावनाको कदर तथा दीर्घ जीवन र विकास) एवम् प्रायः सबै धाराहरु तथा विषयहरुलाई समेत स्पष्ट रुपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान उत्कृष्ट देखिएको छ ।

## १.३ बालबालिका सम्बन्धी ऐन, २०७५

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेको १ वर्षकै अवधिमा बालबालिका सम्बन्धी ऐन, २०४८ जारी गरेको थियो । नयाँ संविधान २०७२ मा जारी भएको सन्दर्भमा उक्त ऐनलाई परिमार्जन गरी संविधानले निर्धारण गरेको समय सीमाभित्रै बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको छ । यो ऐन बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरु र प्रावधानहरु अनुकूल रहेको छ र बालबालिकाको १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् -
परिच्छेद १ मा प्रारम्भिक शीर्षक अन्तर्गत विभिन्न विषयहरुलाई परिभाषित गरिएको छ ।
परिच्छेद २ मा बाल अधिकार अन्तर्गत -

दफा ३ मा सम्मानपूर्वक बाँच्न पाउने अधिकार,
दफा ४ मा नाम, राष्ट्रियता र पहिचानको अधिकार,

दफा ५ भेदभाव विरुद्धको अधिकार,

दफा ६ बाबु आमासंग बस्ने र भेटघाट गर्ने अधिकार,

दफा ७ मा संरक्षणको अधिकार,

दफा ८ मा सहभागिताको अधिकार,

दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार,

दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार,

दफा ११ मा गोपनीयताको अधिकार,

दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार,

दफा १३ मा पोषण तथा स्वास्थ्यको अधिकार,

दफा १४ मा खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार, र

दफा १५ मा शिक्षाको अधिकारका प्रावधानहरु समावेश गरिएका छन् ।

परिच्छेद ३ मा बालबालिका प्रतिको दायित्व अन्तर्गत -

दफा १६ मा बालबालिकासंग सम्बन्धित कार्य गर्ने प्रत्येक संघसंस्था तथा निकायले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने,

दफा १७ मा परिवार वा संरक्षकको दायित्व,

दफा १८ मा राज्यको दायित्व, र

दफा १९ मा सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरु समावेश गरिएका छन् ।

परिच्छेद ४ मा बाल न्याय अन्तर्गतका विभिन्न प्रावधानहरु राखिएका छन् ।

परिच्छेद ५ मा बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना अन्तर्गत -

दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह,

दफा ४९ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था,

दफा ५० मा बालबालिकाको संरक्षण, दफा ५१ मा संरक्षकको नियुक्त गर्ने वा तोक्ने,

दफा ५२ मा बालगृहको स्थापना तथा सञ्चालन लगायत दफा ५७ मा बाल संरक्षण सम्बन्धी मापदण्डका विषयहरु समावेश भएका छन् ।

परिच्छेद ६ मा बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था अन्तर्गत -

दफा ५९ मा राष्ट्रिय बाल अधिकार परिषद्,

दफा ६० मा प्रदेश र स्थानीय तहको बाल अधिकार समिति,

दफा ६१ मा बाल कल्याण अधिकारी, दफा ६२ मा समाजसेवी तथा बाल बनोविज्ञ लगायत

दफा ६३ मा बाल कोषको विषयका प्रावधानहरु रहेका छन् ।

परिच्छेद ७ मा बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन सम्बन्धी प्रावधानहरु उल्लेख गरिएका छन्

परिच्छेद ८ मा बालबालिका विरुद्धको कसूर अन्तर्गत बाल अधिकार र संरक्षण विरुद्धका सबै किसिमका हिंसा र दुर्व्यवहारहरु तथा सो विरुद्धको कसूर लगायत उद्धार, संरक्षण र पुनर्स्थापना केन्द्रको व्यवस्था सम्मको व्यवस्थाहरु छन् ।

परिच्छेद ९ मा सजाय, क्षतिपूर्ति तथा मुद्दा हेर्ने अधिकारीको विषयहरु रहेका छन् ।

परिच्छेद १० मा विविध अन्तर्गत दफा ७७ मा बालबालिकाको कर्तव्य अन्तर्गत बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने उल्लेख भएको छ । यसबाहेक बालबालिकाको विचाराधिन मुद्दामा गोपनीयता कायम गर्नुपर्ने, प्रोवेशन अधिकारीको व्यवस्था हुनुपर्ने, मुद्दाको कारवाहीमा प्राथमिकता दिनुपर्ने, बालबालिकाको उमेर कायम गर्नुपर्ने आधारहरु लगायत यस ऐन र यस ऐन बमोजिम बनेको नियमावलीको अधीनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले र सर्वोच्च अदालतले आवश्यकता अनुसार निर्देशिका र कार्यविधि बनाउन सक्ने व्यवस्था रहेको छ। यी यावत प्रावधानहरुलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको एक बालमैत्री कानून हो (अनुसूची १) ।

बालबालिका सम्बन्धी ऐनबाहेक स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५, आवासको अधिकार सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ लगायतका ऐनहरुमा बालबालिकासँग सम्बन्धित विषयहरु समावेश गरिएका छन् । नेपाल सरकारले बालबालिकासँग सम्बन्धित संयुक्त राष्ट्रसंघीय, अन्य अन्तर्राष्ट्रिय र सार्कस्तरीय घोषणाहरुका प्रावधानहरु सम्बोधन हुनेगरी एवम् नेपाल सरकारले संयुक्त राष्ट्रसंघको महासन्धिहरु र अभिसन्धिहरुको व्यवस्था बमोजिम बाल अधिकार समितिमा पेश गरेका विभिन्न प्रतिवेदनमाथि उक्त समितिको समापन टिप्पणी र सुझावहरुलाई ध्यान दिई संवैधानिक र कानूनी व्यवस्था सुधार गरेको छ ।

## १.४ बालअधिकार सम्बन्धी महासन्धि, यस अन्तर्गतका ऐच्छिक सन्धिपत्रहरु र नेपालको प्रतिवेदन

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई १९९० को सेप्टेम्वर १४ तारिख अर्थात २०४७ साल भदौ २९ गते कुनै पनि शर्तबिना अनुमोदन गऱ्यो । यस महासन्धिको पक्षधर राष्ट्रले महासन्धिलाई अनुमोदन गरेको दुई वर्षभित्र महासन्धिको प्रावधानहरु बमोजिम आफ्नो देशको प्रतिवेदन संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा बुझाउनु पर्छ र सोपछि प्रत्येक पाँच-पाँच वर्षमा आवधिक प्रतिवेदन सोही समितिमा बुझाउनु पर्दछ । यस व्यवस्था अनुसार नेपालले पहिलो प्रतिवेदन सन् १९९५ मा, दोस्रो प्रतिवेदन सन् २००४ मा र तेश्रो, चौथो र पाँचौंको संयुक्त प्रतिवेदन सन् २०१२ मा बुझाएको थियो । संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिको सन् २०१६ को मे १९ र २० तारिखमा सम्पन्न बैठकले उक्त प्रतिवेदन ग्रहण गऱ्यो र उक्त प्रतिवेदनको प्रस्तुती र छलफल सम्पन्न भई सन् २०१६ को जुन ३ तारिखमा सम्पन्न बैठकबाट समापन टिप्पणी पारित गऱ्यो ।

उक्त समितिले संविधानमा बाल अधिकार, बालमैत्री स्थानीय शासन सम्बन्धी व्यवस्थालाई स्वागत गरेको छ । राज्यले बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न बालबालिकाको सर्वोत्तम हित, सबै किसिमका हिंसाहरु र विशेष संरक्षणको उचित सम्बोधन, पारिवारिक वातावरण र वैकल्पिक स्याहार, अपाङ्गता भएका बालबालिकाको आधारभूत आवश्यकता, शिक्षा पाउने अधिकार, पहिचानका लागि जन्मदर्ता र नागरिकताको व्यवस्था, बालबालिकालाई परिवार, विद्यालय वा अन्य संस्थाहरुमा शारीरिक दण्ड दिने वा दुर्व्यवहार गर्ने परिपाटीको समूल अन्त्य गर्ने जस्ता विषयहरु समेट्नेगरी विद्यमान ऐनहरुमा सुधार गर्नुपर्ने लगायतका थुप्रै सिफारिसहरु गरेको छ । यसैगरी, योजना र अनुगमन, खण्डीकृत सूचना व्यवस्थापन, बालबालिकाका लागि लगानीमा वृद्धि, संस्थागत सुदृढीकरण जस्ता विषयहरुमा ध्यान दिन समेत सरकारलाई सुझावहरु दिएको छ । यीमध्ये अधिकांश सुझावहरु संविधान, बालबालिका सम्बन्धी ऐन लगायत अन्य सम्बन्धित ऐनहरुमा सम्बोधन गरिएका छन् । नीति र कार्यक्रमसंग सम्बन्धित सुझावहरु कार्यान्वयन गर्न सरकार प्रयासरत रहेको छ ।

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अन्तर्गत देहायका तीनवटा इच्छाधिन आलेखहरु समेत रहेका छन् :

१) सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २०००

२) बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २०००

३) बाल अधिकार हननूको उजुरीबारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११

उल्लिखित इच्छाधिन आलेखहरुमध्ये नेपालबाट क्रसं १ को इच्छाधिन आलेखलाई सन् २००७ को सेप्टेम्वर १९ तारिखमा र क्रसं २ को इच्छाधिन आलेखलाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरेको छ । क्रसं ३ को "बाल अधिकार हननूको उजुरीबारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११" लाई अनुमोदन गर्न बाँकी छ । बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण

सम्बन्धी इच्छाधिन आलेखको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २००९ मा र सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेखको प्रारम्भिक प्रतिवेदन सन् २०१२ मा सरासंको बाल अधिकार समितिमा पेश गऱ्यो । यस प्रतिवेदनमाथि उक्त समितिको समापन टिप्पणीले कानूनी, नीतिगत, संस्थागत व्यवस्थाको प्रशंसा गर्दै यस आलेखका प्रावधानहरु अनुसार विद्यमान कानूनमा सुधार गर्नुपर्ने, पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने, अनुमगन र खण्डीकृत सूचना व्यवस्थापन गर्नुपर्ने, सम्बद्ध निकायहरुबीच प्रभावकारी समन्वयको व्यवस्था हुनुपर्ने, शैक्षिक र तालिम पाठ्यक्रममा सुधार हुनुपर्ने, पर्यटन क्षेत्रमा बालबालिकाको यौनशोषण र दुर्व्यवहार अन्त्य हुनुपर्ने लगायतका सुझावहरु दिएका छन् । यस अनुसार हालका कानून हरुमा यी विषयहरुको व्यवस्था भइसकेका छन् भने बजेट, सूचना व्यवस्थापन, पाठ्यक्रम सुधार लगायत बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका यौनशोषण र दुर्व्यवहारका विषयहरु सम्बोधन गर्ने कार्यहरुमा नेपाल सरकार संवेदनशील रहेको छ ।

नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धि र सो अन्तर्गतका इच्छाधिन आलेखहरुका प्रावधानहरुको परिपालना गर्नु एवम् महासन्धि र इच्छाधिन आलेखहरुमाथि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिको समापन टिप्पणीमा दिइएका सुझावहरु कार्यान्वयन गर्नु राज्यका सबै अङ्गहरुको दायित्व हुन्छ । यसै दायित्व अनुसार संविधान, बालबालिका सम्बन्धी ऐनहरु, नीति, योजना र कार्यक्रम सम्बन्धी अधिकांश सुझावहरुलाई समायोजन गरिएका छन् । बाल अधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन स्थिति सम्बन्धी नेपालको प्रतिवेदनमा संरासं बाल अधिकार समितिको समापन टिप्पणी सारांश अनुसूची २ मा दिइएको छ ।

यी व्यवस्थाहरु लगायत सरकारी र गैरसरकारी निकायहरुको हालसम्मको प्रयास र उपलब्धिहरुको बाबजूद पनि विविध किसिमका बालहिंसा, शोषण र दुर्व्यवहार अन्त्य गर्ने कार्यहरु चुनौतीकै रुपमा रहेका छन् । यस दिशातर्फ संघ, प्रदेश र स्थानीय सरकार एवम् विकास साझेदार संस्थाहरु र निजी क्षेत्रका सबै सम्बन्धित निकायहरुको ध्यान गम्भीर रुपमा आकर्षित हुन जरुरी छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय एवम् साविकको केन्द्रीय बाल कल्याण समितिले बाल अधिकार महासन्धि र यस अन्तर्गतका इच्छाधिन आलेखहरु सम्बन्धमा नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार समितिमा पेश गरेका प्रतिवेदनहरुमाथि बाल अधिकार समितिले गरेको समापन टिप्पणीहरु लगायत सम्बद्ध मन्त्रालयहरुको भूमिकाबारे संक्षिप्त जानकारी पुस्तक प्रकाशन गरेको छ । बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने संयुक्त राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय स्तरका घोषणाहरु अनुसूची ३ मा दिइएको छ ।

## १.५ बालबालिका सम्बन्धी योजना, राष्ट्रिय नीति तथा कार्यक्रम

### *१.५.१ योजना तथा कार्ययोजना*

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि आवधिक योजनामा बालबालिकाको विषयलाई प्राथमिकताका साथ समावेश गर्दै आएको छ । नवौं

योजना (२०५३-२०५८) देखि बालबालिकाको विषयलाई अधिकारमुखी दृष्टिकोणबाट समावेश गरिएको छ । पन्ध्रौं योजना (२०७६/०७७ - २०८०/०८१) को आधारपत्रले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य लिएको छ ।

उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

२. बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु ।

३. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

यसैगरी उपर्युक्त उद्देश्यहरु हासिल गर्नका लागि निम्नानुसारका रणनीतिहरु तय गरिएका छन्ः

१. बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने ।

२. बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बाल विकासमा पहुँच बढाउने ।

३. बालबालिका तथा किशोरकिशोरीविरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने ।

४. असहाय, अनाथ, अपाङ्गता भएका, असक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई राज्यबाट संरक्षण र प्रवर्द्धन गर्ने ।

५. विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने ।

६. राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने ।

७. बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने ।

८. विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने ।

पन्ध्रौं योजनाको आधारपत्रले सरकारका तीनै तहमा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुने, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण भएको हुने, बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने, बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक र मानसिक

शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्य रुपमा न्यूनीकरण भएको हुने, सरकारी निकाय, संस्था, बाबुआमा तथा संरक्षकको बालबालिका प्रतिको दायित्व अभिवृद्धि भएको हुने र बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ प्रभावकारी रुपमा सञ्चालन भएको हुने जस्ता उपलब्धिहरु अपेक्षा गरेको छ ।

बालबालिका सम्बन्धी छुट्टै कार्ययोजना तर्जुमा गर्ने क्रममा नेपाल सरकारले बालबालिका सम्बन्धी प्रथम कार्ययोजनाको रुपमा सन् १९९० को दशकको लागि बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना र दोस्रो कार्ययोजनाको रुपमा सन् २००४-२०१४ को लागि दशवर्षे कार्ययोजना तयार गरी लागू गरिसकेको छ । तेस्रो कार्ययोजना तयारी क्रममा रहेको छ । बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ बालश्रम सम्बन्धी गुरु योजना, २०७५ लगायत शिक्षा, स्वास्थ्य, किशोरकिशोरी, मानव ओसारपसारसँग सम्बन्धित राष्ट्रिय कार्ययोजनाहरु कार्यान्वयनमा रहेका छन् ।

### १.५.२ राष्ट्रिय नीति

बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ ले सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बाल अधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न पाउने सक्ने वातावरणको सिर्जना गर्ने दीर्घकालीन लक्ष्य लिएको छ । यस नीतिका निम्नानुसारका मुख्य उद्देश्यहरु रहेका छन् र उद्देश्य अनुसार विभिन्न नीतिहरु र रणनीतिहरु तय गरिएका छन् ।

१. सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने । यो उद्देश्य पूरा गर्नका लागि ३२ वटा नीतिहरु र १९ वटा रणनीतिहरु लिइएका छन् ।

२. बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने । यो उद्देश्य पूरा गर्नका लागि ५ वटा नीतिहरु र ११ वटा रणनीतिहरु लिइएका छन् ।

३. आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने । यो उद्देश्य पूरा गर्नका लागि ८ वटा नीतिहरु र ६ वटा रणनीतिहरु लिइएका छन् ।

४. बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने । यो उद्देश्य पूरा गर्नका लागि ३ वटा नीतिहरु र २ वटा रणनीतिहरु लिइएका छन् ।

५. बाल न्याय प्रणालीलाई सुदृढ गर्ने । यो उद्देश्य पूरा गर्नका लागि ९ वटा नीतिहरु र ५ वटा रणनीतिहरु लिइएका छन् ।

यो नीतिमा संयुक्त राष्ट्रको बाल अधिकार सम्बन्धी महासन्धिका अधिकांश प्रावधानहरुलाई सम्बोधन गरिएका छन् । मुलुकमा संघीय संरचना लागू भइसकेको र प्रदेश र स्थानीय सरकारले सक्रियताका साथ

कार्य गर्न लागि सकेको सन्दर्भमा यस नीतिलाई पुनरावलोकन गरी नयाँ नीति तर्जुमा गर्नु आवश्यक देखिएको छ । साथै, प्रदेश र स्थानीय तहमा निर्माण हुने बालबालिका सम्बन्धी नीति हुने क्रममा संघबाट आवश्यक सहयोग तथा सहजीकरण वातावरण सिर्जना हुन आवश्यक देखिन्छ ।

### *१.५.३ बालबालिका प्रत्यक्ष लाभान्वित हुने केही प्रमुख कार्यक्रम तथा सेवासुविधाहरु*

नेपाल सरकारबाट बालबालिकाका लागि निःशुल्क विद्यालय शिक्षा, विद्यालयमा निःशुल्क पाठ्यपुस्तक लगायत गरीब, दलित, सीमान्तकृत, अपाङ्गता, मुक्त कमलरी, द्वन्द्व प्रभावित जस्ता बालबालिकाका लागि आवासीय र गैरआवासीय गरी दुई थरिका छात्रवृत्तिका साथै बालिका छात्रवृत्तिको व्यवस्था रहेको छ । यसबाहेक विभिन्न पटके र विशेष छात्रवृत्तिको समेत व्यवस्था रहेको छ । तोकिएका केही जिल्लाका विद्यालयहरुमा दिवा खाजा कार्यक्रम पनि सञ्चालनमा रहेका छन् । यी कार्यक्रमहरुबाट बालबालिका उल्लेख्य रुपमा लाभान्वित भएका छन् ।

स्वास्थ्य क्षेत्रमा बालबालिकाका लागि विभिन्न खोप, भिटामिन, पोषणयुक्त खानेकुरा लगायत तोकिएको स्वास्थ्य सेवा र तोकिएको औषधि तथा उपचार सेवा निःशुल्क उपलब्ध हुने गरेको छ । कार्यक्रमको सन्दर्भमा एकीकृत बालस्वास्थ्य एवम् पोषण कार्यक्रम, राष्ट्रिय खोप कार्यक्रम, समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम, सुनौला हजार दिन जस्ता कार्यक्रम सञ्चालनमा रहेका छन् । यस अतिरिक्त जोखिममा परेका र विपद्मा परेका बालबालिकाका लागि सहयोग लगायत बालविवाह, बाल यौनशोषण, श्रमशोषण विरुद्धका सचेतना कार्यक्रम समेत सञ्चालनमा रहेका छन् । सरकारी स्तरबाट भएका स्वास्थ्य सेवा, सुविधाहरुबाट बाल स्वास्थ्यमा (नवजात शिशु, शिशु र बाल मृत्युदर) उल्लेख्य सुधार भएको छ । विविध किसिमका कुपोषण न्यूनीकरण हुँदैछ । स्वास्थ्य क्षेत्र बाहेकका सरकारी निकायहरुको आर्थिक सहयोगबाट कठिन अवस्था तथा गम्भीर प्रकृतिका बिरामी बालबालिकाले राहत पाइरहेका छन् ।

गैरसरकारी संस्था लगायत विभिन्न विकासका साझेदार संस्थाहरुबाट समेत बालबालिका प्रत्यक्ष र अप्रत्यक्ष रुपबाट लाभान्वित हुने शिक्षा, स्वास्थ्य लगायत बाल संरक्षण तथा हिंसा एवम् चेतना जागरण र क्षमता अभिवृद्धिका विभिन्न कार्यहरु भइरहेका छन् । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि बालगृहहरु सञ्चालन भइरहेका छन् । साथै कर्णाली क्षेत्रका सबै र अन्य जिल्लाहरुका दलित बालबालिकाका लागि मासिक चारसय रुपैयाँ पोषण अनुदान वितरण भइरहेको छ । सामाजिक सुरक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरुबाट पनि बालबालिका लाभान्वित भइरहेका छन् । केही स्थानीय तहबाट अनाथ/टुहुरा बालबालिकाका लगायत जोखिममा रहेका बालबालिकाका लागि समेत भत्ताको व्यवस्था भएको जानकारीमा आएको छ । हालसम्म बालबालिका प्रत्यक्ष लाभान्वित हुने प्रमुख नगद, जिन्सी सहयोग तथा सेवासुविधाहरु प्रशस्तै रहेका छन् ।

आर्थिक वर्ष २०७५/०७६ मा साविकको केन्द्रीय बाल कल्याण समितिबाट विभिन्न हिंसाबाट प्रभावित र समस्याग्रस्त अनाथ, असहाय, अपाङ्गता भएका तथा गम्भीर प्रकृतिको रोगका कारण

समस्यामा परेका १४५ जना (८२ बालक र ६३ बालिका) एवम् लैङ्गिक हिंसाका कारण जोखिममा परेका ४७ जना बालिकालाई बाल संरक्षण आर्थिक सहयोग प्रदान गरिएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय एवम् राष्ट्रिय बाल अधिकार परिषद्‌बाट बाल अधिकार अन्तरगतका विषयहरुमा निर्वाह गरिरहेको भूमिका तथा कार्यहरु संक्षिप्तमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

- बालबालिका सम्बन्धी ऐन, २०७५ अनुरुप नयाँ नियमावलीको मस्यौदा तर्जुमा अन्तिम चरणमा पुगेको छ ।
- बालबालिकासँग सम्बन्धित मूलभूत विषयको निर्देशिका, कार्यविधिजस्ता दस्तावेज निर्माणको क्रममा रहेको छ ।
- बालहिंसा, संरक्षण सम्बन्धी घटना व्यवस्थापन र बाल अधिकारमैत्री योजना तर्जुमा सम्बन्धी तालिम प्रदेश, जिल्ला र स्थानीय तहमा सञ्चालन भएको छ ।
- बालगृह सञ्चालन सम्बन्धी मापदण्ड र सोको अनुगमन, सहजीकरण, पृष्ठपोषण, उद्धार र व्यवस्थापन कार्यहरु भएको छ ।
- ८ वटा बाल सुधार गृहहरुमा सहजीकरण एवम् सूचना व्यवस्थापन गर्ने कार्य भएको छ ।
- बालबालिका सम्बन्धी सूचना व्यवस्थापन एवम् सम्प्रेषण गर्ने कार्य भएको छ ।
- प्राकृतिक प्रकोपबाट प्रभावित लगायत अत्याधिक जोखिममा परेका बालबालिकालाई आपत्‌कालीन सहयोग प्रदान गर्ने कार्य भएको छ ।
- सिंहदरबारभित्र कार्यरत महिला कर्मचारीहरुलाई लक्षित गरी शिशु स्याहार केन्द्रको सञ्चालन तथा व्यवस्थापन गरिएको छ ।
- अति दुर्गम हिमाली तथा पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरुलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार गरी अस्पतालसम्म पुऱ्याउने कार्यक्रमबाट आमा र शिशु दुवैलाई सेवा प्रदान गरिएको छ ।
- पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल र सूचना विभागसँगको सहकार्यमा बालसंवेदनशील पत्रकारिता सम्बन्धी अन्तरक्रिया कार्यक्रम ५ वटा प्रदेशमा सम्पन्न भएको छ ।
- बाल अधिकार र संरक्षण अन्तर्गत बालविवाह, बालश्रम, यौन दुर्व्यवहार, बेचविखन तथा ओसार पसार, बाल हेल्पलाइन, बालबालिका खोजतलास समन्वय केन्द्रजस्ता विविध विषयमा चेतना अभिवृद्धि कार्यहरु प्रसारण गरिएको छ ।
- काठमाण्डौं उपत्यकामा सडक बालबालिका उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन, संस्थागत पुनर्स्थापना, मनोसामाजिक विमर्श, शिक्षा, तालिम लगायतका व्यवस्थापन कार्यहरु सञ्चालन

भइरहेको छ । यस कार्यमा नेपाल प्रहरी, विकास साझेदार संस्थाहरु लगायतबाट सहयोग भइरहेको छ । यो कार्यक्रम देशका अन्य शहरहरुमा यसै आर्थिक वर्षदेखि विस्तार हुँदैछ ।

- काठमाण्डौंको भृकुटीमण्डपमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) बाट हराएका, बेवारिस फेला परेका, अपहरणमा परेका, परिवारबाट विछोडिएका लगायत जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, संरक्षण र व्यवस्थापन गर्ने कार्यहरु नेपाल प्रहरीको सहयोगबाट भृकुटीमण्डपस्थित बालबालिका खोजतलास समन्वय केन्द्रमार्फत भइरहेको छ ।

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको निर्देशन र राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन, समन्वय र सहकार्यमा विभिन्न १२ वटा जिल्लाहरुमा गैरसरकारी संस्थाहरुबाट बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) सञ्चालन भइरहेको छ । यी हेल्पलाइनहरुबाट जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपत्कालीन उद्धार, राहत, संरक्षण, मनोसामाजिक विमर्श, कानूनी तथा स्वास्थ्य उपचार सहयोग, पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापना लगायतका कार्यहरु हुने गरेका छन् । यी हेल्पलाइनहरुबाट करिब ६० वटा जिल्लाहरुका बालहिंसा सम्बन्धी घटनाहरु समेट्न सक्ने अनुमान गरिएको छ । यस कार्यहरुमा सहयोग पुऱ्याउन सार्क विकास कोषको सहयोगमा परिषद्बाट परियोजना सञ्चालन भइरहेको छ ।

- बाल अधिकार र संरक्षणको विविध विषयहरुमा नेपाल सरकारको प्रयास, वर्तमान स्थिति र भावी रणनीतिक कार्यहरुबारे ५ वटा प्रदेशहरुमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

- बालबालिकासंग सम्बन्धित हरेक क्षेत्रको सूचना तथा जानकारी एकीकृत एवम् व्यवस्थित गर्ने र यसप्रति चासो राख्ने सबै व्यक्ति तथा संस्थाहरुका लागि जानकारी दिने उद्देश्यले नेपालमा बालबालिका सम्बन्धी विविध तथ्य, प्रतिवेदन र जानकारीमूलक सूचना सामग्रीहरु समाविष्ट बालबालिका सम्बन्धी ई-पोर्टल सञ्चालनमा रहेको छ (अनुसूची ४) ।

- साविक केन्द्रीय बाल कल्याण समितिबाट बेवारिसे नवजात शिशुको संरक्षण व्यवस्थापन, धर्मपुत्र धर्मपुत्री ग्रहण प्रक्रिया, यौनजन्य हिंसा पीडित बालिकाको व्यवस्थापन, लागूपदार्थको कूलतमा लागेका बालबालिकालाई सुधारगृहमा पठाउने व्यवस्था, अभिभावकविहीन एवम् सुस्त मनस्थिति/अपाङ्गता भएका बालबालिकालाई बालगृहमा पठाउने बारेको प्रक्रिया, भारतका विभिन्न बालगृहमा रहेका बालबालिकाको परिवार पहिचान तथा स्वदेश फिर्ति प्रक्रिया, संस्थागत स्याहारमा रहेका बालबालिकाको जन्मदर्ता तथा नागरिकता सम्बन्धी, बालबालिकाको अधिकार प्रचलनका लागि न्यायिक समितिमा सिफारिस गर्ने, हेलो सरकारमा प्राप्त बालबालिका सम्बन्धी गुनासो र त्यसको सम्बोधन गर्ने जस्ता विषयमा आवश्यक सहजीकरण गर्ने गरिएका कार्यहरुलाई राष्ट्रिय बाल अधिकार परिषद्बाट निरन्तरता दिइएको छ ।

- आमसञ्चार माध्यमले बालबालिकाको विषयवस्तुलाई आ-आफ्ना प्रकाशन तथा प्रशारणहरुमा स्थान दिँदै आएका छन् र बालबालिकामाथि हुने कतिपय अपराधहरु पनि उजागर हुँदै आएका छन् । आमसञ्चार माध्यममा बाल संवेदनशीलताको अझ अभिवृद्धिका लागि २०७३ माघमा साविकको केन्द्रीय बाल कल्याण समितिको पहलमा प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ तथा सूचना विभागबाट संयुक्त रुपमा बालमैत्री सञ्चार निर्देशिका २०७३ तर्जुमा गरिएको छ (अनुसूची ५) । यो निर्देशिका लागू भएपछि आमसञ्चार माध्यमहरुमा बालबालिकाको विषयले उल्लेख्य स्थान पाउँदै आएको छ। बाल संवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार एवम् बाल संवेदनशील सामुदायिक रेडियो राष्ट्रिय पुरस्कार प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

## १.६ संस्थागत व्यवस्था

बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार राष्ट्रिय बाल अधिकार परिषद् स्थापना भएको छ र साविकको केन्द्रीय बाल कल्याण समितिका कार्यहरु यसै परिषद्मा हस्तान्तरण गरिएको छ। जिल्ला बाल कल्याण समितिहरु विघटन भएका छन् । ऐन बमोजिम प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति यथाशक्य चाँडो गठन हुने अपेक्षा गरिएको छ। संघीय संरचनामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिकाको विषयमा नेतृत्वदायी एवम् समन्वयकारी भूमिका निर्वाह गर्दछ।

विषयगत रुपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र साविक शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले पूर्व बाल विकासदेखि कक्षा १२ सम्म बालबालिकाका लागि शिक्षा, विज्ञान र प्रविधि सम्बन्धी कार्यहरु गर्दछ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बाल स्वास्थ्य र पोषण सम्बन्धी विषय सम्बोधन गर्दछ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बालश्रमको विषयमा कार्य गर्दछ। यसैगरी गृह मन्त्रालयले विपद्मा बालबालिका समेतको विषय र नेपाल प्रहरी अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा सबै जिल्लाहरुमा गरी २४० वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र रहेका छन् । निर्देशनालय र सेवा केन्द्रहरुबाट बालहिंसा र संरक्षण सम्बन्धी विषयहरु सम्बोधन हुने गर्दछ । प्रदेशमा सामाजिक विकास मन्त्रालयले बालबालिकाको विषय हेर्ने व्यवस्था रहेको छ। यसैगरी सबै पालिकाहरुबाट बालबालिका सम्बन्धी कार्यहरु हुने गरेको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको निर्देशन र संरक्षकत्वमा राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन एवम् सहयोगमा र नेपाल प्रहरीको संलग्नतामा काठमाण्डौंको भृकुटीमण्डपमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) सञ्चालनमा रहेको छ भने राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन, समन्वय र आंसिक सहयोगमा विभिन्न १२ वटा जिल्लाहरुमा गैरसरकारी संस्थाहरुबाट बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) सञ्चालन भइरहेको छ।

बाल न्याय सम्बन्धी विषयका कार्यलाई व्यवस्थित गर्न केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय बाल न्याय समिति र जिल्लाहरुमा जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बाल

न्याय समितिहरु कार्यरत रहेका छन् । सबै जिल्ला अदालतमा बाल इजलासको व्यवस्था भएको छ। विविध किसिमका बालबिज्याँइमा परी कानूनी सजाय भोग्नु परेका बालबालिकाका लागि भक्तपुर, कास्की, मोरङ, बाँके, मकवानपुर, रुपन्देही, डोटी र पर्सा जिल्लामा बाल सुधार गृह सञ्चालन भइरहेका छन् ।

## १.७ दिगो विकास लक्ष्यहरु र बालबालिका

नेपालमा सहस्राब्दी विकास लक्ष्यहरु बालबालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धी सूचकाङ्कहरुमा उल्लेख्य सुधार भएका छन् । सन् २०३० सम्मका लागि तयार भएको दिगो विकास लक्ष्यहरु १७ वटा, परिलक्ष्यहरु १६९ र सूचकहरु २३० मध्ये बालबालिकासंग सम्बन्धित हुने विभिन्न ८ वटा लक्ष्यहरु, ३५ वटा परिलक्ष्यहरु र ७६ वटा सूचकहरु रहेको देखिएको छ । यसमध्ये अधिकांश शिक्षा, स्वास्थ्य, बालहिंसा, सामाजिक सुरक्षा कार्यक्रम, मानसिक वा शारीरिक सजाय, बेचविखनपीडित र जन्मदर्ताजस्ता विषयहरु रहेका छन् । बालबालिकासंग प्रत्यक्ष सम्बन्धित सूचकहरु अनुसूची ६ मा दिइएको छ ।

## १.८ राष्ट्रिय जनगणना र बालबालिका

विगत केही दशकदेखि जनसंख्याको वृद्धिदर र कूल जनसंख्यामा बालबालिकाको प्रतिशतमा महसुस हुने गरी परिवर्तन भइरहेको छ । राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ मा जनसंख्या वृद्धिदर क्रमशः २.०८, २.२५ र १.३५ रहेको छ। २०४८ सालको जनगणनाको तुलनामा पछिल्ला जनगणनाहरुमा कूल जनसंख्यामध्ये १८ वर्षमुनिका बालबालिकाको प्रतिशत क्रमशः घट्दै आएको देखिएको छ। बालबालिकाको संख्या र प्रतिशत तालिका १ मा दिइएको छ ।

तालिका १ः राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ अनुसार १८ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत


| जनगणना वर्ष | कूल जनसंख्या | बालबालिकाको जनसंख्या | १८ वर्षमुनिका बालबालिकाको प्रतिशत | १६ वर्षमुनिका बालबालिकाको प्रतिशत | १४ वर्षमुनिका बालबालिकाको प्रतिशत | ५ वर्षमुनिका बालबालिकाको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०४८ | १८४९१०९७ | ८,९२३,६२१ | ४८.२६ | ४४.५७ | ४०.२२ | १४.६४ |
| २०५८ | २३,१५१,४२३ | १०,५८५,७९१ | ४५.७२ | ४१.६५ | ३६.९६ | १२.११ |
| २०६८ | २६४९४५०४ | ११,०८४,३११ | ४१.८४ | ३७.३७ | ३२.३५ | ९.६९ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०४८, २०५८ र २०६८ ।*

माथिको तालिकाबाट २०४८ सालको जनगणनाभन्दा २०५८ सालको जनगणनामा कूल जनसंख्यामध्ये बालबालिकाको जनसंख्या २.५४ प्रतिशत विन्दुले र २०५८ सालको जनगणनाभन्दा २०६८ सालको जनगणनामा ३.८८ प्रतिशत विन्दुले घट्दै आएको देखिन्छ। यसले जन्मदर घट्ने क्रमसँगै कूल जनसंख्यामध्ये

बालबालिकाको प्रतिशत घटेको देखिएको छ। तीनवटा जनगणना अनुसार बालबालिकाको प्रतिशत ग्राफ १ मा प्रस्तुत गरिएको छ।


ग्राफ १ : तीनवटा जनगणना अनुसार बालबालिकाको जनसंख्याको प्रतिशत




जनगणना २०४८ अनुसार बालिकाभन्दा बालकको संख्या १,७२,८२९ जना बढी रहेको, जनगणना २०५८ अनुसार बालिकाभन्दा बालकको संख्या १,८२,५३२ जना बढी रहेको र जनगणना २०६८ अनुसार बालिकाभन्दा बालकको संख्या १,६६,८९७ जना बढी रहेको देखिएको छ। यसबाट समाजमा अझै छोरीको भन्दा छोराको चाहना बढी रहेको स्पष्ट देखिएको छ। २०५८ सालको तुलनामा २०६८ सालको जनगणनामा बालिकाभन्दा बालकको संख्या बृद्धिको अनुपातमा भने कमी आउन थालेको देखिएको छ। तीनवटै जनगणनाको जनसंख्या र बालबालिकाको संख्या, प्रतिशत र बालबालिकाको लैङ्गिक जानकारी अनुसूची ७ मा दिइएको छ।

स्वास्थ्य क्षेत्र र सेवा प्रवाहमा भएको सुधार, जनतामा स्वास्थ्य सेवाप्रतिको बढ्दो चेतना र स्वास्थ्य उपचारको माग बढ्दै आएको परिणाम स्वरुप जन्मदरमा कमी भइरहेको छ। शिशु, बाल र मातृमृत्युदरमा कमी आइरहेको छ र औसत आयु बढ्दै गएको छ। यसबाट जनसंख्या पिरामिड परिवर्तन हुँदै आएको छ। नेपालको कूल जनसंख्या र सोमध्ये बालबालिकाको जनसंख्याको परिवर्तन रुपको अवस्था र भावी अनुमानको झलक तल देखाइएको छ।

ग्राफ २ : जनसंख्या पिरामिडको झलक




*स्रोतः वेवसाइट - वर्ल्ड लाइफ एक्स्पेक्टेन्सी डट कम/नेपाल-पपुलेसन-पिरामिड ।*

२०५८ सालको जनगणनामा जनसंख्या वृद्धिदर २.२५ प्रतिशत रहेकोमा २०६८ सालको जनगणनामा सो दर १.३५ प्रतिशतमा झरेको छ । जन्मदरमा आएको परिवर्तन स्वरुप २०५७ साल (सन् २०००) भन्दा २०७२ साल (सन् २०१५) मा जनसंख्या पिरामिडमा बालबालिकाको जनसंख्याको आकारमा निकै परिवर्तन देखिएको छ ।

## १.९ बालबालिका सम्बन्धी केही समष्टिगत सूचक र स्थिति

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि बालबालिका सम्बन्धी भएगरेका विभिन्न प्रयासको परिणाम स्वरुप बालबालिकाको समग्र स्थितिमा सुधार आएको छ । बालबालिका सम्बन्धी केही समष्टिगत सूचक र बालबालिकाको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २: बालबालिका सम्बन्धी केही समष्टिगत सूचक र स्थिति

| क्रसं | सूचक | २०४८/०४९ (१९९१/९२) | २०५८/०५९ (२००१/०२) | २०६८/०६९ (२०११/१२) | २०७४/०७५ (२०१७/१८) |
|---|---|---|---|---|---|
| | कूल जनसंख्या® | १,८४,९१,०९७ | २,३१,५१,४२३ | २,६४,९४,५०४ | |
| | १८ वर्षमुनिका बालबालिका (%)® | ४८.२८ | ४५.७२ | ४१.८४ | |
| | १६ वर्षमुनिका बालबालिका (%)® | ४४.५९ | ४१.६५ | ३७.३७ | |
| | १४ वर्षमुनिका बालबालिका (%)® | ४०.२४ | ३६.९६ | ३२.३५ | |
| | ५ वर्षमुनिका बालबालिका (%)® | १४.६५ | १२.११ | ९.६९ | |
| | प्राथमिक तहमा खुद भर्नादरॐ | ६४ | ८१.१ | ९४.५ | ९७.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कक्षा १ मा भर्ना भई कक्षा ५ पुगेका बालबालिका[©] | ३८ | ६३ | ८९.४ | |
| | निमावि तहमा खुद भर्नादर (कक्षा ६-८)[ॐ] | – | ३९ | ६९.३ | ८७.४ |
| | आधारभूत तहको खुद भर्नादर[ॐ] | – | – | ८६ | ९२.३ |
| | मावि तहमा खुद भर्नादर (कक्षा ९-१०)[ॐ] | – | २५.५ | ४६.५ | ६५.९ |
| | ११ र १२ कक्षामा भर्नादर[ॐ] | – | – | ७.८ | २२ |
| | मावि तह (कक्षा ९-१२)[ॐ] | – | – | २७.१ | ४३.३ |
| | प्राथमिक शिक्षामा बालिकाको अनुपात[©] | ०.५६ | ०.७९ | १.०९ | १.०९ |
| | माध्यमिक शिक्षामा (कक्षा ९-१०) बालकमा बालिकाको अनुपात[©] | ०.४३ | ०.७० | १.० | १.० |
| | साक्षरता दर (१५ देखि २४ वर्ष) | ४९.६[©] | ७०.१[©] | ८४.७६[U] | ८९.२५[W] |
| | कक्षा ८ सम्मको टिकाउ दर[अ] | – | ७६.६ | ७५.९ | ७७.४ |
| | कक्षा १० सम्मको टिकाउ दर[अ] | – | ३७.९ | ४५.२ | ५७.१ |
| | कक्षा १२ सम्मको टिकाउ दर[अ] | – | ११.५ | – | १७.२ |
| | एस.एल.सी. परीक्षा दिनेको संख्या[ॐ] | ७९,४२० (१९९४) | २०१,०६८ | ५२८,२५७ | ४,६३,१६६ |
| | नवजात शिशु मृत्युदर[¥] | ५० | ३९ | ३३ | २१ |
| | शिशु मृत्युदर (प्रति हजारमा)[©] | १०८[©] | ६४[©] | ४६[¥] | ३२[¥] |
| | बाल मृत्युदर[©] | १६२ | ९१ | ५४ | ३८ |
| | कुपोषण - उचाई अनुसार तौल नपुगेका (६-५९ महिनाका) बालबालिका | ५७[©] | ४३[¥] | २९[¥] | २७[¥] |
| | कुपोषण - उमेर अनुसार उचाई नपुगेका (६-५९ महिनाका) बालबालिका | ६०[©] | ५७[¥] | ४१[¥] | ३६[¥] |
| | मातृ मृत्युदर[©] | ८५० | ४१५ | २८१ | २५८ |
| | दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति दर[©] | ७ | ११ | ५५.६ | ५९.[र] |

*नोटः तोकिएको वर्षको तथ्याङ्क उपलब्ध नभएको अवस्थामा सबभन्दा नजिकको वर्षको तथ्याङ्क राखिएको छ ।*

[©] *नेपाल सहस्राव्दी विकास लक्ष्यः अन्तिम स्थिति प्रतिवेदन सन् २००० - २०१५, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, डिसेम्बर २०१६ ।*

[¥] *नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् १९९६ - २०१६ ।*

[®] *जनगणना, केन्द्रीय तथ्याङ्क विभाग, २०४८, २०५८ र २०६८ ।*

[ॐ] *शिक्षा विभाग ।* [U] *युनेस्को ।* [W] *विश्व बैङ्क*

[अ] *आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०७४/०७५*

[र] *वार्षिक प्रतिवेदन, स्वास्थ्य सेवा विभाग, २०७३/०७४*

माथिको तालिकामा प्रस्तुत बालबालिकासँग सम्बन्धित सूचकहरुबाट नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि आर्थिक वर्ष २०४७/०४८ देखि हालसम्मको बालबालिकाको समग्र स्थितिमा उत्साहवर्धकरुपमा सुधार भएको देखिएको छ।

## १.१० आर्थिक वर्ष २०४७/०४८ सालदेखि हालसम्म देखिएका परिवर्तन (Paradigm Shift)

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि नेपाल सरकार बालबालिकाको विकास तथा अधिकार संरक्षणको विषयमा उल्लेख्य रुपमा प्रयासरत रहेको छ। संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गर्नुअगाडि र सोपछि बालबालिकासँग सम्बन्धित विषयको अवस्थाको तुलनात्मक सिंहावलोकन निम्नानुसार प्रस्तुत गरिएको छ।

तालिका ३: बालबालिकासँग सम्बन्धित स्थितिको तुलनात्मक सिंहावलोकन

| आ.व. २०४७/०४८ को स्थिति | आ.व. २०७५/०७६ को स्थिति |
|---|---|
| संविधानमा बालबालिका सम्बन्धी केही प्रावधानहरु भएको | नेपालको संविधान बाल अधिकारको दृष्टिकोणबाट विस्तृत र प्रगतिशील व्यवस्थाहरु भएको |
| बालबालिका सम्बन्धी छुट्टै विशेष कानून नभएको | विशेष ऐनको रुपमा बालबालिका सम्बन्धी ऐन भएको, साथै स्थानीय सरकार सञ्चालन ऐन, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, जनस्वास्थ्य सेवा ऐन, सामाजिक सुरक्षा ऐन, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन जस्ता कानूनहरु प्रचलनमा रहेको |
| बालबालिका केन्द्रित छुट्टै संस्थागत व्यवस्था नभएको | बालबालिका सम्बन्धी मन्त्रालय र केन्द्रीय बाल कल्याण समिति हुँदै राष्ट्रिय बाल अधिकार परिषद् लगायत संघ र प्रदेशमा विभिन्न मन्त्रालय र विभागमा बालबालिका सम्बन्धी महाशाखा तथा शाखा, नेपाल प्रहरीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, सेवा केन्द्र, बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ र अन्य विभिन्न संस्थागत व्यवस्था रहेको |
| आवधिक योजनामा बालबालिका सम्बन्धी थोरै विषय समावेश भएको | आवधिक योजनामा बालबालिकाको विषयलाई प्राथमिकता दिइएको |
| बालबालिकाको विषयमा राष्ट्रिय कार्ययोजना नरहेको | बालबालिकाको राष्ट्रिय कार्ययोजना, बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना लगायत शिक्षा, पोषण जस्ता विषयमा पनि राष्ट्रिय कार्ययोजना लागू रहेको |

| | |
|---|---|
| कानून, नीति, योजना तथा कार्यक्रमहरु कल्याणकारी सोच (Welfare Concept) मा रहेको | कानून , नीति, योजना तथा कार्यक्रमहरु अधिकारमुखी सोचमा कार्यान्वयनमा रहेको |
| बालबालिका सम्बन्धी राष्ट्रिय नीति नरहेको | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, बालविवाह न्यूनीकरण सम्बन्धी राष्ट्रिय रणनीति, बालमैत्री स्थानीय शासन सञ्चालन लगायतका नीतिहरु कार्यान्वयनमा रहेको |
| बाल संरक्षण सम्बन्धी विषयहरुमा खासै कार्यविधि तथा निर्देशिकाहरु नभएको | आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, सडक बालबालिका व्यवस्थापन लगायतका विषयमा कार्यविधि तथा निर्देशिकाहरु रहेको |
| बालबालिका लक्षित ज्यादै सीमित सामाजिक सुरक्षा कार्यक्रम रहेको | बालबालिका लक्षित उल्लेख्य सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा रहेको |
| बालबालिका सम्बन्धी सीमित सूचना उपलब्ध हुने गरेको | बालबालिका सम्बन्धी विविध विषयगत सूचना व्यवस्थापन हुन थालेको |
| जोखिममा परेका बालबालिकाका लागि थोरै कार्यक्रम रहेको | जोखिम, आपत र विपद्मा परेका बालबालिकाका लागि उल्लेख्य कार्यहरु हुने गरेको |
| बालबालिका सम्बन्धी सीमित संवेदनशीलता र चासो रहेको | सरकारी र गैरसरकारी क्षेत्रमा बालबालिका सम्बन्धी संवेदनशीलता र चासो उल्लेख्य रुपमा बढ्दै आएको |
| विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सहयोग तथा हेरचाह गर्ने निकाय र संस्थाहरु सीमित रहेको | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका लक्षित उल्लेख्य संख्यामा सरकारी तथा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय/स्थानीय गैरसरकारी संस्थाहरु क्रियाशील रहेको |
| बाल सुधार गृहको अवधारणा नरहेको | बाल सुधार गृहको अवधारणा अनुरुप कार्य भइरहेको |
| बाल न्याय सम्पादन सम्बन्धी व्यवस्था सीमित रहेको | बाल न्याय सम्पादन सम्बन्धी कानूनी, नीतिगत र संस्थागत व्यवस्थाहरु गरिएको |

## १.११ नेपाल सरकारको वार्षिक बजेट र बालबालिका

नेपालले गरिबी न्यूनीकरण, लैङ्गिक समानता र जलवायु परिवर्तनको सवालमा अन्तर्राष्ट्रिय स्तरमा दर्शाएको प्रतिबद्धता स्वरुप राष्ट्रिय नीति, योजना, कार्यक्रम र समन्वयमा थप जोड दिएको छ । यसैको फलस्वरुप वार्षिक विकास कार्यक्रम तथा बजेटमा गरिबी कोड, लैङ्गिक कोड र जलवायु कोड प्रचलनमा ल्याएको छ । यसबाट प्रत्येक आर्थिक बर्षको बजेटमा उक्त विषयगत क्षेत्रहरुमा के कति बजेट विनियोजन गरिएको छ र कति बजेट खर्च भयो भन्ने जानकारी प्राप्त हुन्छ ।

नेपाल संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिको एक पक्षधर राष्ट्र हो । उक्त महासन्धिका प्रावधानहरु अनुसार बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि संविधान, कानून, नीति, योजना र कार्यक्रमहरुमा उत्साहवर्द्धक सुधारहरु भएका छन् । महासन्धिको धारा ४ ले बालबालिका सम्बन्धी कार्यहरुका लागि आर्थिक लगायत अन्य स्रोतको व्यवस्थापनमा उपयुक्त ध्यान दिनुपर्नेमा जोड दिएको

छ । वार्षिक बजेटमा बालबालिकासँग सम्बन्धित विनियोजन हुने बजेटको विश्लेषण हुनुपर्ने आवश्यकता देखिएको छ । कार्यक्रम बजेटमा नै सम्बन्धित मन्त्रालयहरुको बजेटमध्ये बालबालिकाको विकास तथा अधिकारको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउने कार्यक्रम बजेटको विश्लेषण हुनुपर्ने देखिन्छ ।

बाल अधिकार महासन्धिका पक्षधर राष्ट्रहरुमध्ये करिब दुई दर्जनजति राष्ट्रहरुले बाल बजेट विश्लेषण गरेको जानकारी छ । बालबालिका सम्बन्धी बजेटको विषय राष्ट्रिय योजना आयोग एवम् अर्थ; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; शिक्षा, विज्ञान तथा प्रविधि; स्वास्थ्य तथा जनसंख्या; संघीय मामिला तथा सामान्य प्रशासन; गृह; श्रम, रोजगार तथा सामाजिक सुरक्षा लगायतका मन्त्रालयहरुसँग प्रत्यक्ष सरोकार रहन्छ । यसैगरी, राजनीतिक दलहरु, कानूनी निकायहरु, वाह्य दातृ निकायहरु, गैरसरकारी संस्था, सामुदायिक संस्थाहरु, नागरिक समाज, निजी क्षेत्र, संचार क्षेत्र आदिजस्ता निकायहरुबाट समेत वार्षिक कार्यक्रम बजेटमा बालबालिकासँग सम्बन्धित कार्यक्रम बजेटमा चासो राख्नुपर्ने आवश्यकता हुन्छ ।

साविक केन्द्रीय बाल कल्याण समितिबाट बालबालिका उत्तरदायी बजेट विश्लेषण र सङ्केत प्रयोगबारे अवधारणा तयार गरी साविकको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्य सम्बद्ध मन्त्रालयहरुसँग परामर्श तथा प्रारम्भिक कार्यहरु गरेको थियो । यस कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन मन्त्रालयले सक्रिय नेतृत्व लिने प्रतिवद्धता समेत जनाएको थियो । यस कार्यका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्ले राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय लगायतका निकायहरुसँग पैरवी र समन्वय गरी कार्यहरु अगाडि बढाउन आवश्यक देखिएको छ ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान नामक संस्थाबाट नेपाल सरकारको वार्षिक बजेटमा बालबालिकासँग सम्बन्धित कार्यक्रम बजेटको अध्ययन गरी विगत केही वर्षहरुदेखि पुस्तिका प्रकाशन गर्दै आएको छ । उक्त संस्थाले सामान्यतयाः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; शिक्षा, विज्ञान तथा प्रविधि; स्वास्थ्य तथा जनसंख्या; संघीय मामिला तथा सामान्य प्रशासन; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वार्षिक बजेटभित्र बालबालिकासँग सम्बन्धित बजेटको अध्ययन गर्ने गरेको छ । यस अनुसार आर्थिक वर्ष २०७५/०७६ सम्म पाँच आर्थिक वर्षको बजेट विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ४: पाँच आर्थिक वर्षको बालबालिका सम्बन्धी बजेट (रु. हजारमा)

| क्रसं | मन्त्रालय | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | ७०,११२,६७८ | ७६,९३२,१५० | ८७,४५४,९६० | ३३,७२१,९८८ | १६,७०४,००० |
| २ | स्वास्थ्य तथा जनसंख्या | १३,४१९,८१३ | १५,५२९,४७२ | १५,४३४,९४८ | १०,८३१,००५ | ७,२५१,२४० |
| ३ | संघीय मामिला तथा सामान्य प्रशासन | ८,४३४,७७० | १६,७५९,३४४ | १९,२०८,४२७ | १६,२०२,५३४ | १८,८९१,०२० |

| क्रसं | मन्त्रालय | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ |
|---|---|---|---|---|---|---|
| ४ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ७४०,१९७ | ८९९,०४७ | ९२४,९८० | ६७८,९९२ | २२२,४७२ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ६२,८११ | १६,८३२ | १९,४२७ | २१,६७३ | १५,१६५ |
| | **जम्मा** | ९२,७७०,२६९ | ११०,१३६,८४५ | १२३,०४२,७४२ | ६१,४५६,१९२ | ४३,०८३,८९७ |

*स्रोतः बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप), नेपालको वार्षिक बजेटमा बाल संवेदनशीलताः एक विश्लेषण, २०७२ - २०७६ ।*

नोटः आर्थिक वर्ष २०७४/०७५ देखि वार्षिक बजेटको उल्लेख्य भाग प्रदेश र स्थानीय तहमा विनियोजन भएकोले संघीय बजेट घटेको छ।

## १.१२ प्रदेश र बालबालिका

राष्ट्रिय जनगणना २०६८ अनुसार २ करोड ६४ लाख ९४ हजार ५०४ कूल जनसंख्या रहेको छ। यसमध्ये १८ वर्षमुनिका जनसंख्या अर्थात बालबालिका ४१.८४ प्रतिशत रहेको छ। प्रदेश अनुसारको १८ वर्षमुनिका जनसंख्याको खण्डीकृत तथ्याङ्क उपलब्ध हुन नसकेकोले तलको तालिकामा ०-१९ वर्ष सम्मका जनसंख्याको संख्या र प्रतिशत प्रस्तुत गरिएको छ।

तालिका ५ः कूल जनसंख्या र प्रदेश अनुसारको ०-१९ वर्ष सम्मको जनसंख्या र प्रतिशत

| प्रदेश | जम्मा | उमेर समूह | | | | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | ०० - ०४ | ०५ - ०९ | १० - १४ | १५ - १९ | | |
| **कूल बालबालिका** | १२,१८०,२२६ | २,५६७,९६३ | ३,२०४,८५९ | ३,४७५,४२४ | २,९३१,९८० | २६,४९४,५०४ | ४५.९७ |
| *बालक* | ६,१५७,९५४ | १,३१४,९५७ | १,६३५,१७६ | १,७६४,६३० | १,४४३,१९१ | १२,८४९,०४१ | ४७.९३ |
| *बालिका* | ६,०२२,२७२ | १,२५३,००६ | १,५६९,६८३ | १,७१०,७९४ | १,४८८,७८९ | १३,६४५,४६३ | ४४.१३ |
| प्रदेश नं. १ | २,००९,७३८ | ४०५,२८८ | ५१२,२४२ | ५७३,५०२ | ५१८,७०६ | ४,५३४,९४३ | ४४.३२ |
| प्रदेश नं. २ | २,५९८,४८७ | ५९३,५०२ | ७६२,९८६ | ७२७,२०७ | ५१४,७९२ | ५,४०४,१४५ | ४८.०८ |
| प्रदेश नं. ३ | २,२३९,५४६ | ४११,७८० | ५३३,५१६ | ६५१,५०९ | ६४२,७४१ | ५,५२९,४५२ | ४०.५० |
| गण्डकी प्रदेश | १,०६२,७१० | २०६,७१० | २५९,७३१ | ३१४,८१९ | २८१,४५० | २,४०३,७५७ | ४४.२१ |
| प्रदेश नं. ५ | २,१५०,६२२ | ४५०,६६२ | ५६३,२३७ | ६१९,२७२ | ५१७,४५१ | ४,४९९,२७२ | ४७.८० |
| कर्णाली प्रदेश | ८२४,३७३ | २०३,४१६ | २२६,९२० | २२३,११२ | १७०,९२५ | १,५७०,४१८ | ५२.४९ |
| सुप प्रदेश | १,२९४,७५० | २९६,६०५ | ३४६,२२७ | ३६६,००३ | २८५,९१५ | २,५५२,५१७ | ५०.७२ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८ ।*

नेपालको कूल जनसंख्याको ४५.९७ प्रतिशत १९ वर्ष सम्मको जनसंख्या रहेको छ। प्रदेशगत कूल जनसंख्या अनुसार सबैभन्दा धेरै कर्णाली प्रदेशमा १९ वर्ष सम्मको जनसंख्याको ५२.४९ प्रतिशत रहेको छ

भने प्रदेश नं. ३ मा यो उमेर समूहको जनसंख्या सबैभन्दा कम ४०.५० प्रतिशत रहेको छ। सबै प्रदेशमा बालिकाको भन्दा बालकको जनसंख्या बढी रहेको देखिन्छ (अनुसूची ८)।

संघीयता कार्यान्वयनसँगै प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालयमार्फत बालबालिका सम्बन्धी प्रादेशिक ऐन, नीति, योजना तर्जुमा लगायत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने कार्यहरु भइरहेका छन्। स्थानीय तहबाट बालबालिकासँग सम्बन्धित कार्यहरु हुँदै आएका छन्।

आ.व. २०७६/०७७ को प्रदेशगत कूल बजेट र सामाजिक विकास मन्त्रालयका लागि विनियोजित बजेट र प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ६: आ.व. २०७६/०७७ को प्रदेशगत कूल बजेट र सामाजिक विकास मन्त्रालयका लागि विनियोजित बजेट र प्रतिशत

| प्रदेश | वार्षिक बजेट (रु. हजारमा) | सामाजिक विकास मन्त्रालयको बजेट | (%) |
|---|---|---|---|
| प्रदेश नं. १ | ४२,२००,४१२ | ४,१६६,८७५ | ९.८७% |
| प्रदेश नं. २ | ३८,७२५,६६१ | ३,९८९,७११ | १०.३०% |
| प्रदेश नं. ३ | ४७,६०७,८८६ | ६,२१०,०६१ | १३.०४% |
| गण्डकी प्रदेश | ३२,१३४,७९२ | ३,३९१,६०२ | १०.५५% |
| प्रदेश नं. ५ | ३६,४१६,८०० | ४,३९६,२२६ | १२.०७% |
| कर्णाली प्रदेश | ३४,३५३,४२५ | ४,७००,२६९ | १३.६८% |
| सुप प्रदेश | २८,१६२,०३५ | ४,७०३,०१७ | १६.७०% |
| **जम्मा** | २५९,६०१,०११ | ३१,५५७,७६१ | १२.१६% |

*स्रोतः आ.व. २०७६/७७ को बजेट वक्तव्य, आर्थिक मामिला तथा योजना मन्त्रालय (७ प्रदेश)।*

प्रदेशगत कूल बजेट अनुसार आर्थिक वर्ष २०७६/७७ का लागि अन्य प्रदेशको तुलनामा सबैभन्दा धेरै सुदूर पश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयको बजेट १६.७० प्रतिशत रहेको देखिएको छ भने सबैभन्दा कम प्रदेश नं. १ को सामाजिक विकास मन्त्रालयको बजेट ९.८७ प्रतिशत रहेको देखिएको छ। यसमध्ये बालबालिका लक्षित कार्यक्रम बजेट हाल यकिन गर्न सकिएको छैन, तर यकिन हुने व्यवस्था गर्न जरुरी देखिन्छ।

आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा प्रदेश नं. १ ले २०८२ साल सम्ममा बालविवाहमुक्त प्रदेश बनाउने नीति लिएको छ भने, प्रदेश नं. २ ले "बेटी बचाऊ, बेटी पढाऊ" कार्यक्रममार्फत बालिका लक्षित कार्यक्रम सञ्चालन गरेको छ। प्रदेश नं. ३ ले "प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाहमुक्त हाम्रो प्रदेश" भन्ने सोचसहित स्थानीय तहसँगको समन्वय र सहकार्यमा २०७८ साल सम्ममा बालविवाहमुक्त प्रदेश बनाउने र २०८० सालसम्म सबै स्थानीय तहलाई बालमैत्री घोषणा गर्न प्रोत्साहन गर्ने नीति लिएको छ। कर्णाली प्रदेशले छाउपडि, बालविवाह, अनमेल विवाह...लगायतका सामाजिक विकृति अन्त्य गर्दै

छोरीलाई गर्भ देखिनै समान रुपले हुर्काउन, पढाउन र रोजगारीका लागि छोरी बुहारी मूलप्रवाहीकरण कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ। सुदूर पश्चिम प्रदेशले "सानै छु म बढ्न देऊ, बालविवाह हैन पढ्न देऊ" भन्ने मूल नाराका साथ बालविवाह अन्त्यका लागि सरोकारवालाहरु समेतको संलग्नतामा अभियान सञ्चालन गर्ने नीति लिएको छ। यसबाट प्रदेश सरकारहरु बालबालिकाको विषयप्रति संवेदनशील रहेको देखिएको छ। आउँदा वर्षहरुमा बालबालिकाका विविध विषयहरुमा विशेष ध्यान दिँदै बाल अधिकार सुनिश्चिततातर्फ उन्मुख हुने अपेक्षा गर्न सकिन्छ।

कतिपय स्थानीय सरकारले बिशेष संरक्षणको आवश्यता भएका बालबालिकाका लागि उत्साहवर्द्धक कार्यहरुको थालनी गरेको जानकारीमा आएको छ। उदाहरणका लागि डोटी जिल्लाको सायल गाउँपालिकाले गाउँपालिका क्षेत्रका अनाथ बालबालिकालाई पढाई खर्च बापत प्रत्येक महिना रु. १,५००। सहयोग गर्ने, बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ देखि विद्यालय उमेर समूहका १८ बर्षमुनिका टुहुरा बालबालिकालाई मासिक रु. २,०००। भत्ता दिने, रुपन्देही जिल्लाको ओमसतिया र गैडहवा गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ देखि बालविवाह न्यूनीकरण गर्न बालिका बिमा कार्यक्रम सुरु गरेको, रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिकाले सीमान्तकृत र विपन्न थामी समुदायका सम्पूर्ण बालबालिकाको पढाई खर्च व्यहोर्ने जस्ता कार्यहरु शुरुवात गरेको जानकारीमा आएको छ।

## १.१३ बालदिवस र मूल सन्देश

नेपालमा बालदिवस मनाउने कार्यको इतिहास केलाउँदा तत्कालीन मुमा बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाहले भारत भ्रमण गर्ने क्रममा भारतका राजनेता महात्मा गान्धीको जन्म दिनको अवसरमा बालदिवस मनाउने गरेको र प्रभावशाली राजनेताद्वारा समाज सेवामा सक्रियताका साथ योगदान गरेको देख्नुभयो। यस कार्यबाट प्रभावित भएर रत्न राज्यलक्ष्मी देवी शाहले आफ्नो जन्म दिन पारेर २०२१ साल भदौ ४ गते नेपालमा बाल संगठन स्थापना गरी बाल मन्दिरमार्फत अनाथ बालबालिकाको लालनपालन तथा संरक्षण गर्ने कार्यको थालनी गर्न लगाउनु भयो। यसैको सम्झनामा २०२२ सालदेखि भदौ ४ गतेका दिन राष्ट्रिय बालदिवस मनाउने प्रचलन गरिएको बुझिएको छ। नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि, १९८९ लाई सन् १९९० को सेप्टेम्वर १४ का दिन (२०४७ साल भदौ २९ गते) अनुमोदन गरेको अवसरको सम्झनामा २०६३ सालदेखि भदौ २९ गते राष्ट्रिय बालदिवस मनाउन थालिएको हो। सोपश्चात बालबालिका सम्बन्धी विभिन्न नाराका साथ राष्ट्रिय बालदिवस मनाउँदै आइरहेको छ। यस वर्षको राष्ट्रिय बालदिवस "सुनिश्चित बाल अधिकार : समृद्ध नेपालको आधार" भन्ने मूलनाराका साथ भव्य र सभ्य तरीकाले सम्पन्न भएको छ। राष्ट्रिय बालदिवसको अवसरमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले दिनु भएको आम सन्देशले नेपाल सरकार बाल अधिकार सुनिश्चितताका लागि दृढ रहेको देखिएको छ।

# सुनिश्चित बालअधिकार : समृद्ध नेपाल

## बालबालिकामैत्री समाज निर्माणमा हाम्रो प्रयास



**केपी शर्मा ओली**

आज भदौ २९ गते राष्ट्रिय बाल दिवस, यस अवसरमा म देशभित्र र बाहिर रहेका सम्पूर्ण नेपाली बालबालिका एवम् अभिभावकहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

नेपालले संयुक्त राष्ट्रसङ्घको बालअधिकार महासन्धिलाई २०४७ साल भदौ २९ गते अनुमोदन गरेको थियो। त्यस यता हरेक वर्ष भदौ २९ गतेलाई राष्ट्रिय बाल दिवसको रूपमा मनाइँदै आएको छ। यस वर्षको राष्ट्रिय बाल दिवस "सुनिश्चित बाल अधिकार : समृद्ध नेपालको आधार" भन्ने मूल नाराका साथ मनाइँदै छ।

बालबालिकाको हक, हित र बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संयुक्त राष्ट्र सङ्घीय बाल अधिकारसम्बन्धी महासन्धिका प्रावधान, हाम्रा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालको संविधान र कानुनले प्रत्याभूत गरेका बालबालिकाको हक हितको कार्यान्वयन नेपाल सरकारको सर्वोच्च प्राथमिकताका विषय हुन्।

हाम्रो संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा आत्मसात् गरेको छ। संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहारसहित सर्वाङ्गीण विकासको हक सुनिश्चित गरेको छ।

तर बालबालिकाहरू आफैँ आफ्ना अधिकारहरूको प्रयोग गर्न सक्दैनन्। त्यसका निम्ति परिवार, समाज र राज्यबाट पोषण, स्वास्थ र शिक्षाको उपयुक्त अवसर पाउनु उनीहरूको अधिकार हो। हामीले सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरेका छौँ। यस अन्तर्गत बालअधिकार र शिक्षाको विषयलाई महत्त्वपूर्ण अङ्गका रूपमा आत्मसात् गरेका छौँ। दिगो विकास लक्ष्यले निर्धारण गरेका बालअधिकार, शिक्षा, स्वास्थ्य, पोषणजस्ता विषयसँग सम्बन्धित मानकहरूमा नेपालले उल्लेखनीय प्रगति हासिल गर्नु सुखद पक्ष हो।


निरक्षरताविरुद्ध अभियान चलाउने क्रममा सरकारले बालअधिकारको पहिलो पाइलाको रूपमा आधारभूत तहको शिक्षा निःशुल्क गरेको छ। पढ्ने अवसरबाट कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् भन्ने कुरामा हामी सचेत छौँ। यो सरकार गठन भएपछि विद्यालयमा विद्यार्थी भर्ना कार्यक्रमलाई अभियानका रूपमा अघि बढाइएको छ।

सरकारले विपन्न परिवारका केही बालबालिकाको शैक्षिक अभिभावकत्व समेत ग्रहण गरी आगामी दुई वर्षभित्र विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने लक्ष्य निश्चित गरेको छ।

प्राथमिक तहमा भर्ना भएका जुनसुकै विद्यार्थीले पनि माध्यमिक तहको शिक्षा पूरा गर्ने सुनिश्चितताका लागि लक्षित वर्ग केन्द्रित छात्रवृत्ति, दिवा खाजा र विद्यार्थीमैत्री पाठ्यक्रमको व्यवस्था गर्ने नीति लागू गरिएको छ। यसै आर्थिक वर्षबाट "प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, समृद्ध नेपाल निर्माणको आधार" कार्यक्रम सञ्चालन गरिएको छ।

असल, सिर्जनशील र विश्लेषणात्मक सीपयुक्त जनशक्ति विकास गर्न विज्ञान, प्रविधि र अनुसन्धानमा लगानी वृद्धि गर्ने र प्राविधिक शिक्षामा नेपालको मौलिक कला, संस्कृति र ज्ञानको संरक्षण तथा प्रवर्द्धन गर्ने विषयहरू समावेश गरी सीपयुक्त जनशक्ति विकास गर्ने नीति लिइएको छ।

संविधानतः प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक छ। यो सरकार बालबालिको स्वास्थ्य र शारीरिक विकासप्रति संवेदनशील भएकाले नै "सुनौलो एक हजार दिन" कार्यक्रम सञ्चालन गरेको छ। समग्र परिवारलाई समेट्ने गरी राष्ट्रियरूपमा स्वास्थ्य विमा कार्यक्रम शुरु गरिएको छ। संयुक्त राष्ट्रसङ्घीय पोषणसम्बन्धी विश्व भेला यसै वर्षको नोभेम्बर महिनामा काठमाडौँमा आयोजना गरिँदै छ।




**हामीले सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरेका छौँ। यस अन्तर्गत बालअधिकार र शिक्षाको विषयलाई महत्त्वपूर्ण अङ्गका रूपमा आत्मसात् गरेका छौँ।**

बालिका तथा किशोरीहरूको स्वास्थ्यलाई ध्यानमा राखी यसै वर्षबाट सरकारले देशभरका सबै सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्रालाई सेनेटरी प्याड निःशुल्क उपलब्ध गराउँदैछ। हाम्रो नीति नै छ- स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ जीवन र त्यसकालागि स्वस्थ उत्पादन र स्वस्थ उपभोग।

कुरीति, कुसंस्कार र हिंसाको मारमा मूलतः बालिकाहरू छन्। बालविवाह, छुवाछूत र छाउपडीजस्ता कुरीति र कुप्रथा अन्त्य गरी बालिकाहरूलाई त्यसबाट जोगाउन सचेतनामूलक सामाजिक जागरण कार्यक्रम सञ्चालन गरिएको छ।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने हाम्रो लक्ष्य वार्षिक कार्यक्रम, अल्पअवधिको विषय वा कार्ययोजना मात्र होइन। यो दीर्घकालीन राष्ट्रिय अभिष्ट हो र यसलाई हासिल गर्न योग्य, सक्षम, सुशिक्षित, गुणवान नागरिक चाहिन्छ। यसका लागि आजैदेखि हाम्रा बालबालिकालाई पोषणयुक्त खाना, उचित व्यायाम, स्वस्थ मनोरञ्जन, आवश्यक आरामको अवसर, जीवनपयोगी शिक्षा र सामाजिक सुसंस्कार प्रदान गर्नु हामी सबैको दायित्व हो।

बाल अधिकारसम्बन्धी नवीन, प्रगतिशील र विश्वव्यापी अवधारणा अनि हाम्रै सभ्यता र परम्परा अनुरूप नेपाली बालबालिकाको समग्र विकास हाम्रो देशको समृद्धिको समेत आधार हो। उनीहरूको सर्वोत्तम हित स्थापना गर्न सरकारलाई प्रत्येक अभिभावक, शिक्षक र देशभक्त नागरिकको साथ चाहिन्छ।

हामीले गएको वर्ष बालबालिका सम्बन्धी ऐन, २०७५ जारी गर्‍यौं। यसलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तत्काल नियमावली तर्जुमा गरिँदै छ। शारीरिक वा मानसिक रूपमा अशक्तता वा अपाङ्गता भएका बालबालिकाहरूले अपहेलित हुन र सुरक्षा तथा क्षमता विकासको अवसरबाट वञ्चित हुन नपरोस् भनेर परिवार, समाज र राज्य सचेत हुनुपर्दछ।

कुनै पनि बालबालिकाले सडकमा जीवन गुजार्नु नपरोस् भन्ने उद्देश्यले सडक बालबालिकाको व्यवस्थापन, बालश्रम निर्मूलन र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको जीवनमा परिवर्तन गर्न सरकारले विशेष पहल गर्नेछ।

अनाथ बालबालिकाको अभिभावकत्व राज्यले नै लिन्छ। बालबालिकाका विरुद्धमा भइरहेका वा हुनसक्ने सबै प्रकारका हिंसा, शोषण एवं दुर्व्यवहार कुनै पनि हालतमा सह्य तथा क्षम्य हुने छैन। बालबालिकामैत्री समाज निर्माण गर्ने कार्य हामी सबैको सामुहिक प्रयासबाट मात्रै सम्भव हुन्छ।

संघ, प्रदेश र स्थानीय तहका साथै बालअधिकारका लागि क्रियाशील सङ्घ संस्थाहरूबीचको समन्वयात्मक प्रयासबाट बालअधिकार र बालसंरक्षणको अभियानले सार्थकता प्राप्त गर्दछ।

बाल संरक्षण र अधिकारको विषयमा योगदान पुऱ्याउने संघ, प्रदेश र स्थानीय तह लगायत यस क्षेत्रमा क्रियाशील विकास साझेदार, नागरिक समाज, निजीक्षेत्र र अन्य सबै सरोकारवालाहरूप्रति राष्ट्रिय बाल दिवसको अवसरमा म धन्यवाद प्रकट गर्दछु। आउँदा दिनहरूमा बालअधिकारको क्षेत्रमा अझ बढी सफलता हासिल गर्न आ-आफ्नो क्षेत्रबाट क्रियाशील हुन सबै पक्षहरूलाई हार्दिक आह्वान गर्दछु।

| नेपालमा २०६३ सालपछि बालदिवसमा तयार पारिएका नाराहरु | |
|---|---|
| **वर्ष** | **नारा** |
| २०६४ र ६५ | सुनिश्चित बाल अधिकारः नयाँ नेपालको पूर्वाधार |
| २०६६ र ६७ | हामी सबैको सरोकारः नयाँ संविधानमा सुनिश्चित बाल अधिकार |
| २०६८ र ६९ | हामी सबैको सरोकार : शान्ति संविधान र सुनिश्चित बाल अधिकार |
| २०७० र ७१ | बालबालिकाका कुरा सुनौं : बाल दुर्व्यवहार अन्त्य गरौं |
| २०७२ | पुनर्निर्माण र संविधानः बाल अधिकारको संरक्षण हाम्रो अभियान |
| २०७३ | सम्बर्द्धन बाल अधिकारको : कार्यान्वयन संविधानको |
| २०७४ | बालमैत्री शासन : बाल अधिकारको सम्मान |
| २०७५ | सुखी नेपाली, समृद्ध नेपाल : बाल अधिकार सबैको सरोकार |
| २०७६ | सुनिश्चित बाल अधिकार : समृद्ध नेपालको आधार |

समग्रमा, नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि महासन्धिका प्रावधानहरु अनुकूल हुनेगरी नेपाल सरकारले संविधान, कानून, नीति, योजना, संस्थागत संरचना, कार्यक्रम लगायतका उपायहरुमा उल्लेख्य सुधार गर्दै आएको छ । संविधानमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिका मूलभूतः सिद्धान्तहरु (भेदभावरहित, सर्वोत्तम हित, बालबालिकाको विचार र भावनाको कदर तथा दीर्घ जीवन र विकास) एवम् प्रायसजो सबै धाराहरु तथा विषयहरुलाई स्पष्ट रुपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान बालमैत्री देखिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् । यो ऐनमा बालबालिका प्रतिको राज्यको, संघसंस्था तथा निकायको, परिवार वा संरक्षकको एवम् सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरु लगायत बालबालिकाको कर्तव्य समेतका प्रावधानहरुलाई मध्यनजर राख्दा बालबालिकाको समग्र हक, हित समेटिएकोले यो एक उत्कृष्ट बालमैत्री ऐन हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ जस्ता कानूनी व्यवस्थाबाट बालबालिकाको विषय साझा सरोकारको रुपमा अगाडि बढिरहेको देखिएको छ ।

जन्म दरमा क्रमशः कमी हुँदै आएकोले बालबालिकाको जनसंख्या घट्दो क्रममा रहेको छ । यसको असर विद्यालय स्तरमा अध्ययनरत विद्यार्थीको संख्यामा देखिएको छ । बालबालिकासँग सम्बन्धित कार्यहरुका लागि सबै तहका सरकारबाट लगानी वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

■■■



# परिच्छेद: २

## बाल बचावट

### २.१ परिचय

बाल अधिकार सम्बन्धी महासन्धिमा बाल बचावटसँग सम्बन्धित दीर्घ जीवन र विकास (धारा ६) एवम् स्वास्थ्य सम्बन्धी अधिकार (धारा २४) अन्तर्गत मूलतः गर्भ र जन्मको अवस्था, खोप, शिशु तथा बाल मृत्युदर, बाल पोषण, एचआइभी/एड्स संक्रमित तथा प्रभावित बालबालिका लगायत बालस्वास्थ्य एवम् किशोरकिशोरी स्वास्थ्य जस्ता विषयहरू यस परिच्छेदमा समावेश गरिएका छन् ।

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरिएको छ ।

### २.२ सुरक्षित गर्भ र जन्मको अवस्था

नेपाल सरकार गर्भवतीको स्वास्थ्यप्रति संवेदनशील छ । गर्भ र जन्मको अवस्था बाल बचावटको आधार हो । मुलुकी अपराध संहिता ऐन, २०७४ मा यदि गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको रायसहित गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराउन सकिने व्यवस्था छ । साथै, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ तथा रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआईभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराउन सकिने प्रावधान छ । तर कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाइफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन र गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई गैरकानूनी कार्य मानिएको छ । साथै, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ मा अवाञ्छित वा गर्भवतीको स्वास्थ्यमा खतरा उत्पन्न हुन सक्ने अवस्थामा गर्भपतन गराउन सकिने, तर बलपूर्वक गर्भपतन गराउन र लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने व्यवस्था रहेको छ ।

यी कानूनी व्यवस्थाहरुबाट नेपालमा व्याप्त रहेको छोरा प्रतिको मोह अथवा छोरी प्रतिको पूर्वाग्रह तथा भेदभावका कारण हुने स्त्री जातिको भ्रुणको हत्याको परिपाटीलाई निरुत्साह गर्ने प्रयास भएको छ । कसैले भ्रुणहत्या गरेमा वा गराएमा गर्भधारणको अवधि हेरी १ वर्ष देखि ५ वर्षसम्म कैद र दश हजारदेखि पचास हजारसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ ।

कृपा (CREHPA) नामक संस्थाले २०७३ सालमा गरेको अध्ययनबाट नेपालमा १५ देखि ४९ वर्षसम्मका प्रजनन् उमेर समूहका महिलाहरुमा गर्भपतन गराउने दर प्रति हजारमा ४२ रहेको देखिएको छ। बालबालिकालाई जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार र पोषण सहयोग गर्ने ध्येयले बाल स्वास्थ्य र पोषण लगायत सुनौला हजार दिनजस्ता बालस्याहारका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । गर्भवतीले प्रसूतिपूर्व कम्तीमा चारपटक स्वास्थ्य संस्थामा गर्भ जाँच गराउनु पर्ने, स्वास्थ्य संस्थामा दक्ष चिकित्सकबाट प्रसूति गराउनु पर्ने र प्रसूतिपश्चात कम्तीमा तीनपटक स्वास्थ्य अवस्था जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।

स्वास्थ्य सेवा विभागको प्रतिवेदन अनुसार आ.व. २०७३/०७४ मा प्रसूतिपूर्व कम्तीमा चारपटक गर्भजाँच गराउने ५३ प्रतिशत रहेकोमा र आ.व. २०७४/०७५ मा ५० प्रतिशत मात्र देखिएको छ । प्रसूतिपश्चात तीनपटक स्वास्थ्य जाँच गर्नेको प्रतिशत आ.व. २०७४/०७५ मा देशभरी जम्मा १६ (गत आ.व.मा १९) प्रतिशत देखिन्छ । स्वास्थ्य संस्थामा प्रसूति गराउने कार्यमा सुधार आएता पनि प्रसूतिपूर्व स्वास्थ्य जाँच गराउने प्रवृत्तिमा गिरावट आएको स्थितिप्रति सरकारी एवम् अन्य सम्बद्ध सबै सरोकारवालाहरुको ध्यानाकर्षण हुन र प्रभावकारी प्रयास हुन सख्त जरुरी छ ।

गर्भवती र बच्चाको स्वास्थ्यको लागि आइरन, क्याल्सियम, भिटामिन लगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गराइने व्यवस्था छ। विभिन्न किसिमका खोपहरु समुदाय एवम् स्वास्थ्य संस्थाहरुमा प्रदान गरिन्छ। सरकारी अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी गराउने महिलालाई निःशुल्क सेवा उपलब्ध गराई यातायात खर्चसमेत प्रदान गर्ने गरिएको छ। पूर्व प्रसुती र प्रसुतीपश्चात प्रदान गरिनुपर्ने स्वास्थ्य सेवा पनि सञ्चालनमा रहेको छ। तथापी, यी सेवासुविधामा सबै लक्षित समूहका महिला तथा शिशुहरुको पहुँच सुनिश्चित हुन बाँकी रहेको देखिएको छ। छोराको चाहनामा छोरी गर्भमा हुँदा एवम् अनिच्छित गर्भ हुँदा विवाहित महिलाहरुबाट र अविवाहित किशोरीहरुबाट गर्भपतन गराउने घटनाहरु प्रकाशमा आएको पाइन्छ । यस विषयतर्फ सरकारी संयन्त्रको प्रभावकारी प्रयास हुन जरुरी छ ।


गर्भपतन गराउनेमा अविवाहित
किशोरीको संख्या बढ्दै

गर्भ, गर्भवती र नवजात शिशुको स्थितिमा सुधार ल्याउनु, सिफारिस प्रणाली प्रभावकारी बनाउनु, Comprehensive emergency obstetric and neonatal care र प्रसूति केन्द्रको सेवा नियमित गर्नु, २४सै घण्टा प्रसूति केन्द्र तथा अस्पतालमा आवश्यक सेवा उपलब्ध हुनु, प्रसूतिपूर्व कम्तीमा चारपटक गर्भजाँच गराउने संख्या वा प्रतिशत बढाउनु लगायत सबै समुदायसम्म पर्याप्त सचेतनाका कार्यहरु र आम स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा सबैले महसुस गरी सुधार ल्याउनु नितान्त आवश्यक देखिएको छ । यस कार्यमा संघीय, प्रदेश र स्थानीय सरकारी संयन्त्रका साथै विकास साझेदार संस्था र निजी क्षेत्र सबैको प्रयास तथा योगदान बढाउनु जरुरी छ ।

आ.व.२०७६/७७ को बजेट वक्तव्यको बुँदा नं. ५१ मा आमा र बच्चाको पोषण सुनिश्चित गर्ने गर्भावस्था देखिनै प्रसूति सुरक्षा सेवा पुऱ्याइने तथा बालस्वास्थ्य र पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइने उल्लेख छ ।

## २.३ खोप, शिशु तथा बाल स्वास्थ्य

नेपाल सरकारले बाल स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रममा प्राथमिकता दिएको छ । नवजात शिशु र बालरोगको समुदायमा आधारित एकीकृत व्यवस्थापन कार्यक्रम उच्च प्राथमिकतामा रहेको छ। यो कार्यक्रम सबै जिल्लाहरुमा सञ्चालनमा छ । बाल बचावट प्रयासको यस एकीकृत प्याकेजले नवजात शिशुको विभिन्न स्वास्थ्य समस्याहरुको उपचारको व्यवस्थापन गर्दछ । यस व्यवस्थापनलाई संस्थामा आधारित नवजात शिशु र बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रमसंग सम्बन्धित गरिएको छ । नवजात शिशु र बाल स्वास्थ्यमा जटिलता देखिएको अवस्थामा यस व्यवस्थाबाट समस्या सम्बोधन गर्न सहज हुन जान्छ । सुत्केरी, नवजात शिशु र बाल स्वास्थ्यमा खतरायुक्त सङ्केत देखिएमा तत्काल समस्याहरु सम्बोधन गर्नका लागि स्वास्थ्य जाँच नगरिकनै प्रयोग गर्न सकिने किसिमका सामान्य औषधिहरु महिला स्वास्थ्य स्वयम् सेवकबाट वितरण गर्ने कार्यहरु गरिन्छ । निज स्वयम् सेवकहरुले सुत्केरी र नवजात शिशुको सामान्य स्वास्थ्य समस्याहरुमा परामर्श दिने कार्यहरु गर्दछन् । नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२-२०७७) मा नवजात शिशु र बालरोगको एकीकृत व्यवस्थापनका लागि छुट्टै लक्ष्य, परिलक्ष्य, उद्देश्य, रणनीति र कार्यहरु समावेश गरिएको छ । बाल स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको नतिजास्वरुप शिशु र बाल स्वास्थ्यमा सुधार आएको छ । एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालनमा छ ।

बालबालिकाका लागि दिइने खोप कार्यक्रम उच्च प्राथमिकतामा रहेको छ । खोपको प्रभावकारी सञ्चालन गर्ने देशहरुमा नेपाल पनि एक हो । राष्ट्रिय खोप ऐन २०७२ लागू छ । दक्षिण एसियाली मुलुकहरुमा राष्ट्रिय खोप ऐन लागू भएको नेपाल पहिलो मुलुक हो । राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत ११ किसिमका खोपहरु समावेश गरिएका छन् । यस कार्यक्रमलाई प्रभावकारी बनाउन विस्तृत बहु-वर्षीय योजना सन् २०१७-२०२१ कार्यान्वयनमा रहेको छ । नेपाललाई सन् २०१४ को मार्च २७ तारिखका दिन पोलियोरहित मुलुकको रुपमा मान्यता दिएको छ । स्वास्थ्य सेवा विभागको आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन अुनसार ५६ जिल्लाहरु पूर्ण खोप जिल्ला घोषणा भएका छन् । गण्डकी प्रदेश पूर्ण खोप प्रदेश घोषणा भएको छ । गत पाँच आर्थिक वर्षमा खोप पाएका बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ः विभिन्न खोप पाउने बालबालिकाको विवरण

| क्रसं | खोप | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४# | २०७४/७५# |
|---|---|---|---|---|---|---|
| १ | बिसिजी (१ वर्षमुनिका) | ९९ | ९४ | ८७ | ९१.३४ | ९२ |
| २ | डिपिटी-हेपB-हिप १ (१ वर्षमुनिका) | - | - | - | ९०.७३ | ८८.३ |
| ३ | डिपिटी-हेपB-हिप २ (१ वर्षमुनिका) | - | - | - | ८८.५० | ८५.४ |
| ४ | डिपिटी-हेपB-हिप ३ (१ वर्षमुनिका) | ९२ | ९१ | ८२ | ८६.४९ | ८१.८ |
| ५ | ओपिभी १ (१ वर्षमुनिका) | - | - | - | ९०.१४ | ८८.६ |
| ६ | ओपिभी २ (१ वर्षमुनिका) | - | - | - | ८८.२३ | ८६.२ |
| ७ | ओपिभी ३ (१ वर्षमुनिका) | ९२ | ९० | ७९ | ८५.९३ | ८२.३ |
| ८ | दादुरा/रुबेला (१ वर्षमुनिका) | ८८ | ८५ | ७७ | ८४ | ८१.३ |
| ९ | जापानिज इन्सेफ्लाइटिस् (१२-२३ महिना) | ४३ | ५३ | ६३ | ६७ | ७९.५ |
| १० | पूर्ण खोप पाएका बालबालिका (%) | - | ७३ | ७१ | ७३ | ७० |

*स्रोतः स्वास्थ्य मन्त्रालय, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (सन् २०१६)*

# *स्वास्थ्य सेवा विभाग, २०७३, २०७४ र २०७५ ।*

माथिको तालिकाबाट बिसिजी खोप पाउने बालबालिकाको प्रतिशत आ.व. २०७३/७४ को तुलनामा आ.व. २०७४/७५ मा एक प्रतिशतले मात्र वृद्धि भएको देखिएको छ भने जापानिज इन्सेफ्लाइटिस् खोप पाउनेको प्रतिशतमा उल्लेख्य वृद्धि भएको छ । अन्य सबै खोपहरु पाउने बालबालिकाको प्रतिशतमा ह्रास आएको देखिएको छ । अति आवश्यक खोप पाउनबाट बञ्चित बालबालिका अझै पनि उल्लेख्य रहेको देखिएको छ । यस स्थितिमा सुधार ल्याउनका लागि बालबालिकालाई तोकिएको खोप दिनका लागि पर्याप्त जनशक्ति, सूचना व्यवस्थापन, खोपको उचित भण्डारण तथा व्यवस्थापन, रणनीतिक खोप योजना जस्ता विषयहरुमा थप ध्यान दिई बालबालिकाको समयमै उचित स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गरिनु आवश्यक देखिन्छ । बालबालिकाको जीवन रक्षक यस्ता खोपहरु सबै बालबालिकाले पाउने स्थिति सुनिश्चित गर्न संघीय, प्रदेश र स्थानीय सरकारी संयन्त्रका साथै विकास साझेदार संस्था र निजी क्षेत्र सबैको प्रयास तथा योगदान नितान्त जरुरी छ ।

आ.व.२०७६/७७ को बजेट वक्तव्यको बुँदा नं. ४९ मा हरेक स्थानीय तहका वडा स्तरदेखि नै पूर्ण खोप सुनिश्चित गर्ने कार्यलाइ अभियानको रुपमा सञ्चालन गरिने उल्लेख छ ।

नेपाल जनसांख्यिक स्वास्थ्य तथा सर्वेक्षण (सन् २०१६) अनुसार पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजारमा) ३९, शिशु मृत्युदर (जन्मेदेखि एक वर्षसम्मको शिशुको मृत्युदर (प्रति हजारमा) ३२, नवजात शिशु मृत्युदर-जन्मेदेखि २८ दिनसम्मको शिशुको मृत्युदर (प्रति हजारमा) २१ र कूल प्रजनन् दर २.३ रहेको छ ।

तालिका ८: बालबालिकाको मृत्युदर सम्बन्धी सूचक र स्थिति

| सूचक | २०४८/०४९ (१९९१/९२) | २०५८/०५९ (२००१/०२) | २०६८/०६९ (२०११/१२) | २०७३/०७४ (२०१६/१७) | २०७४/०७५# (२०१७/१८) |
|---|---|---|---|---|---|
| नवजात शिशु मृत्युदर¥ | ५० | ३९ | ३३ | २१ | २१# |
| शिशु मृत्युदर (प्रति हजारमा)© | १०८© | ६४© | ४६¥ | ३२¥ | २६# |
| बाल मृत्युदर© | १६२ | ९१ | ५४ | ३९¥ | ३८# |

*नोट: तोकिएको वर्षको तथ्याङ्क उपलब्ध नभएको अवस्थामा सबभन्दा नजिकको वर्षको तथ्याङ्क राखिएको छ ।*
© *नेपाल सहस्राव्दी विकास लक्ष्य: अन्तिम स्थिति प्रतिवेदन सन् २००० - २०१५, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, डिसेम्बर २०१६ ।*
¥ *नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् १९९६ - २०१६ ।*
\# *आर्थिक सर्वेक्षण, २०७५/०७६*

एचआइभीको संक्रमणबाट अबोध बालबालिका पनि प्रभावित भएका छन् । आर्थिक वर्ष २०७३/०७४ मा शिशुदेखि १४ वर्षसम्मका ६०९ बालक र ५८४ जना बालिका गरी जम्मा १,१९३ जना बालबालिका एचआइभी संक्रमित रहेको अनुमान रहेको थियो । आमाबाट नवजात शिशुमा एचआइभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम अर्थात प्रिभेन्सन अफ मदर टु चाइल्ड ट्रान्समिसन कार्यक्रम लगायत एचआइभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि नगद सहयोगको कार्य सञ्चालनमा छ ।

एचआइभी/एड्सबाट संक्रमित बालबालिकाको सूचना व्यवस्थापन तथा अद्यावधिक गर्न कठिन भएको एवम् सरकारी र गैरसरकारी संस्थाहरुको सूचनाबीच समन्वय राम्रो हुन नसकेको देखिएको छ । एचआइभी

जाँच गर्ने केन्द्रको एवम् संक्रमितहरुलाई प्रवाह गर्ने सेवासुविधा कमी भएको बुझिएको छ । यसैगरी, एचआइभी जाँच गर्ने उपकरण पर्याप्त नहुनु, एचआइभी संक्रमित आमाबाट जन्मिएका बच्चाको अभिलेख निजी अस्पतालबाट उपलब्ध नहुनु समस्याको रुपमा देखिएको छ । एचआइभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सेवासुविधाको व्यवस्था हुनुपर्ने देखिन्छ ।

आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं. ७७ मा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपाङ्गता भएका बालबालिका, एचआइभी संक्रमितलाई राज्यबाट संरक्षित भएको अनुभूति हुनेगरी कार्यक्रम सञ्चालन गरिनेछ भन्ने उल्लेख भएको छ ।

## २.४ पोषण

नेपालको संविधानले सबै नागरिकको खाना, स्वास्थ्य र पोषणको अधिकार सुनिश्चित गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १३ मा बालबालिकाको पोषण तथा स्वास्थ्यको अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ, (२) गर्भवती र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ, र (३) प्रत्येक बालबालिकालाई निःशुल्क औषधि उपचारको अधिकार हुनेछ भन्ने प्रावधानहरु रहेका छन् । यी प्रावधानहरुबाट सरकारले बाल स्वास्थ्य र पोषणको विषयलाई प्राथमिकतामा राखेको देखिएको छ ।

संयुक्त राष्ट्र संघको विशेष सभाले सन् २०१६-२०२५ को दशकलाई पोषण कार्यको दशकको रुपमा घोषणा गरेको छ । नेपाल सरकारले सबै प्रकारका कुपोषणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय पोषण रणनीति, २००४ कार्यान्वयनमा रहेको छ । यसैगरी बहु-क्षेत्रीय पोषण योजना कार्यान्वयनमा रहेको छ । स्वास्थ्य मन्त्रालयबाट मातृशिशु तथा बालबालिकाको पोषण स्थिति सुधारका लागि रणनीतिक योजना लागू गरिएको छ । सुनौलो हजार दिन कार्यक्रम सञ्चालनमा छ ।

नेपाल सरकार बालबालिकाको पोषण स्थिति सुधारका लागि विगत चार दशकभन्दा बढी समयदेखि प्रयासरत रहँदै आएको छ । पोषण स्थिति सुधार गर्नु राष्ट्रिय सरोकारको विषय भएको छ र यस अनुसार विभिन्न कार्ययोजना, नीति तथा रणनीति, कार्यक्रम र परियोजनाहरु सञ्चालनमा रहेका छन् । विगत धेरै समयदेखि राष्ट्रिय भिटामिन 'ए', बालबालिकाको वृद्धि अनुगमन तथा परामर्श, आइरनको कमीबाट हुने एनिमिया नियन्त्रण र रोकथाम, आयोडिनको कमिको रोकथाम, जुका नियन्त्रण, पोषणयुक्त खानेकुरा वितरण जस्ता कार्यक्रमहरु व्यापक रुपमा कार्यान्वयनमा रहेको छ भने विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम बिस्तार हुँदैछ । सरकारी र गैरसरकारी क्षेत्रबाट पोषण पुनर्स्थापन केन्द्र/सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ ।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार उमेर अनुसार उचाई नपुगेका/पुड्कोपना भएका पाँचवर्षमुनिका बालबालिका ३६ प्रतिशत रहेको, उमेर अनुसार तौल नपुगेका पाँचवर्षमुनिका बालबालिका

२७ प्रतिशत रहेको र ख्याउटेपना (उचाई अनुसार तौल नपुगेका) भएका पाँचवर्षमुनिका बालबालिका १० प्रतिशत रहेको देखिएको छ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०१६ ले बालबालिकाको पोषणको अवस्थामा सुधार देखाएता पनि विभिन्न अध्ययन तथा पत्रपत्रिकामा प्रकाशित समाचार तथा सूचनालाई हेर्दा बालपोषणमा अपेक्षित सुधार आएको देखिँदैन । बालबालिकाको पोषण सूचकहरुको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९: बालबालिकाको पोषण सम्बन्धी सूचक र स्थिति**

| क्रसं | सूचक | २०४८/०४९ (१९९१/९२) | २०५८/०५९ (२००१/०२) | २०६८/०६९ (२०११/१२) | २०७३/०७४ (२०१६/१७) |
|---|---|---|---|---|---|
| १ | कुपोषण - उचाई अनुसार तौल नपुगेका (६-५९ महिनाका) बालबालिका (%) | ५७© | ४३¥ | २९¥ | २७¥ |
| २ | कुपोषण - उमेर अनुसार उचाई नपुगेका (६-५९ महिनाका) बालबालिका (%) | ६०© | ५७¥ | ४१¥ | ३६¥ |
| ३ | ख्याउटे बालबालिका (%)¥ | - | ११ | १३ | ११ |
| ४ | जन्मदा कम तौल भएका बालबालिका (%) | - | - | १२¥ | ११.५# |
| ५ | पाँच वर्षमुनिका बढी तौल भएका बालबालिका (%)¥ | - | - | - | २.१ |
| ६ | पाँच वर्षमुनिका एनिमिया भएका बालबालिका (%)¥ | - | - | ४६ | ५३ |

नोटः तोकिएको वर्षको तथ्याङ्क उपलब्ध नभएको अवस्थामा सबभन्दा नजिकको वर्षको तथ्याङ्क राखिएको छ ।

© *नेपाल सहस्राव्दी विकास लक्ष्यः अन्तिम स्थिति प्रतिवेदन सन् २००० - २०१५, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, डिसेम्बर २०१६ ।*

¥ *नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् १९९६ - २०१६ ।*

# *स्वास्थ्य सेवा विभाग, २०७४ ।*

गम्भीर कुपोषणबाट बालबालिकाको मृत्यु हुने अवस्थाको न्यूनीकरण गर्न काठमाण्डौं उपत्यकाका तीन जिल्लासमेत जम्मा १९ जिल्लाहरुमा पोषण पुनर्स्थापना गृह सञ्चालनमा रहेका छन्[1] । Iron deficiency anaemia नियन्त्रण गर्नको लागि गर्भवती तथा सुत्केरीलाई पुरक आइरन फोलिक एसिड सबै जिल्लाहरुमा वितरण गरिन्छ । पुरक पोषिलो खानेकुरा वितरण गर्ने कार्यक्रम समेत सञ्चालनमा छ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् २०१६ को नतिजा अनुसार सोही उमेर समूहका बालबालिकामा एनिमियाको समस्या भएकाहरु १० प्रतिशत विन्दुले घट्न गई ६८ प्रतिशत हुन आयो । आ.व. २०७३/०७४ मा १६ जिल्लाहरुमा वितरण गर्ने गरिएको बालभिटा आ.व. २०७४/०७५ मा ४१ जिल्लामा वितरण गरिएको छ ।

आयोडिनको कमीबाट हुने समस्या नियन्त्रण गर्न आयोडिनयुक्त नुनको वितरण गर्ने अभ्यास व्यापक भएको छ । भिटामिन "ए"को कमीबाट हुने समस्या निराकरण गर्नको लागि राष्ट्रिय भिटामिन "ए" कार्यक्रम सञ्चालनमा रहेको छ । यसका साथै बालबालिकामा जुका नियन्त्रणका लागि १२-५९ महिनाका बालबालिकालाई जुकाको औषधि वितरण गर्ने गरिएको छ । विद्यालय शिक्षा र बालस्वास्थ्य तथा

1 *काठमाण्डौं, झापा, मोरङ, सप्तरी, धनुषा, पर्सा, कास्की, बाग्लुङ, चितवन, रुपन्देही, बाँके, दाङ, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा ।*

पोषणबीच अन्तरसम्बन्ध विकास गरी बालबालिकाको स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउनका लागि विद्यालय स्वास्थ्य र पोषण रणनीति तथा कार्यक्रम कार्यान्वयन भइरहेको छ। आइरनको उच्च भार कम तथा नियन्त्रण गर्न १०-१९ वर्षका किशोरीहरुलाई पनि आइरन फोलिक एसिड चक्की वितरण गर्ने कार्य चलिरहेको छ। बालबालिकाको वृद्धि अनुगमन र परामर्श कार्य निरन्तर छ।

उपर्युक्त विविध किसिमका प्रयासहरु हुँदाहुँदै पनि कुपोषण समस्याकै रुपमा रहेको छ। यस स्थितिमा बालबालिकाका लागि उचित खाना र खाना खुवाउने बानी एवम् सरसफाईमा व्यापक जनचेतना फैलाउने, पुरक खाना पर्याप्त वितरण गर्ने, स्वास्थ्य र पोषण कार्यक्रम विस्तार गर्ने, शिशु र बालस्वास्थ्य सम्बन्धी समुदायमा आधारित एकीकृत व्यवस्थापन कार्यक्रमजस्ता कार्यहरु प्रभावकारी रुपमा सञ्चालन हुनुपर्ने देखिएको छ भने बालस्वास्थ्यका लागि विशिष्ट स्वास्थ्यकर्मी, आवश्यक औषधि र उपकरण, सूचना व्यवस्थापन, प्रभावकारी चेतना जागरण, बालबालिकाको उचित हेरचाह, आदिबारे नतिजामूलक कार्य गर्नु जरुरी छ।

आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं.५१ मा आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्था देखिनै प्रसूति सुरक्षा सेवा पुऱ्याइनेछ। यस अन्तर्गत गर्भवति जाँच सेवा लिने र स्वास्थ्य संस्थामा सुत्केरी हुनेको लागि यातायात खर्च प्रदान गरिनेछ भन्ने उल्लेख भएको छ। बुँदा नं. १०४ मा सबैलाई स्वस्थ आधार अभियान जन स्तरसम्म पुग्ने गरी सञ्चालन गर्ने भन्ने उल्लेख भएको छ।

## २.५ किशोरकिशोरी स्वास्थ्य

विश्व स्वास्थ्य संगठनले १०-१९ वर्ष उमेर समूहका व्यक्तिहरुलाई किशोरकिशोरी भनी परिभाषित गरेको पाइन्छ। माथि बुँदा २.२ देखि २.४ सम्म मूलतः पाँच वर्षसम्मका बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाबारे उल्लेख गरिएको छ। यस बुँदामा बालस्वास्थ्य एवम् किशोरकिशोरी स्वास्थ्यबारे थप जानकारी दिने प्रयास गरिएको छ। किशोरकिशोरीको प्रजनन् र यौन सम्बन्धी विषय स्वास्थ्य क्षेत्रको प्राथमिकतामा रहेको छ।

प्रजनन् र यौन स्वास्थ्यको विषयमा किशोरकिशोरीले अनुभव गरेका समस्याहरु सम्बोधन गर्न राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकासको रणनीति, २०५७ लाई २०७४ सालमा पुनरावलोकन तथा सुधार गरिएको छ। यस रणनीतिले किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार गर्ने लक्ष्य लिएको छ भने किशोरकिशोरी स्वास्थ्य र विकास सम्बन्धी सूचनाको उपलब्धता र सरोकारवालाहरुको उक्त सूचनामा पहुँच बढाउने तथा व्यापकरुपमा चेतना जागरण गर्ने लगायत किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यहरु रहेका छन्। स्वास्थ्य सेवा विभागको प्रतिवेदन अनुसार विवाहित किशोरीहरुमध्ये (१५-१९ वर्ष) १७ प्रतिशतले पहिलो बच्चा जन्माएको वा गर्भवती भएको तथा १५ प्रतिशतले परिवार नियोजनका साधनहरु प्रयोग गरेको अनुमान रहेको छ। आर्थिक वर्ष २०७३/७४ सम्म १५ देखि २४ वर्ष उमेर समूहका किशोरकिशोरीमध्ये ६६० जना किशोर र ६६६ किशोरी गरी जम्मा १,३२६ जना किशोरकिशोरी एचआइभीबाट संक्रमण भएको अनुमान रहेको छ।

किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य विषयमा सरकारी संयन्त्र लगायत विकासका साझेदार संस्थाहरु क्रियाशील रहेका छन् । यस अन्तर्गत किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य विषयको सेवा विस्तार (सबै जिल्लाहरुमा), सेवा प्रदायकहरुलाई तालिम, गुणस्तरीय र किशोरकिशोरीमैत्री सूचना र सेवा प्रवाह, अभिभावक, शिक्षक, सेवा प्रदायकलाई समेत चेतना जागरण, विद्यालयमा यौन शिक्षा सम्बन्धी सूचना केन्द्र, विद्यालयमा स्वास्थ्य तथा रजस्वला स्वास्थ्य व्यवस्थापन, यौनिकता शिक्षा, बालिकालाई रुपान्तरण शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

उच्च बालविवाह हुनु, सानै उमेरमा गर्भवती हुनु, लैङ्गिक हिंसा हुनु, महिनावारी सम्बन्धमा छुवाछुत हुनु, परिवार नियोजन साधनको माग पुरा नहुनु, यौन र प्रजनन् स्वास्थ्यमा दक्ष जनशक्तिको कमी हुनु, स्वास्थ्यका अन्य सेवासँग पर्याप्त अन्तरसम्बन्ध नहुनु, पर्याप्त जनचेतना नहुनु जस्ता कारणहरुबाट किशोरकिशोरी स्वास्थ्यमा देखिएका केही समस्याहरु हुन् । यसतर्फ सरोकारवालाहरुको ध्यान जानु जरुरी देखिएको छ ।

## २.६ स्वास्थ्य संस्थाहरु

बालबालिकालाई समेत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि ६ वटा केन्द्रीय स्तरका अस्पताल, २ वटा क्षेत्रीय अस्पताल, ३ वटा उप-क्षेत्रीय अस्पताल, १ वटा क्षेत्रीय क्षयरोग अस्पताल, १० वटा अञ्चल अस्पताल, ८५ वटा जिल्ला/अन्य अस्पताल, २०० वटा प्राथमिक स्वास्थ्य उपचार केन्द्र, ३,८०८ वटा हेल्थ पोष्ट, १२,१८० वटा आउट रिच क्लिनिक, १६,०२२ वटा विस्तारित खोप आउटरिच क्लिनिक सञ्चालनमा रहेका छन् भने समुदायहरुमा ५१,४७० जना महिला स्वास्थ्य स्वयम्सेवकले कार्य गरिरहेका छन् ।

तालिका १०: आर्थिक वर्ष २०७२/७३ देखि २०७४/७५ सम्मको स्वास्थ्य संस्थाको संख्या

| स्वास्थ्य संस्था | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|
| अस्पताल | १११ | १२३ | १२५ |
| प्राथमिक स्वास्थ्य केन्द्र | २०२ | २०० | १९८ |
| स्वास्थ्य चौकी | ३८०३ | ३८०८ | ३८०८ |
| निजी संस्था | १२७७ | १७१५ | १८२२ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७२/०७३ - २०७४/०७५ ।*

उपर्युक्त स्वास्थ्य संस्थाहरुबाहेक अञ्चल आयुर्वेद औषधालय १४, जिल्ला आयुर्वेद औषधालय ६१ र स्थानीय आयुर्वेद औषधालय ३०५ समेत सञ्चालन रहेको जानकारीमा आएको छ ।

अन्त्यमा, संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिको प्रावधानहरु अनुसार बाल बचावटको विषय अन्तर्गत बालबालिका गर्भमा रहेदेखि जन्मको अवस्थासम्मको स्वास्थ्य सेवासुविधामा, विविध खोपहरु लगायत निःशुल्क औषधिहरु सबै बालबालिकाले पाउनु पर्ने विषयमा, बालस्वास्थ र पोषण लगायत किशोरकिशोरीको स्वास्थ्य एवम् एचआइभी/एड्सबाट संक्रमित बालबालिकाको स्वास्थ्यको विषयमा सुधारका लागि लगानी बढाउँदै कार्यान्वयन थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

■■■

# परिच्छेद: ३

# बाल संरक्षण

## ३.१ परिचय

यस परिच्छेदमा बाल अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था भएका बाल संरक्षणका मुख्य विषयहरुमध्ये आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता (धारा ७), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौनशोषण (धारा ३४), अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), पीडित बालबालिकाको पुनर्स्थापना (धारा ३९), बाल न्याय (धारा ४०) लगायतका विषयहरुमा उपलब्ध भएका सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था र दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण समावेश छ (अनुसूची १) । दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नुपर्ने, राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख छ। विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्ने तथा आवश्यकता अनुरुप संरक्षक तोक्ने सम्बन्धमा समेत ऐनले व्यवस्था गरेको छ । त्यसैगरी हरेक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था समेत ऐनले गरेको छ। बाल कल्याण अधिकारीले बालबालिकाको तत्काल उद्धार गर्नुपर्ने देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ । सहयोग प्रायोजन, परिवार सहयोग, संरक्षक नियुक्ति, धर्मपुत्र/धर्मपुत्री, आवासीय बालगृह लगायत बालबालिकाको संरक्षणको लागि आवश्यक व्यवस्थापन गर्ने प्रावधानहरु रहेका छन् । यी कानूनी प्रावधानहरुबाट नेपालको कानून बालमैत्री रहेको देखिन्छ ।

## ३.२ बालश्रम

बालश्रमको विषयमा नेपाल सरकार संवेदनशील रहेको छ । नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। ऐनको दफा ७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । बालबालिकालाई हानि हुने, शिक्षामा बाधा अड्चन हुने,

स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने कुरा सुनिश्चित गरेको छ । उपदफा (९) ले १४ बर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं. १३८) ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । तर 'आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्रहरूका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने' व्यवस्था छ । निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं. १८२) लाई क्रमशः सन् २००३ र २००४ मा नेपाल सरकारले अनुमोदन गरेको छ । यस महासन्धिको प्रावधान अनुसार बालबालिकालाई जोखिमयुक्त बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने, जोखिमयुक्त बालश्रमबाट बालबालिकाको उद्धार गरी उनीहरूलाई समाजमा पुनर्स्थापित गर्ने कार्यका लागि आवश्यक तथा उपयुक्त प्रत्यक्ष सहयोग प्रदान गर्ने, जोखिमयुक्त बालश्रमबाट मुक्त गरिएका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन र सम्भव भएसम्म उपयुक्त व्यवसायिक तालिम दिन पहल गर्ने लगायतका व्यवस्था गरेको छ । बलपूर्वकको श्रम उन्मूलन सम्बन्धी महासन्धि २००१ (नं. १२९), अन्तर्राष्ट्रिय श्रम स्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमति सम्बन्धी महासन्धि २००१ (नं. १४४) मा पनि नेपालले हस्ताक्षर गरेको छ ।

पन्ध्रौं योजना (२०७६/०७७ - २०८०/०८१) को आधारपत्रले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ । यसका उद्देश्यहरुमा - क) बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु, ख) बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु, ग) बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु रहेका छन् । यी उद्देश्यहरु प्राप्तिका लागि सातवटा रणनीतिहरु तय गरिएका छन् । यसमध्ये राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने भन्ने उल्लेख गरिएको छ । दिगो विकास लक्ष्यको सातौं बुँदा अन्तर्गत सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरु अपनाउने उल्लेख गरिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको दोस्रो १० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३) लागू भएको छ । यस गुरुयोजनाको उद्देश्य नेपालबाट सबै प्रकारको बालश्रम पूर्ण रुपमा निवारण गरी मूलुकलाई बालश्रमरहित बनाउने रहेको छ । गुरुयोजनाको लक्ष्यहरु निम्न बमोजिम रहेका छन् :

क) वि.सं. २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने । यसका लागि आवश्यक पर्ने नीति, रणनीति तथा कानून पहिचान, संसोधन वा सुधार गर्ने ।

ख) वि.सं. २०८२ सम्ममा सबै प्रकारका बालश्रम निवारण गर्ने । यसका लागि सार्वजनिक तथा सामाजिक संयन्त्र एवम् संरचनाहरुको संस्थागत क्षमता विकास गर्ने । त्यसैगरी सामाजिक

पुनर्एकीकरण र आर्थिक विकल्पहरु प्रदान गर्दै सरोकारवाला तथा लक्षित वर्गको संजाल तथा समन्वय संरचना स्थापना, परिचालन र सशक्तीकरण गर्ने । यसै बालश्रम निवारणको लागि लक्षित साझेदारी कार्यक्रमलाई अभियानको रुपमा कार्यान्वयन गर्ने ।

गुरुयोजनाको उद्देश्य तथा लक्ष्यहरु हासिल गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु रहेका छन् :


१. बालश्रम निवारण सम्बन्धी नीतिगत, कानूनी र संस्थागत व्यवस्थामा सुधार गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने ।
२. बालश्रम निवारणसंग सम्बद्ध सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।
३. बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अनुगमन, उद्धार र पुनर्स्थापना गर्ने ।
४. प्रत्यक्ष लक्षित कार्यक्रममार्फत बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि आवश्यक सहयोग उपलब्ध गराउने ।
५. सरोकारवालाहरुबीच सहकार्य, समन्वय र सञ्जाल स्थापना गरी सञ्चालन गर्ने ।

संविधान र कानूनले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन बन्देज लगाए पनि, नीति र योजनामा बालश्रम न्यूनीकरणका प्रावधानहरु तर्जुमा गरिए पनि, बालश्रम लक्षित विविध कार्यक्रमहरु सरकार र विकासका साझेदार संस्थाहरुले कार्यान्वयनमा ल्याएता पनि बालश्रमको समस्या भने अझै उल्लेख्य रुपमा रहेको देखिएको छ ।

नेपालको राष्ट्रिय जनगणना, २०६८ अनुसार १,०४,७१४ जना बालबालिका (बालकः ५६,२६७ र बालिका ४८,४४७) कामकाजमा संलग्न रहेको पाइएको छ । केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७१ (सन् २०१४) अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ । ५ देखि ११ वर्ष उमेर समूहका कम्तिमा १ घण्टा कामकाजमा संलग्न बालबालिका २७.९ प्रतिशत (बालक २९.९ र बालिका २६.५) रहेको पाइएको छ । १२ देखि १४ वर्ष उमेर समूहका कामकाजमा संलग्न १४ घण्टाभन्दा कम ४४.२ प्रतिशत (बालक ४३.४ र बालिका ४४.८), १४ घण्टाभन्दा बढी १५.२ प्रतिशत (बालक १२.३ र बालिका १७.६) बालबालिका रहेको देखिएको छ । आर्थिक वर्ष २०७२/०७३ मा करिब ३० प्रतिशत बालबालिका जोखिमयुक्त काममा संलग्न रहेको जानकारी रहेकोमा आर्थिक वर्ष २०७६/०७७ मा सो सूचक २२ प्रतिशतमा ल्याउने लक्ष्य दिगो विकास लक्ष्यमा समावेश गरिएको छ । केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको नेपाल श्रमशक्ति सर्वेक्षणमा १७ वर्षमुनिका करिब २ लाख ८६ हजार बालबालिका आर्थिक लाभको कार्यमा संलग्न भएको र उनीहरु सबै बाल श्रमिक नभएको उल्लेख गरिएको छ ।

दशकौंदेखि नेपालमा बालश्रम विरुद्ध चेतना जागरण र सहयोगका कार्यक्रमहरु सरकारी र विकासका साझेदार संस्थाहरुबाट चलिनै रहेको छ । यसैको फलस्वरुप केही महानगर र नगरमा बालश्रम न्यूनीकरणका लागि उल्लेख्य प्रयास भएका छन् । होटल, रेस्टुरेन्ट, बजार, वडा तथा नगरलाई बालश्रम मुक्त बनाउने क्रमको थालनी समेत भएको पाइन्छ ।

बालश्रम विरुद्धको कानूनी व्यवस्था हुँदाहुँदै पनि सामान्यतयाः रोजगारको अनौपचारिक क्षेत्र (रेष्टुरेन्ट, यातायात, निर्माण, कृषि, साना तथा घरेलु उद्योग, गलैंचा कारखाना, जरी कारखाना, इँटाभट्टा, आदि) लगायत घरेलु श्रममा पनि बालबालिकालाई संलग्न गराइएको देखिएको छ । उमेर ढाँटेर बालबालिकालाई जोखिमपूर्ण काममा समेत संलग्न गराइएका घटनाहरु पनि प्रकाशमा आएका छन् ।


असार २३, २०७५ सुप्रभात(पत्र

बालश्रम न्यूनीकरण गर्न अभियान नै सञ्चालन

नुवाकोट, (नेस)

जिल्लामा हुने बालश्रम न्यूनीकरण गर्न नुवाकोटको विदुर नगरपालिकाले बालश्रम न्यूनीकरण अभियान नै सञ्चालन गरेको छ। सामुदायिक विकास केन्द्र नेपाल र जालपा मिडिया सर्भिसको आयोजना तथा विदुर नगरपालिकाको सहयोगमा विदुर नगरपालिकामा उक्त अभियान शुरु गरिएको छ।

वयस्कको तुलनामा बालबालिकालाई काममा लगाउन सहज हुने र थोरै तलबमा लामो समयसम्म पनि श्रममा लगाउन सकिने लगायतका कारण बालश्रमको प्रयोग भइरहेको देखिन्छ । बालश्रमप्रति अझै पनि समाजमा चेतना नपुगेको तथा बालश्रमलाई सामाजिक रुपमा स्वीकार गरिएको एवम् कठिन अवस्थाका बालबालिकाका लागि वैकल्पिक कार्यक्रमको अभाव लगायतका कारण समेतले कतिपय क्षेत्रमा बालश्रम व्याप्त रहेको देखिन्छ । वैदेशिक रोजगारीका कारण श्रमशक्तिको अभाव भएका बेला नाइके वा ठेकेदारहरूले विभिन्न आर्थिक प्रलोभन देखाई बालबालिकालाई विकल्पको रूपमा समेत प्रयोग गर्ने गरेको पाइएको छ ।

आर्थिक वर्ष २०७४/७५ मा सञ्चार माध्यममा प्रकाशित बालबालिका सम्बन्धी विभिन्न घटनाहरुमध्ये बालश्रम सम्बन्धी ३८४ वटा (बालक २७४ जना र बालिका ११० जना) घटनाहरु सार्वजनिक भएको पाइएको थियो । यस आर्थिक वर्षमा बालश्रम सम्बन्धी ११२ वटा ( बालक ९१ जना र बालिका २१ जना) घटनाहरु प्रकाशमा आएका छन् । यीमध्ये घरेलु तथा होटल श्रमिकको रुपमा सबभन्दा बढी ४५ जना, इँटा भट्टामा काम गर्ने २९ जना, भारतमा काम गर्न गएका १२ जना, पढाई खर्च जुटाउन विभिन्न काम गर्ने १२ जना, लागू औषध ओसारपसारमा ६ जना लगायत पर्यटकलाई घोडामा घुमाउने, डुङ्गा चलाउने, विवाहमा बाजा बजाउने, सार्वजनिक यातायातमा काम गर्ने बालबालिका भेटिएका छन् ।


नयाँ पत्रिका

भक्तपुरका इँटाभट्टामा बालश्रमिक

गत १४ साउनमा सरकारद्वारा ईंटाभट्टामा बालश्रम अन्त्य भएको घोषणा

आ.व. २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं. ८८ मा सबै प्रकारका बालश्रमको अन्त्य गरिनेछ भन्ने उल्लेख भएको छ ।

## ३.३ सडक बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपालको विभिन्न कानूनी एवम् नीतिगत व्यवस्थाहरुले सडक बालबालिकाको सूचना, अभिलेख, सडकमा आएका बालबालिकाको उद्धार, परिवारिक सहयोग र पुनर्एकीकरण, मनोसामाजिक मनोविमर्श लगायतका कार्यक्रम सञ्चालन गर्न राज्यलाई जिम्मेवार बनाएको छ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा सडक बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाउने, सडकमा आएका बालबालिकाको उद्धार गरी अस्थायी संरक्षण केन्द्र (Transit Center) राख्ने एवम् परिवारमा पुनर्एकीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने, पारिवारिक सहयोग तथा मनोसामाजिक परामर्श गर्नेजस्ता कार्यहरु समावेश छ । नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले "सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२" जारी गरेको छ । सडक बालबालिकाको उद्धार, मनोविमर्श, संरक्षण, सामाजिकीकरण, पारिवारिक पुनःर्स्थापना एवम् सामाजिक पुनर्एकीकरण गर्न र बालबालिकालाई सडकमा आउने वातावरण सिर्जना हुन नदिन स्थानीय तहमा नै बाल अधिकार सम्बन्धी सचेतना कार्यक्रमहरु तथा तत्काल समस्या सम्बोधनका कार्यक्रमहरु सरकारी, गैरसरकारी, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन, कार्यान्वयन एवम् सो सम्बन्धमा भइरहेको गतिविधिलाई समन्वयात्मक रुपमा अझ व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले यो मार्गदर्शन जारी गरिएको छ ।

यस अनुसार २०७३ साल बैशाखदेखि काठमाण्डौं उपत्यकाका सडकहरुमा जीवनयापन गरिरहेका बालबालिकाको उद्धार, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्एकीकरण, संस्थागत पुनर्स्थापना लगायत आवश्यक तालिम प्रदान गर्नेजस्ता कार्यहरु सञ्चालनमा रहेका छन् । बालबालिकालाई सडकमा नआउने वातावरण सिर्जना गर्न पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बाल अधिकार सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सरकारी, गैरसरकारी, विकासका साझेदार संस्था र नागरिक समाजसंगको समन्वय, सहयोग र सहकार्यमा कार्यक्रमलाई अन्य शहरहरुमा पनि विस्तार गर्ने र थप प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रयास भइरहेको छ । सडक बालबालिकाको प्रभावकारी व्यवस्थापनका बारेमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट गम्भीर चासो व्यक्त भएको छ ।

यस कार्यविधिले "सडक बालबालिका" भन्नाले चौविसै घण्टा वा रातभर वा दिनभर वा दिनरातको केही समय जीवन निर्वाहका लागि सडकमा आश्रय लिएका निम्नानुसारका बालबालिकालाई परिभाषित गरेको छ :

१. अभिभावक वा परिवारविहीन भई सडकमा रहेका,
२. परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पुर्णरुपमा सडकमा रहेका,
३. परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेका,
४. परिवारसँगै सडकमा रहेका,
५. विपद, द्वन्द्व लगायतका कारण वासस्थान छाडी वा हराएर वा वेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न वाध्य भएका, र
६. विभिन्न कारणले परिवारवाट परित्यक्त भइ सडकमा अलपत्र छाडिएका ।
७. विशेष परिस्थिति (पारिवारिक विखण्डन समेत) को कारण एक्लै वा साथीसँग आश्रय लिएका बालबालिका,

सडक बालबालिकाको व्यवस्थापन कार्य महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्व, राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन, नेपाल प्रहरी र विभिन्न संघसंस्थाको[1] सहयोगमा सञ्चालन भइरहेको छ। यो कार्यक्रम शुरु भए पश्चात् २०७६ साल असार मसान्तसम्ममा ९०३ बालक (८९%) र १०८ जना बालिका (११%) गरी जम्मा १,०११ जना बालबालिकाको उद्धार गरी उनीहरुको व्यवस्थापन भइरहेको छ। उक्त बालबालिकामध्ये १ देखि ५ वर्ष उमेर समूहका १४ जना (१%), ६ देखि १० वर्ष उमेर समूहका १४१ जना (१४%), ११ देखि १४ वर्ष उमेर समूहका ४८५ जना (४८%) र १५ देखि १८ वर्ष उमेर समूहका ३७१ जना (३७%) रहेका छन्। जातिगत आधारमा सबभन्दा बढी आदिवासी/जनजातिका ४४९ जना (४४%), ब्राम्हण/क्षेत्री २९८ जना (३०%), दलित २०० जना (२०%), मधेशी ५४ जना (५%) र जातजाति थाहा नभएका १० जना (१%) देखिएका छन्। यी बालबालिकामध्ये ७४२ जना (७३%) साक्षर अथवा विद्यालय गएको र बाँकी २६९ जना (२७%) पूर्वसाक्षर अथवा विद्यालय नगएको जानकारीमा आएको छ। यसैगरी ६९७ जनाको बाबुआमा दुवै जीवित रहेको, १११ जनाको बाबुआमा दुवै जीवित नरहेको, ७९ जनाको आमा जीवित नभएको र १२४ जनाको बाबु जीवित नभएको पाइएको छ।

उद्धार गरिएका बालबालिकाको उद्गम जिल्ला ६२ रहेको र सबभन्दा बढी सडक बालबालिका पाइएका १० जिल्लाहरु तलको तालिकामा दिइएको छ।

तालिका ११ः जिल्लाहरु र उद्धार गरिएका बालबालिकाको संख्या

| क्रसं | जिल्ला | बालबालिकाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठमाण्डौं | १११ | ११ |
| २ | काभ्रे | ७४ | ७ |
| ३ | सिन्धुपाल्चोक | ६९ | ७ |
| ४ | धादिङ | ६० | ६ |
| ५ | मकवानपुर | ६० | ६ |
| ६ | रामेछाप | ४६ | ५ |
| ७ | दोलखा | ३६ | ५ |
| ८ | सिन्धुली | ४६ | ४ |
| ९ | नुवाकोट | ३५ | ३ |
| १० | सर्लाही | ३४ | ३ |
| ११ | अन्य ५२ जिल्लाहरु | ४४० | ४३ |
| | **जम्मा** | १,०११ | १०० |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

---

१ १. भ्वाईस अफ चिल्ड्रेन, लुभु, ललितपुर (सम्पर्क गृह र सामाजिकीकरण केन्द्र)
२. बाल वातावरण केन्द्र नेपाल, नयाँपाटी, काठमाडौं (सामाजिकीकरण केन्द्र)
३. सिपिसिएस, गोदावरी, ललितपुर (सम्पर्क गृह र सामाजिकीकरण केन्द्र)
४. यूसेप नेपाल, सानोठिमी, भक्तपुर (सामाजिकीकरण केन्द्र)
५. रक्षा नेपाल, सतुङ्गल, काठमाडौं (सामाजिकीकरण केन्द्र)
६. एपिसी नेपाल, कालिमाटी, काठमाडौं (सम्पर्क गृह)
७. सोबर रिकवरी ट्रिटमेण्ट एण्ड रिह्याबिलिटी सेन्टर बौद्ध, काठमाडौं (लागुऔषध उपचार तथा पुनर्स्थापना केन्द्र)

उपर्युक्त बमोजिम व्यवस्थापन गरिएका बालबालिकाको संख्या ९६० रहेको छ । उद्धार गरिएका १,०११ बालबालिकामध्ये बाँकी ५१ जना उद्धार गरेपछि विभिन्न संस्थागत संरक्षणमा राखिएको अवधिमा भागेर गएको देखिएको छ । कूल १,०११ जना बालबालिकामध्ये पनि केही बालबालिका उद्धारपछि भागेर पुनः सडकमा नै फर्केका र पुनः उद्धार गरिएका हुन सक्ने देखिएको छ । यसबाट उद्धार गरिएका वास्तविक बालबालिका १,०११ भन्दा केही कम हुन सक्ने अनुमान गरिएको छ ।

सडक बालबालिका उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन, संस्थागत पुनर्स्थापना लगायतका व्यवस्थापन कार्यहरु सामान्यतयाः निम्नानुसारका चरणहरुमा सम्पादन गरिन्छ ।

१. **सडक बालबालिका पहिचान तथा उद्धार**ः सडकमा आश्रित बालबालिकालाई सडकमा जीवनयापन गर्न नहुनेबारे अग्रीम जानकारी दिने, सडकमा रहेका बालबालिकालाई बेलाबेलामा खाना लगायतका सेवा प्रदान गर्ने संस्थाहरुलाई सो कार्यहरु नगर्न जानकारी दिनेजस्ता सूचनामूलक कार्यहरु गरिन्छ । सो कार्यपछि सडक बालबालिका रहने सम्भावित स्थानहरुको नक्साङ्कन गर्ने, सडक बालबालिकाको पहिचान गर्ने र उद्धार गर्ने कार्य गरिन्छ । यस कार्यको सिलसिलामा सरकारी, गैरसरकारी, नागरिक समाज स्थानीय तह लगायतका सम्बद्ध सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरिन्छ ।

२. **सम्पर्क गृह**ः सडकबाट उद्धार गरेपछि बालबालिकाको स्थितिको अध्ययन गरी पहिलो सुरक्षित बासस्थानका रुपमा सम्पर्क गृहहरुमा राखिन्छ । सम्पर्क गृहमा सामान्यतः अधिकतम तीन महिनासम्म बालबालिकालाई उनीहरुको मनोसामाजिक अवस्था, कुलत, सडक जीवनमा अपनाएको व्यवहार अनुसार मनोसामाजिक विमर्श र अन्य आवश्यक सेवाहरु प्रवाह गरिन्छ । यस्ता गृहबाट परिवारमा पुनर्एकीकरण हुन नसकेका र थप समयको लागि सामाजिकीकरणका उपाय अपनाउनु पर्ने बालबालिकाका लागि सामाजिकीकरण केन्द्रमा सिफारिस गरिन्छ । यस्ता केन्द्रहरुमा २०७६ साल असार मसान्तमा ११० जना बालबालिका रहेका छन् ।

३. **सामाजिकीकरण केन्द्र**ः सम्पर्क गृहबाट सिफारिस भई आएका सडक बालबालिकालाई सामान्यतयाः बढीमा १८ महिनासम्म सामाजिकीकरण केन्द्रमा राख्न सकिने व्यवस्था छ । सामाजिकीकरण केन्द्रमा आवासीय सुविधा, मनोविमर्श, अनौपचारिक शिक्षा र तालिम, मनोसामाजिक उपचार तथा उनीहरुको रुची र क्षमता पहिचान गरी आवश्यक सेवा प्रदान गरी परिवार, वैकल्पिक परिवार वा संस्थागत पुनर्स्थापनाका लागि तयार गरिन्छ । २०७६ साल असार मसान्तमा ७८ जना बालबालिका यस्ता केन्द्रहरुमा रहेका छन् ।

४. **पारिवारिक पुनर्मिलन तथा सहयोग**ः परिवार पहिचान गरिएका र परिवारमा जान चाहने बालबालिकालाई उनीहरुको परिवारसम्म पुऱ्याई परिवारलाई परामर्श गरिन्छ । परिवारको आर्थिक अवस्था अति कमजोर भएको पाइएमा आवश्यकता अनुसार परिवारलाई आयमूलक कार्यका लागि आर्थिक सहयोगसमेत गर्ने व्यवस्था रहेको छ । यस कार्यमा संस्थाहरुको सहयोग रहेको छ । २०७६ साल असार मसान्त सम्ममा ५८२ जना बालबालिकालाई परिवारमा पुनर्मिलन गरिएको छ ।

५. **संस्थागत पुनर्स्थापना**ः परिवार वा अन्य बैकल्पिक व्यवस्था हुन नसकेका बालबालिकाका लागि संस्थागत पुनर्स्थापना गरिने व्यवस्था छ । हाल विभिन्न बालगृहहरुमा ४५ जना बालबालिका संरक्षणमा रहेका छन् ।

६. **सचेतना, रोकथाम र अनुगमनः** देशका विभिन्न भागहरुबाट विभिन्न कारणहरुले बालबालिका काठमाण्डौं लगायतका अन्य शहरहरुमा बेवारिस रुपमा आउने मूल गाउँठाउँ लगायतका स्थान र सम्बन्धित व्यक्ति, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका र उनीहरुको परिवारका लागि सचेनता कार्यक्रम सञ्चालन गरिने व्यवस्था छ । यो कार्य बालबालिका सडकमा जीवनयापन गर्न आउने क्रम पूर्ण रुपमा नरोकिएसम्म निरन्तर  गर्नुपर्नेछ ।

७. **नयां आगमन तत्काल सम्बोधनः** उपत्यकामा छिर्ने सबै नाकाहरुमा बालबालिका एक्लै आउँदैछ भने सार्वजनिक यातायातको साधनमा नेपाल प्रहरीको निगरानी गर्ने र त्यस्ता बालबालिका भेटिएमा बालमैत्री ढङ्गले सोधपुछ गरी आवश्यकता अनुरुप तोकिएका सम्पर्क गृहमा पठाउने व्यवस्था हुन जरुरी हुन्छ ।

माथिका सात चरणका कार्यहरुमध्ये हालसम्म ६ चरणसम्मका कार्यहरु सञ्चालनमा रहेका छन् भने सातौं चरणमा रहेको नयाँ आगमन तत्काल सम्बोधन गर्ने कार्य आगामी दिनहरुमा गर्नुपर्ने देखिएको छ ।

सडकमा बालबालिका आउने प्रमुख कारणहरु निम्नानुसारको पाइएको छ ।

- पारिवारिक बिखण्डन र बालबालिका परित्याग हुनु,
- साथीभाइको लहैलहै तथा गलत संगतमा पर्नु,
- बढ्दो शहरीकरणले गाऊँबाट बालबालिका शहरतिर आउनु र विचलित हुनु,
- बालश्रमको लागि परिवारबाट नै अन्यत्र पठाइनु,
- अभिभावकको गैर जिम्मेवारी तथा बालबालिका प्रति दायित्व बोध नहुनु,
- सडकमा परिवार सहित मागेर बस्ने स्थितिसमेत रहनु,
- एक पटक सडकमा आइसकेपछि सडकमा नै आकर्षित हुने र धेरै कुराहरुमा सहज पहुँच हुनु । जस्तैः चोरी, कवाडी बेचेर पैसा पाउनु, सडकमा नै बस्ने बालबालिका बीच यौनजन्य कार्यको पहुँच हुनु, कुनैपनि गलत कार्य गर्दा रोकतोक गर्ने अभिभावक नहुनु, आदि रहेका छन् ।

सडक बालकालिका उद्धार र व्यवस्थापनका लागि निम्नानुसारका समाधानको उपायहरु अपनाउनु आवश्यक देखिएको छ ।

- संघीय मन्त्रालय, परिषद्, प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति र सम्बन्धित स्थानीय तहलाई प्रचलित कानून बमोजिम सडक बालबालिकामुक्त शहर र सडकको वातावरण विकास गर्न कार्यविधि तथा मापदण्ड बनाई समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिएको छ ।
- सडक बालबालिकालाई तालिम दिने संघसंस्थाहरुसँग प्रभावकारी ढङ्गले समन्वय गरी तालिम प्रदान गर्ने र रोगजारी वा स्वरोजगारीको व्यवस्था गर्नुपर्ने देखिएको छ ।
- बालबालिकालाई सडकमा आउन रोक्नको लागि शहरमा आउने नाकाहरुमा नै विभिन्न रोकथामका कार्यहरु गर्नु आवश्यक छ ।
- सडकमा जीवनयापन गर्न आउने जोखिम भएका बालबालिकाको परिवारलाई अभिभावक शिक्षा, आय आर्जनका तालिम तथा व्यवसायमूलक क्रियाकलापमा सहयोग र प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।
- १८ वर्ष भन्दामाथिका सडकबाट उद्धार गरिएका बालबालिकालाई राष्ट्रिय युवा परिषद् लगायतका निकायसँग सहकार्य गरी कार्यक्रमको निरन्तरता दिनुपर्ने देखिएको छ ।

- संघीय राजधानी काठमाण्डौंको हकमा मन्त्रालय तथा परिषद्को संयोजनमा प्रदेशको सामाजिक विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहको समन्वय र सहकार्यका साथै सम्बद्ध विकास साझेदार संस्थाहरुसंग एकीकृत रुपमा कार्यक्रम सञ्चालन हुनु आवश्यक छ।
- सडकबाट उद्धार गरिएका अपाङ्गता भएका बालबालिकाको व्यवस्थापनमा थप ध्यान दिनु जरुरी छ।

आर्थिक वर्ष २०७६/७७ को नेपाल सरकारको वजेट वक्तब्यको बुँदा नं. ८० मा "बेसहारा, अशक्त, अपाङ्गता भएका व्यक्तिहरु सडकमा रहनुपर्ने अवस्थाको अन्त्य गर्ने अभिभावकको उत्तरदायित्व र जिम्मेवारी सम्बन्धी कानून निर्माण गरी परिवारका सदस्य सडकमा छाडी बेवारिसे बनाउने अभिभावक तथा संरक्षकबाटै आवश्यक संरक्षण दिने व्यवस्था मिलाइनेछ। मानव सेवामा संलग्न संस्थाहरुमार्फत असहाय, बेवारिसे, संक्रमित र आश्रय दिन लगायत सबै सहयोगापेक्षीहरुको आश्रय, संरक्षण र हेरचाह गर्ने व्यवस्था मिलाइनेछ" भन्ने व्यवस्था उल्लेख भएको छ। त्यस्तै बुँदा नं. ८९ मा "संघ, प्रदेश र स्थानीय तहको समन्वयमा सडक बालबालिकाको उद्धार, पुनर्स्थापन र परिवारमा पुनर्मिलन गराउन बाल कल्याण संस्थाहरुसँग मिलेर कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय जाने त्यस्ता बालबालिकालाई आवासीय विद्यालयमा छात्रवृत्तिमा आवद्ध गरिनेछ। विद्यालय उमेर नपुगेका बालबालिकालाई हेरचाह गर्न बालसंरक्षण कार्यक्रम सञ्चालन गरिनेछ" भन्ने उल्लेख गरिएको छ।

## ३.४ बालविवाह

मुलुकी देवानी संहिता ऐन २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः खारेज हुने व्यवस्था छ। नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ। बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदाय स्तरमा संघसंस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ।

दिगो विकासका लक्ष्यहरु (२०१६-३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ। सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न तय गरिएको राष्ट्रिय रणनीति २०७२ को कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत नेपाल सरकारका ११ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा नागरिक समाजको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ।

सार्कसँग आबद्ध रहेको "बालबालिकामाथि हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल"(SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र बालविवाह विरुद्धको प्रयास पनि हो। यसले सार्क मुलुकहरुमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५–२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018) तयार गरी राष्ट्रिय संयन्त्रमार्फत बालविवाह विरुद्धमा आफ्ना प्रयासहरु केन्द्रित गरेको छ। उक्त रणनीति अनुकूल नेपाल सरकारले २०७१ साल कार्तिकमा "बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाण्डौं आह्वान" (Kathmandu Call for Action to End Child Marriage in South Asia) पारित गरिएको थियो।

बालमैत्री एवम् लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने परिकल्पनाका साथ २०८७ सम्ममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी भएको छ । यस रणनीतिमा बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीय स्तर सम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेषगरी विद्यालयबाहिर रहेका बालिका र उनीहरुको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरुको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ । यसअनुरुप बालविवाहमुक्त स्थानीय तह घोषणा गर्ने कार्यको थालनी पनि भएको देखिन्छ ।

विगत केही दशकदेखि नै बालविवाह विरुद्ध कानूनी, योजना र कार्यक्रमका उपायहरु अपनाउँदै आउनु एवम् विकासका साझेदार संस्था तथा नागरिक समाजबाट समेत प्रयास हुँदाहुँदै पनि विभिन्न कारणहरुले बालविवाह भएका घटनाहरु जानकारीमा आउने गरेका छन् । आर्थिक वर्ष २०७५/०७६ मा नेपाल प्रहरीमा बालविवाह विरुद्धका ८८ घटनाको उजुरी परेको पाइएको छ । दक्षिण एशियाली मुलुकहरुमा बंगलादेश र भारत पछि नेपाल बालविवाह हुने देशमा परेको देखिएको छ ।

२०६८ सालको जनगणना अनुसार १,३८,०१५ जना बालबालिकाको १० वर्ष नपुग्दै विवाह भएकोमा सोमध्ये १,१५,१५० जना बालिका छन् भने २२,८६५ जना मात्र बालक छन् । १० देखि १४ वर्ष उमेर समूहमा १३,६३,१०७ जनाले विवाह गरेका छन् । त्यसमध्ये ११,०१,२२३ जना बालिका रहेका छन् । बालक २,६१,२२३ जना छन् । १५ देखि १९ वर्ष उमेर समूहमा ४३,४०,४९७ बालिका र २१,७६,७८४ बालकको विवाह भएको छ । यस तथ्याङ्कबाट बालकभन्दा बालिकाहरूमा बालविवाह बढी हुने गरेको देखिएको छ । केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिन्छ । यसमध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत हुन आउँछ ।

नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ अनुसार १५ वर्षदेखि ४९ वर्षसम्मका महिलामा गरिएको सर्वेक्षण अनुसार नेपालमा १५ वर्ष नपुग्दै वा चाँडो विवाह गर्नेको संख्या १४,१६२ (१५.५ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी १५ वर्षदेखि १९ वर्षसम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या २,७८१ (२४.५ प्रतिशत) देखिएको छ ।

गत आर्थिक वर्षमा विभिन्न सञ्चार माध्यममा बालविवाहका १३६ वटा घटनामा १६८ जना बालबालिका (बालक ३२ जना र बालिका १३६ जना) प्रभावित भएको सूचना प्रकाशमा आएको थियो भने यस आ.व. २०७५/०७६ मा १३७ वटा घटनामा १९६ बालबालिका (बालक ५९ जना र बालिका १३७ जना) प्रभावित भएको देखिएको छ । यसमध्ये ५९ जोडी (११८ जना) बालबालिका नै रहेको र दुइजना बालिकाको ६० वर्षभन्दा माथिका वृद्धसँग विवाह भएको जानकारीमा आएको छ । बाल विवाह भएका १९६ जना बालबालिकामध्ये ७५ जनाको


मोबाइल फोन र सामाजिक सञ्जालले बढायो बालविवाह

(३८%) अभिभावकबाट र आफु खुशी नै विवाह गरेका १२१ जना (६२%) रहेको देखिएको छ । साथै, नेपाल प्रहरी र बालक्लबको सक्रियतामा २४ जना बालबालिकाको विवाह रोकिएको जानकारीमा आएको छ ।

केही प्रदेशहरुबाट बालविवाह अन्त्य तथा न्यूनीकरणका लागि प्रतिवद्धता जनाएको पाइएको छ । प्रदेश १ ले २०८२ सालसम्ममा बालविवाहमुक्त प्रदेश घोषणा गर्ने, प्रदेश ३ ले २०७८ सम्ममा बालविवाहमुक्त गर्ने, प्रदेश २ ले “बेटी बचाऊ, बेटी पढाऊ” अभियानमार्फत बालविवाहलाई न्यूनीकरण गर्ने, सुदूरपश्चिम प्रदेशले “सानै छु म, बढ्न देऊ, बालविवाह हैन, पढ्न देऊ” अभियान सञ्चालन गरेको छ । स्थानीय तहबाट बालविवाह निराकरणका लागि बिमा गर्ने नीति समेत लिएका घटना प्रकाशमा आएको छ । बालविवाह विरुद्ध जनचेतना जागरण लगायत बालविवाह नियन्त्रण गर्ने कार्य समेत गैह्रसरकारी संस्था एवम् बालक्लवहरुबाट हुने गरेका घटनाहरु प्रकाशमा आइरहेका छन् ।

ढिलोगरी बिहे गर्दा धेरै दहेज दिनुपर्ने सोचले पनि कम उमेरमा बिहे गर्ने चलन रहेको देखिन्छ । यस्तो खालको परम्परा धेरैजसो तराइका जिल्लाहरुमा रहेको छ । छोरालाई धेरै पढाउने तर छोरीलाई अरूको घर जानुपर्ने भनेर पनि कमै उमेरमा बिहे गरिदिने गरेको पाइन्छ । गरिबी, परम्परागत चलन, चेतनाको अभाव, काममा सहयोग हुने जस्ता कारणहरुबाट पनि बालविवाह हुने गरेको पाइन्छ । पछिल्लो समयमा कानूनले तोकेको उमेर नपुग्दै युवायुवतीहरूले मोवाइल फोन तथा सामाजिक सञ्जालको माध्यमबाट समेत स्वेच्छाले विवाह गरेका घटनाहरु प्रकाशमा आएका छन् ।

परापूर्वकालदेखि नै समाजमा बालविवाहको प्रचलन जकडिएर रहेकोले कानून र नीतिले बालविवाहलाई बन्देज लगाएता पनि अझै पनि बालविवाहको प्रचलन रहेको छ । विभिन्न समुदाय एवम् भौगोलिक क्षेत्रहरुमा हुने गरेका बालविवाहविरुद्ध उजुरी नहुनु वा ज्यादै कम उजुरी हुनु, बालबालिकाले नै आफु खुशी भागी विवाह गर्नु  लगायत बालविवाह विरुद्धको जनचेतनाबाट व्यक्ति, परिवार र समुदायको व्यवहार अपेक्षित रुपमा सुधार नहुनु बालविवाह न्यूनीकरणका लागि ठूलो समस्याको रुपमा रहेको छ ।

बालविवाह न्यूनीकरण गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल प्रहरी लगायत प्रदेश एवम् स्थानीय सरकार लगायत विकासका साझेदार संस्थाहरुबाट बालविवाह विरुद्धका कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्नु आवश्यक रहेको छ ।

आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं. ८६ मा बोक्सी, दाइजो, तिलक, बालविवाह, छाउपडी जस्ता कुप्रथा अन्त्यका लागि संघ, प्रदेश र स्थानीय तहबाट सचेतना अभियान सञ्चालन गरिनेछ भन्ने उल्लेख भएको छ ।

## ३.५ जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा पुनर्एकीकरण

### *३.५.१ हराएका/फेला परेका बालबालिकाको उद्धार तथा पुनर्स्थापना*

हराएका, बेवारिस फेला परेका, आपत्मा परेका बालबालिकाको राहत तथा तत्काल सहयोगका लागि नेपाल सरकारले नेपाल प्रहरी र तत्कालीन केन्द्रीय बाल कल्याण समिति (२०७६ श्रावणदेखि राष्ट्रिय बाल अधिकार परिषद्) को व्यवस्थापनमा **बालबालिका खोजतलास समन्वय केन्द्र – निःशुल्क टेलिफोन नं. १०४** एक दशक अघिदेखि नै सञ्चालन भैरहेको छ । बालबालिका अपहरणमा पर्ने र हराउने लगायत बालबालिकामाथि हुने सबै प्रकारका अपराधको नियन्त्रण गर्न सरकारी निकाय, गैरसरकारी संघसंस्था, विकासका साझेदार निकाय तथा नागरिक समाज सक्रिय रहेका छन् । निःशुल्क टेलिफोन नं. १०४ का लागि नेपाल दुरसञ्चार प्राधिकरणको सहयोग रहेको छ ।

हराएका बालबालिकाको खोजतलास, भेटिएका तथा बेवारिस फेला परेका बालबालिकाको उद्धार, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापन जस्ता बालबालिका सम्बन्धी सूचना र सेवाको विस्तारका लागि यो सेवालाई काठमाण्डौ उपत्यका र अन्य ७४ जिल्लाका जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र समेतमा विस्तार गरी सेवा नियमित सञ्चालन गरिएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा हराएका बालबालिकाको संख्या २,३३० जना (बालक ९२३ र बालिका १४०७) रहेको थियो भने आर्थिक वर्ष २०७५/०७६ मा यो संख्या ३,४२२ जना रहेको छ । सोमध्ये २,५४० जना बालबालिका फेला परेको र बाँकीको खोजतलास जारी रहेको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १२: बालबालिका हराएको, फेला परेको र खोजतलास जारी रहेको स्थिति, २०७५/०७६

| प्रदेश | | हराएका बालबालिका | | | हराएका मध्ये फेला परेका | | | खोजतलास जारी | | | हराएको % | फेला परेको % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | | |
| प्रदेश नं.१ | | ११३ | ४०६ | ५१९ | ८६ | २७२ | ३५८ | २७ | १३४ | १६१ | १५.१७ | १०.४६ |
| प्रदेश नं.२ | | १३९ | ५१४ | ६५३ | ८९ | २६६ | ३५५ | ५० | २४८ | २९८ | १९.०८ | १०.३७ |
| प्रदेश नं.३ | उपत्यका | १४८ | ८० | २२८ | १११ | ७३ | १८४ | ३७ | ७ | ४४ | ६.६६ | ५.३८ |
| | उपत्यकाबाहेक | १४२ | ३५० | ४९२ | १३४ | ३०६ | ४४० | ८ | ४४ | ५२ | १४.३८ | १२.८६ |
| गण्डकी प्रदेश | | ९१ | २८१ | ३७२ | ७६ | २१९ | २९५ | १५ | ६२ | ७७ | १०.८७ | ८.६२ |
| प्रदेश नं. ५ | | १८३ | ३६१ | ५४४ | १६६ | ३२४ | ४९० | १७ | ३७ | ५४ | १५.९० | १४.३२ |
| कर्णाली प्रदेश | | १०५ | १८३ | २८८ | ७३ | १२२ | १९५ | ३२ | ६१ | ९३ | ८.४२ | ५.७० |
| सुदूर पश्चिम प्रदेश | | १३० | १९६ | ३२६ | ९० | १३३ | २२३ | ४० | ६३ | १०३ | ९.५२ | ६.५२ |
| जम्मा | | १,०५१ | २,३७१ | ३,४२२ | ८२५ | १,७१५ | २,५४० | २२६ | ६५६ | ८८२ | १०० | ७४.२३ |

*स्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

माथिको तालिकाबाट प्रायः सबै प्रदेशहरुबाट उल्लेख्य संख्यामा बालबालिका हराउने गरेको देखिएको छ । यसमध्ये सबैभन्दा बढी प्रदेश नं. ३ बाट मात्र २१.०४ प्रतिशत बालबालिका हराएको देखिन्छ भने प्रदेश नं. ३ बाट हराएका बालबालिका मध्ये ८६.६७ प्रतिशत बालबालिका फेला परेको देखिएको छ । सबभन्दा कम कर्णाली प्रदेशबाट २८८ बालबालिका हराएकोमा १९५ जना अर्थात ६७.७१ प्रतिशत फेला परेको,

हराएकोमध्ये सबभन्दा कम प्रदेश नं. २ मा ५४.३६ प्रतिशत मात्र फेला परेको देखिएको छ। गत आर्थिक वर्षमा कूल हराएकामध्ये ४३.७ प्रतिशत बालबालिका मात्र फेला परेकोमा यस आर्थिक वर्ष २०७५/०७६ मा उल्लेख्य सुधार भई ७४.२३ प्रतिशत बालबालिका फेला परेको देखिएको छ। तथापी, कतिपय घटनामा हराएको सूचना दिने तर परिवार वा समुदायमा नै फेला परेमा सोको सूचना बालबालिका खोजतलास समन्वय केन्द्र, १०४ मा नदिने गरिएका कारण फेला परेको संख्या कम रहेको पनि अनुमान गरिएको छ।

उमेर समूहको आधारमा हराएका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ।

तालिका १३ः उमेर समूहको आधारमा हराएका बालबालिकाको संख्या

| क्र.सं. | उमेर समूह (वर्ष) | हराएका बालबालिका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १. | ० – ५ | ३८ | ३० | ६८ |
| २. | ६ – १० | १०६ | ६८ | १७४ |
| ३. | ११ – १४ | ५०५ | ५८८ | १०९३ |
| ४. | १५ – १८ | ४०२ | १६८५ | २०८७ |
| जम्मा | | १,०५१ | २,३७१ | ३,४२२ |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, २०७६*

हराएका बालबालिकामध्ये गत आर्थिक वर्ष (२०७४/०७५) मा १,२४२ जना बालबालिका १५ देखि १८ वर्षसम्मका रहेका थिए भने यो आर्थिक वर्ष (२०७५/०७६) मा यो संख्या बढेर २,०८७ जना पुगेको देखिएको छ। १० वर्षसम्मका हराएका बालबालिकाको संख्यामा बालकको संख्या बढी देखिन्छ भने सो भन्दा माथि १८ वर्षमुनिका बालबालिकामा बालिकाको संख्या बढी देखिएको छ। अझ १५ देखि १८ वर्षमुनिका कूल हराएका बालबालिकामध्ये ८०.७४ प्रतिशत बालिका देखिनुले यस उमेर समूहका बालिका किन बढी हराई रहेका छन् सोको अध्ययन हुनु जरुरी देखिन्छ।

कतिपय बालबालिका बेवारिस अवस्थामा फेला परेका हुन्छन्। यस्ता बालबालिका र हराएर फेला परेका बालबालिकालाई उनिहरुको परिवारको पहिचान गरी परिवारमा पुनर्मिलन गरिन्छ। बेवारिस फेला परेका, परिवारमा पुनर्मिलन गरिएका, हाल संरक्षण गृहमा रहेका र संरक्षण गृहबाट भागेका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ।

तालिका १४ः बेवारिस अवस्थामा फेला परेका तथा परिवारमा पुनर्स्थापना गरिएको बालबालिकाको संख्या

| जम्मा बेवारिस अवस्थामा फेला परेका | | | जम्मा परिवारमा पुनर्मिलन गरिएका | | | हाल बा'की संरक्षण गृहमा रहेका | | | संरक्षण गृहबाट भागेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| ३४० | १७१ | ५११ | १९३ | ११६ | ३०९ | १३९ | ५५ | १९४ | ८ | ० | ८ |

*स्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, २०७६।*

गत आर्थिक वर्षमा बेवारिस अवस्थामा फेला परेकामध्ये ६४.७ प्रतिशत बालक रहेको पाइएको थियो भने यो आर्थिक वर्षमा सो प्रतिशत ६६.५४ रहेको देखिएको छ। यसैगरी बेवारिस फेला परेकाहरुमध्ये गत आर्थिक वर्षमा ६१ प्रतिशत बालबालिका परिवारमा पुनर्स्थापना भएको थियो भने यो आर्थिक वर्ष २०७५/०७६ मा ६०.४७ प्रतिशत बालबालिकालाई परिवारमा पुनर्स्थापना गरिएको छ। परिवारमा पुनर्स्थापना हुन नसकेका बालबालिकालाई संरक्षण गृहमा राखिने गरिएको छ। यस आर्थिक वर्षमा संरक्षण गृहबाट ८ जना बालक भागेर गएको तथ्याङ्क रहेको छ।

विभिन्न कारणले भारतको विभिन्न स्थानहरुमा पुगेका बालबालिकालाई साविक केन्द्रीय बाल कल्याण समितिबाट भारतका सम्बन्धित बाल कल्याण समितिसँगको समन्वयमा आर्थिक वर्ष २०७५/०७६ मा उद्धार गरी परिवारमा पुनर्मिलन तथा संस्थामा पुनर्स्थापना गरिएका बालबालिकाको संख्या जम्मा ४२ जना (बालक ४० र बालिका २) रहेका छन्। ती बालबालिका सिरहा, सुनसरी, सप्तरी, धनुषा र महोत्तरी जिल्लाहरुको रहेको देखिएको छ। यस कार्यमा गैरसरकारी संस्थाको समेत सहयोग रहेको छ।

### ३.५.२ हिंसा तथा जोखिममा रहेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्स्थापना

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (५) मा प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुने व्यवस्था छ। दफा ६६ को उपदफा (२) मा बालबालिका विरुद्ध हिंसाका कार्यहरु परिभाषित गरेको छ –अनुसूची १)। यस व्यवस्थाबाट हिंसा एवम् जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षण गर्ने कार्यमा थप बल पुग्ने देखिन्छ। यस कार्यमा सरकारी, गैर-सरकारी, नागरिक समाज लगायत सञ्चार माध्यम, विद्यालय, बालक्लब र बालबालिकाको समूह समेतले सक्रिय रुपमा कार्य गरी बालहिंसा न्यूनीकरणमा योगदान पुऱ्याउनु जरुरी छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट बाल हेल्पलाइन सञ्चालन कार्यविधि २०६४ जारी भई बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) सञ्चालनमा रहेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संयोजकत्वमा बाल हेल्पलाइन (१०९८) को केन्द्रीय निर्देशन समितिको गठन भई सोको सचिवालय राष्ट्रिय बाल अधिकार परिषद्मा रहेको छ। नेपाल दुरसञ्चार प्राधिकरणमार्फत विभिन्न दुरसञ्चार कम्पनीहरुबाट बाल हेल्पलाइनलाई निःशुल्क फोन नम्बर १०९८ उपलब्ध गराइएको छ। राष्ट्रिय बाल अधिकार परिषद् र गैर सरकारी संस्थाहरुको सहकार्यमा हाल १२ वटा जिल्लामा बाल हेल्पलाइन (१०९८) सञ्चालनमा रहेको छ र यसका लागि राष्ट्रिय बाल अधिकार परिषद्ले सहयोग गर्ने गरेको छ। बालबालिकालाई सम्झन र सजिलोका लागि फोन नम्बर १०९८ को उच्चारण "**दश नौ आठ**" भनी गरिन्छ जुन दक्षिण एसियाका देशहरुको बाल हेल्पलाइनको साझा नम्बरका रुपमा क्रमशः स्थापित हुँदैछ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्पलाइन/हटलाइनजस्ता सेवाको प्रवर्द्धन गर्ने व्यवस्था

छ। बाल अधिकार उल्लङ्घनको अवस्थामा छिटो-छरितो र बालमैत्री ढङ्गले बालबालिकाको संरक्षण, उद्धार र आवश्यक आपत्कालीन सहयोग पुऱ्याउने प्रभावकारी संरचना बाल हेल्पलाइन हो । बाल हेल्पलाइन विश्वका १३४ भन्दा बढी देशहरुमा सञ्चालन भई बाल संरक्षण प्रणालीको एक महत्वपूर्ण अङ्गका रुपमा स्थापित भएको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्को संयोजनमा विभिन्न सातवटा संघसंस्थाहरुको सहकार्यमा काठमाण्डौं, मोरङ, मकवानपुर, बाँके, कास्की, कैलाली, चितवन, उदयपुर, सुनसरी, दैलेख, सुर्खेत र बाजुरा गरी देशका १२ जिल्लामा **बाल हेल्पलाइन अर्थात निःशुल्क टेलिफोन नम्बर दश नौ आठ** सञ्चालन भइरहेको छ। बाल हेल्पलाइनलाई अझ बढी प्रभावकारी बनाउने प्रयासस्वरुप सार्क विकास कोषको आर्थिक सहयोग समेत परिचालन गरिएको छ ।

गत आर्थिक वर्ष (२०७४/०७५) मा १२ वटा बाल हेल्पलाइनबाट जोखिमपूर्ण अवस्थामा रहेका ३,३८५ जना बालबालिका (बालक १,५८२ र बालिका १,८०३) को उद्धार, राहत, मनोसामाजिक परामर्श, पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापना गरिएको थियो भने यस आर्थिक वर्षमा ३,५०१ जना बालबालिकाको आपत्कालीन उद्धार गरी बाल हेल्पलाइनको सेवा प्रदान गरिएको छ। जिल्लागत उद्धार सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका १५ः बाल हेल्पलाइनमार्फत आ.व. २०७५/०७६ मा उद्धार गरिएका बालबालिका

| क्र.स. | जिल्ला | संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | काठमाण्डौं | ३५७ | ४११ | ७६८ |
| २ | चितवन | ३८ | ११ | ४९ |
| ३ | सुर्खेत | १२८ | २१८ | ३४६ |
| ४ | बाँके | १६० | १४४ | ३०४ |
| ५ | मोरङ | १०९ | १४९ | २५८ |
| ६ | कैलाली | ६३ | ५८ | १२१ |
| ७ | मकवानपुर | ७० | १०४ | १७४ |
| ८ | कास्की | ११९ | ७१ | १९० |
| ९ | सुनसरी | १५० | ९८ | २४८ |
| १० | उदयपुर | ४२ | ५२ | ९४ |
| ११ | दैलेख | ४१७ | ५०६ | ९२३ |
| १२ | बाजुरा | ११ | १५ | २६ |
| जम्मा | | १,६६४ | १,८३७ | ३,५०१ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका कूल ३,५०१ जना बालबालिका र फोन कलको आधारमा उद्धार नगरी तत्काल आवश्यक सहयोग प्रदान गरिएका गरी कूल ७,८०६ जना (बालक ३,८०५, बालिका ४,००१) बालबालिकालाई सेवा प्रवाह गरिएको छ ।

तालिका १६: बाल हेल्पलाइन नं. १०९८ मार्फत आ.व. २०७५/०७६ मा सहयोग गरिएको बालबालिकाको संख्या

| क्र.स. | विवरण | सहयोग गरिएका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | स्वास्थ्य उपचार सहयोग | १९२ | १८९ | ३८१ |
| २ | मनोसामाजिक मनोविमर्श | १०४४ | ११२६ | २१७० |
| ३ | पारिवारिक परामर्श | ८६८ | ९४६ | १८१४ |
| ४ | कानूनी परामर्श | २०९ | २८८ | ४९७ |
| ५ | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | ७३३ | ५९२ | १३२५ |
| ६ | शैक्षिक सहयोग | ४०४ | ४८९ | ८९३ |
| ७ | अन्य सहयोग (बालविवाह रोकथाम, लागू पदार्थ दुर्व्यसन, जीविकोपार्जन) | ३५५ | ३७१ | ७२६ |
| | **जम्मा** | ३,८०५ | ४,००१ | ७,८०६ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

आर्थिक वर्ष २०७५/०७६ मा बाल हेल्पलाइन नं. १०९८ मार्फत प्रवाह गरिएको सेवामध्ये सबैभन्दा बढी २,१७० जना बालबालिकालाई मनोसामाजिक विमर्श सेवा प्रदान गरिएको छ भने १,८१४ बालबालिकाका परिवारलाई पारिवारिक परामर्श सेवा प्रवाह गरिएको छ ।

बालबालिका विरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकाको हकहितको संरक्षणको निम्ति सञ्चालित बाल हेल्पलाइनलाई प्रहरी प्रशासन, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, कानूनी सहयोग गर्ने संस्थाहरू, बालबालिका तथा मानव अधिकारसँग सम्बन्धित संघ-संस्थाहरू, अस्पताल, सञ्चारमाध्यम, समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र समन्वय प्राप्त भइरहेको छ । बाल हेल्पलाइन सेवाले अल्पकालीन संरक्षण, मनोसामाजिक विमर्श, पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापना लगायत बालबालिका विरुद्धका अपराध नियन्त्रण गर्न तथा बाल अधिकार हननूबारे राज्यलाई जानकारी दिन सहयोग पुऱ्याइरहेको छ ।

यसलाई अझ बढी प्रभावकारी बनाउँदै प्रदेश सरकार तथा स्थानीय तहबाट समेत थप स्रोत विनियोजन गर्न आवश्यक छ । स्थानीय सरकारबाट आगामी दिनहरूमा बाल अधिकार प्रवर्द्धन गर्न तथा बालसंरक्षणका लागि यस सेवालाई विकसित गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ । यो सेवा आपत्‌मा परेका बालबालिकाका निम्ति छिटोछरितो, बाल अधिकारसम्मत, बालमैत्री संरक्षण प्रणालीका रुपमा रहेको छ । यसको प्रभावकारिताका लागि सम्बन्धित स्थानीय तह, निजी क्षेत्र एवम् संघसंस्थाको सहकार्य वृद्धि गर्दै जानु पर्ने देखिन्छ ।

आर्थिक वर्ष २०७४/०७५ मा साविकको केन्द्रीय बाल कल्याण समितिमार्फत विभिन्न किसिमका हिंसा तथा जोखिममा रहेका ४६९ जना बालबालिका (२१८ जना बालक र २५१ जना बालिका) लाई आर्थिक सहयोग प्रदान गरिएको थियो भने यस आर्थिक वर्षमा अनाथ, असहाय, अपाङ्गता भएका तथा गम्भीर प्रकृतिको रोगका कारण समस्यामा परेका १४५ जना (८२ बालक र ६३ बालिका) एवम् लैङ्गिक हिंसाका कारण जोखिममा परेका ४७ जना बालिकालाई आर्थिक संरक्षण सहयोग प्रदान गरिएको थियो । संघीयता लागू भएको सन्दर्भमा यस्ता सहयोगहरु स्थानीय तथा प्रदेश सरकारबाट गर्नु आवश्यक देखिएको छ ।

### *३.५.३ बालबालिकाको बेचबिखन तथा यौनहिंसा*

नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (५) मा प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसैगरी, दफा ६६ मा बालबालिका विरुद्धको यौनहिंसा एवम् व्यवहारहरुबारे उल्लेख भएको छ (अनुसूची १) । यस व्यवस्थाबाट बालबालिका विरुद्धको यौनहिंसा र् जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षण गर्ने कार्यमा थप बल पुग्ने देखिन्छ ।

बाल अधिकार महासन्धिको धारा ३४ मा राज्यले बालबालिकामाथि हुने सबै प्रकारको यौन शोषण तथा दुर्व्यवहार, वेश्यावृत्ति लगायत अश्लिल चित्रणको नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले बाल अधिकार महासन्धि अन्तर्गतको बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २००० लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरेको छ । यसको व्यवस्था अनुसार प्रारम्भिक प्रतिवेदन २००९ मा संयुक्त राष्ट्र संघको बाल अधिकार समितिमा पेश गरेको छ । यस प्रतिवेदनमाथि उक्त समितिको समापन टिप्पणी अनुसार हालका कानूनहरुमा बाल दुर्व्यवहार विरुद्धका प्रावधानहरु व्यवस्था भइसकेका छन् भने बजेट, सूचना व्यवस्थापन, पाठ्यक्रम सुधार लगायत बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका यौनशोषण र दुर्व्यवहारका विषयहरु सम्बोधन गर्ने कार्यहरुमा नेपाल सरकार गम्भीरतापूर्वक लागिपरेको छ । नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धि र सो अन्तर्गतका इच्छाधिन आलेखहरुका प्रावधानहरुको परिपालना गर्नु एवम् महासन्धि र इच्छाधिन आलेखहरुमाथि संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिको समापन टिप्पणीमा दिइएका सुझावहरु कार्यान्वयन गर्नु राज्यका सबै अङ्गहरुको दायित्व हुन्छ । यसै दायित्व अनुसार थप कार्यहरु गर्नु आवश्यक देखिएको छ ।

बालबालिका विरुद्धका हिंसा, दुर्व्यवहार, अपहरण तथा बेचविखन जस्ता घटनाहरु गैरकानूनी हुँदाहुँदै पनि देशमा बालबालिकाको हत्या, हिंसा, अपहरण तथा बेचबिखन जस्ता कुकृत्यबाट बालबालिका पीडित भएका घटनाहरु जानकारीमा आउने गरेका छन् । नेपाल प्रहरीमा दर्ता भएका घटनामध्ये जबरजस्ती करणीबाट पीडित बालिकाको संख्या निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १७ः आ.व. २०७५/०७६ मा जबरजस्ती करणीबाट पीडित बालिकाको संख्या

| प्रदेश | मानव वेचविखन | | बालविवाह | | घरेलु हिंसा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| **प्रदेश १** | | ७९ | | २२८ | | ४७ | | ३५४ |
| **प्रदेश २** | | ३८ | | १२८ | | ४४ | | २१० |
| **प्रदेश ३** | | ४४ | | ८८ | | २६ | | १५८ |
| गण्डकी | | २२ | | ८४ | | १८ | | १२४ |
| **प्रदेश ५** | | ६० | | १३० | | ४० | | २३० |
| कर्णाली | | ९ | | ६२ | | १२ | | ८३ |
| **प्रदेश ७** | | २१ | | ५९ | | १९ | | ९९ |
| **उपत्यका** | | २५ | | ११० | | २७ | | १६२ |
| **जम्मा** | | २९८ | | ८८९ | | २३२ | | १,४२० |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७६ ।*

माथिको तालिका अनुसार आ.व. २०७५/०७६ मा जबरजस्ती करणीबाट देशभर १,४२० जना बालिका पीडित भएको घटना दर्ता भएको देखिन्छ। यो संख्या गत आ.व. को (९९५) भन्दा ४२५ ले बढी हो। जबरजस्ती करणीबाट पीडित हुने बालिकामध्ये २९८ (२०.९%) जना १० बर्षमुनिका रहेका छन्। त्यसैगरी ८८९ जना (६२.६%) ११ वर्षदेखि १६ वर्षसम्म र २३२ जना (१६.५%) १७ वर्षदेखि १८ वर्षसम्मका बालिका जबरजस्ती करणीबाट पीडित भएको देखिएको छ। प्रदेशगत रुपमा सबैभन्दा बढी प्रदेश नं. १ मा ३५४ जना (२४.९%) र सबैभन्दा कम कर्णाली प्रदेशमा ८३ जना (५.८%) बालिका जबरजस्ती करणीबाट पीडित भएका छन् । प्रदेश नं. ५ मा २३० जना (१६.१%), प्रदेश नं. २ मा २१० जना (१४.७%), उपत्यकामा १६२ जना (११.४%), प्रदेश नं. ३ मा १५८ जना (११.१%), गण्डकी प्रदेशमा १२४ जना (८.७%) र ९९ जना (६.९%) बालिका कर्णाली प्रदेशमा पीडित भएको तथ्याङ्क प्रहरी प्रधान कार्यालयबाट प्राप्त भएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा उपर्युक्त घटनाको अतिरिक्त बालबालिकामाथि जबरजस्ती करणीको उद्योग विरुद्ध ४०२ घटनाहरु दर्ता भएको अभिलेख रहेको थियो भने आर्थिक वर्ष २०७५/०७६ मा ३९९ वटा दर्ता भएका घटनाहरु तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १८ः आ.व. २०७५/०७६ मा जबरजस्ती करणी उद्योग अपराधबाट पीडित बालबालिकाको संख्या

| प्रदेश | १० वर्ष मुनि | ११-१६ वर्ष | १७-१८ वर्ष | जम्मा |
|---|---|---|---|---|
| | बालिका | बालिका | बालिका | बालिका |
| **प्रदेश १** | १६ | ९९ | १२ | १२७ |
| **प्रदेश २** | ११ | ३९ | ७ | ५७ |

| प्रदेश | १० वर्ष मुनि | ११-१६ वर्ष | १७-१८ वर्ष | जम्मा |
|---|---|---|---|---|
| | बालिका | बालिका | बालिका | बालिका |
| **प्रदेश ३** | १० | १९ | ४ | ३३ |
| गण्डकी | ७ | ३२ | ४ | ४३ |
| **प्रदेश ५** | १३ | ४४ | ९ | ६६ |
| कर्णाली | १ | १३ | ३ | १७ |
| **प्रदेश ७** | ४ | १४ | ७ | २५ |
| **उपत्यका** | ७ | १७ | ७ | ३१ |
| **जम्मा** | ६९ | २७७ | ५३ | ३९९ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७६ ।*

माथिको तालिकाबाट नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयबाट प्राप्त जानकारी अनुसार आ.व.२०७५/०७६ मा कूल ३९९ जना बालिका जवर्जस्ती करणी उद्योगबाट पीडित भएको घटना दर्ता भएको देखिन्छ। ज.ज.क.उ.बाट पीडित बालिकाको उमेर अनुसारको विवरण हेर्दा १० वर्षभन्दा मुनिका ६९ जना (१७.२ प्रतिशत), ११ देखि १६ वर्षसम्मका २७७ जना (६९.४ प्रतिशत) र १७-१८ वर्षका ५३ जना (१४.४ प्रतिशत) रहेका छन् । प्रदेश अनुसार पीडित बालिकाको विवरण हेर्दा सबैभन्दा बढी प्रदेश नं. १ मा १२७ जना (३१.८ प्रतिशत) र सबैभन्दा कम कर्णाली प्रदेशमा १७ जना (४.२ प्रतिशत) पाईएको छ। त्यसैगरी अन्य प्रदेशहरुमा प्रदेश नं. ५ मा ६६ जना (१६.५ प्रतिशत), प्रदेश नं. २ मा ५७ जना (१४.२ प्रतिशत), गण्डकी प्रदेशमा ४३ जना (१०.७ प्रतिशत), प्रदेश नं. ३ मा ३३ जना (८.२ प्रतिशत) र सुदुरपश्चिम प्रदेशमा २५ जना (६.२ प्रतिशत) बालिका ज.ज.क.उ.बाट पीडित भएको घटना दर्ता भएको जानकारी निर्देशनालयबाट प्राप्त भएको छ। यी घटनाहरु उजुरी परेका मध्येका हुन् । उजुरी नपरेका यस्ता घटनाहरु यसभन्दा निकै बढी हुन सक्ने अनुमान गर्न सकिन्छ। ज.ज.क. र ज.ज.क.उ.सँग सम्बन्धित तथ्याङ्कको सामान्य विश्लेषणबाट प्रदेश नं. १, प्रदेश नं. ५ र प्रदेश नं. २ मा बालयौन दूर्व्यवहार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने तथा प्रभावकारी सेवा प्रवाहमा संघीय तथा प्रदेश सरकारले विशेष ध्यान दिनु पर्ने देखिन्छ।

बालबालिका विरुद्धका जबरजस्ती करणीका घटना आफैमा जघन्य अपराध हो । बालबालिकामाथि हुने यस्ता जघन्य अपराध मानवमाथिकै कलङ्कको रुपमा रहेको छ। तसर्थ, बालबालिका विरुद्ध हुने यौनजन्य अपराध न्यूनीकरण तीनै तहको सरकार तथा सम्बन्धित निकाय र सरोकारवालाहरुको साझा प्राथमिकता हुनुपर्ने आवश्यकता छ।

उपर्युक्त बमोजिम जबरजस्ती करणी र जबरजस्ती करणीको उद्योगका घटनाहरु बाहेक बालबालिका विरुद्ध मानव बेचविखन, बालविवाह लगायत घरेलुहिंसा हुने गरेका छन् । नेपाल प्रहरीमा दर्ता भएका यस्ता घटनाहरु र सोबाट पीडित बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १९: आ.व. २०७५/०७६ मा १८ वर्षमुनिका लैङ्गिक हिंसाबाट पीडित बालबालिकाको संख्या

| प्रदेश | मानव बेचविखन | | बालविवाह | | घरेलु हिंसा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| **प्रदेश १** | १ | ३० | | ७ | १ | १३ | २ | ५० |
| **प्रदेश २** | | १७ | | १७ | १ | ५३ | १ | ८७ |
| **प्रदेश ३** | १ | १६ | | ६ | | ३९ | १ | ६१ |
| गण्डकी | | ५ | | २ | ३ | १७ | ३ | २४ |
| **प्रदेश ५** | ३ | २९ | | २१ | १ | ४६ | ४ | ९६ |
| कर्णाली | | ३ | | १७ | | १४ | ० | ३४ |
| **प्रदेश ७** | ४ | १७ | | ३ | | १३ | ४ | ३३ |
| **उपत्यका** | १ | १२ | | ३ | २ | ५३ | ३ | ७८ |
| **जम्मा** | १० | १३९ | | ७६ | ८ | २४८ | १८ | ४६३ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७६ ।*

माथिको तालिकाबाट मानव बेचविखन, बालविवाह लगायत घरेलुहिंसाबाट ४८१ जना (बालक १८ र बालिका ४६३) बालबालिका प्रभावित भएको देखिन्छ । बालविवाहमा बालक विरुद्ध कुनै उजुरी परेको देखिँदैन । बालबालिका विरुद्ध हुने यी सबै किसिमका हिंसा अन्त्यका लागि तीनै तहका सरकार लगायत अन्य सरोकारवाला संस्थाहरु सक्रिय हुन आवश्यक देखिन्छ ।

## ३.६ जन्मदर्ता

नेपालको संविधानको धारा ३९ (१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित जन्म दर्ताको हक हुने, बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्ने, जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्ने, बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउने, आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न नहुने जस्ता बालबालिकाको पहिचान सम्बन्धी कानूनी व्यवस्था भएको छ । नेपाल सरकारले २०८० सालसम्म सत् प्रतिशत बालबालिकाको जन्मदर्ता गर्ने प्रतिवद्धता जनाएको छ ।

बालअधिकार महासन्धि, सन् १९८९ को धारा ७ मा जन्मनासाथ बालबालिकाको जन्मदर्ता गरी औपचारिक नाम पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरुबाट स्याहार पाउने अधिकारको व्यवस्था गरिएको छ ।

देशका सबै गाउँ एवम् नगरपालिकाका वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी कामहरु हुँदैं आएको छ । कर्णाली भेगका सबै जिल्लाहरुका परिवार र देशभरीका दलित परिवारमा शिशु जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेमा प्रोत्साहन स्वरुप रु. एक हजार प्रदान गर्ने गरिएको छ । जन्मदर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिकाले पाउने भत्ता लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा जन्मदर्ताको महत्व बढ्दै गएको छ । केन्द्रीय तथ्याङ्क विभागको बहुसूचक क्लस्टर सर्वेक्षण (सन् २०१४) ले जन्मदर्ता दर ५८.१ प्रतिशत (बालक ५९.२ र बालिका ५७.०) पुगेको देखिएको छ ।

नेपालमा खासगरी परिवारबाट परित्यक्त भएका, अलपत्र परेका, पारिवारिक विखण्डन भएका, सडकमा रहेका लगायतका बालबालिकाको जन्मदर्तामा अझै पनि समस्या हुने गरेको छ । यस विषयलाई सम्बोधन गरी बालबालिकाको पहिचानको अधिकार सुनिश्चित हुन जरुरी देखिएको छ ।

## ३.७ धर्मसन्तान

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २१ मा धर्मपुत्र/धर्मपुत्री लिन दिन पाउने कुरालाई मान्यता दिएको छ । साथै धर्मपुत्र/धर्मपुत्री सम्बन्धी कार्यलाई अझ व्यवस्थित गर्नका लागि अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्री सम्बन्धी बालबालिकाको संरक्षण र सहयोग सम्बन्धी महासन्धि, २९ मे १९९३ समेत रहेको छ । यी महासन्धि अनुकूल हुनेगरी मुलुकी देवानी संहिता ऐन, २०७४ को परिच्छेद-८ मा धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी र परिच्छेद-९ मा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था विस्तृत रुपमा उल्लेख गरिएको छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नीदिने सम्बन्धी शर्त तथा प्रक्रिया, २०६५ र अन्तरदेशीय धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ मा बालबालिकाका धर्मपुत्र/पुत्री सम्बन्धी विभिन्न व्यवस्था गरिएका छन् ।

आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ मा आमाबाबु दुवै नभएका वा भएर पनि हेरचाह गर्ने शारीरिक वा मानसिक अवस्थामा नभएका परिवारका बालबालिकाको हेरचाह सकेसम्म उसको नातेदारहरु बीच गरिनु पर्दछ र राज्यले त्यसमा सघाउनु पर्दछ भन्ने व्यवस्था गरिएको छ । आफ्ना आमाबाबु गुमाएका “अनाथ” बालबालिकालाई सकेसम्म नातेदारको परिवार मै राखी र त्यो सम्भव नभएमा मात्र बालबालिकालाई नाता नपर्ने अन्य परिवारमा राख्ने विकल्प (Foster care) रोज्ने, सो सम्भव नभएमा देशभित्रै धर्मसन्तान हुने, देशभित्र धर्मसन्तान हुन नसके अन्तरदेशीय धर्मसन्तानमा पठाउने विकल्पमा जान सकिने व्यवस्था छ ।


धर्म सन्तान तस्करी
कसरी पुर्‍याइए ६ देशमा १३७ बालबालिका ?
नक्कली आमा बन्ने प्रयास विफल

विदेशी नागरिकहरुले विगतमा धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी प्रक्रिया सहज भएको कारण यो संख्या बढी भएको देखिएता पनि हाल कानूनी र संरचनागत व्यवस्थाका कारण यो संख्या अति न्यून हुन पुगेको छ । धर्मसन्तानको लिखत आधिकारिक रुपमा सुरक्षित हुनुपर्ने भएकाले यो मालपोत कार्यालयमा दर्ता पास गरी

राखिने गरिएकोमा नेपाल राजपत्रको भाग २ मिति २०७२ असोज १४ गतेको अतिरिक्ताङ्कको १५(घ) मा प्रकाशित नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन २०७२ र मुलुकी देवानी संहिता, २०७४ अनुसार हाल सो कार्य जिल्ला अदालतबाट गरिने प्रावधान रहेको छ । देशभित्र जिल्लाहरुमा ग्रहण गरिएको अभिलेख प्राप्त हुन कठिनाई भएकोले यस सम्बन्धी एकीकृत तथ्याङ्क उपलव्ध हुन सकेको छैन । धर्मपुत्र/पुत्री ग्रहण गर्ने प्रक्रियाबाहेक गैरकानूनी रुपबाट समेत धर्म सन्तान तस्करी गरिएका घटना सार्वजनिक भएको देखिन्छ ।

## ३.८ शरणार्थी बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २२ मा शरणार्थी भएका वा शरणार्थी हुने अवस्थामा रहेका बालबालिकालाई पक्ष राष्ट्रले विशेष संरक्षण दिनुपर्ने र शरणार्थी बालबालिकाको पनि अरु बालबालिका सरहकै अधिकार उपभोगमा सुनिश्चितता गर्नुपर्ने व्यवस्था रहेको छ । शरणार्थीहरुमध्ये पनि बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ ।

गत आर्थिक वर्षमा गृह मन्त्रालयको जानकारी अनुसार भुटानी र तिब्बती शरणार्थी बाहेक नेपालमा इरान, इराक, म्यानमार, पाकिस्तान, बंगलादेश, सोमालिया, श्रीलंका, अफगानिस्तान र कङ्गोबाट जम्मा ६९८ जना आप्रवासीहरु गैरकानूनी रुपमा नेपालमा रहेको पाइएको थियो । यसमध्ये म्यानमारबाट ३१४ जना र पाकिस्तानबाट २५० जना रहेका थिए । ती परिवारहरुमा बालबालिकाको संख्या भने यकीन भएको थिएन ।

यसबाहेक नेपालमा दशकौं पहिलेदेखि तिव्बेतियन शरणार्थीहरु बसीरहेका छन् । गृह मन्त्रालयबाट प्राप्त जानकारी अनुसार ती शरणार्थीहरु ताप्लेजुङ, इलाम, संखुवासभा, दोलखा, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, काठमाण्डौं, रसुवा, सोलुखुम्बु, गोरखा, कास्की, तनहुँ, मनाङ, मुस्ताङ, बाग्लुङ, नवलपरासी, डोल्पा, जुम्ला, हुम्ला र दार्चुला जिल्लामा रहेका छन् । हाल कूल शरणार्थी र बालबालिकाको संख्या यकिन गर्न सकेको देखिँदैन ।

आर्थिक वर्ष २०७४/०७५ मा कूल भुटानी शरणार्थी बालबालिकाको संख्या २,२६२ रहेको थियो । गृह मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार नेपालमा हाल बेलडाँगी र शनिश्चरेस्थित भुटानी शरणार्थीहरुको शिविर र सो बाहिर रहेका समेत गरी २०७६ साल असारसम्म १८ वर्षमुनिका बालबालिकाको संख्या २,०८५ (१,००९ बालिका र १,०७६ बालक) जना रहेको छ । विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २०: भूटानी शरणार्थी बालबालिकाको संख्या (असार २०७६ सम्म)

| शिविरको नाम | ०-४ उमेर समूह | | | ५-११ उमेर समूह | | | १२-१७ उमेर समूह | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | |
| बेलडाँगी | १६८ | १७५ | ३४३ | ३०१ | ३४३ | ६४४ | २९० | ३२८ | ६१८ | १,६०५ |
| शनिश्चरे | ६२ | ५८ | १२० | १०२ | ९८ | २०० | ८५ | ७२ | १५७ | ४७७ |
| शिविरबाहिर | ० | ० | ० | ० | १ | १ | १ | १ | २ | ३ |
| **जम्मा** | २३० | २३३ | ४६३ | ४०३ | ४४२ | ८४५ | ३७६ | ४०१ | ७७७ | २,०८५ |

*स्रोतः गृह मन्त्रालय, २०७६ ।*

गत आर्थिक वर्षमा भन्दा यस आर्थिक वर्षमा भुटानी शरणार्थी बालबालिकाको संख्या १७७ जना कम भएको देखिएको छ। भुटानी शरणार्थीहरु तेस्रो मुलुकहरुमा पुनर्स्थापना (Third Country Settlement) भई जाने क्रममा बालबालिकाको संख्या कम हुन आएको हुन सक्छ। बेलडाँगी र शनिश्चरेस्थित शिविर लगायत बाहिर रहेका यस्ता शरणार्थी बालबालिका विरुद्धको हिंसा र अन्य जोखिमका सूचनाहरु खासै जानकारीमा आएका छैनन्।

## ३.९ अपाङ्गता भएका बालबालिका

नेपाल सरकार अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै आएको छ। नेपालको संविधानको धारा ३९ मा अपाङ्गता भएका एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था भएको छ। यसैगरी धारा ३१ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, ब्रेललिपि तथा साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने प्रावधानहरु रहेका छन्। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ लागू गरिएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारको व्यवस्था छ (अनुसूची १)। यी कानूनी प्रावधानहरुको कार्यान्वयनबाट अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारको संरक्षण तथा प्रवर्द्धन भई उनिहरुको फरक क्षमता अनुसार व्यक्तित्व विकासमा सहयोग पुग्नेमा विश्वस्त रहनसक्ने देखिएको छ। नेपाल सरकारद्वारा अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ।

राष्ट्रिय जनगणना २०६८ बाट कुनै-न-कुनै प्रकारको अपाङ्गता भएको जनसंख्या ५,१३,३२१ अर्थात कूल जनसंख्याको १.९४ प्रतिशत (पुरुष २.१८ र महिला १.७१ प्रतिशत) देखिएको छ। यसमध्ये शहरी क्षेत्रमा १.२१ र ग्रामीण क्षेत्रमा २.०९ प्रतिशत देखिन्छ। केन्द्रीय तथ्याङ्क विभागले २०१४ मा प्रकाशन गरेको पपुलेशन मोनोग्राफ भोलुम २ मा अपाङ्गता भएको व्यक्तिहरुको विश्लेषण गरिएको छ विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।।

तालिका २१: अपाङ्गता भएका जनसंख्याको विवरण

| | शारीरिक | न्यून दृष्टीयुक्त | सुस्त श्रवण | श्रवण दृष्टी विहीन | स्वरबोलाई सम्बन्धी अपाङ्गता | सुस्त मनस्थिति | बौद्धिक अपाङ्गता | बहु-अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १०८२७९ | ४७०४१ | ४१२०४ | ४८०३ | ३३१९० | १६७८७ | ८२८० | २०५०२ | २८००८६ |
| महिला | ७८१७८ | ४७७२४ | ३८१०३ | ४६३३ | २५६६५ | १४२१० | ६६०८ | १८११४ | २३३२३५ |
| **जम्मा** | १८६४५७ | ९४७६५ | ७९३०७ | ९४३६ | ५८८५५ | ३०९९७ | १४८८८ | ३८६१६ | ५१३३२१ |
| प्रतिशत* | ०.७० | ०.३६ | ०.३० | ०.०४ | ०.२२ | ०.१२ | ०.०६ | ०.१५ | १.९४ |
| प्रतिशत# | ३६.३२ | १८.४६ | १५.४५ | १.८४ | ११.४७ | ६.०४ | २.९० | ७.५२ | १०० |

*स्रोत: स्टाटिस्टिकल पकेट बुक अफ नेपाल, २०१४, केन्द्रीय तथ्याङ्क विभाग।*

* कूल जनसंख्या २,६४,९४,५०४ को प्रतिशत    # कूल अपाङ्गता भएका जनसंख्याको प्रतिशत

माथिको तालिकाबाट २०६८ सालको जनगणना अनुसारको कूल जनसंख्याको १.९४ प्रतिशत व्यक्तिहरुमा कुनै-न-कुनै प्रकारको अपाङ्गता भएको पाइएको देखिएको छ जसमध्ये सबभन्दा बढी शारीरिक अपाङ्गता ०.७० प्रतिशत र सबभन्दा कम श्रवण र दृष्टी दुवै विहीन भएका व्यक्तिहरु ०.०४ प्रतिशत रहेको पाइएको छ।

पपुलेशन मोनोग्राफ भोलुम २ मा विश्लेषण गरिए अनुसार नेपालमा कूल जनसंख्याको ०.९९ प्रतिशत (९२,०१२ जना) ० देखि १४ वर्ष सम्मका बालबालिकामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ र ९२,०१२ जनामध्ये शारीरिक अपाङ्गता ३६.१ प्रतिशत, दृष्टिविहीन १८.५ प्रतिशत, स्वरबोलाई सम्बन्धी अपाङ्गता १५.५ प्रतिशत, पूर्ण सुन्न नसक्ने १०.४ प्रतिशत, बहु अपाङ्गतामा ९.५ प्रतिशत, सुस्त मनस्थिति ४.५३ प्रतिशत, बौद्धिक अपाङ्गता ४.३ प्रतिशत र श्रवण-दृष्टिविहीन १.६ प्रतिशत रहेको छ।

देशका जम्मा ४६ वटा जिल्लाहरुमा ५३३ वटा आवासीय बालगृहहरु सञ्चालनमा रहेका छन्। सोमध्ये १४ वटा बालगृहहरुमा मूलतः अपाङ्गता भएका बालबालिकालाई संरक्षण प्रदान गरिएको छ। तलको तालिकामा बालगृह भएका जिल्ला र उक्त बालगृहहरुमा संरक्षित अपाङ्गता भएका बालबालिकाको संख्या दिइएको छ।

तालिका २२ः जिल्ला, बालगृह र अपाङ्गता भएका बालबालिकाको संख्या

| क्रसं | जिल्ला | बालगृहको नाम | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १ | संखुवासभा | सुस्तमनस्थिति केन्द्र | ३ | ३ | ६ |
| २ | झापा | अपाङ्ग बाल शिक्षा सरोकार केन्द्र | ६ | ६ | १२ |
| ३ | काठमाण्डौं | अपाङ्ग तथा असहाय बालबालिका | ५ | ८ | १३ |
| ४ | काठमाण्डौं | अपाङ्ग सेवा संघ आशा केन्द्र | ८ | २२ | ३० |
| ५ | काठमाण्डौं | अपाङ्ग पुर्नस्थापना केन्द्र नेपाल | २६ | २९ | ५५ |
| ६ | काठमाण्डौं | अपाङ्ग नव जीवन केन्द्र | १९ | १४ | ३३ |
| ७ | काठमाण्डौं | ओम अपाङ्ग बालबालिका स्याहार केन्द्र | ७ | ११ | १८ |
| ८ | काठमाण्डौं | एसओएस बालग्राम | २० | २२ | ४२ |
| ९ | काठमाण्डौं | गणेश अपाङ्ग नवजीवन केन्द्र | ९ | ० | ९ |
| १० | काठमाण्डौं | द्वन्द्वपीडित तथा अपाङ्ग समाज नेपाल | १८ | १५ | ३३ |
| ११ | काठमाण्डौं | नेपाल कल्याणकारी अपाङ्ग केन्द्र | ७ | ६ | १३ |
| १२ | काठमाण्डौं | बाल अपाङ्ग टेवा संघ | ९ | ११ | २० |
| १३ | ललितपुर | अपाङ्ग सेवा संघ | २४ | ३० | ५४ |
| १४ | मकवानपुर | अनाथ, अपाङ्ग बाल पुर्नस्थापना केन्द्र | ० | १८ | १८ |
| | | | १६१ | १९५ | ३५६ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

अपाङ्गता भएका बालबालिकालाई परिचय पत्रको व्यवस्था गरिएको छ। स्वास्थ्य सुविधा लगायत अपाङ्गताको प्रकृतिको आधारमा आवासीय तथा गैह्रआवासीय छात्रवृत्तिको व्यवस्था निरन्तर रुपमा रहेको छ। अपाङ्गता भएका बालबालिकाको संरक्षण, विकासका निम्ति सरकारी तथा अन्य विकासका साझेदार संस्थाहरुबाट विभिन्न सेवा सुविधाहरु प्रदान हुँदै आएको छ।


यस्ता प्रयास हुँदाहुँदै पनि अपाङ्गता भएका सबै बालबालिकाको आधारभूत आवश्यकताको सुनिश्चितता गर्न सकिएको छैन । खासगरी बौद्धिक अपाङ्गता र बहुअपाङ्गता भएका बालबालिकाका निम्ति सेवाहरु न्यून रहेको देखिएको छ । अझ बेवारिस अवस्थामा फेला परेका बौद्धिक तथा बहुअपाङ्गता भएका बालबालिकाको संरक्षण चुनौतीपूर्ण रहँदै आएको छ ।

आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं. ७७ मा आर्थिक रुपले विपन्न, असक्त र असहाय अवस्थामा रहेका, अपाङ्गता भएका बालबालिका, एचआइभी संक्रमित, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका व्यक्ति लगायत सबै नागरिकलाई राज्यबाट संरक्षित भएको अनुभूति हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ । बुँदा नं. २५९ मा हिंसा पीडित महिला, अपाङ्गता भएका व्यक्ति, दलित बालबालिकालाई निःशुल्क कानूनी सहायता उपलब्ध गराइनेछ भन्ने उल्लेख भएको छ । यसबाट अपाङ्गता भएका बालबालिका लाभान्वित हुने देखिन्छ ।

## ३.१० सडक दुर्घटना र बालबालिकाको अवस्था

सडकमा हुने सवारी दुर्घटनाहरुबाट प्रत्येक वर्ष धेरैको ज्यान जाने र गम्भीर घाइते हुने गरेको छ । देशभरमा भएका सवारी दुर्घटनाहरुबाट परेको मानवीय क्षतिको विवरण अध्यावधिक रुपमा उपलब्ध हुन कठिन भएको छ । काठमाण्डौं उपत्यकाभित्र भएका यस्ता घटनाहरुको विवरण उपलब्ध हुने गरेको छ । आ.व. २०७४/०७५ मा काठमाण्डौं उपत्यकाभित्र ६,३८१ सडक दुर्घटना भएको थियो भने आ.व. २०७५/०७६ मा ८,५११ सवारी दुर्घटना भएको जानकारीमा आएको छ । विगत पाँच आर्थिक वर्षहरुमा काठमाडौ उपत्यकामा मात्र भएका सडक दुर्घटनाको संख्या तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

ग्राफ ३ः काठमाडौ उपत्यकामा भएका सडक दुर्घटनाको संख्या




*स्रोतः गृह मन्त्रालय, महानगरीय ट्राफिक प्रहरी महाशाखा (अन्वेषण योजना शाखा), २०७२ - २०७६ ।*

काठमाण्डौं उपत्यकामा सवारी दुर्घटनाका घटना विगत दुई वर्षमा निकै बढ्दो क्रममा रहेको देखिएको छ । ट्राफिक प्रहरी कार्यालयको तर्फबाट सवारी दुर्घटना सम्बन्धी चेतनामूलक कार्यहरु लगायत दुर्घटना

न्युनीकरणका विभिन्न उपायहरु अपनाउँदा समेत सवारी दुर्घटना बढ्दै जानु चिन्ताजनक स्थिति हो। विगत पाँच वर्षमा भएका सवारी दुर्घटनाबाट मृत्यु भएका व्यक्तिहरुको उमेर समूह अनुसारको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २३ः काठमाण्डौं उपत्यकाभित्र सवारी दुर्घटनामा मृत्यु भएका व्यक्तिहरुको संख्या

| उमेर समूह | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ |
| १६ वर्षमुनि | १३ | १२ | १६ | १८ | १५ |
| १७ देखि ३५ | ७२ | ९२ | ८६ | १०३ | १४७ |
| ३६ भन्दा माथि | ४८ | ६२ | ८० | ७३ | ९२ |
| **जम्मा** | १३३ | १६६ | १८२ | १९४ | २५४ |

*स्रोतः गृह मन्त्रालय, महानगरीय ट्राफिक प्रहरी महाशाखा (अन्वेषण योजना शाखा), २०७२ - २०७६।*

उपर्युक्त तालिकाबाट प्रत्येक वर्ष सवारी दुर्घटनाबाट मृत्यु हुने व्यक्तिहरुको संख्या बढेको देखिन्छ। आ.व. २०७४/०७५ मा सवारी दुर्घटनाबाट मृत्यु हुनेहरुमध्ये १६ वर्षभन्दा मुनिका १८ जना (९.३%) बालबालिका रहेको देखिएको थियो भने आ.व. २०७५/०७६ मा १५ जना (५.९%) रहको पाइएको छ।

सवारी दुर्घटना रोकथाम तथा नियन्त्रण गर्न महानगरीय ट्राफिक प्रहरी महाशाखाले सवारी तथा यातायात व्यवस्था ऐन/नियमको कडाइका साथ कार्यान्वयन गर्ने गरेको छ। दुर्घटनाबाट घाइते भएका, ट्राफिक नियम उल्लङ्घन गरेका लगायत स्कूल, कलेज एवम् विभिन्न संघसस्थाहरूमा ट्राफिक सचेतना सम्बन्धी कक्षा सञ्चालन गर्ने गरिएको छ। जथाभावी बाटो काट्ने पैदल यात्रुहरूलाई सम्झाई बुझाई तथा सडक सुरक्षा सम्बन्धी सचेतना, ट्राफिक एफ.एम.लाई प्रभावकारी रुपमा सञ्चालन गरी जनचेतनामूलक कार्यक्रमहरु प्रशारण गर्ने जस्ता कार्यहरु गरिरहेको छ। तथापी, सवारी दुर्घटनाका घटना झन्झन् बढ्दै गएको देखिएको छ। यसर्थ सडक तथा सवारी दुर्घटना न्यूनीकरणका लागि थप उपायहरु अपनाउनु जरुरी देखिएको छ।

## ३.११ सामाजिक सुरक्षा र बालबालिका

नेपालको संविधान (२०७२) को धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुने व्यवस्था रहेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ३२ मा सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्क रुपमा तोकिएका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था छ। यसबाट संरक्षणको विशेष आवश्यकता भएका बालबालिकाको सामाजिक सुरक्षा सम्बन्धी सेवासुविधा पाउने अधिकार सुनिश्चित हुने दिशातिर सरकार अग्रसर रहेको छ।

हाल कार्यान्वयनमा रहेका बालबालिकाको सामाजिक सुरक्षाका विषयवस्तुहरू तथा सेवासुविधाका विषयहरु विभिन्न स्वरुपका छन् । बालबालिका लक्षित सामाजिक सुरक्षा जनित आर्थिक सहयोगका कार्यक्रमबाट प्रशस्तै बालबालिका लाभान्वित भएको देखिएको छ ।

सरकारले आर्थिक वर्ष २०७६/०७७ देखि पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक रु. ३,०००।, गत वर्ष (रु. २०००) अति असक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक रु. १६००। (गत वर्ष रु. ६००), लोपोन्मुख जातिका व्यक्तिलाई मासिक रु. ३,०००। (गत वर्ष रु. २०००) र कर्णाली क्षेत्र तथा अछाम, रौतहट र बझाङ जिल्ला र देशभर दलित समुदायका प्रति आमा दुइजना बालबालिकालाई मासिक रु. ४००। का दरले भत्ता प्रदान गरिरहेको छ । यसैगरी सहिद परिवारलाई मासिक रु. ५,०००। र सहिद परिवारका १८ वर्षसम्मका ३ जनासम्म बालबालिकालाई अध्ययन खर्च, द्वन्द्व प्रभावित बालबालिकालाई मासिक रु. ५,०००। लगायत तोकिएका विद्यार्थीलाई आवासीय छात्रवृत्ति मासिक रु. ५,०००। सम्म प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त बालबालिका लक्षित सामाजिक सुरक्षा सम्बन्धी प्रत्यक्ष र अप्रत्यक्ष एवम् नगद तथा जिन्सी हस्तान्तरण र सेवा प्रदान गर्ने जस्ता कार्यहरु शिक्षा, स्वास्थ्य क्षेत्र लगायत अन्य विषयगत क्षेत्रबाट पनि सञ्चालन गरिएको पाइएको छ ।

आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा संघीय तथा सामान्य प्रशासन मन्त्रालयबाट बालपोषण, अपाङ्गता र लोपोन्मुख जातिका व्यक्तिलाई विनियोजन गरेको सामाजिक सुरक्षा भत्ताको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २४: आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बालबालिकाको संख्या

| क्र.सं. | सामाजिक सुरक्षाको किसिम | लाभग्राहीको संख्या | रकम (रु) |
|---|---|---|---|
| | आ.व.२०७४/०७५ | | |
| १ | बालपोषण भत्ता | ५,२१,५०७ | २,५०,३२,३३,६०० |
| २ | पूर्ण अपाङ्गता भएका बालबालिका* | १६,५३० | ३९,६७,२०,००० |
| ३ | अति अशक्त अपाङ्गता भएका बालबालिका* | २७,३१८ | १९,६६,८९,६०० |
| ४ | लोपोन्मुख जातिका बालबालिका* | १०,३६० | २४,८६,४०,००० |
| | जम्मा | ५,७५,७१५ | ३,३४,५२,८३,२०० |
| | आ.व.२०७५/०७६ | | |
| १ | बालपोषण भत्ता | ७,३७,५७९ | ३,५४,०३,७९,२०० |
| | दलित | ३,६३,००६ | १,७४,२४,२८,८०० |
| | गैर दलित | ३,७४,५७३ | १,७९,७९,५०,४०० |
| २ | पूर्ण अपाङ्गता भएका बालबालिका* | १९,५८२ | ५,८७,४६,००० |
| ३ | अति अशक्त अपाङ्गता भएका बालबालिका* | ३३,८६५ | ५,४१,८४,००० |
| ४ | लोपोन्मुख जातिका बालबालिका* | १०,१८५ | ३६,६६,६०,००० |
| | जम्मा | ८,०१,२११ | ७,५६,०३,४८,४०० |

*स्रोतः राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग, २०७५ र २०७६ ।*

** बालबालिकाको संख्या स्पष्ट नखुलेको हुँदा कूल जनसंख्याको ४१.८४ प्रतिशत बालबालिकाको जनसंख्याको आधारमा अनुमान गरिएको ।*

माथिको तालिका अनुसार आ.व. २०७५/०७६ मा सामाजिक सुरक्षा कार्यक्रमबाट करिब ८ लाख १ हजार २ सय ११ जना बालबालिका लाभान्वित भएको देखिन्छ। गत आ.व. मा भन्दा २ लाख २५ हजार ४ सय ९६ जना बालबालिका यो आ.व.मा बढी लाभान्वित भएका छन्। एकै आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित बालबालिका करिब ७२ प्रतिशतले वृद्धि हुनुले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि राज्यको संवेदनशीलता उल्लेख्य रुपमा बढेको देखिन्छ।

यस आर्थिक वर्षमा सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमका लागि विनियोजन गरिएको रकममध्ये बालबालिकाका लागि करिब ७ अर्व ५६ करोड ३ लाख रुपैयाँ (गत आ.व.मा भन्दा करिब ४ अर्व २१ करोड ५० लाख बढी) रहेको देखिएको छ। यो रकममा सहिदका परिवारलाई जीवनयापन गर्न प्रदान गरिने र सहिदका परिवारका १८ वर्षसम्मका ३ जनासम्म बालबालिकालाई अध्ययन खर्च प्रदान गर्ने, द्वन्द्व प्रभावित बालबालिकालाई प्रदान गरिने, आवासीय र गैरआवासीय विभिन्न छात्रवृत्ति लगायतका रकम समावेश गरिएको छैन। साथै, विभिन्न प्राकृतिक प्रकोप र विविध किसिमका विपद्को समयमा सरकारी विभिन्न निकायहरुबाट प्रदान गरिने मानवीय सहयोग (नगद तथा जिन्सी) समेत समावेश गरिएको छैन। यसैगरी स्थानीय तह, विभिन्न विकासका साझेदार संस्था, निजी क्षेत्र तथा व्यक्तिगत तवरबाट सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रदान गरिने नगद तथा सेवासुविधा समेत समावेश गरिएको छैन।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्बाट जोखिममा रहेका र विविध खाले हिंसा (यौनशोषण, शारीरिक हिंसा, बेवारिसे, बेचविखन, विपद्, आदि) मा परेका बालबालिकालाई सहयोग, उद्धार, पुनर्स्थापना तथा पारिवारिक पुनर्एकीकरणको व्यवस्था समेत गर्ने गरिएको छ। केही स्थानीय सरकारबाट जोखिम तथा सीमान्तकृत समुदायका बालबालिकाको संरक्षणार्थ आर्थिक सहयोग गर्ने कार्यको थालनी भएको छ।

आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं. ७२ मा लोककल्याणकारी राज्य व्यवस्था निर्माण गर्दै सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न सबै नागरिकलाई गर्भावस्थादेखि बृद्धावस्थासम्मको जीवनचक्रलाई सामाजिक सुरक्षामा आवद्ध गरिनेछ। गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण, बाल्यावस्थामा खोप, पोषणयुक्त आहार र बाल संरक्षण अनुदान, विद्यार्थी अवस्थामा निःशुल्क शिक्षा र छात्रवृत्ति, वयस्क अवस्थामा रोजगारी सुरक्षा एवम् निःशुल्क स्वास्थ्य बिमा प्रदान गर्ने गरी सामाजिक सुरक्षाका कार्यक्रम अगाडी बढाइनेछ। बुँदा नं. ७८ मा ज्येष्ठ नागरिक मात्र हैन बालबालिकालाई समेत राज्यले संरक्षण गर्नु पर्दछ भन्ने बलियो धारणा यो सरकारको छ। त्यसैले आगामी वर्ष दलित तथा कर्णाली क्षेत्रका बालबालिका र मानव विकास सूचकाङ्कमा पछि परेका तराई-मधेस लगायतका जिल्लाहरुका अतिरिक्त गरिबीको रेखामुनिका परिवारका बालबालिका समेतलाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो तुल्याइएको छ भन्ने उल्लेख भएको छ।

## ३.१२ बाल सुधार गृह र अभिभावकसंगै कारागारमा रहेका बालबालिका

### *३.१२.१ बाल सुधार गृह*

वयस्कबाट हुन सक्ने कुनै पनि अपराधिक घटनाहरु बालबालिकाबाट हुन गएमा यसलाई बाल बिज्याँइ भन्ने गरिन्छ । त्यस्ता घटनाहरुमा अदालतबाट दोषी ठहरिएका बालबालिकालाई तोकिएको समयावधिका लागि जेलमा नराखी सुधार गृहमा राख्ने गरिएको छ । हाल देशभरीमा ८ वटा बाल सुधार गृहहरु सञ्चालनमा रहेका छन् । उक्त गृहहरुमा रहेका बालबालिकाका लागि कारागार व्यवस्थापन विभागको तर्फबाट नियमानुसारको रासन तथा सुविधा प्रदान गरिन्छ र आवश्यक सुरक्षाकर्मीको व्यवस्था गरिन्छ। बाल सुधार गृहमा बालबालिकालाई शिक्षा र तालिमको व्यवस्था गरिएको हुन्छ। हाल सञ्चालनमा रहेका बाल सुधार गृह र संरक्षित बालबालिकाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका २५: बाल सुधार गृह र बालबालिकाको संख्या

| क्रसं | बाल सुधार गृह | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | भक्तपुर | २०८ | २३ | २३१ |
| २ | मोरङ | १३८ | ० | १३८ |
| ३ | कास्की | ७४ | ० | ७४ |
| ४ | मकवानपुर | ६६ | ० | ६६ |
| ५ | पर्सा | ७८ | ० | ७८ |
| ६ | रुपन्देही | ८५ | ० | ८५ |
| ७ | बाँके | १०९ | ० | १०९ |
| ८ | डोटी | ४० | ० | ४० |
| | जम्मा | ७९८ | २३ | ८२१ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

सबैभन्दा बढी सानोठिमी, भक्तपुरमा, २३१ जना बालबालिका रहेका छन् भने मोरङमा १३८ जना, बाँकेमा १०९ जना, रुपन्देहीमा ८५ जना, पर्सामा ७८ जना, कास्कीमा ७४ जना, मकवानपुरमा ६६ जना र डोटीमा ४० जना गरी कूल ८२१ (२३ जना बालिका र ७९८ जना बालक) जना रहेका छन् । गत वर्ष जम्मा ३८२ (१४ जना बालिका र ३६८ जना बालक) बालबालिका रहेका थिए। एकै वर्षमा बाल बिज्याँइका घटनाहरुमा अदालतबाट दोषी ठहरिएका बालबालिकाको संख्या ४३९ अर्थात करिब ११५ प्रतिशतले वृद्धि हुनुले मुलुकमा बालबालिकाको बिज्याँइको संख्या अकल्पनीय रुपमा बढ्दै गएको इङ्गित हुन्छ। यसतर्फ संघीय, प्रदेश र स्थानीय सरकारको गम्भीर ध्यानाकर्षण हुन जरुरी छ।

बाल सुधार गृहमा रहेका बालबालिका जबरजस्ती करणी, कर्तव्य ज्यान र चोरीजस्ता कसुरहरूमा दोषी ठहरिएको देखिन्छ। यसको विवरण अनुसूची १६ मा दिइएको छ।

बालबालिकाले गरेको विभिन्न १५ प्रकारको कसुरको प्रकृति हेर्दा सबैभन्दा बढी जबरजस्ती करणीको कसुरका कारण ३५५ जना बालकहरु सुधार गृहमा रहेका छन् भने त्यसैगरी अन्य कारणहरुमा १२१ जना लागू औषध, ११२ जना कर्तव्य ज्यान, ९६ जना चोरी सम्बन्धी कसुर गरेको देखिएको छ । यसबाट बालबालिका गम्भीर प्रकृतिका आपराधिक क्रियाकलापहरुमा संलग्न भएको पाइएको छ ।

हाल बाल सुधार गृहमा रहेका ८२१ बालबालिकाको उमेर समूहको आधारमा देहाय बमोजिमको विवरण प्रस्तुत गरिएको छ ।

तालिका २७: बाल सुधार गृहमा रहेका बालबालिकाको उमेर समूह

| क्रसं | बाल सुधार गृह | १४ वर्षमुनि | १४ - १५ वर्ष | १६ - १८ वर्ष | जम्मा |
|---|---|---|---|---|---|
| १ | भक्तपुर | १ | १६ | २१४ | २३१ |
| २ | मोरङ | ११ | ७२ | ५५ | १३८ |
| ३ | कास्की | ५ | ११ | ५८ | ७४ |
| ४ | मकवानपुर | १ | २२ | ४३ | ६६ |
| ५ | पर्सा | २ | १५ | ६१ | ७८ |
| ६ | रुपन्देही | ६ | १४ | ६५ | ८५ |
| ७ | बाँके | ० | ४२ | ६७ | १०९ |
| ८ | डोटी | ३ | ३ | ३४ | ४० |
| | जम्मा | २९ | १९५ | ५९७ | ८२१ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

उमेरगत समूहमा हेर्दा सबैभन्दा बढी ५९७ जना १६ देखि १८ वर्षका रहेका छन् भने १४ देखि १५ वर्षका १९५ जना र १४ वर्षमुनिका २९ जना बालबालिका बाल सुधार गृहमा आश्रित छन् ।

बालबालिका संलग्न हुने कसुरका प्रकृति, बालबालिकाको बढ्दो कसुर र बाल सुधार गृहमा बालबालिकाका लागि प्रदान गरिने सेवासुविधाको बारेमा सम्बद्ध निकायहरुले सुधारका लागि गम्भीरता पूर्वक छलफल र उपायहरु अपनाउन जरुरी देखिन्छ ।

### ३.१२.२ *अभिभावकसँगै कारागारमा रहेका बालबालिका*

कुनै पनि बिज्याँइ नगरेका, तर बाबुआमा तथा अभिभावक कैदीबन्दीको रुपमा रहँदा घरपरिवारमा साना बालबालिकालाई लालनपालन गर्ने कोही नभएको अवस्थामा बालबालिकासमेत बाबुआमा तथा अभिभावकसंगै कारागारमा बस्न बाध्य भएका छन् । आ.व. २०७४/०७५ मा विभिन्न कारागारमा ६५ जना बालबालिका आश्रित रहेका थिए भने २०७६ श्रावणसम्म विभिन्न २७ वटा जिल्लामा कूल ८२ जना बालबालिका बाबु वा आमा वा अभिभावकसँग कारागारमा आश्रित रहेको पाइएको छ । कारागारमा रहेका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ ।

तालिका २८ः २०७६ श्रावण मसान्तसम्म विभिन्न जिल्लाको कारागारमा आश्रित बालबालिकाको विवरण

| सिनं | जिल्ला | बालबालिका |
|---|---|---|
| १ | पाँचथर | २ |
| २ | इलाम | १ |
| ३ | झापा | ५ |
| ४ | मोरङ | ४ |
| ५ | ओखलढुङ्गा | १ |
| ६ | खोटाङ्ग | ४ |
| ७ | उदयपुर | ५ |
| ८ | सप्तरी | १ |
| ९ | सिराहा | २ |
| १० | महोत्तरी | ३ |
| ११ | धादिङ्ग | ६ |
| १२ | काठमाडौ (जगन्नाथदेवल) | ९ |
| १३ | पर्सा | ६ |
| १४ | चितवन | २ |
| १५ | कास्की | ३ |
| १६ | नवलपरासी | ३ |
| १७ | पाल्पा | २ |
| १८ | गुल्मी | १ |
| १९ | दाङ (तुलसीपुर) | २ |
| २० | प्युठान | १ |
| २१ | सुर्खेत | ३ |
| २२ | दैलेख | ३ |
| २३ | कालिकोट | १ |
| २४ | डोटी | १ |
| २५ | कैलाली | ५ |
| २६ | अछाम | १ |
| २७ | कञ्चनपुर | ५ |
| **जम्मा** | | ८२ |

*स्रोत : कारागार व्यवस्थापन विभाग, २०७६*

परिवार वा समुदायमा बस्दाजस्तैको बालसुलभ वातावरण, कारागारमा बस्न बाध्य बालबालिकाले नपाउने हुँदा यस्ता बालबालिकाको संरक्षण र अधिकारको सम्वर्द्धन गर्नका लागि सरकारले वैकल्पिक व्यवस्था गर्न/गराउन आवश्यक छ ।

कारागारमा आमा वा बाबु वा अभिभावकसँग आश्रित बालबालिकालाई बन्दी सहायता नेपाल, प्रारम्भिक बाल विकास केन्द्र, पीडित सेवा संघ, बन्दी सहायता नियोगजस्ता संस्थाहरुले कारागारबाट स्थानान्तरण गरी संस्थागत संरक्षण तथा पुनर्स्थापना गरेका छन् । ती संस्थामा आर्थिक वर्ष २०७५/०७६ मा संरक्षणमा रहेका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ ।

तालिका २९ः आर्थिक वर्ष २०७५/०७६ मा संस्थाहरुमा संरक्षणमा रहेका बालबालिकाको संख्या

| क्रसं | संस्था | २०७४/०७५ | | | २०७५/०७६ | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | बन्दी सहायता नेपाल | ९८ | ९६ | १९४ | ७५ | ७५ | १५० |
| २ | प्रारम्भिक बाल विकास केन्द्र | २० | ३० | ५० | १३ | ३० | ४३ |
| ३ | पीडित सेवा संघ | १४ | ९ | २३ | १५ | ० | १५ |
| ४ | बन्दी सहायता नियोग | १८ | १४ | ३२ | १६ | १२ | २८ |
| | जम्मा | १५० | १४९ | २९९ | ११९ | ११७ | २३६ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

माथिको तालिका अनुसार कारागारमा आमा वा बाबु वा अभिभावकसँग आश्रित बालबालिकालाई संरक्षण दिइरहेका सबै संस्थाहरुमा रहेका बालबालिकाको संख्या घट्न गएको छ ।

## ३.१३ बालबालिकाको स्याहार

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा आफ्ना बालबालिकाको लालनपालन र स्याहार गर्नु बाबुआमाको जिम्मेवारी हुने र बाबुआमा तथा अभिभावकको स्थिति दयनीय भएमा सरकारले बालबालिकाको स्याहारमा सहयोग गर्नुपर्ने प्रावधान रहेको छ। यसैगरी धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने उल्लेख भएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विषय समावेश गरिएको छ। दफा १७ को उपदफा ५ मा बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ बर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन नहुने व्यवस्था गरेको छ । दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोतसाधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख भएको छ ।

बाबुआमा दुवै विहीन बालबालिकाको आधारभूत सेवा, सुविधा तथा संरक्षणप्रति सरकारको विशेष ध्यानाकर्षण भएको छ । कतिपय अनाथ तथा कठिन अवस्थामा रहेका बालबालिकालाई आवासीय बालगृहहरुले संरक्षण दिइरहेका छन् ।

केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण सन्, २०१४ (१३,००० घरपरिवार समेटिएको) बाट ०-१७ वर्ष उमेरका कूल बालबालिकामध्ये (१,१५,६६,०७६ जना प्रक्षेपित) बाबुआमा दुवैको मृत्यु भइसकेकाको संख्या २३,१३२ (०.२०) देखिएको छ भने आमाबाबुमध्ये कुनै एकको मृत्यु भएका ४,७४,२०९ जना देखिएको छ । तर आमाबाबु दुवै ज्यूदै हुँदाहुँदै पनि दुवैबाट परित्यक्त/छुट्टिएर बस्न बाध्य भएका बालबालिकाको संख्या यकिन गर्न सकिएको देखिँदैन ।

### *३.१३.१ बालगृह*

नेपालमा अनाथ बालबालिकाको संरक्षणको निमित्त पहिलो बालगृहको रुपमा संस्थागत व्यवस्था वि.सं. २००८ सालमा परोपकार अनाथालयको स्थापनाबाट भएको हो भन्ने देखिन्छ। त्यसपछि राष्ट्रिय निर्देशन ऐन २०१८ अर्न्तगत बाल मन्दिरको रुपमा नेपाल बाल संगठनको स्थापना २०२१ सालमा भयो। यस संगठनबाट बाल मन्दिरको विस्तार देशव्यापी भएसंगै अनाथ बालबालिकाको शिक्षा र हेरचाहको व्यवस्थापन हुँदै आयो ।

देशको आवधिक योजनामा पहिलो पटक सातौं योजना (२०४२/४३-२०४६/४७) मा बालबालिकाको सम्बन्धमा छुट्टै परिच्छेद समावेश गरेको थियो । यस योजनाले बाल मन्दिर, एसओएस बालग्राम,

परोपकारको क्षमता अभिवृद्धि गरी अरु अनाथ बालबालिकालाई पनि यी संस्थाहरुमा स्याहार सम्भार गर्न र अनाथ बालबालिकाको व्यवसायिक शिक्षाद्वारा सीप विकास गरिने, अनाथ तथा असहाय बालबालिकालाई आवासको व्यवस्था गर्ने लगायत असहाय र अनाथ बालबालिकाको बौद्धिक र मानसिक विकासको निमित्त विभिन्न कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको थियो । हाल नेपालमा ५३३ वटा बालगृह सञ्चालनमा रहेको पाइएको छ ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने उल्लेख भएको छ । यही दायित्व अनुकूल हुने गरी आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ मा आमाबाबु दुवै नभएका वा भएर पनि हेरचाह गर्ने शारीरिक वा मानसिक अवस्थामा नभएका परिवारका बालबालिकाको हेरचाह सकेसम्म उसको नातेदारहरु बीच गरिनु पर्दछ र राज्यले त्यसमा सघाउनु पर्दछ भन्ने व्यवस्था गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि प्रदेश एवम् स्थानीय तहले आवश्यकतानुसार बाल गृहको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बालगृह सञ्चालन नमुना कार्यविधि, २०७५ जारी गरेको छ ।

२०७६ साल असार मसान्तसम्ममा ४६ जिल्लाहरुमा सञ्चालित बालगृह जम्मा ५३३ वटा रहेको र सो बालगृहहरुमा १५,५६५ जना बालबालिका संरक्षित रहेको पाइएको छ । बाँकी ३१ वटा जिल्लाहरुमा यस्ता गृहहरु सञ्चालनमा रहेको पाइएको छैन । सातै प्रदेशभित्र सञ्चालनमा रहेका यस्ता गृहहरु र संरक्षणमा रहेका बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३०: प्रदेश अन्तर्गतका बालगृह र बालबालिकाको विवरण

| प्रदेश नं. | बालगृहको संख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | २८ | ३३७ | २६६ | ६३१ |
| २ | १३ | २३२ | ७३ | ३०५ |
| ३ | ३९१ | ५२०५ | ५५९२ | १११८८ |
| गण्डकी | ५३ | ७६३ | ८६४ | १६८० |
| ५ | २० | ४१३ | ४२४ | ८५७ |
| कर्णाली | १४ | २६७ | २९८ | ५७९ |
| सुदूरपश्चिम | १४ | १९५ | ११६ | ३२५ |
| | ५३३ | ७,४१२ | ७,६३३ | १५,५६५ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

गत आर्थिक वर्षमा पनि बालगृहको संख्या ५३३ वटानै रहेको थियो । सोमा आश्रित बालबालिका जम्मा १४,८६४ (७,१९४ बालक र ७,६७० बालिका) थिए । यस आर्थिक वर्षमा बालगृहको संख्या ५३३ नै रहेको र सोमा आश्रित बालबालिका १५,५६५ (७,४१२ बालक र ७,६३३ बालिका) रहेको छ । यसबाट गत वर्षभन्दा यस वर्ष बालगृहमा आश्रित बालकको संख्या २९८ जना बढेको र बालिकाको संख्या ३७

घटेको देखिएको छ।  सात प्रदेशमध्ये सबभन्दा बढी ३९१ वटा बालगृह प्रदेश ३ मा र सबभन्दा कम १३ वटा प्रदेश २ मा रहेको छ। सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा १४/१४ वटा बालगृह सञ्चालनमा रहेको छ। कूल बालगृहमा बालबालिकाको औसत संख्या २९ जना रहेको छ। प्रदेश अनुसार बालगृहमा संरक्षणमा रहेका बालबालिकाको औसत संख्या सबभन्दा कम (२२.५ जना) प्रदेश १ मा र सबभन्दा बढी (४१.४ जना) कर्णाली प्रदेशमा रहेको देखिएको छ। प्रदेश अन्तर्गत जिल्लाहरुमा सञ्चालित बालगृहको विवरण अनुसूची ९ मा दिइएको छ।

राष्ट्रिय बाल अधिकार परिषद्बाट (साविकको केन्द्रीय बाल कल्याण समिति) बालगृहमा आश्रित बालबालिकाको विवरण अद्यावधिक गर्न सफ्टवेयर प्रयोग गर्ने कार्यको थालनी भएको छ। यस सफ्टवेयरमा सबै बालगृहको सूचना सङ्कलन गरी बालगृह र बालबालिकाको सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक देखिएको छ। गैरकानूनी रुपमा बालगृह सञ्चालन गरी ठगिकार्य भएको जानकारी समेत आएको छ।

आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०६९ विपरीत सञ्चालनमा रहेका बालगृहलाई सुधारका लागि सचेत गराउँदा पनि सुधार नगरेको अवस्थामा त्यस्ता बालगृहबाट बालबालिका उद्धार गर्ने गरिएको छ। बालबालिका उद्धार गरेपछि निजहरुको परिवारिक लेखाजोखा गरी उपयुक्त भएमा परिवारमा पठाउने र परिवार पहिचान हुन नसके वा परिवारमा थप जोखिम देखेमा अन्य संस्थाहरुमा पुनर्स्थापना गर्ने गरिएको छ। आर्थिक वर्ष २०७५/०७६ मा अनुगमनको क्रममा मापदण्ड विपरीत सञ्चालनमा रहेका बालगृहबाट उद्धार गरिएका बालबालिकाको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३१: आ.ब. २०७५/०७६ मा विभिन्न बालगृहबाट उद्धार गरिएका बालबालिकाको विवरण

| क्रसं | उद्धार गरिएको बालगृहको नाम तथा ठेगाना | बालक | बालिका | जम्मा | परिवारमा पठाइएका | | | अल्पकालीन गृहमै बाँकी रहेका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बालक | बालिका | जम्मा | बालक | बालिका |
| १ | उत्साह नेपाल, ललितपुर | १४ | १० | २४ | १४ | १० | २४ | ० | ० |
| २. | साहारा संस्था, नवलपरासी | ७ | ८ | १५ | ७ | ८ | १५ | ० | ० |
| ३. | ऐश्वर्य बालगृह, सुकेधारा, काठमाण्डौं | ७७ | ४८ | १२५ | ७५ | ४५ | १२० | २ | ३ |
| ४. | कर्णालीहोम, गल्फुटार, काठमाण्डौं | १४ | ५ | १९ | १३ | ५ | १८ | १ | ० |
| ५. | सौडोल महिला समाज, ताथली, भक्तपुर | ४ | ५ | ९ | ४ | ५ | ९ | ० | ० |
| | जम्मा | ११६ | ७६ | १९२ | ११३ | ७३ | १८६ | ३ | ३ |

*स्रोत: राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

गत वर्ष ९ वटा बालगृहबाट १४७ जना बालबालिका उद्धार गरिएको थियो । माथिको तालिकाबाट यस आर्थिक वर्षमा ५ वटा बालगृहबाट १९२ जना बालबालिका उद्धार गरिएको र सोमध्ये १८६ जना बालबालिका परिवारमा पठाइएको छ। जम्मा ६ जना बालबालिका मात्रै परिवारको पहिचान हुन नसकेकोले अल्पकालीन गृहमा संरक्षणमा रहेको देखिएको छ। यसबाट बालगृहमा रहेका अधिकांश बालबालिकाको परिवार र आफन्त रहेको पुष्टि हुन्छ। उपर्युक्तमध्ये ऐश्वर्य बालगृह विरुद्ध बालबालिका सम्बन्धि कसुर र कर्णाली होम गल्फुटार विरुद्ध ठगी मुद्धा जिल्ला अदालत काठमाण्डौंमा छ भने सौडोल महिला समाज विरुद्ध बालबालिका सम्बन्धी कसुर उपर जिल्ला अदालत भक्तपुरमा मुद्धा चलिरहेको छ।

बालगृहमा रहेका बालबालिकाको पारिवारिक स्थितिबारे गहन अध्ययन हुन आवश्यक देखिएको छ। उद्धार गरिएका बालगृहहरुलाई छानविन र आवश्यक कारवाहीका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा समन्वय र पत्राचार गरिन्छ भने बालबालिकालाई आवश्यक मनोसामाजिक विमर्श, स्वास्थ्योपचार, पारीवारिक लेखाजोखा गरी आवधिक गृहहरुबाटै पारिवारिक पुनर्स्थापना र सहयोग गरिन्छ ।

### ३.१३.२ *सहिद प्रतिष्ठान*

सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षणका लागि "आमाबाबु गुमाएका बालबालिका पुनर्स्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८" अनुसार देहाय बमोजिमका कतिपय बालबालिकालाई आवासीय सेवासुविधा प्रदानसहित शिक्षाको व्यवस्था हुँदै आएको छ :

क) आमाबाबु दुवैको मृत्यु भई वा बेपत्ता भई टुहुरा भएका,

ख) द्वन्द्वको क्रममा बाबु वा आमामध्ये कुनै एकको मृत्यु भएको वा बेपत्ता पारिएको र बाबु वा आमामध्ये एकको अन्य कुनै कारणले मृत्यु वा बेपत्ता भई दुवै नभएको, वा

ग) बाबुको द्वन्द्वका क्रममा मृत्यु भएका वा बेपत्ता पारिएको र आमाले अर्को विवाह गरी आमाबाबु दुवै नभएका बालबालिकालाई शहिद प्रतिष्ठानद्वारा सञ्चालित गृहहरुमा संरक्षण दिइदै आएको छ। हालसम्म सञ्चालनमा रहेका सहिद प्रतिष्ठान र सोमा आश्रित बालबालिकाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका ३२: सहिद प्रतिष्ठान र सोमा रहेका बालबालिकाको विवरण

| क्रसं | जिल्ला | नाम | ठेगाना | संरक्षित बालबालिका | | |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा |
| १ | सुनसरी | सहिद प्रतिष्ठान नेपाल | इटहरी उ.म.पा.२५ | १७५ | १४१ | ३१६ |
| २ | दोलखा | सहिद प्रतिष्ठान नेपाल | जिरी गा.पा. ६ | १४२ | ८९ | २३१ |
| ३ | कास्की | सहिद प्रतिष्ठान नेपाल | पोखरा म.पा. १४ | १०७ | ६५ | १७२ |
| ४ | दाङ | सहिद प्रतिष्ठान नेपाल | तुलसीपुर उ.म.पा. १७ | २४५ | १६३ | ४०८ |
| ५ | डोटी | सहिद प्रतिष्ठान नेपाल | दि.सि.गा.पा. ७ | १८४ | ८० | २६४ |
| जम्मा | | | | ८५३ | ५३८ | १,३९१ |

| क्रसं | जिल्ला | नाम | ठेगाना | संरक्षित बालबालिका | | |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा |
| ११ र १२ कक्षामा | | | | | | |
| | सुनसरी | सहिद प्रतिष्ठान नेपाल | इटहरी उ.म.गा.पा. २५ | १३ | १६ | २९ |
| | कास्की | सहिद प्रतिष्ठान नेपाल | पोखरा म.पा. १४ | ४२ | २९ | ७१ |
| | दाङ | सहिद प्रतिष्ठान नेपाल | तुलसीपुर उ.म.पा. १७ | १८ | १४ | ३२ |
| जम्मा | | | | ७३ | ५९ | १३२ |
| कूल जम्मा | | | | ९२६ | ५९७ | १,५२३ |

*स्रोतः सहिद प्रतिष्ठान नेपाल, २०७६ ।*

सहिद प्रतिष्ठानमा आवासीय रुपमा रहेका बालबालिका गत आर्थिक वर्षमा जम्मा १,४७८ (बालक ९०६ र बालिका ५७२) जना रहेकोमा यस आर्थिक वर्षमा ७६ जना थप भई जम्मा १,५२३ (बालक ६०.८% र बालिका ३९.२%) जना पुगेको छ। कक्षा ११ र १२ मा अध्ययन गर्ने बालबालिका सुनसरी, कास्की र दाङमा रहेका छन् ।

### ३.१३.३ *पुनर्स्थापना केन्द्रहरु*

विभिन्न कारणले जोखिम र बेवारिस अवस्थामा रहेका बालबालिकालाई केही समयको लागि आश्रय दिने, सामाजिकीकरण गर्ने, परिवारमा पुनर्स्थापन, मनोसामाजिक विमर्श, अनौपचारिक शिक्षा, अतिरिक्त क्रियाकलाप र तालिमको व्यवस्था पुनर्स्थापना केन्द्रहरुले गर्दछन् । यस्ता केन्द्रहरुमा बालबालिकालाई अस्थाई रुपमा वा परिवार वा आफन्तको संरक्षणमा एकीकृत गर्ने वा दीर्घकालीन रुपमा संस्थागत व्यवस्थापन नहुञ्जेलसम्म मात्र संरक्षणमा राखिन्छ। गत आर्थिक वर्षमा यस्ता पुनर्स्थापना केन्द्रको संख्या १५ रहेको थियो भने यस वर्ष १७ पुगेको छ। आवासीय रुपमा रहने बालबालिकालाई पुनर्स्थापना गर्ने केन्द्रहरुको नाम, जिल्ला र सोमा आश्रित बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३३: पुनर्स्थापना केन्द्र र बालबालिकाको संख्या

| क्रसं | नाम | जिल्ला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १ | बालबालिका पुनर्स्थापना केन्द्र | झापा | ० | ० | ० |
| २ | एपिसी नेपाल | काठमाण्डौं | १० | | १० |
| ३ | एक्सेस ट्रान्जिट होम | काठमाण्डौं | | ३ | ३ |
| ४ | एबिसी नेपाल | काठमाण्डौं | ० | २२ | २२ |
| ५ | बेथानी विजन | काठमाण्डौं | | ५ | ५ |
| ६ | साझा सवालका लागि साझा मञ्च (कोकन) | काठमाण्डौं | ९ | २ | ११ |
| ७ | चावहिल पशुपति बालआश्रम (सिपिसिएस) | ललितपुर | २२ | ० | २२ |
| ८ | बालआवाज (भिओसी) | ललितपुर | ५४ | ० | ५४ |
| ९ | चावहिल पशुपति बालआश्रम (सिपिसिएस) | दोलखा | २९ | | २९ |
| १० | यूसेप नेपाल | भक्तपुर | १७ | ० | १७ |

| क्रसं | नाम | जिल्ला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| ११ | हिमाली नवीन समाज | काठमाण्डौं | ३ | ० | ३ |
| १२ | माईती नेपाल, आवधिक गृह | बाँके | ० | ३ | ३ |
| १३ | साथी पुर्नस्थापना केन्द्र | बाँके | १ | ३ | ४ |
| १४ | छोराछोरी नेपाल | ललितपुर | ५ | २० | २५ |
| १५ | के. आई. नेपाल | चितवन | ० | ७ | ७ |
| १६ | बाल आवाज | सुनसरी | ७ | २ | ९ |
| १७ | रक्षा नेपाल | काठमाण्डौं | – | १३ | १३ |
| | जम्मा | | १५७ | ८० | २३७ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

गत आर्थिक वर्षमा १५ वटा पुनर्स्थापना केन्द्रहरुमा जम्मा २१२ जना बालबालिका (बालक १६४ र बालिका ४८) संरक्षणमा रहेको देखिएको थियो भने यस आर्थिक वर्षमा जम्मा २२४ (बालक १५७ र बालिका ६७) जना रहेका छन् । पुनर्स्थापना केन्द्रहरुमा आवासीय रुपमा संरक्षणमा रहेका बालबालिकाको संख्यामा भएको यो परिवर्तन सामान्य नै हो । झापा जिल्लाको दमकस्थित पुनर्स्थापना केन्द्रमा गत वर्ष र यस वर्ष कुनै पनि बालबालिका नरहेको पाइएको छ ।

अन्तमा, बालबालिकाको स्याहार र हेरविचार गर्ने सन्दर्भमा सभ्य समाज निर्माण गर्न प्रत्येक बाबुआमाले आफ्ना छोराछोरीको आनीबानी, बोली व्यवहार जस्ता विषयमा ध्यान दिनुका साथै टोल, छिमेकमा घूलमिल गराउने वातावरण सिर्जना गर्ने कार्यमा ध्यान दिनु जरुरी देखिन्छ ।

## ३.१४ बालबालिकाको गोपनीयता

संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिको धारा १६ मा बालबालिकाको गोपनीयताको संरक्षण गर्नुपर्ने तथा कुनै पनि बालबालिकाको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरी उनीहरुको प्रतिष्ठामा असर पार्न नहुने व्यवस्था रहको छ । नेपालको संविधानमा मौलिक हक अन्तर्गत धारा २८ मा गोपनीयताको हकको प्रत्याभूति गरिएको छ । यो हक बालबालिकाको सन्दर्भमा पनि लागू हुन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा (१-३) सम्म बालबालिकाको गोपनीयताको अधिकारका प्रावधानहरु रहेका छन् (अनुसूची १) । तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिने व्यवस्था छ ।

सर्वोच्च अदालतबाट २०६४/०९/१० मा विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्ने  सम्बन्धी कार्यविधि निर्देशिका जारी भएको छ । यसैगरी सञ्चार माध्यमलाई बालसंवेदनशील बनाउनका लागि प्रेस काउन्सिल नेपालबाट 'बालमैत्री सञ्चार निर्देशिका, २०७३' समेत जारी भएको छ । यसरी बालबालिका सम्बन्धी मुद्दा र घटनाहरुबाट बालबालिकाको गोपनीयताको हक संरक्षण गर्ने क्रम बढ्दो छ ।

सञ्चारको श्रव्य-दृष्य एवम् छापा माध्यममा हिंसा, शोषण वा दुर्व्यवहारमा परेका बालबालिका सम्बन्धी सूचना वा समाचारमा वास्तविक नाम नदिने र तस्बीर नचिनिने गरी दिने अभ्यास पनि बढ्दो क्रममा रहेको छ । बालबालिका विरुद्ध भएका खासगरी यौनशोषण, दुर्व्यवहार लगायत बालबिज्याइँका घटनाहरुमा अदालती कारवाहीका क्रममा लिखतहरुमा बालबालिकाको वास्तविक नाम उल्लेख नगरी साङ्केतिक नाम उल्लेख गर्ने व्यवस्था सबैतिर कार्यान्वयनमा रहेको छ ।

## ३.१५ शारीरिक सजाय र हेपाई/बुलिङ

संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिको धारा १९ मा राज्यले बालबालिकालाई बाबुआमा, अभिभावक तथा अन्य जिम्मेवार व्यक्तिहरुबाट हुने वा हुन सक्ने सबै प्रकारका दुर्व्यवहार, बेवास्ताजस्ता कार्यबाट संरक्षण गर्नुपर्ने व्यवस्था छ । यसैगरी धारा ३७ मा बालबालिकालाई कुनै पनि किसिमको सजाय, यातना दिनु नहुने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (५) मा प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ भन्ने उल्लेख भएबाट बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, यातना र हेलाजस्ता व्यवहार विरुद्ध बालबालिकाले संरक्षण हुन पाउने अधिकार प्रत्याभूत गरेको छ ।

बालबालिकामाथि हुने शारीरिक तथा मानसिक दण्ड सजाय विरुद्ध सचेतना कार्यहरु विगत वर्षहरुदेखि भइरहेको छ । तथापी, विभिन्न घर, समुदाय, बाल विकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल तथा अन्य स्थानमा बालबालिकामाथि शारीरिक तथा मानसिक सजाय वा यातना दिने गरेका घटनाहरु प्रकाशमा आइनै रहेका छन् । बालबालिका परिवार, समुदाय, विद्यालय लगायतका स्थानहरुमा ठूला उमेरका व्यक्तिहरु, शिक्षक एवम् साथीहरुबाट विविध किसिमका हेपाइहरुबाट प्रभावित भइरहेका घटनाहरु सार्वजनिक भइरहेका छन् । विद्यालयहरूमा बालबालिकालाई उनीहरूको शैक्षिक एवम् नैतिक पक्ष सुधार्नका लागि अनुशासन कायम गर्नु पर्दछ भन्ने सोचले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ ।

विद्यालयमा बालमैत्री शिक्षण पद्दतिबाट अध्ययन/अध्यापन गराइने उद्देश्यले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आवश्यक नीति तथा निर्देशिकाहरु जारी भएका छन् । तथापी, विद्यालयहरुमा कतिपय शिक्षकहरुबाट हुने गरेका शारीरिक तथा मानसिक सजाँयबाट बालबालिका प्रभावित भएका घटनाहरू प्रकाशमा आउने गरेका छन् । यस्ता घटनाहरुबाट बालबालिकाको व्यक्तित्व विकासमा समेत असर पुग्दछ । परिवार, विद्यालय लगायत अन्य सरोकारवालाहरुले बालबालिकालाई दिने शारीरिक तथा मानसिक सजाँय र हेपाई पनि बालहिंसा र दुर्व्यवहार अन्तर्गत नै पर्न आउँछ । यसतर्फ सबै सचेत हुन र बालबालिकाप्रति बालमैत्री व्यवहार हुन जरुरी छ ।

## ३.१६ सूचना प्रविधि र बालबालिका

संविधानको धारा ३९ को उपधारा (६) मा “कुनै पनि बालबालिकालाई ..... कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन” भन्ने उल्लेख छ। साइबर अपराध रोक्न नेपालमा विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ। यस ऐनले कम्प्युटर सम्बन्धी अपराधका मुद्दालाई किनारा लगाउन सहज भएको छ। संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि अन्तर्गतको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्धको ऐच्छिक प्रलेख, २००० ले बालबालिकालाई यस्ता दुर्व्यवहारबाट संरक्षण गर्नुपर्ने कुरा प्रष्ट पारेको छ।

विश्वमा भएको सूचना प्रविधिको द्रुत विकास र विस्तारले इन्टरनेट लगायत सामाजिक सञ्जालमा बालबालिकाको पहुँच उल्लेख्य रुपमा बढेको छ। यसबाट बालबालिकाले अनौपचारिक रुपबाट विभिन्न विषयहरु सिक्ने अवसर समेत पाएका छन्। यसबाट बालबालिकालाई सकारात्मक र नकारात्मक दुवै असर पर्दछ। साथै, बालबालिकामाथि अनलाइन यौन दुर्व्यवहारको सम्भावनालाई पनि बढाएको देखिन्छ। एकातर्फ प्रविधिको विकासले मानव जीवन छिटोछरितो भएको र प्रविधिमैत्री पनि बनाएको छ भने अर्कोतर्फ यसको दुरुपयोगले विकृति पनि भित्रिएको छ। यसबाट बालबालिका प्रभावित भएका छन्।

नेपालमा विशेषगरी ग्रामीण भेगको तुलनामा शहरी क्षेत्रमा इन्टरनेटको पहुँच हुने भएकोले यस क्षेत्रमा बालबालिका यौन दुर्व्यवहारको उच्च जोखिममा रहेका हुन सक्छन्। अभिभावकको कार्य व्यस्तताले आफ्ना सन्तानलाई प्रशस्त समय दिन नसक्ने तर मोबाइल, ट्याव, ल्यापटप जस्ता विद्युतीय उपकरण किनिदिने गरेका छन्। ती सामग्रीको प्रयोगबारे चासो नराख्ने अभिभावकको प्रवृत्तिले गर्दा बालबालिका अनलाइनमार्फत् हुने यौन दुर्व्यवहारको उच्च जोखिममा समेत रहन्छन्।

प्रहरी प्रधान कार्यालयमा २०७५ साल जेठ २४ गतेदेखि केन्द्रीय साइबर व्युरो सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०७५/०७६ मा उक्त व्युरोमा जम्मा ३५७ वटा साइबर अपराधका उजुरी दर्ता भएकामध्ये १८ वर्षमुनिका बालबालिका सम्बन्धी १३ वटा उजुरी रहेका छन्। प्रदेशगत रुपमा प्रदेश १ मा ४ वटा, सुदुरपश्चिम प्रदेशमा २ वटा, प्रदेश नं ३ र ५ मा १/१ वटा र सिधै व्युरोमा दर्ता भएका ५ वटा रहेका छन्।

सूचना प्रविधिबाट बालबालिकामाथि हुने असर र अनलाइन सेफ्टीको बारेमा चाइल्ड सेफ नेट लगायतका संस्थाहरुले बालबालिकालाई सामाजिक सञ्जालको प्रयोगबारे बालबालिकालाई सचेतना गराइएको र इन्टरनेट प्रयोगबाट बालबालिकामा पर्न जाने असरबारे जानकारी प्रदान गर्ने गरेको देखिएको छ।

बालबालिकाले विशेषगरी गृहकार्य गर्न, अनलाइन गेम खेल्न, च्याट गर्न, फेसबुक, भाइबर आदिजस्ता सामाजिक सञ्जाल चलाउन, संगीत सुन्नका लागि इन्टरनेटको प्रयोग गर्ने गरेको पाइएको छ। केही बालबालिकाले अश्लील सामग्री हेर्नकै लागि पनि इन्टरनेटको प्रयोग गर्ने गरेको केही सर्वेक्षणले देखाएको छ। यसैगरी अश्लील तस्वीर, अडियो, भिडियो, सन्देश आदि पठाएर बालबालिकामाथि यौनजन्य दुर्व्यवहार हुने गरेको समेत जानकारीमा आएको छ।

एक्प्याट लग्जमवर्गले २०१७ मा काठमाडौं उपत्यकामा ४५२ जना बालबालिकामाथि गरेको एक सर्वेक्षण अनुसार धेरैजसो बालबालिकाले मोबाइल फोन र ल्यापटपबाट इन्टरनेट चलाउने गरेको बताएका छन् भने केही बालबालिकाले साइबर क्याफे, साथीको घर र स्कूलको कम्प्युटरबाट इन्टरनेट चलाउने खुलाएका छन् । दिनमा ४ घण्टाभन्दा बढी इन्टरनेटमा समय बिताउने बालबालिका समेत पाइएको छ । ७० प्रतिशतभन्दा बढी बालबालिकाले दैनिक ३ देखि ४ घण्टा इन्टरनेट चलाउने गरेको पनि सर्वेक्षणले देखाएको छ । यसमध्ये २० प्रतिशत बालबालिकाले कम्तिमा एकपटक अश्लील सामग्री हेर्ने बताएका छन् । इन्टरनेट चलाउने कूल बालबालिकाको संख्यामध्ये १३.७ प्रतिशत बालबालिका अनलाइन दुर्व्यवहारको शिकार हुने गरेको पाइएको छ । यसरी दुर्व्यवहारमा पर्नेमा ४७ प्रतिशत बालक रहेको देखिन्छ । अनलाइन मार्फत् यौन दुर्व्यवहारमा परेका बालबालिकामा आत्मसम्मानमा कमी आउने गरेको उनीहरुले बताएका छन् । २१ प्रतिशत बालबालिकाले आफूलाई दुर्व्यवहार गर्ने व्यक्तिलाई ब्लक गर्ने गरेको पाइएको छ भने ११ प्रतिशत बालबालिकाले आफ्नो नजिकको साथीलाई सो घटनाबारे बताउने गरेको पाइएको छ । त्यस्तै ८ प्रतिशत बालबालिकाले प्रहरीमा उजुरी गरेको बताएका छन् । इन्टरनेट चलाउने बालबालिकामध्ये जम्मा २२ प्रतिशत बालबालिकालाई मात्रै अनलाईन मार्फत् हुने सम्भावित यौन दुर्व्यवहारबाट जोगिने उपायबारे जानकारी भएको बताएका छन् ।

बाल यौन दुराचारीले सामाजिक सञ्जालमार्फत बालबालिकालाई लक्षित गरेको समाचार समेत प्रकाशमा आएको पाइएको छ । साइबर अपराध रोक्न नेपालमा विद्युतीय कारोबार ऐन, २०६३ ले बालबालिका लगायतका सबै मुद्धालाई समेट्न नसक्ने स्थिति भएकोले परिमार्जनको आवश्यकता देखिएको छ । अनलाइनमार्फत् बालबालिकामाथि हुने यौन दुर्व्यवहार गम्भीर समस्याको रुपमा आइरहेको छ । विद्युतीय उपकरणहरुबाट बालबालिकाको मानसिक र शारीरिक विकासमा पर्ने प्रभाव तथा अनलाइन सुरक्षाका उपायहरुबारे अध्ययन गरी आवश्यक सुझावहरु कार्यान्वयनमा ल्याउन जरुरी देखिएको छ ।

## ३.१७ आमसञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसा सम्बन्धी घटना

बालबालिकामाथि हुने विभिन्न हिंसाका घटनाहरु छापा तथा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित हुने क्रम बढ्दो छ । साविकको केन्द्रीय बाल कल्याण समितिले २०७२ सालदेखि विभिन्न सञ्चार माध्यमबाट प्रकाशमा आएका बालबालिका सम्बन्धी विभिन्न घटनालाई विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ । समितिले आर्थिक वर्ष २०७४/०७५ मा विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित बालहिंसा सम्बन्धी ५८३ वटा घटनाहरु सङ्कलन गरेकोमा १,२७३ जना बालबालिका प्रभावित भएको देखिएको थियो । आर्थिक वर्ष २०७५/०७६ मा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित बालबालिकासँग सम्बन्धित मूलतः बालश्रम, बलात्कार, बालविवाह, हत्या, बेचविखन तथा ओसारपसार, अपहरण, आत्महत्या, शारीरिक तथा मानसिक सजाय लगायतका ६५४ वटा घटनाहरुबाट १,०८० जना बालबालिका प्रभावित भएको देखिएको छ । भौगोलिक विकटता र सामाजिक परिवेशको कारण अझै पनि कतिपय घटनाहरु सार्वजनिक हुन नसकेको अनुमान रहेको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित बालबालिकासँग सम्बन्धित घटना र प्रभावित बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ ।

तालिका ३४: घटना र बालबालिकाको संख्या

| घटना | बालक | बालिका | शिशु | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १८ | २३४ | ० | २५२ |
| मृत्यु | १३४ | १०० | ७ | २४१ |
| बालविवाह | ५९ | १३७ | ० | १९६ |
| बालश्रम | ९१ | २१ | ० | ११२ |
| ओसारपसार | ५९ | ३७ | ० | ९६ |
| हत्या | २५ | २६ | १४ | ६५ |
| कुपोषण | १६ | २२ | ० | ३८ |
| शारीरिक सजाँय | २३ | १४ | ० | ३७ |
| आत्महत्या | ६ | २१ | ० | २७ |
| अपहरण | १० | २ | ० | १२ |
| गर्भपतन | ० | ४ | ० | ४ |
| जम्मा | ४४१ | ६१८ | २१ | १,०८० |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

माथिको तालिकाबाट बालबालिका विरुद्ध जघन्य अपराधहरु हुने गरेको देखिएको छ । बलात्कारको घटनाबाट २५२ जना बालबालिका पीडित भएको देखिएको छ । सर्लाही जिल्लामा १४ वर्षे छिमेकी बालकबाट ९ महिनाकी बालिकासमेत बलात्कारमा परेको घटना सार्वजनिक भएको छ ।

## बलात्कार तथा यौनहिंसा

सञ्चार माध्यममा प्रकाशित बलात्कारका घटनाहरुबाट प्रभावित बालिकाहरु र बलात्कारमा संलग्न व्यक्तिहरुको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका ३५: बलात्कारमा संलग्न व्यक्ति र प्रभावित बालिकाको संख्या

| बलात्कारमा संलग्न व्यक्ति | जम्मा |
|---|---|
| आफ्नै बुबा तथा हाडनाता | ३८ |
| प्रहरी, सेना, कर्मचारी तथा शिक्षक | २७ |
| छिमेकी | ७२ |
| घरेलु बालश्रम | ६ |
| चिनजान | ७४ |
| अन्य | १७ |
| जम्मा | २३४ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७६ ।*

आफ्नै बाबु, नातेदार, छिमेकी, शिक्षकजस्ता व्यक्तिहरुबाट यौन शोषण तथा बलात्कारको शिकार हुनु परेको घटनाबाट बालिकाहरु आफन्त तथा नजिकका व्यक्तिहरुबाट पनि जोखिममा पर्नसक्ने देखिन्छ । यस किसिमको घृणित दुष्कर्मबाट बालिकाहरुलाई सुरक्षित बनाई बालिकामैत्री घरपरिवार, विद्यालय र समाजको विकास गर्न सम्बद्ध सबै सरोकारवालाहरु सचेत हुन र आ-आफ्नो क्षेत्रबाट योगदान दिन जरुरी छ ।

सडक दुर्घटना, विभिन्न प्राकृतिक घटनाहरु, नदी, खाल्डो एवम् पोखरी जस्ता घटनाहरुमापरि यस आर्थिक वर्षमा २४१ जना बालबालिकाको ज्यान गएको प्रकाशमा आएको छ । विभिन्न ३४ जिल्लाहरुमा १३७ वटा बालविवाहबाट १९६ जना बालबालिका (१३७ जना बालिका र ५९ जना बालक) प्रभावित भएको देखिएको छ । दुइजना बालिकाहरुको विवाह ६० वर्षभन्दा माथिका बृद्धसंग भएको घटना सार्वजनिक भएको छ । बालविवाहको घटनामध्ये ७५ जना (३८%) अभिभावकद्वारा र बाँकी १२१ जनाले आफुखुशी विवाह गरेको जानकारीमा आएको छ । यसबाट बालबालिकाले आफुखुशी नै विवाह गर्ने प्रबृत्ति बढेको देखिएको छ । विवाह भएका बालबालिकामध्ये बालक ५९ जना र बालिका १३७ जना रहेको पाइएको छ । यसबाट विवाहको प्रभाव बालिकाहरुमा निकै बढी भएको देखिन्छ ।

## बालश्रम

आर्थिक वर्ष २०७४/७५ मा बालश्रमबाट प्रभावित ३८४ जना बालबालिकाको घटना सार्वजनिक भएको थियो भने यस आर्थिक वर्षमा ११२ जना बालबालिका (९१ बालक र २१ बालिका)बालश्रमबाट प्रभावित भएको घटना आम सञ्चार माध्यममा सार्वजनिक भएको छ । यसमध्ये घरेलु तथा होटल श्रमिकको रुपमा ४५ जना, इँटा भट्टामा २९ जना, भारतका विभिन्न शहरहरुमा काम गर्न गएका १२ जना, पढाई खर्च जुटाउन फूल तथा काफल बेच्ने १२ जना, लागू औषध ओसारपसारमा ६ जना लगायत पर्यटकलाई घोडामा घुमाउने, शुभकार्यमा बाजा बजाउनेजस्ता कार्यहरुमा बालबालिका संलग्न रहेको जानकारी विभिन्न सञ्चार माध्यमबाट प्रकाशमा आएका छन् ।

## बालबालिकाको बेचविखन तथा ओसार पसार

आर्थिक वर्ष २०७४/०७५ मा बेचविखन तथा ओसार पसारबाट ५८ जना बालबालिका प्रभावित भएको घटना आम सञ्चार माध्यममा आएको थियो भने आर्थिक वर्ष २०७५/०७६ मा ९६ जना बालबालिका (५९ बालक र ३७ बालिका) बेचबिखन तथा ओसार पसारमा परेको घटना प्रकाशमा आएका छन् । यसमध्ये ७० जना बालबालिका अवैधरुपमा एक जिल्लाबाट अर्को जिल्लामा लैजाँदै गर्दा प्रहरीले उद्धार गरेको, १७ जना बालबालिकालाई भारतमा कामदार तथा अन्य प्रयोजनका लागि लगेको र ९ जनालाई भारततर्फ लागू औषध ओसार पसार गर्न लगेको लगायतको घटना प्रकाशमा आएको देखिएको छ । बालबालिकाको बेचविखन तथा ओसार पसारका घटना यस आर्थिक वर्षमा बढेको जानकारी सञ्चार माध्यमबाट देखिएको छ ।

## हत्या

गत आर्थिक वर्षमा ७४ जना बालबालिकाको विभिन्न कारणबाट हत्या भएको जानकारीमा आएको थियो भने आर्थिक वर्ष २०७५/०७६ मा बालबालिका हत्याका ६५ वटा घटना (२५ बालक, २६ बालिका र १४ शिशु) सार्वजनिक भएका छन् । यसमध्ये घरायसी कलहका कारण २७ जना, अवैध सम्बन्धका कारण जन्मिएका २० जना, सौतेनी आमा वा बाबुले हत्या गरेको १३ जना र अपहरण पछि ५ जना बालबालिकाको हत्या गरेको घटनाहरु प्रकाशमा आएका छन् । बिमाबाट आउने पैसाको लोभले गर्दा रौतहटमा आफ्नै बुबाले ४ बर्षीय छोरीको हत्या गरेको घटना समेत प्रकाशमा आएको छ । अबोध बालबालिकाको हत्या गर्ने जस्ता जघन्य अपराध समाजको कलङ्कको रुपमा देखिएको छ । यसप्रति सबै सरोकारवालाहरु सचेत हुनुका साथै हदैसम्मको कानूनी सजाँय हुनुपर्ने देखिन्छ ।

## अपहरण

आर्थिक वर्ष २०७४/०७५ मा १९ जना बालबालिका अपहरणमा परेको घटना प्रकाशमा आएको थियो भने  यस आर्थिक वर्षमा १२ जना बालबालिकाको अपहरण गरिएको घटनाहरु प्रकाशमा आएका छन् । यसमध्ये ५ जना बालबालिकाको अपहरणपछि हत्या गरिएको र ५ जनाको अपहरणपश्चात सकुशल उद्दार गरिएको जानकारीमा आएको छ भने २ जनाको अवस्था नखुलेको देखिएको छ । फिरौती, पारिवारिक रिसिबी, बालिकाले कानमा लगाएको सुनको मुन्द्रा लिनको लागि जस्ता कारणहरुबाट बालबालिका अपहरण गरिएको जानकारीमा आएको छ ।

## आत्महत्या

गत आर्थिक वर्षमा २० जना बालबालिकाले विभिन्न कारणहरुबाट आत्महत्या गरेको घटना आम सञ्चार माध्यमबाट प्रकाशमा आएको थियो भने यस आ.व.मा २७ जना बालबालिकाले (२१ बालिका र ६ बालक) आत्महत्या गरेका घटनाहरु प्रकाशमा आएका छन् । उक्त बालबालिकामध्ये १६ जनाले घरायसी झगडाको कारण, ६ जनाले प्रेम सम्बन्धका कारण लगायत परीक्षामा राम्रो नतिजा ल्याउन नसकेको, घरपरिवार र विद्यालयमा माया नपाएको जस्ता कारणले समेत सुसाइड नोट लेखेर बालबालिकाले आत्महत्या गर्ने गरेका घटनाहरु प्रकाशनमा आएका छन् । सानै उमेरमा बालबालिका विभिन्न किसिमका तनावमा परी आत्महत्यासम्म गर्ने स्थिति हुनु परिवार तथा समाजका लागि अति सोचनीय घटना हो । यस विषयमा परिवार, विद्यालय, सरकार एवम् अन्य सरोकारवालाहरुले गम्भीरतापूर्वक बालमैत्री वातावरणको विकास गर्नतर्फ सशक्त प्रयास गर्नु जरुरी देखिन्छ ।

## शारीरिक सजाय

गत आर्थिक वर्ष २०७४/०७५ मा शारीरिक सजाँयबाट १५ जना बालबालिका प्रभावित भएको घटना सार्वजनिक भएको थियो भने यस आर्थिक वर्षमा विद्यालयहरुमा शिक्षकहरुबाट बालबालिकालाई विभिन्न किसिमका शारीरिक तथा मानसिक सजाँय दिएका ३७ वटा घटनाहरु प्रकाशमा आएका छन् । शारीरिक सजाँय दिएको कारणहरुमा विद्यालय ढिलो आएको, साथीसँग झगडा गरेको, गृहकार्य नगरेको, पढाउँदा

कानेखुशी गरेको आदि रहेको देखिएको छ । शारीरिक सजाँय दिने क्रममा कञ्चनपुर जिल्लामा एक जना ९ कक्षा पढ्ने बालकको मृत्यु भएको छ भने पर्सा जिल्लामा बालक वेहोस भई अस्पतालको आइसियु कक्षमा समेत भर्ना भएको घटना प्रकाशमा आएको छ । यस्ता घटनाहरुको सन्दर्भमा बालमैत्री पठनपाठनप्रति विद्यालयहरु संवेदनशील हुन जरुरी छ भने गम्भीर सजाँय दिने शिक्षकहरुलाई कानूनी कारवाही हुन जरुरी देखिन्छ ।

सबै प्रदेशहरुमा बालबालिका विरुद्ध विविध किसिमका घटनाहरु हुने गरेको आम सञ्चार माध्यमबाट सार्वजनिक भएका छन् । यस आर्थिक वर्षमा सार्वजनिक भएका ६५४ घटनाहरुमध्ये सबैभन्दा बढी प्रदेश नं. १ मा १३१ वटा देखिएका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा ५३ वटा देखिएको छ । प्रदेश नं. ३ मा ११७ वटा, प्रदेश नं. २ मा ११६ वटा, प्रदेश नं. ५ मा ९६ वटा, सुदूरपश्चिममा ६८ वटा र कर्णाली प्रदेशमा ६५ वटा घटनाहरु घटेको देखिन्छ । प्रदेश नं. १ मा बढी घटना घटेको भएता पनि प्रदेश नं. ३ मा सबैभन्दा बढी २१४ जना बालबालिका प्रभावित भएको जानकारीमा आएको छ । बालबालिका विरुद्ध हुने यस्ता घटनाहरुको नियन्त्रणका लागि प्रदेश र स्थानीय सरकार बढी सचेत हुन र दोषीलाई कारवाही गर्न अग्रसर हुनुपर्ने देखिएको छ ।

समग्रमा, बालश्रम, सडक बालबालिका, बालविवाह, बालबालिकाको बेचबिखन तथा यौनहिंसा, अपाङ्गता भएका बालबालिका, एचआइभी/एड्सबाट प्रभावित बालबालिका, अभिभावकसँगै कारागारमा रहेका बालबालिका, शारीरिक सजाँय र हेपाई/बुलिङ जस्ता विषयहरुमा थुप्रै समस्याहरु देखिएका छन् । यी यावत समस्याहरु सम्बोधनका लागि सबै तहका सरकारहरुबाट यथोचित प्रयास हुन जरुरी छ ।

■■■

# परिच्छेद : ४

# बाल विकास

## ४.१ परिचय

यस परिच्छेदमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लेखित मूलतः बालबालिकाको शिक्षा (धारा २८ र २९) संग सम्बन्धित विषयहरु समेटिएका छन् । नेपालको संविधानले बालबालिकाको शिक्षा तथा विकासलाई प्रत्याभूत गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत बालबालिकाको शिक्षा सम्बन्धी अधिकारका प्रावधानहरु रहेका छन् :

(१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।

(४). दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

## ४.२ प्रारम्भिक बाल विकास

प्रारम्भिक बाल विकास बालबालिकाको औपचारिक शिक्षा विकासमा आधारशिला नै हो । यस विषयमा सरकार संवेदनशील रहेको छ । नेपालको संविधानले प्रारम्भिक बाल विकासको विषयलाई मौलिक हकमा नै उल्लेख गरेको छ । शिक्षा ऐन तथा शिक्षा नियमावली लगायतका कानूनी व्यवस्थाहरुमा प्रारम्भिक बाल विकासलाई स्थान दिइएको छ । प्रारम्भिक बाल विकास निर्देशिका, २०६३ मा बाल विकास केन्द्रको सञ्चालन व्यवस्थित गर्ने विषय उल्लेख भएको छ ।

प्रारम्भिक बाल विकास केन्द्रहरु विस्तार हुँदै आएको देखिएको छ । २०७१ सालदेखि २०७५ सालसम्मको सामुदायिक विद्यालय र समुदायमा आधारित तथा संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३६: प्रारम्भिक बाल विकास केन्द्रको संख्या

| प्रारम्भिक बाल विकास केन्द्र | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय र समुदायमा आधारित | ३०,०३४ | ३०,४४८ | ३०,४४८ | ३०,४४८ | ३०,०९७ |
| संस्थागत विद्यालयमा आधारित | ५,०८७ | ५,५४३ | ५,६४५ | ६,१२० | ५,८९६ |
| जम्मा | ३५,१२१ | ३५,९९१ | ३६,०९३ | ३६,५६८ | ३५,९९३ |


*स्रोतः शिक्षा विभाग, फ्लाश I प्रतिवेदन, २०७१ - २०७४ ।*

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५ ।*

माथिको तालिकाबाट २०७१ सालदेखि प्रत्येक वर्ष प्रारम्भिक बाल विकास केन्द्रको संख्या २०७४ सालसम्म बढ्दो क्रममा रहेको देखिएको छ भने २०७५ सालमा ५७५ वटा केन्द्रहरु घटेको छ। संघीयताको कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बाल विकास केन्द्रहरुको स्थापना, सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई अख्तियारी दिएको हुँदा स्थानीय आवश्यकता अनुसार सामुदायिक विद्यालय तथा समुदायमा आधारित बाल विकास केन्द्रहरु गाभिने क्रम शुरु भएकोले यो सत्रमा केन्द्रको संख्यामा कमी आएको हुन सक्छ।

२०७१ सालदेखि २०७४ सालसम्म प्रारम्भिक बाल विकास केन्द्रको संख्या बढ्दै गएता पनि बालबालिकाको कूल भर्ना संख्या भने क्रमशः घट्दै गएको देखिएको छ। तर २०७५ सालमा केन्द्रको संख्या गत वर्षभन्दा घटे पनि बालबालिकाको कूल भर्ना भने १६,८१३ ले बढी भएको छ (ग्राफ ४)।

ग्राफ ४: प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या




२०७१ साललाई आधार वर्ष मान्दा २०७४ सालसम्म प्रत्येक वर्ष बाल विकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या घटेको देखिन्छ। तर, २०७५ सालमा भने यो संख्यामा केही वृद्धि भएको छ।

प्रारम्भिक बाल विकास केन्द्र र केन्द्रमा भर्ना भएका कूल बालबालिकाको संख्या आधारमा २०७४ सालमा प्रति केन्द्र औसत बालबालिका २६.१७ जना रहेको र २०७५ सालमा प्रति केन्द्र औसत बालबालिका २७.०३ जना रहेको पाइएको छ।

प्रारम्भिक बाल विकासको अनुभवसहित २०७५ सालमा कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या र कक्षा १ का कूल विद्यार्थीमध्ये प्रारम्भिक बाल विकासको अनुभव भएकाको प्रतिशत प्रदेश अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३७: प्रदेश अनुसार प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण

| प्रदेश | कक्षा १ मा नयाँ भर्ना संख्या | | | प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या | | | प्रारम्भिक बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका कूल विद्यार्थीमा यसको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालक | बालिका | जम्मा |
| प्रदेश नं. १ | ५०,३३८ | ५३,७१३ | १०४,०५१ | ३६,१७१ | ३८,३१७ | ७४,४८८ | ७१.९ | ७१.३ | ७१.६ |
| प्रदेश नं. २ | ७८,८१७ | ७७,९९२ | १५६,८०९ | ४८,२०६ | ४८,८५३ | ९७,०५९ | ६१.२ | ६२.६ | ६१.९ |
| प्रदेश नं. ३ | ५७,१४० | ६४,७६६ | १२१,९०६ | ३८,९७३ | ४२,९२५ | ८१,८९८ | ६८.२ | ६६.३ | ६७.२ |
| गण्डकी प्रदेश | २३,३६४ | २६,६४५ | ५०,००९ | १८,६२० | २१,१२५ | ३९,७४५ | ७९.७ | ७९.३ | ७९.५ |
| प्रदेश नं. ५ | ६३,५६५ | ७०,८५१ | १३४,४१६ | ४२,८७१ | ४६,८०३ | ८९,६७४ | ६७.४ | ६६.१ | ६६.७ |
| कर्णाली प्रदेश | ३४,२४२ | ३२,९१७ | ६७,१५९ | २१,०६३ | २०,९३२ | ४१,९९५ | ६१.५ | ६३.६ | ६२.५ |
| सुदुरपश्चिम | ४७,६२५ | ४६,६८३ | ९४,३०८ | ३०,८१५ | ३१,४८० | ६२,२९५ | ६४.७ | ६७.४ | ६६.१ |
| जम्मा | ३५५,०९१ | ३७३,५६७ | ७२८,६५८ | २३६,७१९ | २५०,४३५ | ४८७,१५४ | ६६.७ | ६७.० | ६६.९ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५।*

माथिको तालिका अनुसार कक्षा १ मा भर्ना भएका कूल विद्यार्थीमध्ये प्रारम्भिक बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिका ६६.९ प्रतिशत रहेको देखिन्छ जुन गत शैक्षिक सत्रको (६४.७ प्रतिशत) भन्दा ३.२ प्रतिशत विन्दुले बढी हुन आउँछ। साथै, प्रारम्भिक बाल विकासको अनुभव भएका बालबालिका शारीरिक, बौद्धिक, भावनात्मक तथा ज्ञानात्मक विकास अनुभव नभएकाको भन्दा राम्रो हुने अनुमान भएकोले कक्षा १ मा भर्ना हुने सबै बालबालिकाले प्रारम्भिक बाल विकास केन्द्रको अनुभव हासिल गर्न थप नीतिगत तथा कार्यक्रमगत पहल गर्नुपर्ने देखिन्छ।




## दलित र जनजाति बालबालिका:

नेपालको संविधानको मौलिक हक र कर्तव्य अन्तर्गत धारा १८ मा समानताको हकभित्र उपधारा (२) मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य

कुनै आधारमा भेदभाव गरिने छैन भन्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी उपधारा (३) मा सामाजिक वा सास्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विषेश व्यवस्थाको प्रावधान रहेको उल्लेख गरिएको छ । यस अतिरिक्त पनि अल्पसंख्यक बालबालिकाको संरक्षण हुने विभिन्न कानूनी प्रावधानहरु रहेका छन् ।

नेपालको कूल जनसंख्यामध्ये जनजाति ३७.२ प्रतिशत र दलित १३.६ प्रतिशत रहेको छ । प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये दलित र जनजाति समूहका बालबालिकाको संख्या र प्रतिशतको तलको तालिकामा दिइएको छ ।

तालिका ३८: प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको प्रतिशत

| | जम्मा (२०७२) | दलित % | जनजाति % | जम्मा (२०७३) | दलित % | जनजाति % | जम्मा (२०७४) | दलित % | जनजाति % | जम्मा (२०७५) | दलित % | जनजाति % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालिका | ४,७०,५२० | १८.६ | ३९ | ४,५९,०६९ | १७.९ | ३९.३ | ४,५२,२५९ | १८.४ | ३९.२ | ४,४९,०७५ | १६.८ | ३७.३ |
| बालक | ५,०६,८४५ | १७.२ | ३८.७ | ५,१४,३४४ | १७.१ | ३८.८ | ५,०५,८६८ | १७.७ | ३९.१ | ५,२५,८२५ | १६.० | ३६.७ |
| जम्मा | ९,७७,३६५ | १७.९ | ३८.८ | ९,७३,४१३ | १७.५ | ३९ | ९,५८,१२७ | १८ | ३९.१ | ९,७३,९०० | १६.४ | ३७ |

*स्रोत: शिक्षा विभाग, फ्लाश I प्रतिवेदन, २०७१ - २०७४ ।*

*स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५ ।*

माथिको तालिकाबाट २०७३ सालमा भन्दा २०७४ सालमा प्रारम्भिक बाल विकास केन्द्रमा भएका बालबालिकाको संख्या १५,२८६ जनाले कमी आएको र २०७५ सालमा भने १५,७७३ जना बढी भर्ना भएका छन् । यसबाट परिवार तथा समुदायमा बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना गराउने चासो बढेको देखिन्छ । प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको संख्या र प्रतिशतमा भने सामान्य फरक देखिएको छ ।

गत वर्षभन्दा यो वर्षमा प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका बालिकाको संख्यामा ३,१८४ ले कमी आएको छ भने बालकको संख्यामा १९,९५७ ले वृद्धि भएको छ । समाजमा छोरीभन्दा छोरालाई प्राथमिकता दिने प्रचलन भएबाट प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना हुन आउने बालबालकाबीच यो भिन्नता हुन आएको अनुमान गर्न सकिन्छ । यस वर्षको प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका जम्मा बालबालिका र सोमध्ये दलित र जनजाति बालबालिकाको संख्या र प्रतिशत प्रदेश अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३९: प्रदेश अुनसार प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका

| प्रदेश | जम्मा | दलित | दलित % | जनजाति | % |
|---|---|---|---|---|---|
| प्रदेश नं १ | १७९,६५० | २२,१४८ | १३.८ | ८५,३७४ | २३.६ |
| प्रदेश नं २ | १३३,०६८ | २९,१९१ | १८.३ | २१,४९९ | ६.० |
| प्रदेश नं ३ | २००,९८१ | १५,३८३ | ९.६ | १०८,९६० | ३०.२ |
| गण्डकी प्रदेश | ९५,५८२ | २१,३३७ | १३.३ | ४०,००१ | ११.१ |
| प्रदेश नं ५ | १९९,८३२ | ३३,५८२ | २१.० | ७८,३५८ | २१.७ |
| कर्णाली प्रदेश | ५८,१५८ | १५,२८५ | ९.६ | ७,४५७ | २.१ |
| सुदुरपश्चिम | १०६,६२९ | २२,९९१ | १४.४ | १९,५२८ | ५.४ |
| जम्मा | ९७३,९०० | १५९,९१७ | १६.४ | ३६१,१७७ | ३७ |

*स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५ ।*

माथिको तालिकाबाट २०७५ सालमा प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका जम्मा बालबालिकामध्ये दलित बालबालिका सबभन्दा कम (९.६%) प्रदेश ३ र कर्णाली प्रदेशमा तथा सबभन्दा बढी प्रदेश ५ (२१%) मा देखिएको छ । यसैगरी, जनजाति बालबालिका सबभन्दा कम (२.१%) प्रतिशत कर्णाली प्रदेशमा र सबभन्दा बढी प्रदेश ३ (३०.२%) मा देखिएको छ । गत वर्ष र यस वर्ष प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका जम्मा बालबालिकामध्ये दलित र जनजाति बालबालिकाको प्रतिशतमा निकै उतारचढाव देखिएको छ । यसबारे सुक्ष्म अध्ययन हुन आवश्यक देखिएको छ ।

### अपाङ्गता भएका बालबालिका:

नेपालको संविधानको धारा ३९ मा अपाङ्गता भएका एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था भएको छ । यसैगरी धारा ३१ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, ब्रेललिपि तथा साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने प्रावधानहरु रहेका छन् । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ लागू छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारको व्यवस्था छ । अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ ।

२०७५ सालसम्मको सामुदायिक विद्यालय र समुदायमा आधारित तथा संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको संख्या ३५,९९३ रहेको छ । यी केन्द्रहरुमा जम्मा ९,७३,९०० बालबालिका रहेका छन् । यसमध्ये विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाको संख्या ३,२७० (०.३४%) रहेको देखिन्छ । प्रदेशगत रुपमा प्रारम्भिक बाल विकास केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४०: अपाङ्गताका प्रकार अनुसार प्रारम्भिक बाल विकास केन्द्रमा रहेका बालबालिकाको संख्या

| प्रदेश | अपाङ्गताको मुख्य प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | बौद्धिक | श्रवण | दृष्टी | न्यून दृष्टी | श्रवण र दृष्टी | स्वरबोलाई | बहु अपाङ्गता | जम्मा |
| १ | ३४८ | ६१ | ३३ | २२ | ८ | ० | २२ | २९ | ५२३ |
| २ | २९४ | ९५ | २ | ४३ | ४ | ० | ५ | ४७ | ४९१ |
| ३ | ४०४ | १२५ | २९ | ३१ | २६ | २ | ५२ | २९ | ६९८ |
| गण्डकी | १४० | ३७ | १२ | ५ | १४ | १ | २८ | ३६ | २७४ |
| ५ | ५०९ | ११४ | १८ | २६ | २२ | २ | २५ | ५२ | ७६६ |
| कर्णाली | ९३ | २१ | २० | १० | २५ | २ | १० | ४ | १८७ |
| सुप प्रदेश | २०७ | ३६ | ३४ | १७ | ७ | ० | १४ | ५ | ३२३ |
| कूल | २,००० | ४८८ | १५० | १५२ | १०४ | ७ | १५५ | २०१ | ३,२७० |

*स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५ ।*

माथिको तालिकाबाट प्रारम्भिक बाल विकास केन्द्रहरुमा रहेका अपाङ्गता भएका बालबालिका जम्मा ३,२७० मध्ये सबभन्दा बढी शारीरिक अपाङ्गता भएका बालबालिका २,००० जना र सबभन्दा कम श्रवण र दृष्टी सम्बन्धी अपाङ्गता भएका बालबालिका जम्मा ७ जना मात्र रहेको देखिएको छ । जम्मा ३,२७० जना बालबालिकामध्ये बालक १,३६६ र बालिका १,९०४ रहेका छन् । प्रदेशगत प्रारम्भिक बाल विकास केन्द्रहरुमा रहेका बालक र बालिकाको संख्या अनुसूची १० मा दिइएको छ ।

## ४.३ विद्यालय स्तरको शिक्षा

नेपालको संविधानले शिक्षालाई मौलिक हक अन्तर्गत सुनिश्चित गरेको छ । शिक्षा क्षेत्रमा सरकारको बढ्दो लगानी एवम् शैक्षिक चेतना अभिवृद्धिको परिणामस्वरुप विद्यालय स्तरमा भर्नादर बढ्दै आएको छ । शिक्षा तथा मानव विकास स्रोत केन्द्रको तथ्याङ्क अनुसार २०७४ सालमा खूद भर्नादर प्राथमिक तहमा ९७.२, आधारभूत तहमा ९२.३ र माध्यमिक तहमा (कक्षा ९ - १०) ४३.३ रहेको थियो । यो दर २०७५ सालमा प्राथमिक तहमा ९६.५ हुन आई ०.७ प्रतिशत विन्दुले घटेको देखिएको छ भने आधारभूत तह र माध्यमिक तहमा भने क्रमश: ०.४ र ३.१ प्रतिशत विन्दुले बढेको देखिएको छ (तालिका ५०) ।

शैक्षिक सत्र २०७४ मा कक्षा १ - १२ सम्म अध्ययनरत रहेका बालबालिकाको जम्मा संख्या ७३,९१,५१४ रहेकोमा २०७५ सालमा सो संख्या ७२,१४,५२५ हुन आएको छ । यसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४१ः शैक्षिकतहका आधारमा विद्यार्थी संख्या, शैक्षिक सत्र २०७४ र २०७५

| शैक्षिकतह | शैक्षिक सत्र २०७४ | | | | शैक्षिक सत्र २०७५ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका % | बालिका | बालक | जम्मा | बालिका % |
| प्राथमिक (१-५) | २०,०९,३१४ | १९,६०,७०२ | ३९,७०,०१६ | ५०.६ | १८,५५,१९२ | १८,७५,४१० | ३७,३०,६०२ | ४९.७ |
| निम्नमाध्यमिक (६-८) | ९,४३,४१० | ९,२३,३०६ | १८,६६,७१६ | ५०.५ | ९,१६,०५० | ९,०८,७२७ | १८,२४,७७७ | ५०.२ |
| आधारभूत (१-८) | २९,५२,७२४ | २८,८४,००८ | ५८,३६,७३२ | ५०.६ | २७,७१,२४२ | २७,८४,१३७ | ५५,५५,३७९ | ४९.९ |
| कक्षा (९-१०) | ५,०१,३८८ | ४,६९,३३२ | ९,७०,७२० | ५१.७ | ५,१६,४२० | ५,११,०९२ | १०,२७,५१२ | ५०.३ |
| कक्षा (११-१२) | ३,१५,०१२ | २,६९,०६० | ५,८४,०७२ | ५३.९ | ३,२०,०९७ | ३,११,५३७ | ६,३१,६३४ | ५०.७ |
| माध्यमिक (९-१२) | ८,१६,४०० | ७,३८,३९२ | १५,५४,७९२ | ५२.५ | ८,३६,५१७ | ८,२२,६२९ | १६,५९,१४६ | ५०.४ |
| कक्षा १-१२ सम्म | ३७,६९,१२४ | ३६,२२,४०० | ७३,९१,५२४ | ५१.० | ३६,०७,७५९ | ३६,०६,७६६ | ७२,१४,५२५ | ५०.०० |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५ ।*

माथिको तालिका अनुसार प्राथमिक तथा आधारभूत तहमा कूल विद्यार्थी संख्या गत शैक्षिक सत्रभन्दा यो सत्रमा क्रमशः २,३९,४१४ (बालिका १,५४,१२२ र बालक ८५,२९२), २,८१,३५३ (बालिका १,६८,५८७ र बालक ९९,८७१) ले कमी छ। तर माध्यमिक तहमा भने यो संख्या १,०४,३५४ (बालिका २०,११७ र बालक ८४,२३७) ले बढी छ। प्राथमिक तथा माध्यमिक तहमा बालिकाको संख्या बालकको भन्दा निकै बढीले कमी हुँदै गएको देखिन्छ। कक्षा १ देखि १२ सम्मको कूल विद्यार्थी संख्या हेर्ने हो भने गत शैक्षिक सत्रमा भन्दा यो सत्रमा १,७६,९९९ (बालिका १,६१,३६५ र बालक १५६३४) ले कमी भएको छ। जन्मदर कम हुँदै गएको कारणले पनि विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको संख्यामा कमी आउन थालेको अनुमान गरिएको छ। अर्को तर्फ गत शैक्षिक सत्रमा कूल विद्यार्थीमध्ये बालिका र बालकको अन्तर १,४६,७२२ थियो भने यो शैक्षिक सत्रमा जम्मा ९९३ मात्रको अन्तर छ। यसले विद्यालय शिक्षामा बालिकाको भर्ना दरमा सकारात्मक सुधारको संकेत गर्दछ।


दस वर्षमा नौ लाख विद्यार्थी घटे

कक्षा १ मा १३ लाख ६२ हजार ९२० विद्यार्थी भर्ना भएकोमा कक्षा १० मा आइपुग्दा विद्यार्थीको सङ्ख्या चार लाख ५६ हजार ४७६ मात्र

विद्यालय स्तरमा विद्यार्थीले कक्षा दोहोऱ्याउने र विभिन्न कारणले कक्षा छाड्ने गरेका छन्। शैक्षिक वर्ष २०७४ साल र २०७५ सालमा विद्यार्थीको कक्षा उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र बीचैमा विद्यालय छोड्ने दर तलको तालिकामा दिइएको छ।

तालिका ४२ः उत्तीर्ण, दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर

| कक्षा तह | कक्षा उत्तीर्ण दर | | | दोहोऱ्याउने दर | | | विद्यालय छाड्ने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| **शैक्षिक सत्र २०७४** | | | | | | | | | |
| प्राथमिक (१-५) | ८९.९ | ८९ | ८९.५ | ६.८ | ७.२ | ७.० | ३.३ | ३.८ | ३.६ |
| निमावि (६-८) | ९२.० | ९१.४ | ९१.७ | ३.८ | ४.१ | ४.० | ४.२ | ४.५ | ४.४ |
| माध्यमिक (९-१०) | ९३.४ | ९३.४ | ९३.४ | २.९ | ३.० | २.९ | ३.७ | ३.६ | ३.७ |
| **शैक्षिक सत्र २०७५** | | | | | | | | | |
| प्राथमिक (१-५) | ८९.७ | ८८.८ | ८९.३ | ६.७ | ७.२ | ७.० | ३.६ | ४.० | ३.८ |
| निमावि (६-८) | ९२.९ | ९१.७ | ९२.३ | ३.५ | ४.० | ३.८ | ३.६ | ४.३ | ३.९ |
| माध्यमिक (९-१०) | ९४.२ | ९३.६ | ९३.९ | ३.५ | ३.६ | ३.६ | २.३ | २.८ | २.६ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७५ ।*

माथिको तालिका अनुसार गत शैक्षिक सत्रमा भन्दा यो सत्रमा कक्षा उत्तीर्ण दर प्राथमिक तहमा ०.२ प्रतिशत विन्दुले घटेको देखिएको छ भने आधारभूत तहमा ०.६ प्रतिशत विन्दु र माध्यमिक तहमा ०.५ प्रतिशत विन्दुले बढेको देखिन्छ। यसबाट कक्षा उत्तीर्ण हुने दरमा विद्यालय स्तरमा सुधार भएको देखिएको छ । यसैगरी कक्षा दोहोऱ्याउने दर गत वर्ष प्राथमिक तहमा ७.०, आधारभूत तहमा ४.१ र माध्यमिक तहमा ३.० प्रतिशत रहेको थियो भने विद्यालय छाड्ने दर प्राथमिक तहमा ३.६, आधारभूत तहमा ४.४ र माध्यमिक तहमा ३.७ रहेकोमा यी दुवै सूचकको स्थितिमा यस वर्ष सामान्य सुधार भएको देखिएको छ।

## दलित र जनजाति बालबालिकाः


प्राथमिक, निम्नमाध्यमिक, आधारभूत र माध्यमिक तहमा शैक्षिक सत्र २०७२ देखि २०७५ सालमा अध्ययनरत जम्मा बालबालिकामध्ये दलित र जनजाति बालबालिकाको प्रतिशत तलको तालिकामा दिइएको छ ।

तालिका ४३ः शैक्षिक तह अनुसार जम्मा विद्यार्थीमा दलित र जनजाति बालबालिकाको प्रतिशत

| साल | २०७२ | | २०७३ | | २०७४ | | २०७५ | |
|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाति | दलित | जनजाति | दलित | जनजाति | दलित | जनजाति |
| शैक्षिकतह | % | % | % | % | % | % | % | % |
| प्राथमिक (१-५) | १९.७ | ३४.४ | २०.७ | ३६.६ | १९.९ | ३६.८ | १९.९ | ३४.२ |
| निमावि (६-८) | १४.४ | ३८.६ | १५.५ | ४०.८ | १६ | ४०.९ | १५.६ | ३७.८ |
| आधारभूत (१-८) | १८.१ | ३५.७ | १९.१ | ३७.९ | १८.७ | ३८.१ | १८.५ | ३५.४ |
| कक्षा (९-१०) | ११ | ३८.४ | ९.९ | ३३.१ | ११.१ | ३३.८ | १२.४ | ३९.८ |
| कक्षा ११ - १२ | ६.६ | २९.३ | ६.२ | २६.९ | ६.५ | २३.३ | ६.९ | २३.१ |
| कक्षा ९ - १२ | ९.६ | ३५.५ | ८.६ | ३१ | ९.४ | २९.९ | १०.४ | ३३.५ |
| **कक्षा १-१२ सम्म** | १६.५ | ३५.६५ | १७.१ | ३६.५६ | १६.७ | ३६.३५ | १६.६ | ३५.० |

*स्रोतः शिक्षा विभाग, फ्लाश I प्रतिवेदन, २०७२, २०७३ ।* *स्रोतः शिक्षा तथा मानव विकास स्रोत केन्द्र, २०७५ ।*

माथिको तालिकाबाट वि.स. २०७२ देखि २०७५ सम्मको ४ वटा शैक्षिक सत्रमा भर्ना भएका कूल विद्यार्थी संख्या हरेक वर्ष समग्रमा घट्दो क्रममा रहेको देखिन्छ । बालबालिकाको जन्मदरमा आएको कमीको कारणले गर्दा पूर्व प्राथमिकदेखि आधार भूत तहहरुमा बालबालिकाको भर्ना संख्यामा कमी आएको हुन सक्दछ ।


विद्यालयमै छुवाछूत
प्युठान, (नेसं)

जातीय आधारमा छुवाछुत गर्ने शिक्षिकाविरुद्ध जिल्ला प्रहरी कार्यालय प्युठानमा जाहेरी दर्ता भएको छ।

प्युठानको मल्लरानी गाउँपालिका-४ स्थित भूमि विकास आधारभुत विद्यालय सरङकोटकी प्रधानाध्यापक यशोधा श्रेष्ठले आफैले पढाउने दलित बालबालिकालाई जातीय विभेद तथा छुवाछुत गरेको भन्दै कारबाहीको मागसहित मंगलबार उजुरी दर्ता भएको हो।

### अपाङ्गता भएका बालबालिका:

नेपाल सरकार अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै आएको छ । नेपाल सरकारद्वारा अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ । शैक्षिक वर्ष २०७५ सालमा कक्षा १ - १२ सम्म भर्ना भएका अपाङ्गता भएका विद्यार्थीहरु जम्मा ६६,९५५ रहेको देखिएको छ ।

तालिका ४४: २०७५ सालमा विद्यालयमा भर्ना भएका अपाङ्गता भएका विद्यार्थीको विवरण

| तह | | अपाङ्गताको मुख्य प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | बौद्धिक | श्रवण | दृष्टी | न्यून दृष्टी | श्रवण र दृष्टी | स्वर बोलाइ | बहु अपाङ्गता | जम्मा |
| प्राथमिक (१-५) | २२,८३३ | ५,५४३ | ४,११० | १,२८५ | २,११९ | १४६ | २,१९९ | १,५८५ | ३९,८२० |
| निम्नमाध्यमिक (६-८) | ८,०२१ | १,१२६ | १,१८४ | ४०८ | ९२३ | ३३ | ५९० | २६२ | १२,५४६ |
| माध्यमिक (९-१०) | ९,५९२ | ७५१ | १,०११ | ४७६ | ९८१ | २४ | ४९२ | १८८ | १३,५१५ |
| उच्चमाध्यमिक (११-१२) | ६५६ | ९३ | १०३ | ५६ | १०७ | - | २८ | ३१ | १,०७४ |
| **जम्मा** | ४१,१०२ | ७,५१३ | ६,४०८ | २,२२५ | ४,१३० | २०३ | ३,३०९ | २,०६६ | ६६,९५५ |

*स्रोतः शिक्षा तथा मानव विकास स्रोत केन्द्र, २०७५ ।*

शैक्षिक सत्र २०७५ मा कक्षा १ देखि १२ सम्म जम्मा ६६,९५५ जना अपाङ्गता भएका बालबालिका विद्यालय शिक्षामा समेटिएका छन् । यो संख्या विद्यालयमा रहेका कूल विद्यार्थीको ०.९३ प्रतिशत हो । अपाङ्गता भएका कूल विद्यार्थीमध्ये ३९,८२० जना प्राथमिक (कक्षा १-५) तहमा, १२,५४६ जना निम्न माध्यमिक (कक्षा ६-८) तहमा, ५२,३६६ जना आधारभूत (कक्षा १-८) तहमा, १३,५१५ जना माध्यमिक (कक्षा ९-१०) तहमा र १,०७४ जना उच्च माध्यमिक (कक्षा ११-१२) तहमा रहेको देखिएको छ । अपाङ्गताको प्रकारको आधारमा सबैभन्दा धेरै ५१,३५० जना शारीरिक अपाङ्गता भएका छन् भने सबैभन्दा कम २२७ जना श्रवण र दृष्टि सम्बन्धी अपाङ्गता भएका बालबालिका रहेका छन् । शैक्षिक सत्र २०७५ मा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न हाल ३३ विशेष विद्यालय, २३ एकीकृत विद्यालय, ३८० स्रोत कक्षाको व्यवस्था र दृष्टि सम्बन्धी अपाङ्गता भएकाका लागि निःशुल्क रुपमा ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउने तथा साङ्केतिक भाषा एवम् अन्य सिकाई सामग्री विकास एवम् वितरण गर्ने कार्यक्रम सञ्चालन भएका छन् ।

आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं. ३७ मा विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइनेछ भन्ने प्रावधान उल्लेख भएबाट अपाङ्गता भएका बालबालिका लाभान्वित हुने देखिन्छ ।

### विद्यालयमा सिकाई उपलब्धि:

शैक्षिक गुणस्तर परीक्षण केन्द्रका अनुसार कक्षा ३ मा नेपाली विषयको विद्यार्थी सिकाई उपलब्धि राष्ट्रिय औसत सन् २०१२ मा ६३ प्रतिशत रहेकोमा सन् २०१५ मा ५२ मा झरेको छ भने गणितमा क्रमशः ६० बाट ४५ मा झरेको छ । यसैगरी कक्षा ५ को नेपालीमा सिकाई उपलब्धि सन् २०१२ मा ६० रहेकोमा २०१५ मा ४६, गणितमा क्रमशः ५३ र ४८ तथा अंग्रेजीमा ५४ र ४७ हुन आउनुले शिक्षाको गुणस्तर खस्कँदै गएको देखिन्छ । संस्थागतभन्दा सामुदायिक विद्यालयमा र शहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका विद्यालयमा सिकाई उपलब्धि तुलनात्मक रुपमा कमी रहेको देखिन्छ ।

तालिका ४५: सिकाई उपलब्धि

| सिकाई उपलब्धि | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|
| **कक्षा ५** | गणित-५३<br>नेपाली-६०<br>अंग्रेजी-५४ | गणित-५३<br>नेपाली-६०<br>अंग्रेजी-५४ | गणित-५३<br>नेपाली-६०<br>अंग्रेजी-५४ | गणित-४८<br>नेपाली-४६<br>अंग्रेजी-४७ | गणित-४९<br>नेपाली-४६<br>अंग्रेजी-४७ |
| **कक्षा ८** | गणित-४३<br>नेपाली-४९<br>सामाजिक-४९ | गणित-३५<br>नेपाली-४८<br>सामाजिक-४१ | गणित-३५<br>नेपाली-४८<br>सामाजिक-४१ | गणित-३५<br>नेपाली-४८<br>सामाजिक-४१ | गणित-३५<br>नेपाली-४८<br>सामाजिक-४१ |

*स्रोतः अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, २०७३/०७४ र शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७६ ।*

माथिको तालिकाबाट कक्षा ५ को गणित, नेपाली र अंग्रेजी तीनै विषयहरुमा एवम् कक्षा ८ को गणित, नेपाली र सामाजिक तीनै विषयहरुमा शैक्षिक सत्र २०७१ को तुलनामा शैक्षिक सत्र २०७५ मा सिकाईको गुणस्तर केही खस्केको देखिएको छ । शिक्षामा पहुँचको वृद्धि सन्तोषजनक हुँदै गएको देखिएता पनि शिक्षाको गुणस्तर कायम गर्न भने चुनौतीपूर्ण रहेको छ । यो स्थितिमा सुधार ल्याउन तीनै तहका सरकारबाट नीतिगत तथा कार्यक्रमगत पहलहरु चालिनु नितान्त आवश्यक छ ।


साउन २८, २०७६ कान्तिपुर दैनिक

गणित र अंग्रेजीमा विद्यार्थी कमजोर

## ४.४ अनिवार्य र नि:शुल्क शिक्षा

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत बुँदा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भन्ने उल्लेख भएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा

माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ... दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसबाट विद्यालय शिक्षा अनिवार्य र निःशुल्क हुने दिशातर्फ उन्मुख भइसकेकोमा विश्वस्त हुन सकिन्छ ।

आर्थिक वर्ष २०७२/७३ मा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा पाँचथर, कास्की, मुस्ताङ, धनकुटा, सप्तरी, सिरहा, ललितपुर, भक्तपुर, पर्सा, रुपन्देही, स्याङ्जा, मनाङ, डोल्पा, हुम्ला, बर्दिया, सुर्खेत, जाजरकोट, डोटी, बैतडी, डडेल्धुरा र कञ्चनपुर गरी २१ जिल्लामा लागू गरिएको थियो । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ जारी भएको छ (अनुसूची १ख) । यस ऐनको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्यको बुँदा नं. ४१ मा सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई अघि बढाई आगामी वर्ष नै विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराइनेछ । माध्यमिक तहसम्मको शिक्षालाई क्रमशः निःशुल्क र अनिवार्य गरिनेछ भन्ने उल्लेख भएबाट निःशुल्क र अनिवार्य विद्यालय शिक्षा अग्रगामी दिशातिर उन्मुख हुने आशा गर्न सकिन्छ । यसैगरी बुँदा नं. ४२ मा सम्पूर्ण बालबालिकालाई विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं अभियान सञ्चालन गरिनेछ । मावन विकास सूचकाङ्कमा पछि परेका स्थानीय तहमा रहेका सामुदायिक विद्यालयका कक्षा ५ सम्म अध्ययनरत सबै विद्यार्थीहरुलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा उपलब्ध गराइनेछ भन्ने उल्लेख भएबाट बालबालिकाको विद्यालय निरन्तर हुने स्थितिमा सुधार हुने अपेक्षा गर्न सकिने स्थिति देखिएको छ ।

### ४.५ विद्यालयको संख्या

शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०७२ मा कूल विद्यालयको संख्या ३४,८३७ वटा रहेकोमा २०७३ सालमा बन्द भएका वा गाभिएका विद्यालयहरुको कारण कूल विद्यालय संख्या जम्मा ३४,७३९ वटा कायम हुन आई ९८ वटा विद्यालयहरु घटेको थियो । शैक्षिक सत्र २०७४ मा कूल ३५,६०१ विद्यालयमध्ये सामुदायिक २७,९१४ वटा, संस्थागत ६,५६६ वटा र धार्मिक १,१२१ वटा विद्यालयहरु सञ्चालनमा रहेका थिए । शैक्षिक सत्र २०७५ मा ८७३ वटा विद्यालय (सामुदायिक, संस्थागत र धार्मिक) बन्द तथा गाभिएको र ३२७ वटा नयाँ विद्यालय स्थापना भएको हुनाले कूल विद्यालयको संख्या ३५,०५५ वटा रहन आएको छ । जसमध्ये सामुदायिक विद्यालय २७,७२८ वटा संस्थागत विद्यालय ६,२०६ वटा र धार्मिक विद्यालय १,१२१ वटा रहेका छन् । प्रदेश अनुसार विद्यालयको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४६ः प्रदेश अनुसार विद्यालयको संख्या

| प्रदेश | जम्मा विद्यालय (इकाइ) | प्राथमिक तह (कक्षा १-५) | निम्न माध्यमिक तह (कक्षा ६-८) | आधारभूत तह (कक्षा १-८) | माध्यमिक तह (कक्षा ९-१०) | उच्च माध्यमिक तह (कक्षा ११-१२) | माध्यमिक तह (कक्षा ९-१२) |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ६,७४२ | ६,६७९ | ३,०८८ | ६,७०३ | १,७८४ | ६७९ | १,८२९ |
| प्रदेश नं. २ | ४,०४२ | ३,९८५ | १,५४७ | ३,९९३ | ८१७ | ४०३ | ८४८ |
| प्रदेश नं. ३ | ६,९११ | ६,७९५ | ३,८०६ | ६,८२३ | २,६५६ | ९८६ | २,७९३ |
| गण्डकी प्रदेश | ४,३११ | ४,२७३ | १,९२८ | ४,३१६ | १,२६८ | ५६६ | १,२८८ |
| प्रदेश नं. ५ | ५,६९८ | ५,६३२ | २,५५५ | ५,६५२ | १,४९४ | ५३३ | १,५२४ |
| कर्णाली प्रदेश | ३,१९० | ३,१३४ | १,२१३ | ३,१७० | ६२७ | २३२ | ६२७ |
| प्रदेश नं. ७ | ४,१६१ | ४,१२१ | १,८९२ | ४,१३६ | ९९७ | ४०३ | १,०१० |
| **जम्मा** | ३५,०५५ | ३४,६१९ | १६,०२९ | ३४,७९३ | ९,६४३ | ३,८०२ | ९,९१९ |

*स्रोतः अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, २०७५/०७६ ।*

शैक्षिक सत्र २०७५ मा नेपालमा कूल ३५,०५५ विद्यालय रहेका छन् जसमध्ये आधारभूत (१-५) सञ्चालित विद्यालय तह ३४,६१९ आधारभूत (६-८) सञ्चालित विद्यालय तह १६,०२९ र आधारभूत (१-८) सञ्चालित विद्यालय तह ३४,७९३ रहेका छन । यसैगरी माध्यमिक तह (९-१२) मा सञ्चालित ९,९१९ विद्यालय तहमध्ये ३,८०२ विद्यालयमा कक्षा ११-१२ सञ्चालन भएको छ । प्रदेशगत रुपमा सबैभन्दा बढी विद्यालय प्रदेश नं. ३ मा १९.७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ९.१ प्रतिशत रहेका छन् । यसैगरी प्रदेश नं. १, प्रदेश नं. २, गण्डकी प्रदेश, प्रदेश नं. ५ र सुदुरपश्चिम प्रदेशमा क्रमशः १९.२ प्रतिशत, ११.५ प्रतिशत, १२.३ प्रतिशत, १६.३ प्रतिशत र ११.९ प्रतिशत विद्यालय रहेका छन् ।

धार्मिक आस्था र सिद्धान्तको आधारमा मदरसा, विहार/गुम्बा र आश्रम/गुरुकुलजस्ता विद्यालयहरु सञ्चालनमा रहेका छन् । यी विद्यालयहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४७ः तह र प्रकार अनुसार धार्मिक विद्यालयहरुको संख्या

| धार्मिक विद्यालय | जम्मा विद्यालय संख्या | तहको आधारमा विद्यालय संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक | निम्न माध्यमिक | आधारभूत | माध्यमिक | उच्च माध्यमिक | माध्यमिक (९-१२) |
| **शैक्षिक सत्र २०७४** | | | | | | | |
| मदरसा | ९०७ | ९०७ | ३३ | ९०७ | १७ | ४ | १७ |
| विहार/गुम्बा | ११४ | ११४ | ११ | ११४ | १ | ० | १ |
| आश्रम/गुरुकुल | १०० | १०० | ३१ | १०० | १३ | २ | १३ |
| **जम्मा** | १,१२१ | १,१२१ | ७५ | १,१२१ | ३१ | ६ | ३१ |
| **शैक्षिक सत्र २०७५** | | | | | | | |
| **जम्मा** | १,१२१ | १,०९६ | ११६ | १,१२१ | ३६ | ६ | ३६ |

*स्रोतः शिक्षा तथा मानव विकास स्रोत केन्द्र, २०७५ ।*

माथिको तालिकाबाट तीनै थरिका धार्मिक विद्यालयको संख्या दुवै शैक्षिक सत्रमा समान रहेको देखिन्छ। तर शैक्षिक सत्र २०७४ मा भन्दा २०७५ मा प्राथमिक विद्यालयको संख्या २५ वटा घटेको, निम्नमाध्यमिक विद्यालयको संख्या ४१ वटा बढेको र माध्यमिक विद्यालयको संख्या ५ वटा बढेको देखिएको छ। प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालय एकआपसमा गाभिने वा समायोजन भएबाट यो घटबढको संख्या कूल संख्यामा तालमेल मिलेको देखिँदैन।

## ४.६ एस.इ.इ. र उच्चमाध्यमिक परीक्षाको नतिजा

### एस.इ.इ. परीक्षाको नतिजाः

नेपालमा २०७१ सालसम्म एस.एल.सी. प्रणाली अनुसार परीक्षा सञ्चालन भएको थियो। १९९० देखि एस.एल.सी. परीक्षा उतीर्ण गर्नेहरुमध्ये सर्बप्रथम हुनेको नाम प्रकाशित गर्ने प्रचलन रहेको थियो। २०७२ सालदेखि एस.इ.इ.को परीक्षाफल ग्रेडका आधारमा प्रकाशित गर्न थालिएको छ। २०७२ सालदेखि २०७५ सालको एस.इ.इ. परीक्षामा सम्मिलित विद्यार्थी र नतिजा तलको तालिकामा दिइएको छ।


तालिका ४८ः २०७२ देखि २०७५ सालसम्मको एस.इ.इ. (नियमित) परीक्षाको नतिजा स्थिति

| क्रसं | परीक्षा वर्ष | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|
| | जम्मा सहभागी विद्यार्थी | ४३७,३२६ | ४४५,५६४ | ४५१,५३२ | ४,७५,००३ |
| | **जिपिए अनुसारको नतिजा** | | | | |
| १ | जिपिए ३.६ देखि ४.० सम्म | १६,४५४ | १२,२८४ | १४,२३४ | १६,८८२ |
| | प्रतिशत | ३.७६ | २.७६ | ३.१५ | ३.५५ |
| २ | जिपिए ३.२ देखि ३.६ सम्म | ४१,५७७ | ४२,४२७ | ४६,१३३ | ४८,९६० |
| | प्रतिशत | ९.५१ | ९.५२ | १०.२२ | १०.३० |
| ३ | जिपिए २.८ देखि ३.२ सम्म | ४८,६११ | ५०,६४६ | ४९,०३७ | ६०,७०६ |
| | प्रतिशत | ११.११६ | ११.३६६७ | १०.८६०१ | १२.७८ |
| ४ | जिपिए २.४ देखि २.८ सम्म | ६३,१८१ | ६१,९५५ | ७०,५१२ | ७४,११० |
| | प्रतिशत | १४.४५ | १३.९० | १५.६२ | १५.६० |
| ५ | जिपिए २.० देखि २.४ सम्म | ९४,७१६ | ९१,३१४ | ६१,८७० | ९७,२९९ |
| | प्रतिशत | २१.६६ | २०.४९ | १३.७० | २०.४८ |
| ६ | जिपिए १.६ देखि २.० सम्म | १०४,२७८ | १०८,४६४ | १०१,०४३ | ९५,२०९ |
| | प्रतिशत | २३.८४ | २४.३४ | २२.३८ | २०.०४ |
| ७ | जिपिए १.२ देखि १.६ सम्म | ५६,७६३ | ६४,५७७ | ३५,५८४ | ४३,८४० |
| | प्रतिशत | १२.९८ | १४.४९ | ७.८८ | ९.२३ |
| ८ | जिपिए ०.८ देखि १.२ सम्म | ८,००० | ११,२८५ | ५८,६८८ | ४,४२९ |
| | प्रतिशत | १.८३ | २.५३ | १३.०० | ०.९३ |

*स्रोतः परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर, २०७३, २०७४, २०७५ र २०७६।*

माथिको तालिकाबाट जिपिए अनुसार उत्तीर्ण हुने विद्यार्थीको संख्या भने सामान्य उतारचढाव भएको देखिन्छ । एस.इ.इ. परीक्षा दिने विद्यार्थीको संख्या क्रमशः बढेको देखिन्छ । २०७४ सालमा अघिल्लो वर्षभन्दा ५,९६८ जना विद्यार्थी बढेको थियो भने २०७५ सालमा २३,४७१ जना बढेको देखिएको छ । २०७२ सालदेखि २०७५ सालसम्म एस.इ.इ. परीक्षा दिने विद्यार्थीको संख्या तलको ग्राफमा पनि देखाइएको छ ।

ग्राफ ५: २०७२ सालदेखि २०७५ सालसम्म एस.इ.इ. परीक्षा दिने विद्यार्थीको संख्या




माथिको ग्राफबाट २०७२ सालदेखि २०७४ सालसम्म एस.इ.इ. परीक्षा दिने विद्यार्थी थोरै संख्यामा वृद्धि भएको देखिन्छ भने २०७५ सालमा उल्लेख्य संख्यामा वृद्धि भएको देखिएको छ । यसले एस.इ.इ. परीक्षासम्म विद्यालय शिक्षामा विद्यार्थीको टिकाउ दरमा सुधार भएको इङ्गित गर्दछ । २०७५ सालको एस.इ.इ. परीक्षा दिने विद्यार्थीहरुको प्रदेशगत संख्या अनुसूची १४ मा दिइएको छ ।

### उच्च माध्यमिक तहको २०७४ र २०७५ को नतिजाः

राष्ट्रिय परीक्षा बोर्डको २०७६ को प्रतिवेदनमा कक्षा ११ को २०७४ साल र कक्षा १२ को २०७५ सालको नियमित तर्फको परीक्षाको नतिजा प्रदेश अनुसार उल्लेख गरिएको छ । सो प्रतिवेदन अनुसार २०७४ सालमा जम्मा ३,४७,७४८ जना विद्यार्थीले कक्षा ११ को परीक्षा दिएका थिए भने २०७५ सालमा जम्मा २,९९,५७१ जना विद्यार्थीले कक्षा १२ को परीक्षा दिएको पाइएको छ । कक्षा १२ को परीक्षा दिने विद्यार्थीको संख्या ४८,१७७ (१३.८५%) ले कमी भएको देखिन्छ । प्रदेशगत विद्यार्थी र जिपिए अनुसार उत्तीर्ण भएका विद्यार्थीको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४९: कक्षा ११ (२०७४ साल) र कक्षा १२ (२०७५ साल) को नतिजा

| प्रदेश | कक्षा ११ (२०७४) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३.६१-४.० | ३.२१-३.६० | २.८१-३.२० | २.४१-२.८० | २.०१-२.४० | १.६१-२.०० | १.२१-१.६० | ०.८१-१.२० | ० -०.८० | जम्मा | % |
| प्रदेश नं. १ | ७० | ८३९ | २५५१ | ५४२६ | १०८२५ | १९०१३ | १३०२६ | २१८३ | ४१४१ | ५८०७४ | १६.७० |
| प्रदेश नं. २ | ४ | २७१ | १५८५ | ४८५६ | ११०८० | ११४६४ | ३८३६ | ६५७ | ३१५५ | ३६९०८ | १०.६१ |
| प्रदेश नं. ३ | ८८५ | ७८०८ | १६०१७ | २०२२० | २३६८९ | २४६३३ | ९८७४ | ११४६ | ७१०७ | १११३७९ | ३२.०३ |
| गण्डकी प्रदेश | २४ | ६५२ | २१४३ | ४४३६ | ९२९० | १२९३० | ५९०१ | ७०८ | १८२३ | ३७९०७ | १०.९० |
| प्रदेश नं. ५ | ७७ | ९६७ | २५१६ | ५३२० | १२५१३ | १८३३३ | ६८८६ | ८४२ | २७७४ | ५०२२८ | १४.४४ |
| कर्णाली प्रदेश | १ | ४० | १६४ | ११९२ | ६६८८ | ८८५१ | २२२८ | १७६ | २५२३ | २१८६३ | ६.२९ |
| सु.प. प्रदेश | ११ | १६९ | ६२८ | २२०५ | ८५०१ | १२६४२ | ४३८१ | ५३१ | २३२१ | ३१३८९ | ९.०३ |
| **जम्मा** | १०७२ | १०७४६ | २५६०४ | ४३६५५ | ८२५८६ | १०७८६६ | ४६१३२ | ६२४३ | २३८४४ | ३४७७४८ | १००.० |
| **प्रतिशत** | ०.३१ | ३.०९ | ७.३६ | १२.५५ | २३.७५ | ३१.०२ | १३.२७ | १.८० | ६.८६ | | |

| प्रदेश | कक्षा १२ (२०७५) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३.६१-४.० | ३.२१-३.६० | २.८१-३.२० | २.४१-२.८० | २.०१-२.४० | १.६१-२.०० | १.२१-१.६० | ०.८१-१.२० | ०-०.८० | जम्मा | % |
| प्रदेश नं. १ | ९९ | १२२१ | ३६२१ | ७९१४ | १४६०७ | १२४०३ | ४२३४ | ६४७ | २७४१ | ४७४८७ | १५.८५ |
| प्रदेश नं. २ | ८ | १४३ | ९३३ | ५५९४ | १०२२० | ७४९८ | ३४३४ | १२३५ | २१९६ | ३१२६१ | १०.४४ |
| प्रदेश नं. ३ | ९२२ | ७६५३ | १५६१३ | २१३८३ | २४११० | १७८९२ | ६३२१ | १०९९ | ५१६६ | १००१५९ | ३३.४३ |
| गण्डकी प्रदेश | ७७ | ९९० | २५९६ | ५९११ | १०१२४ | ८६५६ | ३१९४ | ५८७ | १३८० | ३३५१५ | ११.१९ |
| प्रदेश नं. ५ | ४२ | ९२४ | ३४५३ | ८७८८ | १४५५१ | १०२०३ | ३०८३ | ५७८ | १९६९ | ४३५९१ | १४.५५ |
| कर्णाली प्रदेश | ३ | ५० | ३२४ | ३६२४ | ७०९८ | ३५९७ | ६४७ | ६७ | २०८९ | १७४९९ | ५.८४ |
| सु.प. प्रदेश | १८ | २४० | ११०३ | ५१३१ | ९५८८ | ६१८८ | १८२१ | २७४ | १६९६ | २६०५९ | ८.७० |
| **जम्मा** | ११६९ | ११२२१ | २७६४३ | ५८३४५ | ९०२९८ | ६६४३७ | २२७३४ | ४४८७ | १७२३७ | २९९५७१ | १००.० |
| **प्रतिशत** | ०.३९ | ३.७५ | ९.२३ | १९.४८ | ३०.१४ | २२.१८ | ७.५९ | १.५० | ५.७५ | | |

*स्रोतः राष्ट्रिय परीक्षा बोर्डको २०७६*

माथिको तालिका अनुसार २०७४ सालमा कक्षा ११ को परीक्षामा जिपिए औसत ३.६१-४ प्राप्त गर्ने विद्यार्थी १,०७२ जना (०.३१%), जिपिए औसत ३.२१-३.६० सम्म प्राप्त गर्ने १०,७४६ जना (३.०९%), जिपिए औसत २.८१-३.२० सम्म प्राप्त गर्ने २५,६०४ जना (७.३६%), जिपिए औसत २.४१-२.८० सम्म प्राप्त गर्ने ४३,६५५ जना (१२.५५%), जिपिए औसत २.०१-२.४० सम्म प्राप्त गर्ने ८२,५८६ जना (२३.७५%), जिपिए औसत १.६१-२.०० सम्म प्राप्त गर्ने १,०७,८६६ जना (३१.०२%) र जिपिए औसत १.२१-१.६० सम्म प्राप्त गर्ने ४६,१३२ जना (१३.२७%) रहेका छन् । कक्षा ११ को नतिजामा भन्दा कक्षा १२ को नतिजामा जिपिए औसत २.०१ देखि माथिको समूहमा सुधार भएको देखिएको छ । २०७४ सालमा ११ कक्षाको परीक्षा दिनेमध्ये ४८,१७७ जना विद्यार्थीहरुले १२ कक्षाको परीक्षा नदिएको वा दिन नसकेको देखिएको छ । यसका कारणहरु पहिचान गरी सुधारका उपायहरु गर्नु आवश्यक देखिन्छ ।

## ४.७ विविध

आर्थिक वर्ष २०७५/०७६ मा सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि माध्यमिक विद्यालयहरु छनौट गरी नमुना विद्यालयका रुपमा विकास गर्ने क्रममा थप १०० विद्यालय छनौट भई हालसम्म यस्तो विद्यालयको संख्या ३२२ पुगेको छ । एक विद्यालय एक नर्सको कार्यक्रम सञ्चालनमा छ । यस कार्यक्रमबाट विद्यार्थीले स्वास्थ्य सेवा पाइरहेका छन् । यो कार्यक्रम सबै विद्यालयमा विस्तार गर्ने सोच रहेको छ ।


विद्यालयको कोठा नै मिनी अस्पताल

कतिपय छात्राहरु महिनावारी भएको अवधिमा विद्यालय नजाने गरेको स्थितिलाई मध्यनजर गरी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत छात्राहरुका लागि सेनेटरी प्याड निःशुल्क वितरण गर्ने कार्य प्राथमिकताका साथ सञ्चालनमा छ । साथै विद्यालयका किशोरीहरुलाई आफै सेनेटरी प्याड बनाउन तालिम प्रदान गरी प्रोत्साहन गर्ने गरेको जानकारीमा आएको छ ।

नेपाललाई साक्षर घोषणा गर्न साक्षर नेपाल अभियान कार्यक्रम अन्तर्गत ५० जिल्ला साक्षर घोषणा भइसकेका छन् । काभ्रेपलाञ्चोक, संखुवासभा र मोरङ जिल्ला साक्षर घोषणा हुने चरणमा रहेका छन् । कैलाली, डोटी, बाँके, काठमाण्डौं, कपिलवस्तु र ताप्लेजुङ जिल्लाले साक्षर जिल्ला घोषणा गर्ने प्रतिविद्धता जनाएका छन् । त्यसैगरी मुगु, जुम्ला, कालिकोट, अछाम, बझाङ, बाजुरा, कञ्चनपुर र महोत्तरीमा थप कक्षा सञ्चालन पश्चात साक्षर घोषणा हुन सक्ने अवस्था रहेको छ । धनुषा, रौतहट, सर्लाही, सिरहा, सप्तरी, बारा, पर्सा, सोलुखुम्बु, हुम्ला र डोल्पा जिल्लामा सघन अभियानको रुपमा साक्षर कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

आर्थिक वर्ष २०७५/०७६ मा थप १२ वटा जिल्ला गरी जम्मा ४२ वटा जिल्लाका पूर्व प्राथमिक कक्षादेखि कक्षा ५ सम्म अध्ययन गर्ने सबै विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गरिएको छ । यस कार्यक्रमबाट थप ७,९९,५२३ जना विद्यार्थी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यसबाट विद्यार्थीको नियमितता दरमा वृद्धि भई सिकाई उपलब्धिमा सुधार हुने अपेक्षा गरिएको छ ।

देशभर सञ्चालित २९,६०७ सामुदायिक विद्यालयमध्ये ८,३६६ विद्यालयहरुमा कम्प्युटर सुविधा उपलब्ध भएको छ । उक्त विद्यालयमध्ये ३,६७६ विद्यालयहरुले शिक्षण सिकाई क्रियाकलापमा सूचना प्रविधिको प्रयोग गर्दै आइरहेका छन् । सूचना प्रविधिको उपयोगबाट शिक्षण सिकाइमा थप प्रभावकारिता ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि सबै माध्यमिक विद्यालयहरुमा सूचना प्रविधिको सुविधा विस्तार गर्ने लक्ष्य नेपाल सरकारले लिएको छ ।

**आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको शिक्षासँग सम्बन्धित बुँदाहरुः**

२८. सबै बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गरिनेछ । विद्यालय भर्ना भई नियमित अध्ययन गर्न नसक्ने विद्यार्थीका लागि माध्यमिक तहसम्म अनौपचारिक वा खुल्ला विद्यालय सञ्चालन गरिनेछ । मातृभाषामा शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिनेछ ।

२९. साक्षर नेपाल घोषणा गर्न साक्षरता अभियानको साथै विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय पठाऔं भन्ने अभियानमार्फत आगामी आर्थिक वर्षसम्म ७० जिल्लालाई पूर्ण साक्षर बनाइनेछ । मदरसा, गुरुकुल र गुम्बा शिक्षालाई आधुनिक शिक्षाको मूलधारमा आवद्ध गरिनेछ ।

३०. राष्ट्रपति शैक्षिक सुधार कोष स्थापना गरी सामुदायिक शिक्षामा गुणस्तर अभिवृद्धि अन्तर्गत सामुदायिक विद्यालयको पूर्वाधार विकास र पुनर्संरचना, गुणस्तरीय पाठ्यपुस्तक, शिक्षक पर्याप्तता, अन्य शिक्षण सामग्रीको उपलब्धता, प्रयोगशाला र खेल मैदानको व्यवस्था एवम् प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच अभिबृद्धिमा जोड दिइनेछ । एक विद्यालय एक खेलकुद शिक्षक व्यवस्थाको थालनी गरिनेछ ।

३१. २०७६ सालदेखि २०८५ साललाई सामुदायिक विद्यालय शैक्षिक गुणस्तर अभिवृद्धि दशकको रुपमा अघि बढाइनेछ । सबै सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार गर्दै लैजान आगामी वर्ष ३०० विद्यालय भवन निर्माण र कक्षाकोठा विस्तार गरिनेछ ।

३२. विपन्न र अपाङ्गता भएका नागरिकका बालबालिका, सहिदका छोराछोरी र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको अवसरमा वृद्धि गरिनेछ । नेपाल सरकारबाट प्रदान गरिने छात्रवृत्तिलाई एकीकृत गरी एक विद्यार्थीलाई एक प्रकारको छात्रवृत्तिमात्र उपलब्ध गराइनेछ ।

३७. सामुदायिक र निजी विद्यालय बीचको शैक्षिक स्तरमा विद्यामान फरक घटाउदै लैजान र सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा पुर्वाधार विकास, नविन प्रविधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार गरिनेछ । विद्यालयहरुलाई अपाङ्गमैत्री बनाइनेछ ।

३८. देशभरका सबै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड निशुल्क उपलब्ध गराइनेछ । विद्यालयमा विद्यार्थी टिकाई राख्न र विद्यालय छाड्ने दरलाई कम गर्न ४३ जिल्लाका आधारभूत तहका थप ९ लाख १७ हजार सहित जम्मा २२ लाख २९ हजार बालबालिकालाई दिवा खाजा उपलब्ध गराइनेछ ।

३८. विद्यालयमा विद्यार्थी टिकाई राख्न र विद्यालय छाड्ने दरलाई कम गर्न ४३ जिल्लाका आधारभूत तहका बालबालिकालाई दिवा खाजा वापतको रकम बालबालिकाका आमा मार्फत उपलव्ध गराइनेछ । देशभरका सबै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड निःशुल्क उपलब्ध गराइनेछ ।

३९. विद्यार्थीमा राष्ट्रियता र देश प्रेमको भावना र समाजप्रतिको दायित्व बोध गराउन विद्यालय पाठ्यक्रममा सुधार गरिनेछ ।

४०. आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका र दलित परिवारका विद्यार्थीलाई निःशुल्क उच्च शिक्षा प्रदान गरिनेछ ।

८८. बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि प्रत्येक स्थानीय तहमा सम्बन्धित तहसँग साझेदारीमा बाल उद्यान निर्माण गरिनेछ ।

### शैक्षिक सूचकमा आधारित उपलब्धिहरुः

२०७१ सालदेखि २०७५ सालसम्म बालबालिकाको शिक्षा सम्बन्धी सूचकको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५०ः २०७१ सालदेखि २०७५ सालसम्म बालबालिकाको शिक्षा सम्बन्धी सूचकको स्थिति

| क्रसं | सूचकहरु | | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|---|---|
| १ | **आधारभूत शिक्षा (प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक शिक्षा समेत** | | | | | | |
| १.१ | पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर | ७६.७ | ७७.७ | ८१ | ८२.९ | ८४.१ | ८४.७ |
| १.२ | पूर्व प्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ५६.९ | ५९.६ | ६२.४ | ६४.७ | ६६.३ | ६६.९ |
| १.३ | कक्षा १ मा कूल प्रवेशदर | १४१.८ | १३७ | १३६.७ | १३३.५ | १२८.६ | १२३.९ |

| क्रसं | सूचकहरु | | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|---|---|
| १.४ | कक्षा १ मा खूद प्रवेशदर | ९१.६ | ९३ | ९३.९ | ९५.२ | ९५.९ | ९६.३ |
| १.५ | कूल भर्नादर (कक्षा १ देखि ५) | | | १३५.४ | १३४ | १३२.३ | ११८.८ |
| १.६ | खूद भर्नादर (कक्षा १ देखि ५) | ९५.६ | ९६.२ | ९६.६ | ९६.९ | ९७.२ | ९६.५ |
| १.७ | कूल भर्नादर (कक्षा १ देखि ८) | ११५.७ | ११७.१ | १२०.१ | १२२ | १२०.२ | १०९.३ |
| १.८ | खूद भर्नादर (कक्षा १ देखि ८) | ८६.३ | ८७.६ | ८९.४ | ९१ | ९२.३ | ९२.७ |
| १.९ | कक्षा १ देखि ८ सम्मको खूद भर्नादरमा लैङ्गिक समानता | | | १.०० | १.०० | १.०० | ०.९८ |
| १.११ | आधारभूत शिक्षाको तह पूरा गर्नेको दर | | | ६९.६ | ६८.४ | ७०.७ | ७१.३ |
| १.१२ | ५ देखि १२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | | | १०.६ | ९ | ८.७ | ७.३ |
| २ | **माध्यमिक शिक्षा (कक्षा ९ देखि १२)** | | | | | | |
| २.१ | कक्षा ९ देखि १२ सम्मको कूल भर्नादर | ५०.४ | ५१.६ | ५७.७ | ५९.६ | ६०.६ | ६६.२ |
| २.२ | कक्षा ९ देखि १२ सम्मको खूद भर्नादर | ३३.२ | ३४.७ | ३७.७ | ३८.९ | ४३.३ | ४६.४ |
| २.५ | कक्षा १ देखि १२ सम्मको खूद भर्नादरमा लैङ्गिक समानता | | | ०.९९ | ०.९८ | ०.९९ | १.०१ |
| ३ | **साक्षरता दर** | | | | | | |
| ३.१ | साक्षरता दर ६ वर्षभन्दा माथि | ६५.९ | ६५.९ | ६५.९ | ७८ | ७८ | ७८ |
| ३.२ | साक्षरता दर १५ देखि २४ वर्ष | ८४.७ | ८४.७ | ८४.७ | ८८.६ | ८८.६ | ८८.६ |
| ३.३ | साक्षरता दर १५ वर्षभन्दा माथि | ५६.५ | ५६.५ | ५७ | ५७ | ५७ | ५७ |

*स्रोतः अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, २०७५/०७६*

शैक्षिक सत्र २०७५ मा आधारभूत कक्षा १ देखि ५ (५-९ वर्ष उमेर समूहका विद्यार्थी) को खूद भर्नादर ९६.५ प्रतिशत, आधारभूत कक्षा ६ देखि ८ (१०-१२ वर्ष उमेर समूह) को ८८.९ प्रतिशत र माध्यमिक तह कक्षा ९ देखि १२ (१३ वर्षदेखि १६ वर्ष उमेर समूह) को ४६.४ प्रतिशत रहेको छ। कक्षा (९-१०) सम्म ६८.१ प्रतिशत रहेको खूद भर्नादर कक्षा (११-१२) मा २४.७ प्रतिशत मात्र हुनुले माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण भै अध्ययनलाई निरन्तरता दिने विद्यार्थीको संख्या नगन्य रहेको छ। आधारभूत तहको आन्तरिक सक्षमता हेर्दा अझै पनि उत्तीर्ण दर ८९.५ प्रतिशत रहेको छ। यस्तै कक्षा दोहोऱ्याउने दर ७.० प्रतिशत छ भने कक्षा छाड्ने दर ३.६ प्रतिशत रहेको छ। कक्षा ८ सम्मको टिकाउ दर ७७.९ प्रतिशत मात्र रहेको अवस्थाले विद्यालय तहमा विद्यार्थीलाई टिकाई राख्न थप प्रयास गर्नुपर्ने देखिन्छ।

समग्रमा, विद्यालय शिक्षामा सुधार आएको देखिएको छ। बालबालिकाको भर्नादरमा सामान्य सुधार आएको छ। तथापी, अपाङ्गता भएका र अन्य सबै बालबालिकाको पहुँच विद्यालयमा पुऱ्याउनु, विद्यालय खुल्ने सबै दिनहरुमा नियमित पठनपाठन हुनु, विद्यालयमा पढाई बीचैमा छोड्ने समस्या न्यून गर्नु, विद्यालयमा विद्यार्थीको सिकाई स्तर सुधार गर्नु, पढाईलाई निरन्तरता दिनु, विद्यालय - शिक्षक - विद्यार्थीको अनुपात सुधार गर्नु, शिक्षामा गुणस्तरीयता ल्याउनु जस्ता विषयहरुमा सुधार हुन थप प्रयास गर्नुपर्ने देखिएको छ।

# परिच्छेद : ५

# बाल सहभागिता

## ५.१. परिचय

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । यस अनुसार प्रत्येक बालबालिकासँग सरोकार राख्ने बिषयबारे जानकारी पाउने तथा बालबालिका सम्बन्धी विकास प्रक्रियामा बालबालिकाको उमेर र क्षमताको आधारमा आफ्ना विचार राख्न पाउने, सङ्गठित हुन पाउने लगायतका विषयलाई बाल सहभागिताको संज्ञा दिइएको छ । बाल सहभागिता बालबालिकाको आधारभूत अधिकार हो । विगत केही वर्षहरुदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ । विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन् । बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफुलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ, र (२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था भएको छ । दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ, र (२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । यी व्यवस्थाहरुबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानूनद्वारा नै स्थापित हुन पुगेको छ ।

## ५.२ बालबालिकाको विचार र अभिव्यक्ति स्वतन्त्रता

नेपालको संविधानको धारा ३९(३) ले बालबालिकाको सहभागिताको हक सुनिश्चित गरेको छ । यस अतिरिक्त मौलिक हक अन्तर्गतका अन्य अधिकारहरू नागरिक सबैको हकमा लागू हुने हुँदा विचार र अभिव्यक्तिको स्वत्रन्तता तथा संघसंस्था खोल्ने स्वतन्त्रताका हकहरु बालबालिकाको लागि पनि आकर्षित हुन्छन् । बाल अधिकार सम्बन्धी महासन्धिको अनुमोदनपश्चात् नेपालमा योजना, नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा बाल सहभागिता उल्लेख्य रुपमा वृद्धि भइरहेको पाइन्छ ।

नेपालका ठूला राष्ट्रिय दैनिक अखबारहरुले केही बालकेन्द्रित सामग्री प्रकाशन गर्दै बालबालिकाका रचनाहरुलाई पनि स्थान दिने गरेको पाइन्छ । उदाहरणका लागि कान्तिपुर दैनिकले प्रत्येक आइतबार कोपिला नामक अतिरिक्त पृष्ठ प्रकाशन गर्दै आएको छ भने अन्नपूर्ण पोस्टले आइतबार अंकुर, नागरिक दैनिकले शनिबार जुनकिरी शीर्षकको विशेष पृष्ठ र गोरखापत्रले हरेक शनिबारको अङ्कमा बालरचनालाई स्थान दिनुका साथै मुना मासिक पत्रिका प्रकाशन गर्दै आएको छ । यस अतिरिक्त नेपालका चर्चित प्रकाशन गृहहरुले बालबालिकाको विकासँग सम्बन्धित पुस्तकहरु प्रकाशन गर्दै आइरहेका छन् । त्यसैगरी बालबालिका लक्षित गरी केही मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रकाशनहरु पनि हुँदै आएका छन् । काठमाण्डौमा हाल १० भन्दा बढी बालबालिका सम्बन्धी मासिक पत्रिका प्रकाशन हुँदै आएको जानकारीमा आएको छ । साथै, विद्यालयहरुमा बालबालिकाले नै भित्ते पत्रिका लेखन तथा प्रकाशन गरेका हुन्छन् ।

## ५.३ बालबालिकाको मनोरञ्जनमा सहभागिता (रेडियो, पत्रपत्रिका, टेलिभिजन)

विभिन्न छापा, श्रव्य, दृष्यजस्ता सञ्चार माध्यममा बालबालिका सम्बन्धी कार्यक्रम लगायत बालबालिकाले नै लेखेका तथा सञ्चालन गरेका विविध सामग्री एवम् कार्यक्रमहरु विगतका दशकहरुदेखिनै सञ्चार माध्यमहरुमा आउने गरेका छन् । यस्ता कार्यक्रमहरुबाट एकातिर बालबालिका सम्बन्धी सूचनाको जानकारी हुने गरेको छ भने अर्कोतिर बालबालिका प्रोत्साहित हुने गरेको पाइन्छ । एफएम् रेडियो प्रशारणको क्षेत्रमा नेपालले विश्वमै उदाहरण प्रस्तुत गरेको छ । सूचना तथा सञ्चार मन्त्रालयबाट इजाजतपत्र प्राप्त कूल ७४० एफएम् रेडियोहरुमध्ये ५९६ वटा नियमित प्रशारणमा रहेको जानकारीमा आएको छ ।

बालबालिकाको मनोरञ्जनका निमित्त देशभरिकै सञ्चार माध्यमहरुमा खासगरी एफएम् रेडियोहरुमा बाल कार्यक्रमहरु उल्लेख्यरुपमा सञ्चालन हुँदै आएका छन् । जस अन्तर्गत काठमाण्डौंमा १२ भन्दा बढी रेडियोहरुले हरेक हप्ता बाल कार्यक्रम सञ्चालन गर्दै आएका छन् भने टेलिभिजनहरुमा पनि बाल कार्यक्रमहरु सञ्चालन गर्ने परिपाटी बसेको छ ।

## ५.४ बालक्लब

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० मा प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ । बालक्लब वा

संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने उल्लेख भएको छ । बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन (नमूना) र बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ ले "समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन भएको एक महिनाभित्र गाउँपालिका/नगरपालिका र तिनका वडा कार्यालयमा सूचिकृत गर्नु पर्नेछ र विद्यालयमा गठन भएका बाल समूहको आवद्धता स्वयम् विद्यालयसँग र समुदायमा गठन भएका बाल समूहको आवद्धता स्थानीय गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयसँग रहनेछ" भन्ने स्पष्ट उल्लेख गरेको छ । आर्थिक वर्ष २०७४/०७५ मा देशभर विद्यालय र समुदायमा आधारित गरी जम्मा २३,६०६ बालक्लव सञ्चालनमा रहेका थिए । आर्थिक वर्ष २०७४/०७५ मा बालक्लव दर्ता कहाँ र कसरी गर्ने भन्नेबारे व्यवहारिक अन्यौलता रहेको बुझिएको छ । यसर्थ बालबालिकाले बालक्लव वा संस्था खोल्ने विषय यथाशक्य स्पष्ट हुन जरुरी देखिएको छ ।

## ५.५ खेलकुदमा बालबालिकाको सहभागिता

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ । प्रत्येक विद्यालयले पठनपाठनको समय बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक पर्ने खेदकूदका सामग्रीको व्यवस्था गर्नुपर्नेछ । प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्थाअनुरुप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसबाट बालबालिकालाई खेलकूद, सांस्कृतिक लगायत विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी भई आफ्नो व्यक्तित्व विकास गर्न पाउने अधिकार कानूनद्वारा नै सुनिश्चित गरिएको छ । यस अनुसार विद्यालय स्तरमा विद्यालयमा उपलब्ध स्रोतसाधन र खेल मैदानको आधारमा बालबालिकाले खेलकुद तथा मनोरञ्जनमा सहभागी हुने व्यवस्था रहेको पाइन्छ ।

विगतका दशकहरुदेखिनै सरकारको तर्फबाट शिक्षा लगायत खेलकुदसँग सम्बन्धित मन्त्रालयहरुबाट विद्यालय स्तर, अन्तर विद्यालयस्तर, जिल्ला स्तर, क्षेत्रीय स्तर र राष्ट्रिय स्तरका विभिन्न खेलकुद कार्यक्रम सञ्चालन र प्रतियोगिताहरुको आयोजना गरी बालबालिकाको खेलकुदमा सहभागिता अभिवृद्धि गर्दै आएको छ । यसैगरी विभिन्न अन्तर्राष्ट्रिय स्तरका १९ वर्षमुनिका, १६ वर्षमुनिका मूलतः फुटबल, क्रिकेट, जुडो, कराते, पौडीजस्ता खेलको प्रतियोगितामा नेपाली बालबालिका खेलाडीहरुलाई सहभागी गराएका समाचारहरु प्रकाशमा आउने गरेका छन् । तर यस्ता अन्तर्राष्ट्रिय स्तरका खेलकुदमा नेपाली बालबालिका खेलाडीको संख्या, खेलकुद तथा सहभागिता सम्बन्धी सूचना अद्यावधिक रुपमा उपलब्ध हुन सकेको छैन । आर्थिक वर्ष २०७५/०७६ मा राष्ट्रपति रनिङ्ग शिल्ड खेलकूद प्रतियोगितामा विविध कारणहरुले गर्दा चारवटा प्रदेशबाट १८ वर्षमुनिका बालबालिका खेलाडीहरु र उपराष्ट्रपति चिल्ड्रेन्स गेम्समा सातवटै प्रदेशहरुबाट १४ वर्षमुनिका बालबालिका खेलाडीहरुले भाग लिएका थिए । यसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५१: प्रदेशस्तरीय खेलकुद प्रतियोगितामा बालबालिकाको सहभागिता

| क्रसं | खेलकुदको नाम | प्रदेश | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | १, गण्डकी, ५ र सुदूरपश्चिम | १८८ | १८८ | ३७६ |
| २ | उपराष्ट्रपति चिल्ड्रेन्स गेम्स | ७ वटै प्रदेशहरु | १८९ | २५९ | ४४८ |
| | | | ३७७ | ४४७ | ८२४ |

*स्रोतः राष्ट्रिय खेलकुद परिषद्, २०७६ ।*

माथिको तालिकाबाट दुवै प्रतियोगितामा गरी जम्मा ८२४ जना (बालक ४४७ र बालिका ३७७) बालबालिका सहभागी भएको देखिएको छ। यसबाहेक अन्य खेलकुद तथा प्रतियोगिताको सूचना उपलब्ध हुन सकेन। बालबालिका सहभागी हुने प्रदेश तथा संघीय स्तर एवम् अन्तर्राष्ट्रिय स्तरका खेलकुदको सूचना सम्बद्ध निकायले व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ।

आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको बुँदा नं. २२१ मा बालबालिकाको स्वस्थ शारीरिक तथा मानसिक विकासका लागि खेलकुदलाई अघि बढाउन संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा समुदाय स्तरदेखिनै नियमति रुपमा खेलकुद प्रतियोगिताको आयोजना, खेलाडीको प्रशिक्षण, क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ भन्ने उल्लेख भएको छ।

## ५.६ बालमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय तह तथा वडाहरु

बालमैत्री स्थानीय शासन भनेको बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका प्रमुख सवालहरुलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो। बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने कानूनी, संस्थागत, संरचनागत, कार्यक्रमगत प्रयासलाई बालमैत्री बनाउने सोच नै बालमैत्री स्थानीय शासन हो। यो अवधारणाले स्थानीय तहले बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था समेतलाई जनाउँदछ।

साविकको केन्द्रीय बाल कल्याण समितिले बालमैत्री गाँउ विकास समिति घोषणा अभियान २०६४ सालबाट प्रारम्भ गरी यस विषयमा केन्द्रीय तहदेखि साविकको जिल्ला बाल कल्याण समिति र गाउँ बाल संरक्षण समितिलाई समेत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको थियो। बालबालिका समेतको सहभागितामा बालमैत्री गाँउ विकास समिति निर्माण गर्ने सूचाङ्कहरूको विकास गरी यो कार्य प्रारम्भ गरिएको थियो। ती सूचाङ्कहरुलाई समेत समायोजन गरी तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लागू गरी ६४ वटा साविकको जिल्ला विकास समिति र ३२ वटा नगरपालिकाहरुलाई तालिम दिई बालमैत्री स्थानीय शासन पद्धति अगाडि बढाएको थियो। नेपाल सरकारले बालमैत्री स्थानीय शासन अवलम्वन गरेकोमा संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले समेत प्रशंसा गरेको छ।

वर्तमान संघीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय सरकारले २०७४ सालदेखि कार्य सम्पादन गर्दै आएको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वडा समितिलाई बालमैत्री वडा बनाउने अख्तियारी सुम्पेकोले सोही बमोजिम स्थानीय तह तथा वडाहरु बालमैत्री स्थानीय शासन पद्धति अवलम्वन गरी घोषणा हुने क्रम निरन्तर रुपमा अघि बढिरहेको छ। हालसम्म प्रदेश २ को सप्तरी जिल्ला अन्तर्गत कञ्चनरुप नगरपालिका, प्रदेश ३ को दोलखा जिल्ला अन्तर्गत भिमेश्वर नगरपालिका, गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) अन्तर्गत देवचुली नगरपालिका र प्रदेश ५ को नवलपरासी जिल्ला अन्तर्गत सुनवल नगरपालिकाका बालमैत्री नगरपालिकाको रुपमा घोषणा भएका छन् भने यीबाहेक अन्य ३५ वटा स्थानीय तहका एक/एक वडा बालमैत्री घोषणा भएका छन् (अनुसूची १५)। केही स्थानीय तहले बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि तर्जुमा गरी सोही बमोजिम बालमैत्री घोषणा गरिएका छन्। बाल अधिकारको विषयमा स्थानीय सरकारबाट यो अवधिमा भएको प्रयास उल्लेखनीय रहेको छ।

समग्रमा, बालबालिकासँग सम्बन्धित समिति, नीति तथा योजना निर्माणका कार्यहरु लगायत विभिन्न कार्यक्रमहरुमा विचार र अभिव्यक्तिलाई समाहित गर्न बालबालिकाको सहभागितालाई अभिवृद्धि गरिँदै आएको देखिएको छ। यस्ता कार्यहरुमा बालबालिकाको सहभागिता अर्थपूर्ण रहेको महसुस गरिएको छ। बालबालिकाको विषयमा संवेदनशील हुँदै वडा लगायत स्थानीय तहबाट बालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्ने कार्य बढ्दो क्रममा रहेको छ। बालबालिकाको सहभागितालाई अर्थपूर्ण बनाउँदै सबै सरोकारवालाहरुले यस कार्यलाई थप प्राथमिकतामा राख्न र सूचना व्यवस्थापन दुरुस्त राख्न जरुरी देखिएको छ।


National Anthem

# परिच्छेद: ६

## निष्कर्ष

नेपाल सरकार बालबालिकाको विषयमा अत्यन्त संवेदनशील रहेको छ। नेपालको संविधानमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रुपमा लिइएको छ। धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत विकास, संरक्षण, सहभागिता सम्बन्धी अधिकार प्रत्याभूत गरिएको छ । यस संविधानमा बाल अधिकारका मूलभूत सिद्धान्तहरुसहित बाल अधिकारका आधारभूत मान्यताहरुलाई स्पष्ट रुपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान उत्कृष्ट देखिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बाँच्न पाउने अधिकार, विकास सम्बन्धी शिक्षा र स्वास्थ्यको सेवासुविधा पाउने अधिकार, भेदभाव बिरुद्धको अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार लगायतका बालबालिकाको १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् । बालबालिकाप्रति राज्यको, संघसंस्था तथा निकायको, परिवार वा संरक्षकको एवम् सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरु समावेश गरिएका छन् । यस अतिरिक्त, बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु तथा सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने उल्लेख भएको छ । यी यावत प्रावधानहरुलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको एक बालमैत्री कानून हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसंग सम्बन्धित विविध विषयगत पक्षहरुमा स्थानीय सरकारका अङ्गहरुले गर्नुपर्ने कार्यहरुलाई समावेश गरेको छ। यस अतिरिक्त अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ जस्ता कानूनी व्यवस्था भएबाट नेपाल सरकार बाल अधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख भएको देखिएको छ ।

नेपाल संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को एक पक्षधर राष्ट्र हो । नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको विषयलाई राष्ट्रिय प्राथमिकतामा राखी विभिन्न कार्यहरु गरिरहेको सबैलाई विदितै छ। वि.सं. २०४८/०४९ सालतिर

प्राथमिक तहमा बालबालिकाको खुद भर्नादर ६४ प्रतिशत रहेकोमा हाल करिब ९७.० प्रतिशत पुगेको छ। प्राथमिक शिक्षामा छात्रमा छात्राको अनुपात ०.५६ बाट बढेर १.०९ पुगेको छ। माध्यमिक शिक्षा (कक्षा ९-१०) मा यो अनुपात ०.४३ बाट बढेर १.० पुगेको छ। एस.एल.सी. परीक्षा दिने विद्यार्थीको संख्या करिब २०५० सालमा करिब ७९,४२० रहेकोमा यो संख्या २०७५ सालको एस.इ.इ. परीक्षामा ४,७५,००० नाघेको छ। घट्दो जन्म दरका कारण विद्यालय स्तरमा विद्यार्थीको संख्या घट्ने क्रममा रहेको देखिएको छ। यसैगरी सोही अवधिमा नवजात शिशु मृत्युदर प्रति हजारमा ५० जना रहेकोमा २१ मा, शिशु मृत्युदर प्रति हजारमा १०८ जना रहेकोमा ३२ जनामा र बाल मृत्युदर प्रति हजारमा १६२ रहेकोमा ३८ जनामा झरेको छ। बालबालिकामा कुपोषणको दर पनि उल्लेख्य मात्रामा घटेको देखिएको छ। बाल स्वास्थ्यको क्षेत्रमा भएको यस किसिमको उपलब्धिका लागि नेपालले अन्तर्राष्ट्रिय पुरस्कार समेत पाइसकेको छ। बाल संरक्षण र अधिकारको विषयमा भएका यस्ता नतिजाहरु उत्साहवर्द्धक रहेको छ। यो तथ्य बालबालिका सम्बन्धी समष्टिगत सूचकाङ्कले स्पष्ट पारेको छ।

सरकारको तर्फबाट बालबालिकाका लागि विद्यालय शिक्षा निःशुल्क गर्दै लैजाने, पाठ्पुस्तकहरु निःशुल्क प्रदान गर्ने, गरीब, जेहन्दार, सीमान्तकृत एवम् विभिन्न जातजातिका बालबालिका वा विद्यार्थीका लागि विविध किसिमका छात्रवृत्तिको व्यवस्था गर्ने, कर्णाली क्षेत्र र देशभरका दलित परिवारका बालबालिकाका लागि पोषण भत्ता र शिशु जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेमा रु. १००० भत्ता, अपाङ्गता भत्ता, लोपोन्मुख बालबालिकाका लागि लालनपालन भत्ताको व्यवस्था गर्ने जस्ता सामाजिक सुरक्षा अन्तर्गतका उत्साहवर्द्धक कार्यक्रमहरु सञ्चालनमा छन्। स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति गराएवापत रु. ३ हजारसम्म यातायात खर्च दिने व्यवस्थाले गर्दा धैरै शिशुहरु संभाव्य जोखिमबाट सुरक्षित रहेका छन्। साथै, अति दुर्गम हिमाली तथा पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरुलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार गरी अस्पतालसम्म पुऱ्याउने कार्यक्रमले गर्दा अहिलेसम्म थुप्रै आमा र शिशुलाई बचाउन सकिएको स्थिति छ।

बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, संरक्षण लगायतको विषयमा गरिएको लगानी तथा सेवासुविधामा प्राथमिकता दिँदै आएको परिणाम स्वरुप बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन भइरहेको छ। जोखिममा रहेका बालबालिकालाई सरकारी तथा विकासका साझेदार संस्थाहरुबाट प्रदान गर्दै आएको सहयोगबाट पनि विशेष संरक्षणको आवश्यकता भएका बालबालिका लाभान्वित भएका छन्। आवधिक रुपमा सम्पादन गरिने राष्ट्रिय सर्वेक्षणहरुबाट बालबालिकासँग सम्बन्धित समष्टिगत सूचकहरुमा क्रमशः सुधार हुँदै आएको देखिएको छ। बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण लगायत बालविवाह, बालश्रम, सडक बालबालिका, यौन दुर्व्यवहार र शोषण, बालमैत्री स्थानीय शासन, अनाथ एवम् जोखिम तथा सीमान्तकृत, जन्मदर्ता, चेतना जागरण जस्ता विषयहरुमा संघ, प्रदेश तथा स्थानीय सरकारबाट दिएको प्राथमिकता बालबालिकाको हक, हित र अधिकारको लागि उत्साहवर्द्धक प्रयासको रुपमा रहेको छ।

सडक बालबालिकाको बारेमा सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष चासो रहेको छ। यस सन्दर्भमा काठमाण्डौं उपत्यकाका सडकहरुबाट बालबालिकाको उद्धार लगायत आवासीय संरक्षण र व्यवस्थापन

कार्य २०७३ बैशाख २७ गतेदेखि निरन्तर चलिरहेको छ । २०७६ साल असार मसान्तसम्ममा १,०११ बालबालिकालाई सडकबाट उद्धार गरी व्यवस्थापन गरिएको छ । यो कार्य काठमाण्डौं उपत्यका बाहिरका अन्य शहर एवम् नगरमा समेत सञ्चालन हुने अवस्थामा छ । बालश्रम निवारणका लागि बालश्रम सम्बन्धी दोस्रो गुरुयोजना कार्यान्वयनमा रहेको छ । बालगृहहरुको अनुगमन कार्य निरन्तर रहेको छ । मापदण्ड विपरित सञ्चालनमा रहेका बालगृहहरुबाट बालबालिका उद्धार गरी उपयुक्त व्यवस्थापन गर्ने कार्य भइरहेको छ र त्यस्ता बालगृहहरुलाई प्रचलित कानून बमोजिम कारवाहीको प्रक्रियामा ल्याइएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रिय बाल अधिकार परिषद्को सहयोगमा बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गर्ने र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप संयुक्त राष्ट्र संघको बाल अधिकार समितिमा आवधिक प्रतिवेदन पठाउने कार्य नियमित रुपमा हुँदै आएको छ । साथै, बालबालिकासम्बन्धी ऐन, २०७५ सम्बन्धी नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड निर्माण गर्ने कार्य सम्पन्न हुने स्थितिमा रहेको छ ।

बालबालिकालाई शिक्षा प्रदान गर्ने विषयमा आमसचेतना विकास भएको छ । बालबालिकाको जीवनमा सकारात्मक प्रभाव पार्ने अनेकौं सुधारहरु तथा नतिजाहरु हुँदाहुँदै पनि अझै प्रशस्त चुनौतीहरु छन् । बालश्रम, बालविवाह, बालबालिकाविरुद्ध हुने अमानवीय यौनजन्य हिंसा, दुर्व्यवहार र विभेद, बालबालिकाको गैरकानूनी ओसारपसार जस्ता घटनाहरुको अन्त्य गर्ने कार्यहरु चुनौतीकै रुपमा रहेका छन् । त्यस्तै, अनाथ, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका तथा एचआइभी/एड्सबाट प्रभावित बालबालिकाको उपयुक्त हेरचाह तथा संरक्षण गर्ने जस्ता कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्ने चुनौती अझै विद्यमान छ । शिक्षा, स्वास्थ्य लगायत संरक्षणको सेवासुविधाबाट वञ्चित भएका बालबालिकाको विषयलाई समयमै प्रभावकारी रुपमा सम्बोधन गर्नु, विद्यालय शिक्षामा बालबालिकाको सिकाई उपलब्धिमा सुधार ल्याउनु, पोषण स्थितिमा उल्लेख्य सुधार ल्याउनु जस्ता कार्यहरु चुनौतिपूर्ण देखिएको छ ।

नेपाल सरकारले कानून, नीति, योजना, कार्यक्रम, संस्थागत संरचनामा समयानुकूल सुधार गर्दै बालबालिकाको संरक्षण, व्यक्तित्व विकास र हक, अधिकार प्रवर्द्धन गर्न दृढ संकल्पसहित कार्य गरिरहेको छ । बालश्रम तथा बालविवाह अन्त्य गर्ने, अभिभावकविहीन बालबालिकाको संरक्षण सहयोग, सडक बालबालिकाको उद्धार तथा व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि थप व्यवस्था गर्ने समेत तयारीमा लागेको छ ।

समग्रमा, बालबालिकाको क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहमा भएका सुधारहरुलाई ध्यानमा राख्दै राम्रा कार्यहरुलाई निरन्तरता दिई बाल अधिकारका सबै आयामहरुमा थप प्रयास गर्दै संघीय, प्रादेशिक र स्थानीय सरकार अझ बढी संवेदनशील भई बाल अधिकार सुनिश्चिततातर्फ अझ क्रियाशील हुन र लगानी वृद्धि गर्नु जरुरी देखिएको छ । यस प्रयासमा विकास साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज, सञ्चार माध्यम, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरुको योगदान महत्वपूर्ण हुन्छ । सबैको प्रयासबाट आउँदा वर्षहरुमा सबै समूहका बालबालिकाको जीवनमा उल्लेख्य रुपमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।



## सन्दर्भ सामग्रीहरुः


अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७४/०७५

अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५

आवासको अधिकार सम्बन्धी ऐन, २०७५

एक्प्याट, लक्जम्बर्ग, एसेसिङ्ग एण्ड अण्डरस्ट्याण्डिङ्ग द रिस्कः सेक्सुयल एक्सप्लोइटेसन अफ चिल्ड्रेन अनलाइन इन नेपाल, २०१७

केन्द्रीय तथ्याङ्क विभाग/आइएलओ, नेपाल बालश्रम प्रतिवेदन, २०१२

केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवन स्तर सर्वेक्षण, सन् २०११

केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्भेक्षण, २०१४

केन्द्रीय तथ्याङ्क विभाग, पपुलेसन मोनोग्राफ २, सन् २०१४

केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०४८, २०५८ र ६८

केन्द्रीय बाल कल्याण समिति, ललितपुर २०७५/०७६

केन्द्रीय बाल कल्याण समिति, नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०७३, २०७४, २०७५

गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, अभिलेख, २०७६

गृह मन्त्रालय, महानगरीय ट्राफिक प्रहरी महाशाखा (अन्वेषण योजना शाखा), २०७६

जनस्वास्थ्य सेवा ऐन, २०७५

नेपाल सरकार, नेपालको संविधान (२०७२)

नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रक्रिया, २०६५

प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, २०७६

बालबालिका सम्बन्धी ऐन, २०७५

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४

राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग, २०७६

राष्ट्रिय दैनिक पत्रिकाहरु, २०७५/०७६

राष्ट्रिय परीक्षा बोर्ड, नतिजा विश्लेषण, २०७४-२०७५

वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर, २०७६

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लास रिपोर्ट - १, २०७४/०७५

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७६ ।

स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७४/०७५

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २००६-२०१६

सामाजिक सुरक्षा ऐन, २०७५

सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५

CREHPA, Puri M et al., Abortion Incidence and Unintended Pregnancy in Nepal, *International Perspectives on Sexual and Reproductive Health, 2016, 42 (4): 167-179.*

*https://www.bbc.com/nepali/news/2016/09/160908_child_Marriage*

*https://www.hrw.org/sites/default/files/report_pdf/nepal0816_web.pdf*

*https://www.worldlifeexpectancy.com/nepal-population-piramid*

*http://www.nayapatrikadaily.coM/2018/10/02/100971*

*http://www.ratopati.coM/story/57529*

*https://www.onlinekhabar.coM/2018/09/706896*



**अनुसूची १**

**बालबालिका सम्बन्धी ऐन, २०७५: बालबालिकाको अधिकार, संरक्षण, बालबालिका प्रतिको दायित्व, बालबालिकाको कर्तव्य र गोपनियताको व्यवस्था सम्बन्धी दफाहरु**

| दफा | कानूनी प्रावधान |
|---|---|
| ३ | **बाँच्न पाउने अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।<br>(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अबलम्वन गर्नेछन्। |
| ४ | **नाम, राष्ट्रियता र पहिचानको अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित जन्मदर्ताको हक हुनेछ।<br>(२) बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्नेछ।<br>(३) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।<br>(४) उपदफा (२) बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्यवा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ।<br>(५) प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।<br>(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछ।<br>(७) पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नामपछाडि आमाको थर प्रयोग गर्न पाउनेछ।<br>(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ।<br>(९) बाबु र आमा दुवै नभएका वा दुवैको ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नामपछाडि प्रयोग गर्न पाउनेछ।<br>(१०) उपदफा (९) बमोजिम संरक्षकले नाम, थर राखिदिंदा बाल कल्याण अधिकारीलाई जानकारी दिनुपर्नेछ।<br>(११) कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु, आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्नेछ।<br>(१२) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन। |

| | |
|---|---|
| ५ | **भेदभाव बिरुद्धको अधिकारः**<br>(१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गरिनेछैन ।<br>(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा छोरा वा छोरी छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नी बाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्न हुँदैन ।<br>(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइनेछैन ।<br>(४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरुबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन । |
| ६ | **बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकारः**<br>(१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बालअदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ । तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गर्नु हुदैन ।<br>(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबुआमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ ।<br>(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बावु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ ।<br>(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्मदिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ । |
| ७ | **संरक्षणको अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई आफ्नो बावु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध बिच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।<br>(३) कुनै पनि बावु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोरा, छोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउनेछैन । |

| | |
|---|---|
| | (४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ ।<br>(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य तथा यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरुको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।<br>(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सशस्त्र द्वन्द वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइनेछैन ।<br>(८) कसैले पनि सशस्त्र द्वन्द वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन ।<br>(९) चौध बर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरी को रुपमा राख्नु हुँदैन ।<br>(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरुको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन् । |
| ८ | **सहभागिताको अधिकारः**<br>(१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आपू:लाई असर पार्नेविषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ |
| ९ | **अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।<br>(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ । |
| १० | **संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । |

| | |
|---|---|
| ११ | **गोपनीयताको अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ ।<br>(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियोको सृजना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउन हुँदैन ।<br>(३) बाल अदालत,प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन ।<br>तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नुपरेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ । |
| १२ | **अपाङ्गताभएका बालबालिकाको विशेष अधिकारः**<br>(१) अपाङ्गता भएका बलाबालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ । प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरुपले सहभागी हुने तथा सम्मानजनकरुपमा बाँच्न पाउने अधिकार हुनेछ ।<br>२. अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने आत्म निर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा समानजनक रुपमा बाँच्न पाउने अधिकार हुनेछ ।<br>(३) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(४) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ । |
| १३ | **पोषण तथा स्वास्थ्यको अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनगरपालिकानको समेत अधिकार हुनेछ ।<br>(२) गर्भवती महिला र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ ।<br>(३) प्रत्येक बालबालिकालाई निःशुल्क औषधि उपचारको अधिकार हुनेछ । |

| | |
|---|---|
| १४ | **खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ ।<br>(२) प्रत्येक विद्यालयले पठन पाठन बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुदस्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।<br>(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ ।<br>(४) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप साँस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ । |
| १५ | **शिक्षाको अधिकारः**<br>(१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।<br>(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।<br>(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।<br>(४) दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ । |
| १६ | **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेः**<br>(१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ ।<br>(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ ।<br>(३) यस ऐन बमोजिम बाल कल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबुआमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।<br>(४) बालबालिका रहने वा बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सर्वाजनिक र निजी सामाजिक संस्थाले भौतिक संरक्षणा निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । |

| | |
|---|---|
| १७ | **परिवार वा संरक्षकको दायित्वः**<br>(१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ ।<br>(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, मायाममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ ।<br>(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनुपर्नेछ ।<br>(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन ।<br>(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन । |
| १८ | **राज्यको दायित्वः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ । |
| १९ | **सञ्चार क्षेत्रको दायित्वः** बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रशारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ । |
| ४८ | **विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः**<br>(क) अनाथ बालबालिका,<br>(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका,<br>(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नगरपालिकाएका बालबालिका,<br>(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,<br>(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,<br>(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारीसमक्ष निवेदन परेका बालबालिका,<br>(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,<br>(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धुमपान, मद्यपान एवम् अन्य लागूऔषधको कूलतमा फसेका, एचआईभी सङ्क्रमित बालबालिका,<br>(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाई भएका बालबालिका, |

| | |
|---|---|
| | (ञ) बालबालिका बिरुद्धको कसुरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,<br>(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमाबाबुमध्ये एक गुमाएका, वेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,<br>(ठ) विपन्न दलित समुदायका बालबालिका,<br>(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका । |
| ६६ | बालबालिका विरुद्धको कसूरः<br>(१) कसैले उपदफा २ बमोजिमको हिंसा वा उपदफा ३ बमोजिमको यौन दुर्व्यवहार हुने कुनै काम गरेमा यस ऐन अन्तर्गतको बालबालिका विरुद्धको कसूर गरेको मानिनेछ ।<br>(२) कसैले बालबालिका विरुद्ध देहाय बमोजिमको कुनै काम गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछः<br>(क) धुम्रपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,<br>(ख) बालिगहरुका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने,<br>(ग) बालिगहरुका लागि भनि तोकिएका चलचित्र, अन्य श्रब्य दृष्य जस्ता सामग्री देखाउने,<br>(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,<br>(ङ) शारीरिक चोटपटक वा असर पुर्‍याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिस्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,<br>(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,<br>(छ )राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा, हडताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,<br>(ज) गैरकानूनी थुना, कैद, काराबास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने वा यातना दिने,<br>(झ) क्रुर अमानवीय व्यवहार गर्ने वा यातना दिने<br>(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य अन्य कुनै भेषधारण गर्न लगाउने,<br>(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रुपमा दर्ता गराउने,<br>(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,<br>(ड) जादु वा सर्कसमा लगाउने,<br>(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालिम दिने वा त्यस्तो कार्यमा लगाउने,<br>(ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,<br>(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,<br>(थ) औषधि वा अन्य कुनै परीक्षणको निमित्त बालबालिकालाई प्रयोग गर्ने,<br>(द) कानून बमोजिम बाहेक बालगृहमा राख्ने । |

| | |
|---|---|
| | (३) कसैले बालबालिका विरुद्ध देहाय बमोजिमको कुनै काम गरेमा बाल यौन दुर्व्यवहार गरेको मानिनेछः<br>(क) अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्किने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,<br>(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,<br>(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,<br>(घ) अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,<br>(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अङ्गमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अङ्ग प्रदर्शन गर्ने वा गर्न लगाउने,<br>(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने,<br>(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,<br>(ज) बालयौनशोषण गर्ने वा गराउने,<br>(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,<br>(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,<br>(ट) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने । |
| ७७ | **बालबालिकाको कर्तव्यः** बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ । |
| ७८ | **गोपनीयता कायम राख्नुपर्नेः**<br>(१) कसैले पनि बाल अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न हुँदैन ।<br>(२) कसैले पनि बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्नु हुँदैन ।<br>(३) प्रहरी, सरकारी वकिल वा बाल अदालतले बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाको वास्तविक नाम र पहिचान नखुल्ने गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>(४) अनुसन्धान अधिकारी, सरकारी वकिल तथा बाल अदालतले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको पहिचान गोप्य राख्नु पर्नेछ। त्यस्तो आरोपसँग सम्बन्धित कागजातको प्रतिलिपि सम्बन्धित प्रहरी तथा सरकारी वकिल कार्यालय, बाल अदालत, सम्बन्धित बालबालिका, निजका परिवारका सदस्य, संरक्षक, सम्बन्धित कानून व्यवसायी र केन्द्रीय तथा जिल्ला बाल न्याय समितिबाहेक अरूलाई दिइनेछैन । |

**ख. २०७५ आश्विन २ गते प्रमाणीकरण गरिएका कानूनहरुमा बालबालिकासंग सम्बन्धित व्यवस्थाहरुः**

| क्रस | ऐनको नाम | बालबालिका सम्बन्धी प्रावधानहरु |
|---|---|---|
| १ | अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | यस ऐन अन्तर्गतका देहाय बमोजिमका प्रावधानहरु बालबालिकासंग प्रत्यक्ष सम्बन्ध राख्दछः<br>प्रत्येक नागरिकलाई बिना भेदभाव गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार (दफा ३), प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने (दफा ६), अनिवार्य रुपमा बालबालिकालाई विद्यालयमा भर्ना गराउनु पर्ने (दफा ७), अभिभावकको बासस्थान अनुसार बालबालिकालाई पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त गर्ने (दफा ८), आधार भूत तहसम्मको शिक्षा लिइरहेको कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न नहुने (दफा १०), पुनः भर्ना गर्नु पर्ने (दफा ११), स्थानान्तरण गर्नुपर्ने (दफा १२), वैकल्पिक शिक्षाको व्यवस्था (दफा १४), अनौपचारिक तथा खुला शिक्षा प्रदान (दफा १५), परम्परागत शिक्षा प्रदान गर्न सकिने (दफा १६), अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षा सम्बन्धी व्यवस्था (दफा १८), माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने (दफा २०), विपन्न बालबालिकालाई शैक्षिक सामग्री प्रदान गर्ने (दफा २२), मासिक रुपमा छात्रवृति प्रदान गर्न सकिने व्यवस्था (दफा २३), स्वास्थ्य उपचार(दफा २४) तथा दिवा खाजा सम्बन्धी व्यवस्था (दफा २५), शिक्षणको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा वा सम्बन्धित नेपाली समुदायको मातृभाषा हुन सक्ने (दफा २६), बालबालिकालाई भर्ना गर्न इन्कार गरेमा कसुर गरेको मानिने (दफा ३२, क), विद्यालयबाहिर रहेका दलित, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न बालबालिकालाई विद्यालयमा भर्ना गराउन र सिकाइमा निरन्तरता दिन विशेष व्यवस्था गर्नुपर्ने (दफा ३३(३) ) ।<br>आधारभूत तहसम्मको शिक्षा हासिल गर्नु तथा आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समूहका आफ्ना बालबालिकालाई नियमित रुपमा विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भनी दफा ५ मा स्पष्ट उल्लेख भएको छ । |

| | | |
|---|---|---|
| ३ | वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ | व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनीयता (दफा ३), लिखतको गोपनीयता (दफा ११ उपदफा २), चरित्रको गोपनीयता (दफा १५), तस्वीर खिच्न वा बिक्री गर्न नहुने (दफा १६), कानून बमोजिम बाहेक वैयक्तिक सूचना संकलन गर्न नहुने (दफा २३), अठार वर्ष उमेर नपुगेको व्यक्तिको हकमा निजको अहित नहुने भएमा निजको संरक्षक वा माथवर व्यक्तिले सूचना दिन सक्नेछ (दफा २३ को उपदफा ६ (क) )<br>अठार वर्ष उमेर नपुगेका व्यक्तिसंग सम्बन्धित सूचना सार्वजनिक गर्न वा गोपनीयता खुलासा गर्न परेमा त्यस्तो विषय सार्वजनिक गर्दा वा सोसंग सम्बन्धित गोपनीयता खुलासा गर्दा निजको हित हुने देखिएमा निजको संरक्षक वा माथवर व्यक्तिले मञ्जुरी दिएको अवस्थामा मात्र सार्वजनिक गर्न वा गोपनीयता खुलासा गर्न सकिनेछ (दफा ३३) |
| ४ | आवासको अधिकार सम्बन्धी ऐन, २०७५ | सार्वजनिक प्रयोजनका लागि प्रचलित कानून बमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिने (दफा ५ को उपदफा १) व्यवस्था भएपनि उपदफा ५ मा बालबालिकाको संरक्षणमा विशेष ध्यान दिनुपर्ने प्रावधान उल्लेख भएको छ । |
| ५ | जनस्वास्थ्य सेवा ऐन, २०७५ | स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता (दफा ३ ) अन्तर्गत उपदफा ४ (ख) मा देहायका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक हुने उल्लेख गरिएको छः<br>एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा<br>सेवाग्राहीप्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ (दफा १२को उपदफा १)<br>बालबालिका, किशोर किशोरीका लागि विशेष सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु कार्यान्वयन गर्न स्थानीय तह तथा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ भनी दफा ४७ को उपदफा १ मा स्पष्ट व्याख्या गरिएको छ । |
| ६ | सामाजिक सुरक्षा ऐन, २०७५ | परिच्छेद (२), दफा (३) को उपदफा (१) खण्ड (च) बमोजिम बालबालिकालाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार हुनेछ ।<br>दफा (९) अनुसार अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको बालपोषण भत्ता पाउनेछन् ।<br>परिच्छेद (४), विविध अन्तर्गत दफा (२७) मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले अनाथ बालबालिका लगायतको हेरचाहको लागि तोकिए बमोजिम हेरचाह केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ । |

| | | |
|---|---|---|
| ७ | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ | दफा (२) को खण्ड (ग) मा किशोर किशोरी भन्नाले दश वर्षदेखि उन्नाइस वर्षको उमेर समूहको व्यक्ति सम्झनु पर्छ भनी परिभाषित गरिएको छ। साथै, दफा (३) को उपदफा (१) बमोजिम किशोर किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार हुनेछ। त्यसैगरी, उपदफा (८) मा नवजात शिशुको लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आकस्मिक सेवा पाउने अधिकार हुने उल्लेख छ भने दफा (८) बमोजिम प्रसूति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले नवजात शिशुको स्वास्थ्य स्याहार सम्बन्धी व्यवस्था गर्नु पर्नेछ।<br>प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख राख्नु पर्ने तथा शिशुको बाबु वा आमाको नाम राखी बाबु वा आमालाई शिशु जन्मेको प्रमाणपत्र दिनुपर्ने व्यवस्था दफा (९) को उपदफा (१) र (२) मा उल्लेख छ। यसैगरी उपदफा (३) मा प्रत्येक स्वास्थ्य संस्थाले मृतक शिशु तथा गर्भपतन भएका तथा गराएका महिलाको संख्या समेत खुल्ने गरी अभिलेख गर्नु पर्ने व्यवस्था छ।<br>दफा (१३) को उपदफा (३) बमोजिम सरकारी, गैरसरकारी वा निजी संघसंस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दुध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।<br>दफा (१५) मा निश्चित अवस्थामा सुरक्षित गर्भपतन गर्न पाउने अधिकार, दफा (१६) मा बलपूर्वक गर्भपतन गराउन नहुने र दफा (१७) मा लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने व्यवस्था उल्लेख छ।<br>किशोरी तथा अपाङ्गमैत्री सेवा प्रदान गर्नुपर्ने दफा (२८) |

## बाल अधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन स्थिति सम्बन्धी नेपालको प्रतिवेदनमा संरासं बाल अधिकार समितिको समापन टिप्पणी सारांशमा

**क) कार्यान्वयन विधि** (General Measures of implementation)

- संविधानमा बाल अधिकार, बालमैत्री स्थानीय शासन सम्बन्धी व्यवस्थालाई स्वागत गरेको ।
- राष्ट्रिय कार्य योजना पुनरावलोकन गरी सबै क्षेत्रगत योजनालाई समन्वय गर्ने रणनीति निर्माण एवम् कार्यान्वयनका लागि उचित मात्रामा मानवीय, प्राविधिक तथा आर्थिक स्रोत उपलब्धता सुनिश्चित गर्नुपर्ने ।
- महासन्धि कार्यान्वयनको समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि एउटै अन्तर मन्त्रालय र अन्तर निकाय संयन्त्रको स्थापना बलियो कार्यादेश र पर्याप्त मानवीय, प्राविधिक र आर्थिक स्रोत उपलब्ध गराउनु पर्ने ।
- महासन्धिनुरुपका सूचक बमोजिमका खण्डीकृत तथ्याङ्क संकलन, सूचना जानकारी व्यवस्थापन गर्नुपर्ने ।
- बालबालिकाको अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोगभित्र निश्चित संरचना हुनुपर्ने ।

**ख. बालबालिकाको परिभाषा**

- सम्पूर्ण कानूनहरू महासन्धि अनुरुप भएको सुनिश्चित गर्न र १८ वर्षमुनिका सम्पूर्ण बालबालिकाले संरक्षणबाट प्राप्त गरेको सुनिश्चितता गर्नुपर्ने ।

**ग. सामान्य सिद्धान्तहरु**

- अभ्यासमा रहेका कुनै पनि किसिमका विभेदहरूलाई अन्त्य गर्नका लागि उपयुक्त उपाय अपनाउनु पर्ने ।
- सबै कानूनी व्यवस्था, निर्णय प्रक्रियामा बालबालिकाको उच्चतम हितलाई प्रष्टसंग मापदण्डका रूपमा समावेश गर्नुपर्ने ।
- बालबालिकालाई प्रभाव पार्ने समाजका हरेक गतिविधि तथा क्षेत्रहरू विशेषतः परिवार, विद्यालय र समुदायमा उनीहरूको सहभागिता सुनिश्चिता हुनुपर्ने ।

**घ. नागरिक अधिकार र स्वतन्त्रताः**

- समयमा नै प्रभावकारीरुपमा सबैको जन्मदर्ता सुनिश्चित गर्नुपर्ने ।
- महासन्धिको धारा ७ र ८ अनुरुप गराउनका लागि सम्बन्धित कानूनी व्यवस्थामा सुधार गर्नुपर्ने (व्यक्तिगत घटना दर्ता, नगरिकता ऐन) ।

**ङ. बालबालिकाका विरुद्धको हिंसाः**

- अनुशासनका नाममा दिइने दण्ड सजायलाई सबै क्षेत्रमा निषेध गर्नुपर्ने ।
- सबै अवस्थामा बालबालिकामाथि हुने दुर्व्यवहार र उपेक्षा परिभाषित गर्ने र प्रतिबन्ध लगाउने कानूनी व्यवस्थालाई क्तियाशील बनाउनु पर्ने ।

- बलात्कारका घटनामा ६ महिने हदम्यादको खारेजी र बालयौन दुर्व्यवहार र शोषणको घटनाको अनिवार्य रिपोर्टिङको निश्चितता गर्न संयन्त्र, प्रक्रिया र निर्देशिकाको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाको शारीरिक र मनोवैज्ञानिक हितका लागि सम्पूर्ण परम्परागत हानिकारक अभ्यासहरू उन्मूलन गर्नुपर्ने ।
- बालबिबाहको अन्त्य  सम्बन्धी क्तियाकलाप प्रभावकारी बनाउनु पर्ने ।
- अन्तरलिंगी बालबालिका विरुद्ध गरिने लान्छना र भेदभाव विरुद्ध जनचेतना अभिवृद्धि गर्नुपर्ने ।

**च.) पारिवारिक वातावरण र वैकल्पिक स्याहार**

- वैकल्पिक स्याहार सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्न र संस्थागत स्याहर न्यूनिकरण गर्न
- अन्तरदेशीय  धर्मपुत्र/पुत्री ग्रहण  सम्बन्धी नीति र कानूनी व्यवस्थाहरू व्यवस्थित गर्दै धर्मपुत्र/पुत्री ग्रहणका लागि अभिभावकको गरिबीलाई आधार मान्न सकिने व्यवस्थाको खारेजी गर्न

**छ. अपाङ्गता भएका बालबालिका, आधारभूत स्वास्थ्य**

- अपाङ्गता भएका सम्पूर्ण बालबालिका (शारीरिक, मानसिक, बौद्धिक अथवा इन्द्रियहरू ह्रास सहित) लाई समावेश गराउनका लागि विस्तृत रणनीति बनाउन, सेवामा पहुच सुनिश्चित गर्नुपर्ने ।
- ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच र गुणस्तर सुधार गर्नका लागि तदरुकताका साथ थप मानवीय, प्राविधिक र आर्थिक स्रोतहरूको उपलब्धता गर्नुपर्ने ।

**ज. शिक्षा**

- निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको निम्ति गरेको संवैधानिक व्यवस्थाको स्वागत गरेको ।
- शिक्षामा पहुँच र गुणस्तरीय कायमका लागि आवश्यक व्यवस्था गर्ने ।

**झ. विशेष संरक्षण**

- शरण खोजिरहेका र शरणार्थी बालबालिका लगायत सम्पूर्ण बालबालिकाको जन्मदर्ताको सुनिश्चितताका लागि कानूनी, प्रशासनिक तथा संस्थागत उपाय अपनाउनु पर्ने ।
- अनौपचारिक क्षेत्र तथा निकृष्ट प्रकारका बालश्रमका क्षेत्रहरू लगायत समेट्ने गरी बालश्रम सम्बन्धित नीतिगत सुधार गर्नुपर्ने ।
- रोकथामका उपायहरूको अवलम्बन गर्दै श्रममा संलग्न बालबालिकालाई जोखिमपूर्ण कामबाट संरक्षित गरिनु पर्दछ र उनीहरूको शिक्षामा पहुँचलाई निरन्तरता दिइनु पर्ने ।
- बालबालिकालाई अन्तिम उपाय स्वरुप सकेसम्म छोटो समयावधिका लागि गिरफ्तार गरिने प्रक्रिया र थुनाको अवस्थामा सुधार
- कानूनी विवादमा परेका बालबालिकाको घटना हेर्नका लागि प्रहरी कार्यालयहरूमा पनि छुट्टै इकाइहरूको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाको बेचबिखन, बाल बेश्यावृति र अश्लील चित्रण  सम्बन्धी इच्छाधिन आलेख सिफारिसको कार्यान्वयन गर्नुपर्ने ।

## ख. संरासं बालअधिकार समितिको टिप्पणी, सुझावहरु र सोसंग सम्बन्धित निकाय

| नीति तथा कानून कार्यान्वयन, कार्यविधि तर्जुमा | सम्बन्धित मन्त्रालय, निकाय |
|---|---|
| • सबै स्वरूपका भेदभावहरूको अन्त्य एवम् बालिकाहरूले पनि बालकहरूले जस्तै अधिकार उपभोग गर्न पाउन कानूनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता<br>• युद्धको समयमा तथा त्यसपश्चात् बालबालिकाउपर भएका यातना र अमानवीय व्यवहारको तीव्रगतिमा स्वतन्त्र जाँचबुझ संयन्त्रको स्थापना गर्न, पीडित बालबालिकाले शारीरिक तथा मनोवैज्ञानिक उपचार तथा पुनर्प्राप्ति सुनिश्चितता गर्न<br>• सबै क्षेत्रहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्ने मार्गदर्शनका लागि कार्यविधि तथा शर्तहरू तर्जुमा<br>• राष्ट्रिय कार्ययोजना मूल्याङ्कन तथा क्षेत्रगत योजनाहरूबीच तादम्यता हुनेगरी समन्वय गर्ने रणनीति<br>• बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा अश्लील चित्रणविरूद्धको इच्छाधीन आलेखका सबै प्रावधानहरूलाई समेट्दै समग्र बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना बनाउन<br>• सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनर्स्थापन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको मूल्याङ्कन गर्न<br>• बालबालिकाका लागि राष्ट्रिय कार्ययोजनाका लागि पर्याप्त मानवीय, प्राविधिक तथा आर्थिक स्रोतको सुनिश्चितता गर्न<br>• कार्ययोजनाको कार्यान्वयन सम्बन्धी प्रगति र चुनौतीहरूको लेखाजोखा तथा तिनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी योजना निर्माण गर्न | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय बाल अधिकार परिषद् |
| **बाल अधिकारको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय, प्रदेश तथा स्थानीय तहमा समन्वयसंयन्त्र स्थापना गर्ने** | **सम्बन्धित मन्त्रालय, निकाय** |
| • महासन्धिको कार्यान्वयनका सबै गतिविधिहरूको समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि अन्तर-मन्त्रालय तथा अन्तर-क्षेत्रगत एक संयन्त्र स्थापना गर्न<br>• विद्यमान बालबालिकासँग सम्बन्धित संयन्त्रहरूको संस्थागत पुनरावलोकन गरी तिनको अख्तियारी, जिम्मेवारी तथा जवाफदेहीतालाई प्रष्टसँग पुनर्व्याख्या, कामलाई सुदृढ तथा मार्गदर्शन गर्न आवश्यक स्रोत, मार्गनिर्देशिका, प्रोटोकल एवम् कार्यविधिहरू बनाउन<br>• बाल अधिकारको कार्यान्वयनलाई अधिकतम स्रोतहरूको उपलब्धता हुनेगरी अधिकारमुखी अवधारणाअनुरूप राज्यको बजेट विनियोजन गर्दा प्राथमिकता दिन<br>• बालबालिकाको सेवाहरूमा लक्षित स्रोतहरू कुशलतापूर्वक, प्रभावकारी तथा पारदर्शी ढङ्गले विनियोजन गर्न | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग,<br>• अर्थ मन्त्रालय, र<br>• अन्य विषयगत मन्त्रालयहरू<br>• राष्ट्रिय बाल अधिकार परिषद् |

| विस्तृत तथा केन्द्रीकृत तथ्याक्त सक्तलन प्रणाली विकास | सम्बन्धित मन्त्रालय, निकाय |
|---|---|
| • बालबालिकाको विस्तृत तथा खण्डीकृत तथ्याङ्क सङ्कलन तथा सूचकहरूको प्रणाली विकास गर्न, तथ्याङ्कको विश्लेषण गरी प्रगतिको लेखाजोखा | राष्ट्रिय योजना आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, अदालत, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल प्रहरी, राष्ट्रिय बाल अधिकार परिषद् |
| **सक्षम एवम् स्वतन्त्र अनुगमन संयन्त्र स्थापना तथा विद्यमान संयन्त्रको सुदृढीकरण गर्न** | **सम्बन्धित मन्त्रालय, निकाय** |
| • बालबालिकाको अनुगमन तथा बालबालिकाको उजुरी ग्रहण, अनुसन्धान तथा सम्बोधन बालसंवेदी तरिकाले गर्न सक्षम संयन्त्र स्थापना गर्न<br>• राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता सुनिश्चित गर्न, आयोगकै रोहबरमा पीडितको गोपनीयता तथा संरक्षण सुनिश्चित गर्न | • प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• राष्ट्रिय मानवअधिकार आयोग<br>• कानून, न्याय तथा संसदीय मामला मन्त्रालय<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| **बालबालिका, अभिभावक, व्यावसायिक समूहबीच महासन्धिबारे सचेतना, तालिम, विद्यालय तहको पाठ्यक्तममा समावेश गर्ने, प्रहरी तथा सेनाको पाठ्यक्तममा समावेश** | **सम्बन्धित मन्त्रालय, निकाय** |
| • बालबालिकाको अनुगमन तथा बालबालिकाको उजुरी ग्रहण, अनुसन्धान तथा सम्बोधन बालसंवेदी तरिकाले गर्न सक्षम संयन्त्र स्थापना गर्न<br>• राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता सुनिश्चित गर्न, आयोगकै रोहबरमा पीडितको गोपनीयता तथा संरक्षण सुनिश्चित गर्न | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय न्यायिक प्रतिष्ठान, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, रक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाली सेना, राष्ट्रिय बाल अधिकार परिषद् |

अनुसूची ३

## नेपाल पक्ष रहेका मूलतः बालबालिकासम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि तथा अन्तर्राष्ट्रिय घोषणाहरु

1. First SAARC Ministerial Conference on Children, 1986;
2. Convention on the Rights of the Child, 1989;
3. World Declaration and Plan of Action for the Protection and Development of Children (1990);
4. International Programme on Eradication of Child Labour, 1992;
5. Second SAARC Ministerial Conference on Children, Colombo, 1992
6. Stockholm Declaration adopted at the World Congress against Commercial Sexual Exploitation of Children, 1996;
7. Third SAARC Ministerial Conference on Children, Rawalpindi, 1996;
8. The Declaration on the Elimination of the Most Intolerable Forms of Child Labour, adopted at the Amsterdam Child Labour Conference, 1997;
9. ILO Convention No. 138 Concerning Minimum Age for Admission to Employment, 1996;
